# वार्षिक प्रतिवेदन
# २०७४/२०७५

निर्वाचन आयोग, नेपाल
कान्तिपथ, काठमाडौं
२०७५

**प्रकाशक  तथा मुद्रक**

निर्वाचन आयोग, नेपाल
कान्तिपथ, काठमाडौं
फोन नं. ०१–४२२३१६५
इमेल info@election.gov.np
वेबसाइट www.election.gov.np

प्रकाशन : २०७५
प्रकाशित प्रति : ५०० प्रति

प.सं. च.नं./Ref:

निर्वाचन आयोग नेपाल २०२३

# वार्षिक प्रतिवेदन, २०७४/२०७५

नेपालको संविधानको धारा २९४ बमोजिम निर्वाचन आयोगले आर्थिक वर्ष २०७४/२०७५ (वि.सं.२०७४ साल श्रावण १ देखि २०७५ साल असार मसान्तसम्म) मा सम्पादन गरेका मुख्य मुख्य कार्यहरुको विवरण संलग्न गरी वार्षिक प्रतिवेदन प्रस्तुत गरेका छौं ।

| सुधीरकुमार शाह | ईश्वरीप्रसाद पौड्याल | नरेन्द्र दाहाल | इला शर्मा | डा.अयोधीप्रसाद यादव |
|---|---|---|---|---|
| निर्वाचन आयुक्त | निर्वाचन आयुक्त | निर्वाचन आयुक्त | निर्वाचन आयुक्त | प्रमुख निर्वाचन आयुक्त |

# निर्वाचन आयोग, नेपालका वर्तमान पदाधिकारीहरू



डा अयोधीप्रसाद यादव
प्रमुख निर्वाचन आयुक्त



इला शर्मा
निर्वाचन आयुक्त



नरेन्द्र दाहाल
निर्वाचन आयुक्त



ईश्वरीप्रसाद पौड्याल
निर्वाचन आयुक्त



सुधीरकुमार शाह
निर्वाचन आयुक्त



मधु प्रसाद रेग्मी
सचिव

# विषयसूची

प्रतिवेदन सारांश ........ क-घ

परिच्छेद १ ........ १

निर्वाचन आयोग : संक्षिप्त परिचय ........ १

१.१ संवैधानिक व्यवस्था ........ १

१.२ निर्वाचन आयोगको साङ्गठनिक संरचना ........ ३

१.३ निर्वाचनसम्बन्धी कानूनी व्यवस्थाहरू ........ ४

परिच्छेद २ ........ ६

जनशक्ति तथा सामग्री व्यवस्थापन ........ ६

२.१ जनशक्ति व्यवस्थापन ........ ६

२.१.१ महाशाखा र शाखाहरू ........ ६

२.१.१ आयोग सचिवालयमा रहेका महाशाखाहरूको प्रमुख कार्यहरू ........ ७

२.१.३ विद्यमान दरबन्दी अवस्था ........ ११

२.१.४ सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन ........ १४

२.१.५ कर्मचारी क्षमता विकास ........ १६

२.१.६ सेवा प्रवाह सम्बन्धमा भएका मुख्य मुख्य कार्यहरू ........ १६

२.१.७ परिपत्र ........ १७

२.१.८ विभिन्न तहको निर्वाचनमा जनशक्ति व्यवस्थापन ........ १७

२.२ सामग्री व्यवस्थापन ........ ३२

२.२.१ सामग्री व्यवस्थापनमा अपनाइएको नीति ........ ३२

२.२.२ सामग्री व्यवस्थापनका लागि गरिएको संस्थागत व्यवस्था ........ ३३

२.२.३ मतदान केन्द्रमा पठाउनुपर्ने सामग्रीको अनुमान ........ ३३

२.२.४ छपाइ सामग्रीको व्यवस्थापन ........ ३४

२.२.५ सामग्री प्राप्ति ........ ३५

२.२.६ सामग्री भण्डारण र प्याकेजिङ ........ ३६

२.२.७ सामग्री प्राप्ति, भण्डारण तथा खर्च व्यवस्थापन ........ ३७

२.२.८ ढुवानी व्यवस्थापन ........ ३७

२.२.९ विविध ........ ३८

परिच्छेद ३ ........ ४०

योजना, अनुगमन तथा समावेशीकरण ........ ४०

३.१ निर्वाचन अनुगमन ........ ४०

३.१.१ स्थानीय तह निर्वाचन, २०७४ (तेस्रो चरण) को अनुगमन ........ ४१

३.१.२ प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७४ को अनुगमन ........ ४१

३.२ केन्द्रीय अनुगमन ........ ४२

३.३ जग्गा प्राप्ति र भवन निर्माण ........ ४२

३.४ लैङ्गिक तथा समावेशीकरण ........ ४३

३.५ निर्वाचन पर्यवेक्षण ........ ४४

३.५.१ तेस्रो चरणको स्थानीय तह निर्वाचन पर्यवेक्षण : ........ ४४

३.५.२ प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन पर्यवेक्षण ........ ४५

३.५.३ राष्ट्रिय सभा सदस्य निर्वाचन पर्यवेक्षण ........ ४७

३.५.४ राष्ट्रपति पदको निर्वाचन पर्यवेक्षण ........ ४८

३.६ निर्वाचन समीक्षा ........ ४८

परिच्छेद ४ ........ ५०

मतदाता नामावली र मतदाता परिचयपत्र ........ ५०

४.१ संवैधानिक तथा कानूनी व्यवस्था ........ ५०

४.२ कार्यगत व्यवस्था ........ ५१

४.३ मतदाता नामावली सम्बन्धी कार्यहरू ........ ५२

४.३.१ स्थानीय तह निर्वाचन, २०७४ तेस्रो चरणमा सम्पादन भएका कार्यहरू ........ ५२

४.३.२ प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनको क्रममा सम्पादन भएका कार्यहरू ........ ५३

४.३.३ राष्ट्रिय सभा सदस्यको निर्वाचनको लागि फोटोसहितको मतदाता नामावली ........ ५५

४.३.४ राष्ट्रपति र उपराष्ट्रपति निर्वाचनको लागि फोटोसहितको मतदाता नामावली तयार ........ ५६

४.३.५ मतदाता नामावली दर्ता तथा अद्यावधिक सम्बन्धी कार्यक्रम ........ ५६

परिच्छेद ५ ........ ५८

निर्वाचन शिक्षा, सूचना तथा तालिम ........ ५८
५.१ तालिम ........ ५८
५.१.१ नीतिगत व्यवस्था ........ ५८
५.१.२ कानूनी व्यवस्था ........ ५९
५.१.३ संस्थागत व्यवस्था ........ ५९
५.१.४. तालिम सञ्चालन पद्धति ........ ५९
५.१.५ तालिम कार्यक्रम ........ ६०
५.१.६ कार्यक्रम कार्यान्वयन प्रक्रिया ........ ६९
५.२ मतदाता शिक्षा ........ ७१
५.२.१ मतदाता शिक्षा कार्यक्रम सञ्चालन विधि ........ ७२
परिच्छेद ६ ........ ७५
अध्ययन अनुसन्धान तथा वैदेशिक सम्बन्ध ........ ७५
६.१ प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनसँग सम्बन्धित कार्यहरू ........ ७५
६.१.१ निर्वाचन पर्यवेक्षणमा विशिष्ट विदेशी अतिथिहरूको व्यवस्थापन ........ ७५
६.१.२ अन्तर्क्रिया कार्यक्रम ........ ७६
६.१.३ निर्वाचन आयोगका पदाधिकारीहरूसँग विदेशी पाहुनाको भेटघाट व्यवस्थापन ........ ७७
६.२ ERM Tool सम्बन्धी अध्ययन भ्रमण ........ ७८
६.३ FEMBoSA बैठकमा सहभागिता ........ ७८
६.४ आयुक्त तथा कर्मचारीहरूको जापान भ्रमण ........ ७९
परिच्छेद ७ ........ ८०
निर्वाचन व्यवस्थापन तथा सञ्चालन ........ ८०
७.१ स्थानीय तह निर्वाचन ........ ८०
७.१.१ स्थानीय तहको सङ्ख्या ........ ८०
७.१.२ निर्वाचन मिति ........ ८२
७.१.३ निर्वाचन अधिकृतको नियुक्ति र कार्यालय सञ्चालन ........ ८३
७.१.४ निर्वाचन कार्यक्रम ........ ८६
७.१.५ मतदान केन्द्र व्यवस्थापन ........ ८७

७.१.६ मतपत्र व्यवस्थापन ........ ८७

७.१.७ मतदान केन्द्रको जनशक्ति ........ ८९

७.१.८ मतदान र मतगणना ........ ८९

७.१.९ निर्वाचन परिणाम ........ ९५

७.१.१० सार्वजनिक विदा ........ ९५

७.१.११ गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको निर्वाचन ........ ९६

७.१.१२ जिल्ला समन्वय समितिको निर्वाचन ........ ९७

७.१.१३ सुरक्षा व्यवस्थापन ........ ९८

७.२ प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन ........ १००

७.२.१ प्रतिनिधि सभा र प्रदेश सभा ........ १००

७.२.१.२ प्रदेश सभा ........ १०१

७.२.२ निर्वाचन मिति ........ १०१

७.२.३ निर्वाचन कार्यक्रम ........ १०२

७.२.४ निर्वाचन अधिकृतको नियुक्ति र कार्यालय सञ्चालन ........ १०३

७.२.५ निर्वाचन कार्यक्रम सञ्चालन ........ १०३

७.२.६ मतदान केन्द्र ........ १०४

७.२.७ मतपत्र व्यवस्थापन ........ १०५

७.२.८ मतदान कार्यको व्यवस्थापन ........ १०६

७.२.९ मतगणना ........ १०६

७.२.१० निर्वाचन परिणाम ........ १०७

७.३ राष्ट्रिय सभा सदस्य निर्वाचन ........ १०९

७.३.१ राष्ट्रिय सभाको गठन सम्बन्धी संवैधानिक एवं कानूनी व्यवस्था ........ ११०

७.३.२ राजनीतिक दल दर्ता र निर्वाचनको तयारी ........ ११०

७.३.३ निर्वाचन कार्यक्रम सञ्चालन ........ १११

७.३.४ निर्विरोध निर्वाचित ........ १११

७.३.५ जनशक्ति तथा सामग्री व्यवस्थापन ........ ११२

७.३.६ विभिन्न तहको तालिम तथा अभिमुखीकरण........................................................................ ११२

७.३.७ मतपत्र व्यवस्थापन.......................................................................................... ११२

७.३.८ मतदान र मतगणना.......................................................................................... ११३

७.३.९ निर्वाचन परिणाम .......................................................................................... ११३

७.४ राष्ट्रपति पदको निर्वाचन.......................................................................................... ११३

७.४.१ निर्वाचनको तयारी.......................................................................................... ११४

७.४.२ निर्वाचन कार्यक्रम सञ्चालन.......................................................................................... ११४

७.४.३ जनशक्ति तथा सामग्री व्यवस्थापन.......................................................................................... ११४

७.४.४ विभिन्न तहको तालिम तथा अभिमुखीकरण.......................................................................................... ११४

७.४.५ मतपत्र व्यवस्थापन .......................................................................................... ११५

७.४.६ मतदान, मतगणना र निर्वाचन परिणाम .......................................................................................... ११५

७.५ उपराष्ट्रपति पदको निर्वाचन .......................................................................................... ११५

७.५.१ निर्वाचनको तयारी.......................................................................................... ११६

७.५.२ जनशक्ति तथा सामग्री व्यवस्थापन.......................................................................................... ११६

७.५.३ निर्वाचन कार्यक्रम सञ्चालन.......................................................................................... ११६

७.५.४ निर्वाचन परिणाम.......................................................................................... ११६

परिच्छेद ८.......................................................................................... ११७

सूचना प्रविधि तथा प्रणाली व्यवस्थापन.......................................................................................... ११७

८.१ सूचना प्रविधि व्यवस्थापन सम्बन्धमा सम्पादन गरिएका कार्यहरू.......................................................................................... ११७

८.१.१ डाटा भण्डारण तथा एकिकरण.......................................................................................... ११७

८.१.२ निर्वाचन क्षेत्र अनुसार मतदाता नामावली अध्यावधिक.......................................................................................... ११७

८.१.३ अन्तिम मतदाता नामावली तयारी, छपाई, र प्रकाशन.......................................................................................... ११७

८.१.४ मतदाता परिचयपत्र तयारी तथा छपाई.......................................................................................... ११९

८.१.५ मतदाता नामावलीको निस्सा प्रमाणीकरण.......................................................................................... ११९

८.१.६ राष्ट्रिय सभा सदस्य र राष्ट्रपति/उपराष्ट्रपति पदको निर्वाचनको लागि अन्तिम मतदाता नामावली तयारी तथा छपाई .......................................................................................... १२०

८.१.७ एप्लिकेशन सफ्टवेयरको विकास, परिमार्जन तथा सञ्चालन.......................................................................................... १२१

८.१.८ कल सेण्टर सञ्चालन...... १२३

८.१.९ आयोगको वेबसाइट तथा सामाजिक सञ्जाल सञ्चालन तथा अध्यावधिक...... १२४

८.१.१० निर्वाचन परिणाम, मतपत्र, प्रतिवेदन तथा पुस्तिका छपाई...... १२५

८.१.११ मतदाता नामावली बिक्रि तथा निर्वाचन सम्बन्धी सूचनाहरू एस एम एस मार्फत सम्प्रेषण र सम्बन्धित सरोकारवालाहरूलाई प्रदान...... १२५

८.१.१२ सूचना प्रविधि सम्बन्धी तालिम...... १२५

८.१.१३ अन्य कार्यहरू...... १२६

परिच्छेद ९...... १२८

निर्वाचन तथ्याङ्क, भू-सूचना तथा जोखिम विश्लेषण...... १२८

९.१ परिचय...... १२८

९.२ स्थानीय तह निर्वाचन, २०७४ मा सम्पादित कार्यहरू...... १२८

९.३ प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचन, २०७४ मा सम्पादित कार्यहरू...... १२९

९.४ निर्वाचन परिणाम सम्बन्धी संक्षिप्त तथ्याङ्क...... १३०

परिच्छेद १०...... १३५

निर्वाचन कानून तथा राजनीतिक दल व्यवस्थापन...... १३५

१०.१ निर्वाचन कानून तर्जुमासम्बन्धी कार्यहरू...... १३५

१०.२ नियमावली, निर्देशिका तर्जुमा...... १३६

१०.३ आचारसंहिता सम्बन्धी...... १३६

१०.४ आचार संहिता परिपालनामा प्रतिबद्धता प्राप्त...... १४६

१०.५ समिति गठन...... १४६

१०.६ निर्वाचन विवाद निरुपण सम्बन्धी कार्यहरु...... १४८

१०.७ अन्तर्क्रिया कार्यक्रम...... १५८

१०.८ राजनीतिक दल सम्बन्धी कार्यहरू...... १५८

१०.८.१ प्रतिवेदन वर्षमा निर्वाचन आयोगमा दर्ता भएका राजनीतिक दलहरूको विवरण...... १५८

१०.८.२ निर्वाचन आयोगमा आय/व्यय विवरण बुझाउने राजनीतिक दलहरु...... १५९

१०.८.३ चुनाव चिन्ह सम्बन्धी सुचना...... १५९

१०.८.४ समानुपातिक निर्वाचन तर्फको बन्द सूची, राष्ट्रिय मान्यता प्राप्त र प्रदेशमा प्रतिनिधित्व गर्ने राजनीतिक दल सम्बन्धमा ........ १५९
१०.८.५ आयोगबाट प्रस्तुत लिखित जवाफ ........ १६१
१०.८.६ राष्ट्रिय सभा सदस्य निर्वाचनको लागि दल दर्ता सम्बन्धी सूचना ........ १६१
१०.८.७ फैसला कार्यान्वयन ........ १६१
१०.८.८ सम्पत्ति विवरण र प्रतिनिधित्व सम्बन्धी ........ १६१
१०.८.९ लेखा विवरण सम्बन्धी अभिमुखीकरण ........ १६२
१०.८.१० उम्मेदवारको अधिकतम खर्च सीमा ........ १६२
परिच्छेद११ ........ १६६
वित्तीय स्रोत परिचालन ........ १६६
११.१ विनियोजन र खर्च ........ १६६
११.२ राजश्व/धरौटी ........ १६७
११.३ बेरूजु फर्छ्यौट प्रगति विवरण ........ १६८
११.४ आर्थिक निर्देशिका तर्जुमा समिति र आर्थिक व्यवस्थापन समिति गठन ........ १६९
परिच्छेद १२ ........ १७०
निर्वाचन व्यवस्थापनमा समन्वय तथा सहकार्य ........ १७०
१२.१ संयुक्त निर्वाचन सञ्चालन केन्द्र (JEOC) को अवधारणा ........ १७०
१२.२ संयुक्त निर्वाचन सञ्चालन केन्द्र (JEOC) को संरचना र जनशक्ति ........ १७१
१२.३ संयुक्त निर्वाचन सञ्चालन केन्द्र को कार्यविवरण ........ १७१
१२.४ कार्यपद्धति र सम्पादित कार्यहरूको विवरण ........ १७२
परिच्छेद १३ ........ १७५
विविध ........ १७५
१३.१ राष्ट्रपति समक्ष वार्षिक प्रतिवेदन पेश ........ १७५
१३.२ निर्वाचन दिवस ........ १७५
१३.३ भेटघाट ........ १७७
१३.३.१ सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीसँग आयोगका पदाधिकारीहरूको भेट ........ १७७
१३.३.२ सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवासँग आयोगका पदाधिकारीहरूको भेट ........ १७८

१३.३.३ प्रमुख निर्वाचन आयुक्त डा. अयोधी प्रसाद यादवसँग युरोपियन संसदका टोलीको भेट ...................... १७८

१३.४ अन्तर्क्रिया कार्यक्रम ...................................................................................................... १७९

१३.५ निर्वाचन क्षेत्र निर्धारण आयोगको प्रतिवेदन तथा कागजात प्राप्ति ............................................ १७९

१३.६ सचिव सरूवा र पदबहाली ................................................................................................. १८०

१३.७ मूलभूत समस्याहरू ............................................................................................................ १८०

अनुसूची —१ ............................................................................................................................ १८२

प्रमुख निर्वाचन आयुक्त तथा निर्वाचन आयुक्तको कार्य विभाजन ....................................................... १८२

अनुसूची —२ ............................................................................................................................ १८३

प्रतिवेदन वर्षमा आयोगबाट भएका केही महत्वपूर्ण निर्णयहरू ............................................................ १८३

अनुसूची —३ ............................................................................................................................ २०७

निर्वाचन आयोग (सचिवालय) को सङ्गठन संरचना ......................................................................... २०७

अनुसूची —४ ............................................................................................................................ २१०

विभिन्न मितिमा आयोगबाट जारी भएका निर्देशिकाहरू .................................................................... २१०

अनुसूची —५ ............................................................................................................................ २१२

वैदेशिक तालिम/अध्ययन/अवलोकन भ्रमणको विवरण ..................................................................... २१२

अनुसूची —६ ............................................................................................................................ २१३

काजमा ल्याइएका कर्मचारीहरूको विवरण ...................................................................................... २१३

अनुसूची —७ ............................................................................................................................ २२२

मतदान केन्द्रमा प्रयोग भएका सामग्री ............................................................................................. २२२

अनुसूची —८ ............................................................................................................................ २२४

प्रति प्याकेट औषधीमा रहेका विभिन्न १९ किसिमका औषधीहरूको विवरण ............................................ २२४

अनुसूची —९ ............................................................................................................................ २२५

क्षेत्रीय/ जिल्ला निर्वाचन कार्यालयबाट खरिद गरिएका मतदान केन्द्रमा प्रयोग हुने सामग्रीहरू ................ २२५

अनुसूची —१० .......................................................................................................................... २२६

अनुगमन टोली तथा सुक्ष्म अनुगमनकर्ताको कार्य विवरण ................................................................ २२६

अनुसूची ११ .............................................................................................................................. २३०

स्थानीय तह निर्वाचन (तेस्रो चरण) मा खटिएका अनुगमन टोली प्रमुखहरूको विवरण .............................. २३०

अनुसूची —१२ .......................................................................................................................... २३२

स्थानीय तह निर्वाचन (तेस्रो चरण) मा खटिएका सुक्ष्म अनुगमनकर्ताको विवरण .................................... २३२

अनुसूची —१३ (क)............................................................................................................ २३८

प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचन (पहिलो चरण) मा खटिएका अनुगमन टोली प्रमुखको विवरण........ २३८

अनुसूची —१३ (ख)............................................................................................................ २४०

प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचन (दोस्रो चरण) मा खटिएका अनुगमन टोली प्रमुखको विवरण......... २४०

अनुसूची —१४.................................................................................................................. २४५

प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनमा खटिएका सुक्ष्म अनुगमनकर्ताको विवरण ................................. २४५

अनुसूची —१५.................................................................................................................. २४८

स्थानीय तह निर्वाचन (तेस्रो चरण) को पर्यवेक्षण गर्न आयोगबाट अनुमति प्राप्त राष्ट्रिय संघ संस्थाहरूको विवरण .......... २४८

अनुसूची —१६.................................................................................................................. २५०

प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७४ मा पर्यवेक्षण गर्नका लागि अनुमति प्राप्त राष्ट्रिय संस्थाहरूको विवरण ............................................................................................................................ २५०

अनुसूची —१७.................................................................................................................. २५२

निर्वाचन पर्यवेक्षण गरेका अन्तर्राष्ट्रिय संस्था र व्यक्तिहरूको नामावली ........................................................ २५२

अनुसूची —१८.................................................................................................................. २५३

युरोपियन युनियन निर्वाचन पर्यवेक्षण मिसनको निर्वाचन पर्यवेक्षण प्रतिवेदन सम्बन्धमा आयोगबाट जारी गरिएको प्रेस विज्ञप्ति ............................................................................................................................ २५३

अनुसूची —१९.................................................................................................................. २५४

दोस्रो चरणको प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनमा आयोगबाट आमन्त्रित अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूको विवरण ............................................................................................................................ २५४

अनुसूची —२०.................................................................................................................. २५५

मतदाता नामावली दर्ता तथा अद्यावधिक सम्बन्धी निवेदन सङ्कलनको जिल्लागत विवरण..................................... २५५

अनुसूची —२१.................................................................................................................. २५९

तालिम व्यवस्थापन तथा सञ्चालन संरचना........................................................................................ २५९

अनुसूची —२२.................................................................................................................. २६०

प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचन, २०७४ मा सञ्चालन भएका विषयगत तालिम कार्यक्रमहरू........ २६०

अनुसूची —२३.................................................................................................................. २६१

तालिम प्रदान गरिएको कुल जनशक्तिको विवरण.................................................................................. २६१

अनुसूची —२४.................................................................................................................. २६२

जिल्ला तथा स्थानीयस्तरमा सञ्चालित तालिममा सहभागीको विवरण......................................................... २६२

अनुसूची —२५.................................................................................................................. २६३

मतदाता शिक्षा कार्यक्रम कार्यान्वयन संरचना ............ २६३
अनुसूची —२६ ............ २६४
स्थानीय तह निर्वाचन (तेस्रो चरण) मा खटिएका मुख्य/निर्वाचन अधिकृतहरूको नामावली ............ २६४
अनुसूची —२७ ............ २६९
स्थानीय तह निर्वाचन (तेश्रो चरण)को निर्वाचन कार्यक्रम ............ २६९
अनुसुची -२८ ............ २७०
स्थानीय तह निर्वाचन (तेश्रो चरण) मा सम्पन्न निर्वाचनमा विभिन्न राजनीतिक दलको तर्फ तथा स्वतन्त्र रूपमा निर्वाचित पदाधिकारीको सङ्ख्यात्मक विवरण ............ २७०
अनुसूची —२९ ............ २७३
प्रतिनिधि सभाका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिमको  निर्वाचनको लागि कायम निर्वाचन क्षेत्रको विवरण ............ २७३
अनुसूची —३० ............ २७६
प्रदेश सभामा निर्वाचित हुने सदस्यहरूको जिल्लागत एवं प्रदेशगत विवरण ............ २७६
अनुसूची —३१ ............ २८०
प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्य पहिलो र दोस्रो चरणमा निर्वाचन सम्पन्न भएका जिल्लाको विवरण ............ २८०
अनुसूची —३२ ............ २८१
प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचन व्यवस्थापनको सम्बन्धमा नेपाल सरकारलाई दिइएको निर्देशन ............ २८१
अनुसूची —३३ ............ २८५
प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन ............ २८५
पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फको निर्वाचन कार्यक्रम (पहिलो चरण) ............ २८५
अनुसूची —३४ ............ २८६
प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन ............ २८६
पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फको निर्वाचन कार्यक्रम (दोस्रो चरण) ............ २८६
अनुसूची —३५ ............ २८७
प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन समानुपातिक निर्वाचन प्रणाली तर्फको निर्वाचन कार्यक्रम ............ २८७
अनुसूची —३६ ............ २९०
प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनका लागि खटिएका ............ २९०
मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतहरूको नामावली ............ २९०
............ २९०
अनुसूची —३७ ............ २९५

प्रतिनिधि सभामा समानुपातिक निर्वाचन प्रणालीको लागि बन्द सूची पेश गर्ने राजनीतिक दलको नाम (वर्णानुक्रममा)...... २९५

अनुसूची —३८........................................................................................................ २९७

प्रतिनिधि सभा सदस्य निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ भाग लिएका राजनीतिक दल र स्वतन्त्र उम्मेदवारको सङ्ख्यात्मक विवरण (उम्मेदवार सङ्ख्याको क्रममा)........................................................ २९७

अनुसूची —३९........................................................................................................ ३०१

प्रदेश सभामा पहिलो हुने निर्वाचन हुने प्रणाली तर्फको निर्वाचनको उम्मेदवारीको विवरण.................................. ३०१

अनुसूची —४०........................................................................................................ ३०२

मतदानस्थल र मतदान केन्द्रको विवरण........................................................................ ३०२

अनुसूची —४१........................................................................................................ ३०६

प्रतिनिधि सभा सदस्य निर्वाचन समानुपातिक निर्वाचन प्रणालीतर्फ राजनीतिक दलले पाएको सदर मत  र मत प्रतिशत.... ३०६

अनुसूची —४२........................................................................................................ ३१०

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ  विभिन्न राजनीतिक दलबाट निर्वाचित र  स्वतन्त्र सदस्यहरूको सङ्ख्यात्मक विवरण........................................................................................................ ३१०

अनुसूची —४३........................................................................................................ ३११

समानुपातिक निर्वाचन प्रणालीतर्फ तीन प्रतिशत वा सोभन्दा बढी मत प्राप्त गर्ने राजनीतिक दलको नाम र प्राप्त सिट सङ्ख्या ........................................................................................................ ३११

अनुसूची —४४........................................................................................................ ३१२

प्रदेश नं १ को प्रदेश सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली बमोजिमको निर्वाचनबाट निर्वाचित सदस्य सङ्ख्याको विवरण........................................................ ३१२

प्रदेश नं २ को प्रदेश सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली बमोजिमको निर्वाचनबाट निर्वाचित सदस्य सङ्ख्याको विवरण........................................................ ३१३

अनुसूची —४६........................................................................................................ ३१४

प्रदेश नं ३ को प्रदेश सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली बमोजिमको निर्वाचनबाट निर्वाचित सदस्य सङ्ख्याको विवरण........................................................ ३१४

अनुसूची —४७........................................................................................................ ३१५

प्रदेश नं ४ को प्रदेश सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली बमोजिमको निर्वाचनबाट निर्वाचित सदस्य सङ्ख्याको विवरण........................................................ ३१५

अनुसूची —४८........................................................................................................ ३१६

प्रदेश नं ५ को प्रदेश सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली बमोजिमको निर्वाचनबाट निर्वाचित सदस्य सङ्ख्याको विवरण........................................................ ३१६

अनुसूची —४९........................................................................................................ ३१७

प्रदेश नं ६ को प्रदेश सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली बमोजिमको निर्वाचनबाट निर्वाचित सदस्य सङ्ख्याको विवरण ........ ३१७

अनुसूची –५० ........ ३१८

प्रदेश नं ७ को प्रदेश सभामा प्रदेश सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली बमोजिमको निर्वाचनबाट निर्वाचित सदस्य सङ्ख्याको विवरण ........ ३१८

अनुसूची –५१ ........ ३१९

निर्वाचन अधिकृतको नामावली ........ ३१९

अनुसूची –५२ ........ ३२०

राष्ट्रिय सभा सदस्य निर्वाचनको निर्वाचन कार्यक्रम ........ ३२०

अनुसूची –५३ ........ ३२२

राष्ट्रिय सभा सदस्य निर्वाचनको लागि प्रदेशगत मतदाता विवरण ........ ३२२

अनुसूची –५४ ........ ३२३

प्रदेशगत मतदान विवरण ........ ३२३

अनुसूची –५५ ........ ३२४

राष्ट्रिय सभामा निर्वाचित सदस्यको विवरण ( महिला र अन्य समूहबाट निर्वाचित हुने सदस्यको नाम वर्णानुक्रमको आधारमा राखिएको ) ........ ३२४

अनुसूची –५६ ........ ३३१

राजनीतिक दलबाट प्रदेशगत एवं समूहगत रूपमा निर्वाचित सदस्यको विवरण ........ ३३१

अनुसूची –५७ ........ ३३४

राजनीतिक दलबाट निर्वाचित सदस्यको समूहगत विवरण ........ ३३४

अनुसूची –५८ ........ ३३५

राजनीतिक दलबाट निर्वाचित सदस्यको लैङ्गिक विवरण ........ ३३५

अनुसूची –५९ ........ ३३६

राष्ट्रपति पदको निर्वाचनको निर्वाचन कार्यक्रम ........ ३३६

अनुसूची –६० ........ ३३८

राष्ट्रपति पदको निर्वाचन परिणाम ........ ३३८

अनुसूची –६१ ........ ३३९

उपराष्ट्रपति पदको निर्वाचनको निर्वाचन कार्यक्रम ........ ३३९

अनुसूची –६२ ........ ३४१

स्थानीय तह निर्वाचन, २०७४ संक्षिप्त नतिजा ........ ३४१

अनुसूची —६३ ........ ३४२
आयोगबाट स्वीकृत नियमावली, निर्देशिका र कार्यविधिहरू ........ ३४२
अनुसूची —६४ ........ ३४५
निर्वाचन आचार संहितालाई पूर्णरूपले कार्यान्वयन गर्न/गराउन आयोगबाट जारी भएको निर्देशन ........ ३४५
अनुसूची —६५ ........ ३४९
२०७५ असार मसान्तसम्म आयोगमा दर्ता भएका राजनीतिक दलहरूको विवरण ........ ३४९
अनुसूची —६६ ........ ३५५
आयोगमा आय व्ययको विवरण बुझाउने राजनीतिक दलहरू ........ ३५५
अनुसूची —६७ ........ ३५९
संयुक्त निर्वाचन सञ्चालन केन्द्र (JEOC) मा परिचालित जनशक्तिको विवरण ........ ३५९
प्रतिवेदन वर्षका विभिन्न कार्यक्रमहरूका तस्वीरहरू ........ ३६७

# प्रतिवेदन सारांश

नेपालको संविधानले निर्वाचन आयोगलाई राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसदका सदस्य, प्रदेश सभाका सदस्य, स्थानीय तहका सदस्यको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने, निर्वाचन प्रयोजनको लागि मतदाता नामावली तयार गर्ने एवं राष्ट्रिय महत्वको विषयमा जनमत संग्रह गराउने समेतका जिम्मेवारी तोकेको छ। संवैधानिक निकायले आफूले सम्पादन गरेका काम कारबाहीको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नुपर्ने संवैधानिक व्यवस्था अनुरूप आर्थिक वर्ष २०७४-०७५ मा यस आयोगले सम्पादन गरेका कार्यको विवरण समेटी यो वार्षिक प्रतिवेदन तयार गरिएको छ ।

निर्वाचन आयोगमा एकजना प्रमुख निर्वाचन आयुक्त र चारजना निर्वाचन आयुक्त रहन्छन् । आयोगबाट सम्पादन गर्नुपर्ने कार्यको लागि केन्द्रमा निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका सचिवको नेतृत्वमा एक सचिवालय र प्रत्येक जिल्लामा राजपत्राङ्कित तृतीय श्रेणीका अधिकृतको नेतृत्वमा जिल्ला निर्वाचन कार्यालय सञ्चालनमा रहेका छन् । साविकमा आयोगको केन्द्रीय सचिवालयमा १६४ र जिल्लास्तरका कार्यालयमा ५६९ गरी कुल ७३३ कर्मचारी दरवन्दी रहेकोमा प्रतिवेदन वर्षको असार ३२ गते नेपाल सरकारबाट स्वीकृत नयाँ सङ्गठन संरचना लागु गरेको र सो अनुसार हाल केन्द्रीय सचिवालयमा १११ र जिल्लास्तरका कार्यालयमा ५६० गरी कूल ६७१ दरवन्दी रहेको छ ।

प्रतिवेदन वर्ष २०७४-०७५ समग्रमा निर्वाचन वर्षको रूपमा रह्यो । यो वर्ष प्रदेश नं. २ का १३६ स्थानीय तहको निर्वाचन, प्रतिनिधि सभा र प्रदेश सभा सदस्यको निर्वाचन, राष्ट्रिय सभा सदस्यको निर्वाचन एवं राष्ट्रपति र उपराष्ट्रपति पदको निर्वाचनका साथै ७७ वटै जिल्ला समन्वय समितिको निर्वाचन सफलतापूर्वक सम्पन्न भएको छ । हाल स्थानीय तहमा १८, सात वटा प्रदेश सभामा १३ र प्रतिनिधि सभामा ९ वटा राजनीतिक दलको प्रतिनिधित्व रहेको छ । स्थानीय तहमा जम्मा २३३ जना, प्रदेश नं. १,२ र ३ का प्रदेश सभामा १-१ जना गरी ३ जना र प्रतिनिधि सभामा १ जना स्वतन्त्र उम्मेदवार निर्वाचित भएका छन् । यसैगरी राष्ट्रिय सभामा ५ वटा राजनीतिक दलका उम्मेदवारको प्रतिनिधित्व रहेको छ। यी निर्वाचनहरू सम्पन्न भएसँगै ३३४ सदस्य रहेको संघीय संसद, कुल ५५० सदस्य रहेका ७ वटा प्रदेश सभा र ७५३ स्थानीय तहको गठनले पूर्णता पाएको छ ।तीनवटै तहमा गरी करीव ३८,५०० जनप्रतिनिधिहरू निर्वाचित भएका छन्।तीनवटै तहका सरकार सञ्चालनमा आएका छन्।संघीयताको पूर्ण कार्यान्वयनसँगै मुलुक समृद्धिको दिशामा अगाडि बढेको छ।

आयोगले संविधान, निर्वाचन सम्बन्धी संघीय कानून र यी कानून बमोजिम तर्जुमा गरिने विभिन्न नीति, निर्देशिका, कार्यविधिको अधीनमा रही आफ्नो कार्य सम्पादन गर्दै आएको छ । निर्वाचन व्यवस्थापन र सञ्चालनसँग सम्बन्धित विभिन्न १० वटा ऐन, ८ वटा नियमावली, विभिन्न नीतिहरू, निर्देशिका, कार्यविधि एवं आचारसंहिता कार्यान्वयनमा रहेका छन् । प्रतिवेदन वर्षमा ४ वटा ऐन, ५ वटा नियमावली र १९वटा निर्देशिका तर्जुमा गरिएको छ । यी ऐन, नियम र निर्देशिकाहरू मूलतः २०७४ सालमा सम्पन्न विभिन्न तहका निर्वाचनसँग सम्बन्धित छन् ।

आफूले सम्पादन गर्नुपर्ने नियमित कामकारवाहीलाई थप प्रभावकारी ढङ्गले सम्पादन गर्न आयोगले विगत वर्षदेखि नै रणनीतिक योजना र अन्य आवश्यक नीति तथा रणनीति तर्जुमा गरी ती योजना र नीतिले प्राथमिकीकरण गरेका क्रियाकलापलाई वार्षिक योजनामा समावेश गरेर कार्यान्वयन गर्दै आएको छ । यस सन्दर्भमा हाल दोस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०७१—२०७६) कार्यान्वयनमा रहेको छ । यस अलावा लैङ्गिक तथा समावेशीकरण नीति, २०७० र यससम्बन्धी रणनीति, मतदाता शिक्षा नीति, निर्वाचन पर्यवेक्षण नीति, तालिम नीति तर्जुमा गरी कार्यान्वयमा ल्याइएको छ । आयोगबाट हुने सबै तहका अनुगमन र मूल्याङ्कनलाई प्रभावकारी बनाउन यस सम्बन्धी एकीकृत निर्देशिका तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ । विद्यालय र क्याम्पसस्तरमा अध्ययनरत विद्यार्थीलाई लक्षित गरी आयोग तथा जिल्ला निर्वाचन कार्यालय कास्की र कैलालीमा रहेका निर्वाचन शिक्षा तथा सूचना केन्द्र मार्फत निर्वाचन शिक्षा कार्यक्रम सञ्चालन हुदै आएको छ । आयोगले आफ्नो समग्र कार्यसम्पादनको सिलसिलामा नवप्रवर्तन र नवीन प्रविधिको प्रयोगलाई जोड दिँदै आएको छ । मतदाता दर्ता र प्रशोधन एवं मतदाता नामावलीको छपाइ, निर्वाचन परिणामको प्रशोधन र तालिकीकरण, निर्वाचन जोखिमको विश्लेषण, निर्वाचनको दिनको इभेण्ट ट्र्याकिङ जस्ता कार्यमा प्रविधिको प्रयोग गरी कार्यसम्पादनलाई छिटो छरितो र प्रभावकारी बनाइएको छ।निर्वाचन व्यवस्थापनसँग सम्बन्धित विभिन्न सफ्टवेयर र एप्लिकेशनहरूको निर्माण गरी तिनलाई एकीकृत सूचना प्रणालीमा आवद्ध गरी सञ्चालनमा ल्याइएको छ।

प्रतिवेदन वर्षको प्रारम्भदेखि चैत्रको पहिलो हप्तासम्म स्थानीय तह, प्रदेश सभा, संघीय संसद सदस्य र उपराष्ट्रपति एवं राष्ट्रपतिको पदको निर्वाचन सम्पन्न भए । यी निर्वाचन सम्पन्न गर्न मतदाता नामावली तयार गर्ने, मतदान केन्द्र तोक्ने, निर्वाचन प्रयोजनको लागि राजनीतिक दल दर्ता गर्ने, निर्वाचन अधिकृतको नियुक्ति र कार्यालय व्यवस्थापन गर्ने, निर्वाचन व्यवस्थापन र सञ्चालनमा खटिने जनशक्ति, मतदाता शिक्षा कार्यकर्ता,

अनुगमनकर्ताहरूको लागि विभिन्न तहमा तालिम सञ्चालन गर्ने, निर्वाचन कार्यक्रम सञ्चालन गर्ने, मतदाता परिचयपत्र, मतपत्र लगायतका निर्वाचन सामग्रीको व्यवस्थापन गर्ने, निर्वाचन सुरक्षा, आचार संहिताको कार्यान्वयन, निर्वाचन अनुगमन र पर्यवेक्षण, मतदाता शिक्षा, मतदान कार्यको सञ्चालन, मतगणना र परिणाम घोषणा लगायतका निर्वाचन लक्षित विभिन्न कार्यक्रम सञ्चालन गरिएका छन् । प्रतिवेदन वर्षको भाद्र ५ गतेसम्म १८ वर्ष उमेर पूरा भएका मतदाताको सङ्ख्या १ करोड ५४ लाख २७ हजार ९३८ जना रहेको छ । मुलुकभरमा १० हजार ६७१ मतदान स्थलमा १९ हजार ८०९ मतदान केन्द्र रहेका छन् । प्रतिवेदन वर्षको श्रावण मसान्तसम्ममा आयोगमा दर्ता कायम रहेका राजनीतिक दलको संख्या १२५ रहेको छ ।

प्रतिवेदन वर्षमा आयोगलाई नियमित तर्फ विभिन्न खर्च शीर्षकमा रू. १ अर्ब ७ करोड १२ लाख ४६ हजार र  विभिन्न तहका निर्वाचन सञ्चालनका लागि रू. ८ अर्ब ९८ करोड २९ लाख २१ हजार गरी कुल रू. १० अर्ब ५ करोड ४१ लाख ६७ हजार बजेट  विनियोजन प्राप्त भएकोमा नियमित तर्फ रू.७८ करोड ४५ लाख ४ हजार र  निर्वाचन सञ्चालन तर्फ रू.८ अर्ब २० करोड २१ लाख ५६ हजार गरी कुल रू. ८ अर्ब ९८ करोड ६६ लाख ६० हजार खर्च भएको छ । आयोगको नाममा आ.व. २०७३/०७४ सम्मको कायम कुल बेरूजु रू.२० करोड ५९ लाख ३० हजार मध्ये प्रतिवेदन वर्षको अन्तसम्ममा रू. १० करोड ८३ लाख ५६ हजार बेरूजु फछ्र्यौट भई बेरूजु फछ्र्यौट प्रगति ५२.६२ प्रतिशत रहेको छ ।

आयोगबाट सम्पादित विभिन्न क्रियाकलापमा विकास साझेदार संस्थाहरू UNDP/Electoral Support Project, International Foundation for Electoral Systems (IFES), The International Institute for Democracy and Electoral Assistance (International IDEA) को वित्तीय तथा प्राविधिक सहयोग प्राप्त हुँदै आएको छ । यी संस्थाबाट मूलतः आयोगको संस्थागत क्षमता विकास, BRIDGE (Building Resources in Democracy Governance and Election) सम्बन्धी तालिम सञ्चालनका क्षेत्रमा सहयोग प्राप्त भएको छ। यसै गरी भारत सरकार, जापानी सहयोग संस्था जाइकाबाट समेत आयोगको जनशक्तिको क्षमता अभिबृद्धि सम्बन्धी तालिम, अध्ययन/अवलोकन भ्रमण जस्ता क्षेत्रमा सहयोग प्राप्त भएको छ।

प्रतिवेदन वर्षमा भएका महत्वपूर्ण कार्यहरूमा विभिन्न निर्वाचन कानूनहरूको तर्जुमा र सुधार, QR code सहितको मतदाता परिचय पत्र मतदातालाई उपलब्ध, निर्वाचन प्रचार प्रसारमा आचार संहिताको अनुगमन, विभिन्न निर्वाचन सम्बन्धि तालिम प्रदान, मिति तोकिएको ८२ दिनमा निर्वाचन सम्पन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गरी जम्मा २६,६०९ पर्यवेक्षक र

अवलोकनकर्ता बाट निर्वाचन पर्यवेक्षण, मोबाइल एप र Election Result Information System (ERIS) सफ्टवेयर बाट निर्वाचन सूचना प्रविधिको व्यापक प्रयोग, तीन घेराको निर्वाचन सुरक्षा व्यवस्था, स्थानीय तह निर्वाचनमा एउटै पानामा छापिएको मतपत्र मार्फत ७ जना उम्मेदवारलाई छनोट गर्न सक्ने गरी मतपत्र व्यवस्थापन आदी रहेका छन्।

लोकतन्त्रको सुदृढीकरणको लागि आवधिक निर्वाचन अनिवार्य शर्त भएको हुँदा पूर्वनिर्धारित निर्वाचन क्यालेण्डरमा आधारित रही निर्वाचन व्यवस्थापन गर्न सकिएमा निर्वाचनलाई थप प्रभावकारी, मितव्ययी र अझ बढि विश्वसनीय बनाउँदै लैजान सकिन्छ। तर हाम्रो सन्दर्भमा यस प्रकारको पद्धति र प्रक्रिया अवलम्बन गर्न नसक्दा निर्वाचन व्यवस्थापन सदैव तत्कालको परिस्थिति अनुकूल सम्पन्न गर्नुपर्ने भैपरि आउने घटना वा परिघटना जस्तो हुने गरेको छ। तसर्थ निर्वाचन व्यवस्थापनलाई थप प्रभावकारी बनाई अझ बढी स्वच्छ, स्वतन्त्र र मितव्ययी ढङ्गले सम्पन्न गर्न निर्वाचन सम्बन्धी कानून, पद्धति, विधि, प्रविधि र प्रक्रियाहरूमा समसामयिक सुधार गर्दै लैजान आवश्यक देखिएको छ ।

परिच्छेद १

# निर्वाचन आयोग : संक्षिप्त परिचय

नेपालमा पहिलो पटक नेपालको अन्तरिम शासन विधान, २००७ ले निर्वाचन आयोगको व्यवस्था गरेको पाइन्छ। त्यसपछि जारी भएका नेपाल अधिराज्यको संविधान, २०१५ र नेपालको संविधान, २०१९ मा निर्वाचन आयोग सम्बन्धी व्यवस्थालाई निरन्तरता दिइएको पाइदैन। नेपालको संविधान, २०१९ को पहिलो संशोधन २०२३ ले नेपालमा निर्वाचन सम्बन्धी कार्य गर्न निर्वाचन आयोगको व्यवस्थालाई समावेश गरेको पाइन्छ । तत्पश्चात वि.सं. २०४६ सालमा बहुदलीय व्यवस्थाको पुनर्स्थापना भएपछि जारी भएको नेपाल अधिराज्यको संविधान, २०४७ ले निर्वाचन आयोगको व्यवस्थालाई निरन्तरता कायम गरेको देखिन्छ । वि.सं. २०६२-६३ को जनआन्दोलन पछि जारी भएको नेपालको अन्तरिम संविधान, २०६३ र वि.सं.२०७२ सालमा जारी भएको नेपालको संविधानले निर्वाचन चक्रका सम्पूर्ण कार्यहरू गर्न निर्वाचन आयोगलाई संवैधानिक निकायको रूपमा निरन्तरता दिएका छन् ।

## १.१ संवैधानिक व्यवस्था

नेपालको संविधानको भाग २४ को धारा २४५ देखि २४७ सम्म निर्वाचन आयोगको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धी देहायको प्रावधान रहेको छ :-

संविधानको धारा २४५ ले निर्वाचन आयोगको गठन सम्बन्धी निम्नानुसारको व्यवस्था गरेको छ :-

(१) नेपालमा एक निर्वाचन आयोग रहनेछ जसमा प्रमुख आयुक्त र अन्य चार जना आयुक्त रहनेछन् । प्रमुख निर्वाचन आयुक्तले निर्वाचन आयोगको अध्यक्ष भई काम गर्नेछ ।

(२) राष्ट्रपतिले संवैधानिक परिषदको सिफारिसमा प्रमुख निर्वाचन आयुक्त र आयुक्तको नियुक्ति गर्नेछ ।

(३) प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुनेछ । तर देहायको कुनै अवस्थामा प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तको पद रिक्त हुनेछ :-

(क) निजले राष्ट्रपतिसमक्ष लिखित राजीनामा दिएमा,

(ख) निजको उमेर पैंसठ्ठी वर्ष पूरा भएमा,

(ग) निजको विरूद्ध धारा १०१ बमोजिम महाभियोगको प्रस्ताव पारित भएमा,

(घ) शारीरिक वा मानसिक अस्वस्थताको कारण सेवामा रही कार्य सम्पादन गर्न असमर्थ रहेको भनी संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिले पदमुक्त गरेमा,

(ङ) निजको मृत्यु भएमा ।

(४) उपधारा (२) बमोजिम नियुक्त प्रमुख निर्वाचन आयुक्त तथा आयुक्तको पुनःनियुक्ति हुन सक्नेछैन ।

तर आयुक्तलाई प्रमुख निर्वाचन आयुक्तको पदमा नियुक्ति गर्न सकिनेछ र त्यस्तो आयुक्त प्रमुख निर्वाचन आयुक्तको पदमा नियुक्ति भएमा निजको पदावधि गणना गर्दा आयुक्त भएको अवधिलाई समेत जोडी गणना गरिनेछ ।

(५) देहायको योग्यता भएको व्यक्ति प्रमुख निर्वाचन आयुक्त वा निर्वाचन आयुक्त पदमा नियुक्तिका लागि योग्य हुनेछ :-

(क) मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातक उपाधि प्राप्त गरेको,

(ख) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ग) पैंतालिस वर्ष उमेर पूरा भएको, र

(घ) उच्च नैतिक चरित्र भएको ।

(६) प्रमुख निर्वाचन आयुक्त र आयुक्तको पारिश्रमिक र सेवाका शर्त सङ्घीय कानूनबमोजिम हुनेछन् । प्रमुख निर्वाचन आयुक्त र आयुक्त आफ्नो पदमा बहाल रहेसम्म निजहरूलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका शर्त परिवर्तन गरिने छैन।

तर चरम आर्थिक विशृङ्खलताका कारण सङ्कटकाल घोषणा भएको अवस्थामा यो व्यवस्था लागु हुनेछैन ।

(७) निर्वाचन आयोगको प्रमुख निर्वाचन आयुक्त र आयुक्त भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्तिका लागि ग्राह्य हुने छैन ।

तर कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानबिन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

संविधानको धारा २४६ ले निर्वाचन आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम तोकेको छः

(१) निर्वाचन आयोगले यस संविधान र सङ्घीय कानूनको अधीनमा रही राष्ट्रपति, उपराष्ट्रपति, सङ्घीय संसद्का सदस्य, प्रदेश सभाका सदस्य, स्थानीय तहका सदस्यको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्नेछ । निर्वाचनको प्रयोजनका लागि मतदाताको नामावली तयार गर्ने कार्य निर्वाचन आयोगले गर्नेछ।

(२) निर्वाचन आयोगले यस संविधान र सङ्घीय कानूनबमोजिम राष्ट्रिय महत्वको विषयमा जनमत सङ्ग्रह गराउनेछ ।

(३) राष्ट्रपति, उपराष्ट्रपति, सङ्घीय संसद्का सदस्य, प्रदेश सभा सदस्य वा स्थानीय तहका सदस्यका लागि उम्मेदवारीको मनोनयन दर्ता भइसकेको तर निर्वाचन परिणाम घोषणा भइनसकेको अवस्थामा कुनै उम्मेदवारको योग्यता सम्बन्धमा कुनै प्रश्न उठेमा त्यसको निर्णय निर्वाचन आयोगले गर्नेछ ।

(४) निर्वाचन आयोगले आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार प्रमुख निर्वाचन आयुक्त, कुनै निर्वाचन आयुक्त वा सरकारी कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्नेगरी प्रत्यायोजन गर्न सक्नेछ।

(५) निर्वाचन आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि सङ्घीय कानूनबमोजिम हुनेछ ।

संविधानको धारा २४७ ले निर्वाचन आयोगलाई आवश्यक सहयोग गर्नुपर्ने व्यवस्था गरेको छ।

यस संविधानबमोजिम निर्वाचन आयोगलाई आफ्नो काम पूरा गर्न आवश्यक पर्ने कर्मचारी र अन्य सहयोग नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले उपलब्ध गराउनेछ ।

## १.२ निर्वाचन आयोगको साङ्गठनिक संरचना

नेपालको संविधानले राष्ट्रपति, उपराष्ट्रपति, सङ्घीय संसद्का सदस्य, प्रदेश सभाका सदस्य र स्थानीय तहका सदस्यको निर्वाचन लगायत राष्ट्रिय महत्वको विषयमा जनमत सङ्ग्रह गराउने समेतका जिम्मेवारी निर्वाचन आयोगमा रहने व्यवस्था गरेको छ । संवैधानिक जिम्मेवारी पूरा गर्ने सिलसिलामा लिइने नीतिगत निर्णयहरू आयोगबाट लिइन्छ भने आयोगबाट भएका निर्णयहरूको कार्यान्वयन सचिवालयबाट हुने गरेको छ । आयोगको कार्यलाई प्रभावकारी ढङ्गले सम्पादन गर्न निर्वाचन आयुक्तहरूको कार्य विभाजन र क्षेत्रगत जिम्मेवारीसमेत तोकिएको छ ।

मूलतः आयोगले निर्वाचनसँग सम्बन्धित विविध विषयमा नीति निर्माण एवं कार्यक्रम कार्यान्वयनको अनुगमन, मूल्याङ्कन तथा निर्देशन दिने काम गर्दछ । निर्वाचन आयुक्तहरूको कार्य विभाजन र क्षेत्रगत जिम्मेवारी **अनुसूची-१** मा संलग्न गरिएको छ ।

कार्य सम्पादनका सिलसिलामा आयोगबाट हुने नीतिगत निर्णयहरू आयोगको बैठकबाट निर्णय गरिन्छन् । प्रतिवेदन वर्षमा आयोगबाट भएका केही महत्वपूर्ण निर्णयहरूको सूची **अनुसूची-२** मा संलग्न गरिएको छ ।

निर्वाचन आयोग अन्तर्गत केन्द्रमा निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका सचिवको नेतृत्वमा एक सचिवालय रहेको छ । सचिवालयमा विभिन्न ५ महाशाखा र १२ वटा शाखाहरू सञ्चालनमा रहेका, विभिन्न ५ जिल्लामा निजामती सेवाका प्रशासनतर्फका राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतको नेतृत्वमा क्षेत्रीय निर्वाचन कार्यालय र ७२ जिल्लामा राजपत्राङ्कित तृतीय श्रेणीका अधिकृतको नेतृत्वमा जिल्ला निर्वाचन कार्यालय सञ्चालनमा रहेकोमा सङ्घीय संरचना बमोजिम आयोगको प्रशासनिक पुनसंरचना गर्ने सिलसिलामा नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७५/०३/३२ गतेको निर्णयले स्वीकृत नयाँ संरचना अनुसार आयोगमा विभिन्न ४ वटा महाशाखा र ९ वटा शाखा रहेका छन् ।७७ जिल्लामा राजपत्रांकित तृतीय श्रेणीका अधिकृत कार्यालय प्रमुख रहेका जिल्ला निर्वाचन कार्यालयहरु रहेका छन् । आयोग र अन्तर्गत कार्यालयमा गरि जम्मा ६७१ कर्मचारीको दरबन्दी रहेको छ । जिल्ला निर्वाचन कार्यालयले स्थानीय स्तरमा निर्वाचन आयोगको प्रतिनिधिको रूपमा रही मतदाता दर्ता, मतदाता शिक्षा कार्यक्रम सञ्चालन, निर्वाचनमा सहयोग र समन्वयसम्बन्धी जिम्मेवारी निर्वाह गर्दै आएका छन् । आयोगको साङ्गठनिक संरचना **अनुसूची-३** मा संलग्न गरिएको छ।

## १.३ निर्वाचनसम्बन्धी कानूनी व्यवस्थाहरू

निर्वाचनसम्बन्धी विद्यमान कानूनहरू देहाय बमोजिम रहेका छन् :-

१.३.१. निर्वाचन आयोग ऐन, २०७३

१.३.२. मतदाता नामावली ऐन, २०७३

१.३.३. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३

१.३.४.स्थानीय तह निर्वाचन ऐन, २०७३

१.३.५.राजनीतिक दल सम्बन्धी ऐन, २०७३

१.३.६.निर्वाचन क्षेत्र निर्धारण ऐन, २०७३

१.३.७ .राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४

१.३.८. प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४

१.३.९. प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४

१.३.१०. राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५

१.३.११.मतदाता नामावली नियमावली, २०६८

१.३.१२. निर्वाचन आयोग नियमावली, २०७३

१.३.१३. स्थानीय तह निर्वाचन नियमावली, २०७३

१.३.१४. राजनीतिक दल सम्बन्धी नियमावली, २०७४

१.३.१५. राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी (दोस्रो संशोधन सहित) नियमावली, २०७४

१.३.१६. राष्ट्रिय सभा सदस्य निर्वाचन (पहिलो संशोधन सहित) नियमावली, २०७४

१.३.१७. प्रतिनिधि सभा सदस्य निर्वाचन नियमावली, २०७४

१.३.१८. प्रदेश सभा सदस्य निर्वाचन (पहिलो संशोधन सहित) नियमावली, २०७४

यसैगरी स्थानीय तह, प्रदेश सभा सदस्य, प्रतिनिधि सभा सदस्य, राष्ट्रिय सभा सदस्य, राष्ट्रपति तथा उपराष्ट्रपति पदको निर्वाचन सञ्चालनको लागि आयोगले विभिन्न मितिमा विभिन्न निर्देशिकाहरू जारी गरेको थियो, निर्देशिकाहरूको सूची **अनुसूची-४** मा समावेश गरिएको छ ।

परिच्छेद २

# जनशक्ति तथा सामग्री व्यवस्थापन

निर्वाचन व्यवस्थापन तथा सञ्चालनको जिम्मेवारी पूरा गर्नका लागि यो वर्षमा आयोग मातहत १ सचिवालय, ५ जिल्लामा क्षेत्रीय निर्वाचन कार्यालयहरू र ७२ जिल्लामा जिल्ला निर्वाचन कार्यालयहरू रहेका थिए । आयोगमा राजपत्रांकित विशिष्ट श्रेणीको सचिव —१, राजपत्रांकित प्रथम श्रेणी सहसचिव —५ (प्रशासन—३, न्याय/कानून—१ र विविध—१) लगायत विभिन्न पदका १६४ दरबन्दी र अन्तर्गतका ५ वटा क्षेत्रीय निर्वाचन कार्यालयमा राजपत्रांकित द्वितीय श्रेणी (प्रशासन सेवा, सामान्य प्रशासन समूह) र अन्य ७२ वटा जिल्ला निर्वाचन कार्यालयहरूमा राजपत्रांकित तृतीय श्रेणी (प्रशासन सेवा, सामान्य प्रशासन समूह) को नेतृत्वमा विभिन्न पदका ५८३ गरी जम्मा ७४७ दरबन्दी कायम रहेको थियो । प्रतिवेदन वर्षमा कायम रहेको आयोगको प्रशासनिक संरचनामा नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७५/०३/३२ गतेको निर्णय अनुसार परिवर्तन भई आयोग र अन्तर्गत ७७ जिल्ला निर्वाचन कार्यालयमा जम्मा ६७१ कर्मचारीको दरबन्दी कायम भएको छ । निर्वाचनको पूर्वतयारी, जनशक्ति परिचालन र सामग्री व्यवस्थापन निर्वाचन कार्यालयहरू मार्फत गरिँदै आएको छ । निर्वाचन सञ्चालनका क्रममा भने मुख्य निर्वाचन अधिकृत/निर्वाचन अधिकृतको कार्यालय स्थापना गरी नेपाल सरकारका कर्मचारीहरू, स्थानीय तहका कर्मचारीहरू र सामुदायिक विद्यालयका कर्मचारी तथा शिक्षकहरूसमेत आवश्यकतानुसार परिचालन गरी निर्वाचन सञ्चालन र व्यवस्थापन गरिएको थियो । प्रतिवेदन वर्षमा जनशक्ति परिचालन र सामग्री व्यवस्थापनका सम्बन्धमा देहाय बमोजिमका कार्यहरू सम्पादन भएका छन् :-

## २.१ जनशक्ति व्यवस्थापन

यो वर्ष आयोगको सचिवालय अन्तर्गत पाँच महाशाखा, १२ शाखा, पाँच क्षेत्रीय निर्वाचन कार्यालय र ७२ जिल्ला निर्वाचन कार्यालयहरू रहेका थिए । आयोग अन्तर्गत रहेका महाशाखा/शाखाको विवरण तथा दरबन्दी संरचना देहायबमोजिम रहेको छ :-

### २.१.१ महाशाखा र शाखाहरू

| क्र.सं. | महाशाखाको नाम | महाशाखा अन्तर्गत शाखाहरूको विवरण |
|---|---|---|
| १. | प्रशासन महाशाखा | १. प्रशासन शाखा |

| क.सं. | महाशाखाको नाम | महाशाखा अन्तर्गत शाखाहरूको विवरण |
|---|---|---|
| | | २. योजना, अनुगमन तथा समावेशीकरण शाखा<br>३. आर्थिक प्रशासन शाखा |
| २. | सूचना प्रविधि व्यवस्थापन महाशाखा | १. सूचना प्रविधि सञ्चालन शाखा<br>२. सूचना प्रणाली व्यवस्थापन शाखा |
| ३. | कानून तथा राजनीतिक दल सम्बन्ध महाशाखा | १. राजनीतिक दल सम्बन्ध शाखा<br>२. कानून शाखा |
| ४. | निर्वाचन व्यवस्थापन महाशाखा | १. मतदाता नामावली शाखा<br>२. निर्वाचन सञ्चालन शाखा<br>३. निर्वाचन तथ्याङ्क, भू-सूचना तथा जोखिम विश्लेषण शाखा |
| ५. | निर्वाचन शिक्षा, तालिम तथा वैदेशिक सम्बन्ध महाशाखा | १.अध्ययन, अनुसन्धान तथा वैदेशिक सम्बन्ध शाखा<br>२. निर्वाचन शिक्षा, सूचना तथा तालिम शाखा |

### २.१.१ आयोग सचिवालयमा रहेका महाशाखाहरूको प्रमुख कार्यहरू

**क) प्रशासन महाशाखा**

१. तोकिएबमोजिम निर्वाचन सम्पन्न गराउन आवश्यक कार्यक्रम तथा वजेटको तर्जुमा गरी, गराई आधिकारिक राय सहित पेश गर्ने तथा स्वीकृतिबमोजिम कार्य सम्पादन गर्ने, गराउने ।

२. निर्वाचन कार्यक्रमहरूको सञ्चालन व्यवस्था अनुगमन गर्ने, देखा परेका समस्याहरू समाधान गर्ने, गराउने र आवश्यकतानुसार निर्वाचन कार्य सम्पन्न गराउन समन्वयकारी भूमिका खेल्ने ।

३. रिक्त पदहरू लोकसेवा आयोगमा वा अन्य सम्वन्धित निकायहरूमा माग पठाउने वा प्रत्यायोजित अधिकारबमोजिम दरवन्दी पूर्ति गर्ने व्यवस्था मिलाउने।

४. आयोग र अन्तर्गत रहेका प्रशासन सेवाका पद तथा पदाधिकारीहरूको नियुक्ति, पदस्थापना, तालिम, सरूवा, विभागीय कारवाही, अवकाश आदि जस्ता कर्मचारी प्रशासनसम्बन्धी विषयमा राय सहित पेश गर्ने र निर्णयानुसार कार्यान्वयन गर्ने, गराउने वा प्रत्यायोजित अधिकारबमोजिम निर्णय दिने ।

५. निर्वाचन आयोग तथा अन्तर्गतका कार्यालय निरीक्षण गराउने व्यवस्था मिलाई प्राप्त प्रतिवेदन सचिव समक्ष पेश गरी निर्णयानुसार कार्यान्वयन गर्ने गराउने ।

६. केन्द्रीय तथा कार्य सञ्चालन स्तरको लेखा सञ्चालनमा आवश्यक निर्देशन दिने ।

७. प्रत्यायोजित अधिकारबमोजिम रकमान्तर, खर्चको स्वीकृति दिने, ठेक्का पट्टा सदर गर्ने, मालसामान खरीद तथा लिलाम बिक्रिको स्वीकृति दिने ।

८. निर्वाचन आयोग अन्तरगत सम्पूर्ण कर्मचारीहरूको सम्पत्ति विवरण तथा व्यक्तिगत अभिलेख अद्यावधिक गरी राख्न लगाउने ।

९. महाशाखा/शाखाहरूको कार्य समन्वय, सुपरीवेक्षण र सञ्चालन गर्नु गराउनुका साथै आयोग र अर्न्तगत कार्यालयहरूको कर्मचारी प्रशासन, आर्थिक प्रशासन र सामान्य प्रशासन र योजना तथा अनुगमनसम्वन्धी काम कारवाही सञ्चालन गर्ने गराउने ।

१०. आयोगको वार्षिक कार्यक्रम तथा वजेट तर्जुमा गरी गराई स्वीकृतिबमोजिम कार्य सञ्चालनको व्यवस्था गर्ने, गराउने ।

११. आयोगको भौतिक साधनहरूको अद्यावधिक विवरण राख्न लगाई सोको स्याहार सम्भार मर्मत र संरक्षण गर्न आवश्यक निर्देशन दिने ।

१२. प्रत्यायोजित अधिकारबमोजिम अधिनस्थ कर्मचारीहरूको कार्य सम्पादन मूल्याङ्कन तयार गर्ने र प्रोत्साहन, पुरस्कार, सरूवा, वढुवा, ईफिसियेन्सी (कार्यदक्षता) वारपार तथा अन्य आवश्यक कारवाही गर्ने वा गर्न सिफारिश सहित सचिवमा पेश गर्ने ।

१३. प्रत्यायोजित अधिकारबमोजिम टेण्डर आव्हान गर्ने, स्वीकृत गर्ने वा शर्त अनुसारको कार्य भए नभएको सुपरीवेक्षण गरी आवश्यक कारवाही गर्ने वा गर्न स्वीकृतिको लागि सचिवमा पेश गर्ने ।

१४. निर्वाचन आयोगको लागि आवश्यक पर्ने भौतिक साधनको व्यवस्थापन गर्ने ।

**ख) निर्वाचन व्यवस्थापन महाशाखा**

१. नामावलीसँग सम्वन्धित रहेका विद्यमान नीति ऐन, नियमहरूको अध्ययन गरी, गराई आवश्यक संशोधन, परिमार्जन गर्ने वा नयाँ नीति आवश्यक भएमा मस्यौदा तर्जुमा गरी, गराई आधिकारिक राय सहित पेश गर्ने ।

२. आयोगका निर्वाचन व्यवस्थापनसँग सम्वन्धित विषयहरूको गोष्ठी, सम्मेलन आदि सम्पन्न गर्ने, गराउने वा आवश्यकतानुसार भाग लिने ।

३. निर्वाचन आयोग अन्तरगत संचालित कार्यक्रम तथा कार्यहरूको आवधिक सुपरीवेक्षण गर्ने, गराउने व्यवस्था गर्ने तथा समस्या भएमा समाधान गर्ने, गराउने तथा प्रतिवेदन पेश गर्ने, गराउने व्यवस्था गर्ने ।

४. निर्वाचन आयोग तथा अन्तरगतका जिल्ला निर्वाचन कार्यालयहरूले सङ्कलन तथा अद्यावधिक गर्ने, मतदाता नामावली प्राप्तिको व्यवस्था मिलाई रायसहित सचिव समक्ष पेश गरी निर्णयानुसार कार्यान्वयन गर्ने गराउने ।

५. मतदाता नामावली सम्बन्धी एकीकृत सूचनाको सञ्जाल विकसित गर्ने, गर्न लगाउने।

६. प्रमुख नामदर्ता अधिकारी, नामदर्ता अधिकारी र सहायक नामदर्ता अधिकारीको नियुक्तिसम्बन्धी व्यवस्था मिलाउने ।

७. निर्वाचनसँग सम्वन्धित योजनाहरूको प्रारूप तयार गराई स्वीकृत आयोजनाहरूको व्यवस्थापनसम्बन्धी कार्य गर्ने, गराउने ।

८. निर्वाचनको सिलसिलामा आई परेको समस्याहरूको अध्ययन र अनुसन्धान सम्बन्धी कार्य गर्ने, गराउने र तालिम सम्बन्धी पाठ्यक्रम निर्माण, तालिम सामग्री उत्पादन तथा परिमार्जन सम्बन्धी कार्य गर्ने, गराउने ।

९. निर्वाचन सम्बन्धी कार्यक्रम, निर्वाचन तथा मतदाता शिक्षा, निर्वाचन जोखिम व्यवस्थापन लगायतका काम कारवाहीहरू सञ्चालन गर्ने गराउने जिम्मेवारी वहन गर्नुपर्दछ

१०. लैंगिक तथा समावेशीकरण, निर्वाचन सञ्चार माध्यम, निर्वाचन तथ्याङ्क, भू-सूचना, निर्वाचन जोखिम सम्बन्धी आवश्यक नीति मस्यौदा तयार पार्ने, स्वीकृत कार्यक्रमबमोजिम कार्य गर्ने गराउने र अनुगमन मूल्याङ्कन गर्ने ।

यस वाहेक यस पदलाई निर्दिष्ट गरिएका अन्य कार्य गर्ने ।

**ग) कानून तथा राजनीतिक दल सम्बन्ध महाशाखा**

१. कानून शाखा र राजनीतिक दलसम्बन्ध शाखाद्वारा भए गरेका कार्यहरूमा रेखदेख गर्ने तथा ती शाखाहरूसँग समन्वय गरी व्यवस्थित रूपमा कार्य सञ्चालन गर्ने गराउने ।

२. निर्वाचनसम्बन्धी ऐन, नियम, अध्यादेश, निर्देशिका, कार्यविधि, आचारसंहिताको मस्यौदा तर्जुमा, संशोधन, सुधार आदि गर्नुपर्ने भएमा राय साथ पेश गर्ने ।

३. निर्वाचन आयोगलाई विपक्षी बनाई परेको उजुरीको लिखित जवाफ तयार गर्ने गराउने।

४. अदालतबाट भएको फैसला कार्यान्वयन गर्ने गराउने ।

५. आयोगको तर्फबाट प्रतिरक्षा गर्नुपर्ने विषयमा कानुनी प्रतिरक्षा (वहस, पैरवी) गर्ने ।

६. आयोगबाट कार्यसम्पादन गर्दा पुऱ्याउनुपर्ने कानुनी प्रक्रियाहरू पूरा गरी राय सल्लाह दिने

७. नेपाल राजपत्रमा प्रकाशन गर्नुपर्ने सामग्रीहरू प्रकाशन गर्ने व्यवस्था मिलाउने।

८. राजनीतिक दलको व्यवस्थापन गर्ने गराउने ।

९. आयोग र अर्न्तगत कार्यालयहरूको कानून र राजनीतिक दलसम्बन्धी काम कारवाहीहरू सञ्चालन गर्ने गराउने ।

१०. राजनीतिक दलहरूले पेश गर्नुपर्ने वार्षिक आयव्यय विवरण पेश गर्ने र निर्वाचन खर्चको विवरण पेश गर्ने सम्बन्धमा कारबाही गर्ने गराउने ।

**घ) निर्वाचन शिक्षा, तालिम तथा वैदेशिक सम्बन्ध महाशाखा**

१. दक्षिण एशियाली निर्वाचन व्यवस्थापन निकायहरूको साझा मञ्च (FEMBoSA) को नेपाल अध्यक्ष हुँदाका बखत सचिवालयले गर्ने कार्यहरू गर्ने । अन्य समयमा उक्त मञ्चसँग सम्बन्धी कार्य गर्ने ।

२. दक्षिण एशियाली क्षेत्रका निर्वाचन व्यवस्थापन निकायहरूबीच लोकतन्त्र र निर्वाचन सम्बन्धमा अनुभव आदान प्रदान समेत हुनेगरी अध्ययन, अनुसन्धान, तालिम गोष्ठी आदिको आयोजना गर्ने ।

३. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अध्ययन अनुसन्धानबाट प्राप्त सूचना, तथ्याङ्क, प्रतिवेदन आदिको अभिलेखीकरण गर्ने गराउने ।

४. निर्वाचनसँग सम्बन्धित क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरूको सम्बन्ध विस्तार, सञ्जाल निर्माण तथा सदस्यता सम्बन्धी कार्य गर्ने ।

५. निर्वाचन आयोग तथा अन्तर्गतका कार्यालयसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषयहरूमा अध्ययन अनुसन्धान, तालिम, प्रशिक्षण, गोष्ठी र सम्मेलन आदि गर्ने, गराउने ।

६. निर्वाचन/मतदाता शिक्षा तथा तालिम सम्बन्धी पाठ्यक्रमको निर्माण गर्ने, तालिम सामग्रीहरूको उत्पादन, विकास एवं परिमार्जनको व्यवस्था मिलाउने ।

७. महाशाखासँग सम्बन्धित नीति, ऐन, नियमहरूको अध्ययन गरी आवश्यक संशोधन, परिर्माजन वा नयाँ नीतिको मस्यौदा गर्ने ।

८. पुस्तकालय व्यवस्थापन, सूचना तथा सञ्चार व्यवस्थापनसम्बन्धी कार्य गर्ने गराउने ।

९. महाशाखा अन्तर्गतका कर्मचारीहरूको आवश्यकता अनुसार सुपरीवेक्षण, निर्देशन, समन्वय, नियन्त्रण र मूल्याङ्कन गर्ने गराउने ।

१०. आयोगका लागि वैदेशिक सहयोग प्राप्ति, परिचालन तथा समग्र व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।

**ङ) सूचना प्रविधि व्यवस्थापन महाशाखा**

१. आवश्यकता अनुसार मतदाता नामावली डाटावेस अद्यावधिक गर्ने ।

२. मतदाता विवरणको गुणस्तर एवं सुरक्षा गोपनियता कायम गर्ने गराउने कार्यको निर्देशन, नियन्त्रण र सुपरीवेक्षण गर्ने ।

३. सूचना प्रविधिसँग सम्बन्धित परियोजनाहरू सञ्चालन, नियन्त्रण र निर्देशन गर्ने ।

४. नेपाल सरकारको निर्देशन बमोजिम विभिन्न सरकारी निकाय बीच सूचना आदान प्रदानका लागि अन्तरनिकाय समन्वय कायम गर्ने गराउने ।

५. सूचना प्रविधिसँग सम्बन्धित आवश्यक कानूनी पूर्वाधार सफ्टवेयर सम्बन्धी नीतिगत व्यवस्थाको लागि अन्य महाशाखासँग समन्वय गर्ने ।
६. सूचना प्रविधिसँग सम्बन्धी हार्डवेयर तथा सफ्टवेयर खरिद/ सम्झौताका लागि सम्बन्धित सरोकारवालासँग वार्ता छलफल र सम्झौता गर्ने व्यवस्था मिलाउने ।
७. निर्वाचन तथ्याङ्क, भू-सूचना तथा निर्वाचन जोखिमसम्बन्धी आवश्यक नीति तयार पार्ने, स्वीकृत कार्यक्रमबमोजिम कार्य गर्ने गराउने र अनुगमन मूल्याङ्कन गर्ने ।
८. आर्थिक स्रोत साधन व्यवस्थापनको लागि अन्य शाखा/महाशाखासँग समन्वय गर्ने ।
९. निर्वाचनमा विद्युतीय मतदान उपकरण प्रयोगको विषयमा स्पष्ट खाका तयार पार्ने ।

### २.१.३ विद्यमान दरबन्दी अवस्था

**क) आयोग सचिवालय**

| **क्र.सं.** | **पद** | **श्रेणी** | **सेवा** | **समूह** | **दरबन्दी सङ्ख्या** |
|---|---|---|---|---|---|
| १ | सचिव | विशिष्ट | | | १ |
| २ | सहसचिव | रा.प.प्रथम | प्रशासन | सा.प्र. | ३ |
| ३ | सहसचिव | रा.प.प्रथम | न्याय | कानून | १ |
| ४ | सहसचिव (सूचना प्रविधि) | रा.प.प्रथम | विविध | | १ |
| ५ | उपसचिव | रा.प. द्वितीय | प्रशासन | सा.प्र. | ७ |
| ६ | उपसचिव | रा.प. द्वितीय | प्रशासन | लेखा | १ |
| ७ | वरिष्ठ क.अ. | रा.प. द्वितीय (प्रा.) | विविध | | २ |
| ८ | उपन्यायाधिवक्ता | रा.प. द्वितीय | न्याय | स.वकील | १ |
| ९ | उपसचिव | रा.प. द्वितीय | न्याय | कानून | १ |
| १० | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सा.प्र. | १८ |
| ११ | तथ्याङ्क शास्त्री (अधिकृत) | रा.प.तृतीय | ने.आ.यो.तथा तथ्याङ्क | तथ्याङ्क | १ |
| १२ | शाखा अधिकृत | रा.प.तृतीय | न्याय | स.वकील | १ |
| १३ | शाखा अधिकृत | रा.प.तृतीय | न्याय | कानून | १ |
| १४ | पुस्तकालय अधिकृत | रा.प.तृतीय | शिक्षा | पु.विज्ञान | १ |
| १५ | लेखा अधिकृत | रा.प.तृतीय | प्रशासन | लेखा | २ |
| १६ | कम्प्युटर अधिकृत | रा.प.तृतीय | विविध | विविध | ५ |
| १७ | कम्प्युटर इन्जिनियर | रा.प.तृतीय | विविध | विविध | ५ |
| १८ | मुद्रण अधिकृत | रा.प.तृतीय | शिक्षा | मुद्रण | १ |

| क्र.सं. | पद | श्रेणी | सेवा | समूह | दरबन्दी सङ्ख्या |
|---|---|---|---|---|---|
| १९ | मेशिन मेकानिक्स | रा.प.तृतीय | विविध | विविध | १ |
| २० | नायव सुव्वा | रा.प.अनं.प्रथम | प्रशासन | सा.प्र. | २१ |
| २१ | लेखापाल | रा.प.अनं.प्रथम | प्रशासन | लेखा | ५ |
| २२ | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम | विविध | | १२ |
| २३ | क्यामेराम्यान/फोटोग्राफर | रा.प.अनं.प्रथम | शिक्षा | कला | १ |
| २४ | टा.ना.सु. | रा.प.अनं.प्रथम | प्रशासन | सा.प्र. | २ |
| २५ | पुस्तकालय सहायक | रा.प.अनं.प्रथम | शिक्षा | पु.विज्ञान | १ |
| २६ | टेलिफोन अपरेटर | रा.प.अनं.प्रथम | विविध | | १ |
| २७ | खरिदार | राप.अनं. द्वितीय | प्रशासन | सा.प्र. | ८ |
| २८ | ईलेक्ट्रिसीयन | रा.प.अनं. द्वितीय | इन्जि. | | १ |
| २९ | हलुका सवारी चालक | श्रेणी विहीन | इन्जि. | मेका. | २० |
| ३० | माली | श्रेणी विहीन | प्रशासन | | १ |
| ३१ | कुचीकार | श्रेणी विहीन | प्रशासन | | ४ |
| ३२ | कार्यालय सहयोगी | श्रेणी विहीन | प्रशासन | | ३३ |
| | **जम्मा** | | | | १६४ |

### ख) क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालय

आयोगले मतदाता हुन योग्यता पुगेका मतदाताहरूको नामावली सङ्कलन तथा अद्यावधिक गर्ने, विभिन्न आवधिक निर्वाचनहरूको रेखदेख, सञ्चालन तथा नियन्त्रण र निर्देशन गर्ने मूख्य कार्यलाई केन्द्रबिन्दुमा राखी यस कार्यमा नेपाल सरकारका सबै प्रशासनिक निकायहरू, राजनीतिक दलहरू, नागरिक समाज लगायत सम्बद्ध सरोकारवालाहरूको उपयुक्त सञ्चालनको व्यवस्था मिलाउने गर्दछ। स्थानीय तहमा स्वतन्त्र र निष्पक्ष निर्वाचनको व्यवस्थापन र सञ्चालन गर्न नेपाल सरकारबाट मिति २०७२।०४।२८ मा स्वीकृत सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, २०७२ अनुसार विकास क्षेत्रगत रूपमा ५ वटा क्षेत्रीय निर्वाचन कार्यालयहरू स्थापना भएका छन् भने जिल्लागत रूपमा ७० जिल्लामा जिल्ला निर्वाचन कार्यालयहरू रहेकामा रूकुम र नवलपरासी जिल्ला सङ्घीय संरचना अनुसार दुई/दुई जिल्लामा विभाजन भए पश्चात २ वटा जिल्ला निर्वाचन कार्यालयहरू थप गरी जम्मा ७२ कायम भएका छन् । यस्ता क्षेत्रीय निर्वाचन

कार्यालयहरू हाल नेपाल सरकारको राजपत्राङ्कित द्वितीय श्रेणी (प्रशासन सेवा, सामान्य प्रशासन समूह) को कर्मचारीको नेतृत्वमा काठमाण्डौ, मोरङ, कास्की, बाँके र कैलालीमा र जिल्ला निर्वाचन कार्यालयहरू राजपत्रांकित तृतीय श्रेणी (प्रशासन सेवा, सामान्य प्रशासन समूह) को नेतृत्वमा जम्मा ५८३ जना दरबन्दी कायम रहेको छ ।

**क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयको मौजुदा दरबन्दी विवरण**

| सि.नं. | पद | श्रेणी | सेवा | समूह | दरबन्दी सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | उपसचिव | रा.प. द्वितीय | प्रशासन | सा.प्र. | ५ |
| २ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सा.प्र. | ७७ |
| ३ | कम्प्युटर अधिकृत | रा.प.तृतीय | विविध | विविध | ५ |
| ४ | नायव सुव्बा | रा.प.अनं.प्रथम | प्रशासन | सा.प्र. | ९१ |
| ५ | लेखापाल | रा.प.अनं.प्रथम | प्रशासन | लेखा | ७७ |
| ६ | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम | विविध | | १०१ |
| ७ | हलुका सवारी चालक | श्रेणी विहीन | इन्जि. | मेका. | ७३ |
| ८ | कार्यालय सहयोगी | श्रेणी विहीन | प्रशासन | | १५४ |
| | **जम्मा** | | | | **५८३** |

उपर्युक्त सङ्गठनबाट निर्वाचन प्रयोजनको लागि मतदाता नामावली दर्ता तथा अद्यावधिक, मतदाता परिचयपत्र तयारी तथा वितरण, मतदानकेन्द्र पुनरावलोकन तथा अद्यावधिक, मतदाता र सरोकारवालाहरूलाई निर्वाचनका विविध विषयमा जानकारी गराउन निर्वाचन/मतदाता शिक्षाको सञ्चालनको प्रबन्ध मिलाइएको छ । आयोगको समग्र कार्य व्यवस्थापनको मार्गदर्शन गर्न पञ्चवर्षीय रणनीतिक योजना, २०७१-०७६ तर्जुमा भई कार्यान्वयनमा रहेको छ र सोही रणनीतिक योजनाले पहिचान र प्राथमिकीकरण गरेका निर्वाचनसम्बन्धी क्रियाकलापहरूलाई आयोगले कार्यान्वयन गर्दै आएको छ ।

कर्मचारी प्रशासन सम्बन्धी नियमित प्रशासनिक कामकारवाही जस्तै सरूवा, बढुवा, बिदा, काज, रमाना, अधिकार प्रत्यायोजन, अवकाश, अनुमति, सेवा करार, कार्यसम्पादन मूल्याङ्कन, कर्मचारी सम्पति विवरणसँग सम्बन्धित कार्यहरू गरिएको छ । गणतन्त्र दिवस, २०७४ र निजामती सेवा पुरस्कार, २०७४ का लागि आयोग र अन्तर्गत कार्यरत रही उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीहरूको मूल्याङ्कन गरी त्यस्ता कर्मचारीमध्येबाट पुरस्कार तथा पदकको लागि सम्बन्धित

निकायमा सिफारिस गर्ने कार्य भएको छ । विभिन्न तहका निर्वाचनको सिलसिलामा आयोगमा अपुग हुन आएको जनशक्ति नेपाल सरकारका विभिन्न निकायबाट माग गरी कार्यसम्पादनको व्यवस्था मिलाइएको छ । निर्वाचनकै सिलसिलामा आयोगमा संयुक्त निर्वाचन सञ्चालन केन्द्र, कल सेन्टर, सञ्चार व्यवस्थापन, मतदाता नामावली छपाई र ढुवानी, सामग्री प्याकिङ् र ढुवानी, सुरक्षा समन्वय, नेपाल सरकारका विभिन्न निकायसँग सम्पर्क र समन्वयको कार्यसमेत भएको छ।

### २.१.४ सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन

नयाँ संविधान कार्यान्वयनको सन्दर्भमा आयोगले सङ्घीय संरचना बमोजिम कार्यढाँचाको प्रबन्ध मिलाउन आयोगको सङ्गठन संरचनालाई पुनःसंरचना गर्न कार्ययोजना बनाई सुधारको कार्य गरिएको थियो । यस क्रममा नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय बमोजिम आयोगका प्रशासन महाशाखा प्रमुखको संयोजकत्वमा आयोगको प्रशासनिक पुनःसंरचना प्राविधिक समिति गठन भई आयोगको प्रशासनिक पुनःसंरचनाको प्रतिवेदन तयार पारी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सामान्य प्रशासन मन्त्रालयमा पठाइएको थियो । सो प्रतिवेदन नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७५/०३/३२ गतेको निर्णय अनुसार जम्मा ६७१ कर्मचारीको आयोग र अन्तर्गत ७७ जिल्ला निर्वाचन कार्यालयमा रहने गरी तपसिल बमोजिम दरबन्दी स्वीकृत भएको छ ।

**(क) आयोग सचिवालयको दरबन्दी संरचना**

| सि.नं. | पद | श्रेणी | सेवा | समूह | साविक दरबन्दी | कायम हुने कुल दरबन्दी |
|---|---|---|---|---|---|---|
| १ | सचिव | विशिष्ट | | | १ | १ |
| २ | सहसचिव | रा.प.प्रथम | प्रशासन | सा.प्र. | ३ | २ |
| ३ | सहसचिव | रा.प.प्रथम | न्याय | कानून | १ | १ |
| ४ | सहसचिव | रा.प.प्रथम | विविध | | १ | १ |
| ५ | उपसचिव | रा.प.द्वितीय | प्रशासन | सा.प्र. | ७ | ४ |
| ६ | उपसचिव | रा.प.द्वितीय | प्रशासन | लेखा | १ | १ |
| ७ | उपसचिव | रा.प.द्वितीय | विविध | विविध | २ | २ |
| ८ | उपन्यायाधिवक्ता | रा.प.द्वितीय | न्याय | स.वकील | १ | १ |
| ९ | उपसचिव | रा.प.द्वितीय | न्याय | कानून | १ | १ |
| १० | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सा.प्र. | १८ | ७ |

| सि.नं. | पद | श्रेणी | सेवा | समूह | साविक दरबन्दी | कायम हुने कुल दरबन्दी |
|---|---|---|---|---|---|---|
| ११ | शाखा अधिकृत | रा.प.तृतीय | न्याय | स.वकील | १ | १ |
| १२ | शाखा अधिकृत | रा.प.तृतीय | न्याय | कानून | १ | १ |
| १३ | लेखा अधिकृत | रा.प.तृतीय | प्रशासन | लेखा | २ | १ |
| १४ | कम्प्युटर इन्जिनियर | रा.प.तृतीय | विविध | विविध | ५ | ३ |
| १५ | कम्प्युटर अधिकृत | रा.प.तृतीय | विविध | विविध | ५ | ० |
| १६ | मुद्रण अधिकृत | रा.प.तृतीय | शिक्षा | मुद्रण | १ | १ |
| १७ | पुस्तकालय अधिकृत | रा.प.तृतीय | शिक्षा | पु.विज्ञान | १ | १ |
| १८ | तथ्याङ्क अधिकृत | रा.प.तृतीय | तथ्याङ्क | | १ | १ |
| १९ | मेशिन मेकानिक्स | रा.प.तृतीय | इन्जि. | | १ | १ |
| २० | नायव सुव्वा | रा.प.अनं.प्रथम | प्रशासन | सा.प्र. | २१ | १६ |
| २१ | टा. नायव सुव्वा | रा.प.अनं.प्रथम | प्रशासन | सा.प्र. | २ | २ |
| २२ | लेखापाल | रा.प.अनं.प्रथम | प्रशासन | लेखा | ५ | ३ |
| २३ | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम | विविध | | १२ | ११ |
| २४ | कम्प्युटर टेक्निसियन | रा.प.अनं.प्रथम | विविध | | ० | १ |
| २५ | क्यामेराम्यान | रा.प.अनं.प्रथम | शिक्षा | | १ | ० |
| २६ | टेलिफोन अपरेटर | रा.प.अनं.प्रथम | | | १ | १ |
| २६ | पुस्तकालय सहायक | रा.प.अनं.प्रथम | शिक्षा | पु.विज्ञान | १ | ० |
| २७ | खरिदार | रा.प.अनं.द्वितीय | प्रशासन | | ८ | १ |
| २८ | ईलेक्ट्रिसीयन | रा.प.अनं.द्वितीय | इन्जि. | | १ | १ |
| २९ | प्लम्बर | रा.प.अनं.द्वितीय | इन्जि. | | ० | १ |
| ३० | हलुका सवारी चालक | श्रेणी विहीन | इन्जि. | मेका. | २० | २० |
| ३१ | माली | श्रेणी विहीन | प्रशासन | | १ | १ |
| ३२ | कुचीकार | श्रेणी विहीन | प्रशासन | | ४ | २ |
| ३३ | कार्यालय सहयोगी | श्रेणी विहीन | प्रशासन | | ३३ | २० |
| **जम्मा** | | | | | १६४ | १११ |

**(ख) जिल्ला निर्वाचन कार्यालयको कर्मचारी दरबन्दी संरचना**

| क्र.सं. | पद | श्रेणी | सेवा | समूह | दरबन्दी सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सा.प्र. | ७७ |
| २ | नायव सुव्वा | रा.प.अनं.प्रथम | प्रशासन | सा.प्र. | ७७ |
| ३ | लेखापाल | रा.प.अनं.प्रथम | प्रशासन | लेखा | ७७ |
| ४ | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम | विविध | | ९८ |
| ५ | हलुका सवारी चालक | श्रेणी विहीन | इन्जि. | मेका. | ७७ |
| ६ | कार्यालय सहयोगी | श्रेणी विहीन | प्रशासन | | १५४ |
| **जम्मा** | | | | | **५६०** |

## २.१.५ कर्मचारी क्षमता विकास

कर्मचारीको वृत्ति विकास गर्न तथा क्षमता विकास गरी कार्यसम्पादनमा सुधार ल्याउन आयोग र अन्तर्गत कार्यरत कर्मचारीलाई लामो तथा छोटो अवधिको सेवाकालिन तालिम, विषय केन्द्रित प्रशिक्षण, अभिमुखीकरण र अवलोकन भ्रमण आदि जस्ता कार्यक्रममा संलग्न गराइएको छ । साथै विभिन्न विषयमा अध्ययन तथा अवलोकनको लागि वैदेशिक तालिम तथा भ्रमणका अवसर समेत कर्मचारीहरूलाई उपलब्ध गराइएको छ । प्रतिवेदन वर्षमा आयोग र अन्तर्गतबाट वैदेशिक तालिम, अध्ययन, अवलोकन भ्रमणमा मनोनयन भएका कर्मचारीको विवरण **अनुसूची ५** मा रहेको छ ।

## २.१.६ सेवा प्रवाह सम्बन्धमा भएका मुख्य मुख्य कार्यहरू

आयोग र अन्तर्गतबाट हुने सेवा प्रवाहलाई थप चुस्त, दुरूस्त र प्रभावकारी बनाउन यस वर्षमा निम्न बमोजिमका कार्यहरू सम्पन्न गरिएका छन् :

१. सरूवाम्बन्धी मापदण्ड तयार गरी सोही आधारमा दुर्गम क्षेत्रलाई प्राथमिकतामा राखी कर्मचारीको पदस्थापना र सरूवा गरिएको,
२. राजपत्रांकित कर्मचारीहरूले महिना समाप्त भएको सात दिनभित्र आफूले अघिल्लो महिना सम्पादन गरेको कार्यसम्पादन प्रतिवेदन सम्बन्धित सुपरीवेक्षक समक्ष पेश गर्नुपर्ने व्यवस्था मिलाइएको,
३. आयोग सचिवालयबाट हुने पत्राचारलाई व्यवस्थित गर्न महाशाखा/शाखागत कोडको व्यवस्था गरिएको,

४. निर्वाचनसम्बन्धी कार्यलाई प्रभावकारी तुल्याउन आयोग र अन्तर्गतबाट नियमित कार्यालय समयको अतिरिक्त सार्वजनिक बिदाको दिनमा समेत प्रत्येक दिन बिहान र बेलुका कम्तिमा १/१ घण्टा गरी दैनिक २ घण्टा २०७४ साउन १ गते देखि २०७५ बैशाख ९ गतेसम्म अतिरिक्त समय सेवा प्रवाहको प्रबन्ध मिलाइएको,

५. आयोगमा नियमित कर्मचारी बैठकको व्यवस्था गरिएको जसबाट कर्मचारीका समस्याहरू सम्बोधन गर्न र आयोगका काम कारवाहीलाई थप प्रभावकारी बनाउन सहयोग पुगेको।

नेपाल सरकारका मुख्यसचिवको अध्यक्षतामा नियमित रूपमा बस्ने सचिव बैठकको निर्णय बमोजिम आयोगबाट कार्यान्वयन हुनुपर्ने कार्यहरू तोकिएको समयमा नै सम्पन्न गरी सोको प्रतिवेदन आवधिक रूपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइने गरेको छ । त्यसैगरी सार्वजनिक सेवाको सेवा प्रवाहमा सुधार सम्बन्धी सामान्य प्रशासन मन्त्रालयको सोचपत्र, २०७२ मा समावेश भएका यस आयोगसँग सम्बन्धित विषयलाई कार्ययोजना बनाई कार्यान्वयनमा ल्याउने प्रयास गरिनुका साथै त्यस्ता कार्यको कार्य प्रगति विवरण र भ्रष्टाचार विरूद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धीको कार्यान्वयनसम्बन्धी राष्ट्रिय रणनीति र कार्ययोजना, २०६९ को कार्यान्वयन प्रगति प्रतिवेदन तयार गरी सामान्य प्रशासन मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको छ ।

### २.१.७ परिपत्र

आयोग वा अन्तर्गतबाट हुने कार्यसम्पादनलाई प्रभावकारी बनाउन र कार्यालय व्यवस्थापनलाई सुदृढ तुल्याउन आयोगबाट आवश्यकता अनुसार मातहतका कार्यालयलाई परिपत्र गर्ने गरिएको छ । यसबाट कार्यसम्पादनमा एकरूपता र प्रभावकारिता अभिवृद्धि हुनुका साथै सेवा प्रवाहमा सुधार गर्न टेवा पुगेको छ । यसरी परिपत्र गर्ने क्रममा नेपाल सरकारका विभिन्न निकायबाट हुने निर्देशन एवं जानकारी र आयोगबाट समसामयिक विषय अथवा कार्यक्रमका सन्दर्भमा जारी गरिने सूचनाहरू समेत पर्दछन् ।

### २.१.८ विभिन्न तहको निर्वाचनमा जनशक्ति व्यवस्थापन

#### २.१.८.१ स्थानीय तह निर्वाचन, २०७४ (तेस्रो चरण) मा जनशक्ति व्यवस्थापन

तेस्रो चरणको स्थानीय तह निर्वाचनका लागि आयोगको नियमित सांगठनिक संरचनाका अलावा थप एकाईहरू गठन गरी कार्यसञ्चालनको प्रबन्ध मिलाइएको थियो । निर्वाचनसम्बन्धी कामकारवाहीलाई प्रभावकारी तुल्याउन संयुक्त निर्वाचन सञ्चालन केन्द्र (Joint Election Operation Center-JEOC), सञ्चार एकाई, कलसेन्टर तथा निर्वाचन पर्यवेक्षण एकाईलाई सञ्चालनमा ल्याइएको थियो। JEOC सञ्चालनका लागि आयोगका सहसचिवको नेतृत्वमा सबै सुरक्षा निकायका

प्रतिनिधि र निजामती सेवाका विभिन्न तह/श्रेणीका कर्मचारीको व्यवस्था गरिएको थियो । आयोग र अन्तर्गत कर्मचारी काजमा ल्याउने सम्बन्धमा आयोगबाट मापदण्ड स्वीकृत गरी व्यवस्थापन गरिएको थियो ।

### क. जनशक्ति परिचालन सम्बन्धमा नीतिगत र संस्थागत व्यवस्था

स्थानीय तह निर्वाचन प्रयोजनका लागि जनशक्ति व्यवस्थापनलाई प्रभावकारी बनाउन स्थानीय तह निर्वाचन (जनशक्ति व्यवस्थापन) निर्देशिका, २०७३ तर्जुमा गरी आयोगबाट मिति २०७३।१२।१५ मा स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको थियो । निर्देशिकाले मुख्य/निर्वाचन अधिकृतको कार्यालयमा परिचालन हुने जनशक्ति, मतगणनामा खटिने जनशक्ति, मतदान केन्द्रमा खटिने जनशक्ति र सुरक्षाकर्मीको यकीन गर्नुका साथै ती जनशक्ति परिचालनका सम्बन्धमा व्यवस्था गरेको थियो । जनशक्ति व्यवस्थापनलाई चुस्त र प्रभावकारी बनाउन आयोग र जिल्लास्तरमा देहायबमोजिमको संस्थागत प्रबन्ध गरिएको थियो ।

### अ. जनशक्ति व्यवस्थापन समिति

स्थानीय तह निर्वाचन प्रयोजनको लागि जनशक्ति व्यवस्थापन गर्न आयोगमा प्रमुख निर्वाचन आयुक्तको संयोजकत्वमा ४ सदस्यीय जनशक्ति व्यवस्थापन समिति रहेको र जनशक्ति व्यवस्थापन सम्बन्धमा नीतिगत निर्णय गर्नु पर्ने विषयमा आफ्नो राय सुझावसहित आयोगसमक्ष पेश गर्न सक्ने व्यवस्था रहेको थियो ।

### आ. जनशक्ति व्यवस्थापन समन्वय समिति

निर्वाचनका लागि जनशक्ति व्यवस्थापन सम्बन्धी कार्य गर्न प्रत्येक जिल्लामा देहाय बमोजिमको जनशक्ति व्यवस्थापन समन्वय समिति रहेको र यस समतिले जिल्लामा जनशक्तिको विवरण तयार गरी अद्यावधिक गर्ने वा गराउने, जिल्लाभित्रका मतदान केन्द्रमा जनशक्ति खटाउने प्रयोजनका लागि कार्यालयले तयार गरेको जनशक्तिको विवरण स्वीकृत गरी कार्यालय मार्फत मुख्य निर्वाचन अधिकृतलाई उपलब्ध गराउने, अत्यावश्यक सेवा वा विशेष परिस्थितिमा कर्मचारी खटाउनको लागि आवश्यक सङ्ख्यामा कर्मचारी जगेडामा राख्ने, जगेडामा रहेका कर्मचारीलाई जुनसुकै अवस्थामा निर्वाचनमा खटाउन सकिने गरी तयारी अवस्थामा राख्ने वा राख्न लगाउने र जनशक्ति व्यवस्थापन सम्बन्धमा कुनै नीतिगत निर्णय गर्नु पर्ने भएमा राय सुझाव सहित आयोगको जनशक्ति व्यवस्थापन समिति समक्ष लेखी पठाउने कार्यादेश रहेको थियो ।

| | |
|---|---|
| प्रमुख जिल्ला अधिकारी | — संयोजक |
| स्थानीय विकास अधिकारी | — सदस्य |
| जिल्ला शिक्षा अधिकारी | — सदस्य |
| जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरू | — सदस्य |
| जिल्ला निर्वाचन अधिकारी | — सदस्य-सचिव |

बैठकमा मुख्य निर्वाचन अधिकृतलाई अनिवार्य रूपमा आमन्त्रण गर्नु पर्ने व्यवस्था गरिएको थियो।

**ख. कर्मचारी काज**

निर्वाचनको समयमा आयोग र अन्तर्गतका कार्यालयमा स्वीकृत दरबन्दीमा कार्यरत कर्मचारीले मात्र नपुग्ने भएकाले नेपाल सरकारका विभिन्न निकाय, संस्थान/समितिमा कार्यरत विभिन्न तह/श्रेणीका कर्मचारीलाई आयोगले स्वीकृत गरेको मापदण्ड अनुसार काजमा झिकाई काममा लगाउने व्यवस्था मिलाइएको थियो । आयोगले स्वीकृत गरेको मापदण्डका आधारमा स्थानीय तह निर्वाचनको लागि नेपाल सरकारका विभिन्न निकायबाट घटीमा एक हप्तादेखि बढीमा पाँच महिनासम्मका लागि विभिन्न तह/श्रेणीका १५५ जना कर्मचारी काजमा ल्याइएको थियो ।

**ग. मुख्य/निर्वाचन अधिकृतको कार्यालयमा जनशक्ति व्यवस्था**

तेस्रो चरणको स्थानीय तहको निर्वाचन प्रदेश नं. २ का ८ जिल्लाका १३६ स्थानीय तहमा २०७४ साल असोज २ गते सम्पन्न भएको थियो । जसको लागि ८ वटा मुख्य निर्वाचन अधिकृतको कार्यालय र १२८ वटा स्थानीय तहमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको थियो । त्यसमध्ये जिल्ला सदरमुकाम रहेको स्थानीय तहमा सम्बन्धित जिल्ला न्यायाधीशलाई मुख्य निर्वाचन अधिकृतको रूपमा नियुक्त गरिएको थियो भने अन्य १२८ वटाका हकमा नेपाल सरकारका राजपत्रांकित द्वितीय श्रेणीका अधिकृतहरूलाई निर्वाचन अधिकृतमा नियुक्ति दिइएको थियो । मुख्य निर्वाचन अधिकृतको कार्यालयमा विभिन्न पदका ११ जनाको दरबन्दी कायम गरिएको थियो भने निर्वाचन अधिकृतको कार्यालयमा ९ जनाको दरबन्दीको व्यवस्था गरिएको थियो । यसरी प्रदेश नं २ का आठ जिल्लाका १३६ वटा स्थानीय तहको मुख्य/निर्वाचन अधिकृतको कार्यालयमा परिचालन हुने गरी ८ मुख्य निर्वाचन अधिकृतको कार्यालय सञ्चालनका लागि ८८ जना र निर्वाचन अधिकृतको कार्यालय सञ्चालनका लागि ११५२ जना गरी जम्मा १२४० जना कर्मचारी निर्वाचन अधिकृतको कार्यालयहरूमा परिचालन गर्ने गरी व्यवस्थापन गरिएको थियो ।

### घ. मतदानकेन्द्रमा जनशक्ति व्यवस्था

तेस्रो चरणको स्थानीय तह निर्वाचनको लागि प्रदेश नं. २ का ८ जिल्लाका १३६ स्थानीय तहका १२७१ वडामा २१६६ मतदानस्थल र ३५७७ मतदान केन्द्र कायम गरिएको थियो । स्थानीय तह निर्वाचन निर्देशिका, २०७४ बमोजिम मतदान केन्द्रमा मतदान अधिकृत, सहायक मतदान अधिकृत, सहायक कर्मचारी, कार्यालय सहयोगी र स्वयंसेवक खटाउने व्यवस्था रहेको थियो । मतदान कार्य व्यवस्थापनको लागि नेपाल सरकारको निजामती कर्मचारी, नेपाल सरकारको स्वामित्व-नियन्त्रणमा रहेका संस्थान-समितिमा कार्यरत कर्मचारी र सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरूलाई समेत परिचालन गरिएको थियो । प्रदेश नम्बर २ अन्तर्गतका ३५७७ वटा मतदानकेन्द्रको मतदान कार्यमा मतदान अधिकृत ३५७७, सहायक मतदान अधिकृत ३५७७, सहायक कर्मचारी ७१५४, कार्यालय सहयोगी ७१५४ र स्वयंसेवक १०७३१ गरी जम्मा ३२,१९३ जनशक्ति परिचालन भएको थियो ।

## २.१.८.२ प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन २०७४ मा जनशक्ति व्यवस्थापन

२०७४ मङ्सिर १० र २१ गते सम्पन्न भएको प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७४ का लागि आयोगको नियमित साङ्गठनिक संरचनाका अलावा थप एकाईहरू गठन गरी कार्यसञ्चालनको प्रबन्ध मिलाइएको थियो । निर्वाचनसम्बन्धी कामकारवाहीलाई प्रभावकारी तुल्याउन संयुक्त निर्वाचन सञ्चालन केन्द्र (Joint Election Operation Center-JEOC), सञ्चार एकाई, कलसेन्टर र निर्वाचन पर्यवेक्षण एकाई सञ्चालनमा ल्याइएको थियो । JEOC सञ्चालनको लागि आयोगमा सहसचिवको नेतृत्वमा सबै सुरक्षा निकायका प्रतिनिधि र निजामती सेवाका विभिन्न तह/श्रेणीका गरी जम्मा २४ जना कर्मचारीको व्यवस्था गरिएको थियो ।

### क. जनशक्ति परिचालन सम्बन्धमा नीतिगत र संस्थागत व्यवस्था

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७४ को प्रयोजनका लागि "प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन (जनशक्ति व्यवस्थापन) निर्देशिका, २०७४" तर्जुमा गरी मिति २०७४।७।१९ मा आयोगबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको थियो । यसले मुख्य/निर्वाचन अधिकृतको कार्यालयमा परिचालन हुने जनशक्ति, मतगणनामा खटिने जनशक्ति, मतदान केन्द्रमा खटिने जनशक्ति तथा सुरक्षाकर्मीको सङ्ख्या यकिन गर्नुका साथै ती जनशक्ति परिचालनका सम्बन्धमा व्यवस्था गरेको थियो ।

मतदान केन्द्रहरूमा मतदान अधिकृत र सहायक मतदान अधिकृतहरू खटाउँदा गोला प्रथाद्वारा छनौट गरि पठाउने व्यवस्था मिलाइएको थियो ।

**१. जनशक्ति व्यवस्थापन समिति**

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७४ को प्रयोजनको लागि जनशक्ति व्यवस्थापन गर्न आयोगमा प्रमुख निर्वाचन आयुक्तको संयोजकत्वमा ४ सदस्यीय जनशक्ति व्यवस्थापन समिति रहेको र यसले जनशक्ति व्यवस्थापन सम्बन्धमा कुनै नीतिगत निर्णय गर्नु पर्ने भएमा त्यस्तो विषयमा आफ्नो राय सुझाव सहित आयोगसमक्ष पेश गर्नसक्ने व्यवस्था रहेको थियो ।

**२. जनशक्ति व्यवस्थापन समन्वय समिति**

निर्वाचन प्रयोजनको लागि जनशक्ति व्यवस्थापन गर्न आयोगमा सचिवको संयोजकत्वमा ५ सदस्यीय एक जनशक्ति व्यवस्थापन समन्वय समिति रहेको थियो ।

**३. जिल्ला जनशक्ति व्यवस्थापन समन्वय समिति**

निर्वाचनका लागि जनशक्ति व्यवस्थापन सम्बन्धी कार्य गर्न प्रत्येक जिल्लामा देहाय बमोजिमको जनशक्ति व्यवस्थापन समन्वय समिति रहेको र यसले जिल्लामा जनशक्तिको विवरण तयार गरी अद्यावधिक गर्ने वा गराउने, जिल्लाभित्रका मतदान केन्द्रमा जनशक्ति खटाउने प्रयोजनका लागि कार्यालयले तयार गरेको जनशक्तिको विवरण स्वीकृत गरी कार्यालय मार्फत मुख्य निर्वाचन अधिकृतलाई उपलब्ध गराउने, अत्यावश्यक सेवा वा विशेष परिस्थितिमा कर्मचारी खटाउनको लागि आवश्यक सङ्ख्यामा कर्मचारी जगेडामा राख्ने, जगेडामा रहेका कर्मचारीलाई जुनसुकै अवस्थामा निर्वाचनमा खटाउन सकिने गरी तयारी हालतमा राख्ने वा राख्न लगाउने र जनशक्ति व्यवस्थापन सम्बन्धमा कुनै नीतिगत निर्णय गर्नु पर्ने भएमा राय सुझाव सहित आयोगको जनशक्ति व्यवस्थापन समिति समक्ष लेखी पठाउने कार्यादेश रहेको थियो ।

| | | |
|---|---|---|
| (क) | प्रमुख जिल्ला अधिकारी | — संयोजक |
| (ख) | जिल्ला शिक्षा अधिकारी | — सदस्य |
| (ग) | स्थानीय विकास अधिकारी | — सदस्य |
| (घ) | जिल्ला जनस्वास्थ्य कार्यालय प्रमुख | — सदस्य |
| (ङ) | कोष तथा लेखा नियन्त्रक कार्यालय प्रमुख | — सदस्य |
| (च) | जिल्ला निर्वाचन अधिकारी | —सदस्य-सचिव |

बैठकमा मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतलाई आमन्त्रण गर्न सकिने व्यवस्था गरिएको थियो।

## ४. आयोगमा कर्मचारी काज

निर्वाचनको समयमा आयोग र अन्तर्गतका कार्यालयमा स्वीकृत दरबन्दीमा कार्यरत कर्मचारीले मात्र नपुग्ने भएकाले नेपाल सरकारका विभिन्न निकाय, संस्थान/समितिमा कार्यरत विभिन्न तह/श्रेणीका कर्मचारीलाई काजमा झिकाई काममा लगाउने व्यवस्था मिलाईएको थियो । यसरी कर्मचारी काजमा ल्याउँदा आयोगबाट मापदण्ड स्वीकृत गरी कार्यान्वयनको व्यवस्था मिलाइएको थियो ।यस अवधिमा आयोगमा काजमा ल्याइएका कर्मचारीहरूको विवरण **अनुसूची ६** मा संलग्न गरिएको छ ।

## ५. निर्वाचन अधिकृतको कार्यालयमा रहने जनशक्ति

(१) ७७ वटा जिल्लामा ७७ वटा मुख्य निर्वाचन अधिकृतको कार्यालयमा देहाय बमोजिमको जनशक्ति रहने व्यवस्था गरिएको थियो :-

| **क्र.सं.** | **जनशक्तिको विवरण** | **सङ्ख्या** |
|---|---|---|
| १. | मुख्य निर्वाचन अधिकृत | एक |
| २. | सहायक निर्वाचन अधिकृत, (रा.प. द्वितीय श्रेणी — एक, रा.प.तृतीय श्रेणी — दुई) | तीन |
| ३. | अनुगमन अधिकृत, (रा.प.तृतीय श्रेणी), निर्वाचन आचार संहिता हेर्ने) | एक |
| ४. | लेखा अधिकृत वा लेखापाल | एक |
| ५. | सहायक कर्मचारी (रा.प.अनं प्रथम श्रेणी वा सो सरह तीन र रा.प. अनं. द्वितीय श्रेणी वा सो सरह एक) | चार |
| ६. | कम्प्युटर अपरेटर | तीन |
| ७. | सवारी चालक | एक |
| ८. | सहयोगी कर्मचारी | तीन |
| ९. | सुरक्षा गार्ड (पि.एस.ओ.) | एक |

(२) ८८ वटा निर्वाचन अधिकृतको कार्यालयमा देहाय बमोजिमको जनशक्ति रहने व्यवस्था गरिएको थियो ।

| क्र.सं. | जनशक्तिको विवरण | सङ्ख्या |
|---|---|---|
| १. | निर्वाचन अधिकृत | एक |
| २. | सहायक निर्वाचन अधिकृत, (रा.प. तृतीय श्रेणी) | तीन |
| ३. | लेखा अधिकृत वा लेखापाल | एक |
| ४. | सहायक कर्मचारी (रा.प.अनं प्रथम श्रेणी वा सो सरह दुई, रा.प. अनं. द्वितीय श्रेणी वा सो सरह एक) | तीन |
| ५. | कम्प्युटर अपरेटर | तीन |
| ६. | सवारी चालक | एक |
| ७. | सहयोगी कर्मचारी | तीन |
| ८. | सुरक्षा गार्ड (पि.एस.ओ.) | एक |

## ६. निर्वाचन अधिकृतले थप जनशक्ति काजमा ल्याउन सक्ने व्यवस्था

मतदान केन्द्र सम्बन्धी खर्च तथा मतदान केन्द्रमा खटिने मतदान अधिकृत लगायतका कर्मचारीलाई दैनिक तथा भ्रमण खर्च भुक्तानी दिने कार्यलाई व्यवस्थित गर्न थप जनशक्ति आवश्यक भएमा निर्वाचन अधिकृतले बढीमा पाँच दिनको लागि देहाय बमोजिमको सङ्ख्यामा लेखापाल वा सहलेखापाललाई काजमा ल्याउन सक्ने व्यवस्था गरिएको थियो :-

(क) पचास वटासम्म मतदान केन्द्र भएको निर्वाचन क्षेत्रको निर्वाचन अधिकृतको कार्यालयमा दुईजनासम्म,

(ख) एकाउन्न देखि एक सय सम्म मतदान केन्द्र भएको निर्वाचन क्षेत्रको निर्वाचन अधिकृतको कार्यालयमा तीनजनासम्म,

(ग) एकसय एकभन्दा बढी जतिसुकै मतदान केन्द्र भएको निर्वाचन क्षेत्रको लागि पाँचजनासम्म ।

त्यस्तै मतपत्र रूजु गर्ने, प्याकेजिङ्ग गर्ने तथा मतदान अधिकृतलाई मतपत्र बुझाउने कार्यका लागि थप जनशक्ति आवश्यक पर्ने भएमा निर्वाचन अधिकृतले बढीमा पाँच दिनको लागि देहाय बमोजिमका राजपत्र अनङ्कित वा सो सरहका कर्मचारी काजमा ल्याउन सक्ने व्यवस्था गरिएको थियो :-

(क) दश हजारसम्म मतदाता भएका निर्वाचन क्षेत्रको लागि दुईजना,

(ख) दश हजार एकदेखि पच्चीस हजारसम्म मतदाता भएको निर्वाचन क्षेत्रको लागि तीनजना,

(ग) पच्चीस हजार एकदेखि पचास हजारसम्म मतदाता भएको निर्वाचन क्षेत्रको लागि पाँचजना,

(घ) पचास हजार एकदेखि एक लाखसम्म मतदाता भएको निर्वाचन क्षेत्रको लागि सातजना,

(ङ) एक लाखभन्दा बढी जतिसुकै मतदाता भएको निर्वाचन क्षेत्रको लागि नौजना ।

## ७. निर्वाचन कार्यालयको लागि थप जनशक्तिको व्यवस्था

निर्वाचन कार्यालयको मौजुदा जनशक्तिबाट निर्वाचन सम्बन्धी काम समयमा सम्पन्न गर्न नसकिने भएमा निर्वाचन कार्यालयले निर्वाचनको मिति घोषणा भएपछि बढीमा दुई महिनाको लागि देहाय बमोजिमको आधार र सङ्ख्यामा जिल्लास्थित अन्य सरकारी कार्यालयबाट थप जनशक्ति काजमा झिकाई काममा लगाउन सक्ने व्यवस्था गरिएको थियो ।

(क) एक सयसम्म मतदान केन्द्र भएका जिल्लामा राजपत्र अनङ्कित वा सो सरहको कर्मचारी एकजना,

(ख) एक सय एकदेखि दुई सयसम्म मतदान केन्द्र भएका जिल्लामा राजपत्र अनङ्कित वा सो सरहको कर्मचारी एकजना र श्रेणी विहिन वा सो सरहको कर्मचारी एक जना,

(ग) दुई सय एकदेखि तीन सयसम्म मतदान केन्द्र भएका जिल्लामा राजपत्र अनङ्कित वा सो सरहको कर्मचारी दुईजना र श्रेणी विहिन वा सो सरहको कर्मचारी एकजना,

(घ) तीन सय एकदेखि चार सयसम्म मतदान केन्द्र भएका जिल्लामा राजपत्र अनङ्कित वा सो सरहको कर्मचारी तीनजना र श्रेणी विहिन वा सो सरहको कर्मचारी दुई जना,

(ङ) चार सय एकभन्दा बढी मतदान केन्द्र भएका जिल्लामा राजपत्र अनङ्कित वा सो सरहको कर्मचारी चारजना र श्रेणी विहिन वा सो सरहको कर्मचारी दुईजना ।

त्यस्तै निर्वाचन सामग्रीको चेकजाँच, रूजु, प्याकिङ्ग, भण्डारण, बाँडफाँट तथा वितरण गर्ने प्रयोजनको लागि माथि उल्लेख गरिएबमोजिमको थप जनशक्तिबाट समेत नपुग हुने देखिएमा निर्वाचन कार्यालयले बढीमा सात दिनको लागि देहाय बमोजिमको थप जनशक्ति जिल्लास्थित अन्य सरकारी कार्यालयबाट काजमा ल्याई कार्यसम्पादन गर्न सक्ने व्यवस्था गरिएको थियो ।

(क) एक सयसम्म मतदान केन्द्र भएका जिल्लाको निर्वाचन कार्यालयको लागि राजपत्र अनङ्कित वा सो सरहको कर्मचारी तीनजना र श्रेणी विहिन वा सो सरहको कर्मचारी दुईजना,

(ख) एक सय एकदेखि दुई सयसम्म मतदान केन्द्र भएका जिल्लाको निर्वाचन कार्यालयको लागि राजपत्र अनङ्कित वा सो सरहको कर्मचारी चारजना र श्रेणी विहिन वा सो सरहको कर्मचारी दुईजना,

(ग) दुई सय एकदेखि तीन सयसम्म मतदान केन्द्र भएका जिल्लाको निर्वाचन कार्यालयको लागि राजपत्र अनङ्कित वा सो सरहको कर्मचारी चारजना र श्रेणी विहिन वा सो सरहको कर्मचारी तीनजना,

(घ) तीन सय एकदेखि चार सयसम्म मतदान केन्द्र भएका जिल्लाको निर्वाचन कार्यालयको लागि राजपत्र अनङ्कित वा सो सरहको कर्मचारी पाँचजना र श्रेणी विहिन वा सो सरहको कर्मचारी तीनजना,

(ङ) चार सयभन्दा बढी मतदान केन्द्र भएका जिल्लाको निर्वाचन कार्यालयको लागि राजपत्र अनङ्कित वा सो सरहको कर्मचारी छजना र श्रेणी विहिन वा सो सरहको कर्मचारी चारजना ।

## ८. मतदान केन्द्रको लागि जनशक्ति खटाउने व्यवस्था

निर्वाचन अधिकृतहरूलाई प्रत्येक मतदान केन्द्रको लागि देहाय बमोजिमको जनशक्ति खटाउन निर्देश गरिएको थियो :-

(१) २५० सम्म मतदाता भएको मतदान केन्द्रको लागि :

| क्र.सं. | कर्मचारीको विवरण | सङ्ख्या |
|---|---|---|
| १. | मतदान अधिकृत | एक |
| २. | सहायक मतदान अधिकृत (मतदातालाई मतपत्र दिन समेत) | एक |
| ३. | सहायक कर्मचारी :<br>(क) मतदाता नामावली रूजु गर्नको लागि एक<br>(ख) मतदातालाई मतपत्र दिन दुई | तीन |
| ४. | सहयोगी कर्मचारी | दुई |
| ५. | स्वयंसेवक :<br>(क) मतदान गरेका मतदाताको तथ्याङ्क राख्ने र मतदाताको नङमा मसी लगाउन (महिला) एक<br>(ख) मतदाताको लाइन व्यवस्थापन र अन्य सहयोगको लागि एक | दुई |

(२) २५१ देखि ५०० सम्म मतदाता भएको मतदान केन्द्रको लागि :

| क्र.सं. | कर्मचारीको विवरण | सङ्ख्या |
|---|---|---|
| १. | मतदान अधिकृत | एक |
| २. | सहायक मतदान अधिकृत | एक |
| ३. | सहायक कर्मचारीः<br>(क) मतदाता नामावली रूजु गर्नको लागि एक<br>(ख) मतदातालाई मतपत्र दिन तीन | चार |
| ४. | सहयोगी कर्मचारी | दुई |

| | | |
|---|---|---|
| ५. | स्वयंसेवक :<br>(क) मतदान गरेका मतदाताको तथ्याङ्क राख्ने र मतदाताको नङमा मसी लगाउने (महिला) एक<br>(ख) मतदाताको लाइन व्यवस्थापन र अन्य सहयोगका लागि दुई | तीन |

(३) ५०१ भन्दा बढी मतदाता भएको मतदान केन्द्रको लागिः

| क्र.सं. | कर्मचारीको विवरण | सङ्ख्या |
|---|---|---|
| १. | मतदान अधिकृत | एक |
| २. | सहायक मतदान अधिकृत | एक |
| ३. | सहायक कर्मचारी :<br>(क) मतदाता नामावली रूजु गर्नको लागि एक<br>(ख) मतदातालाई मतपत्र दिन तीन | चार |
| ४. | सहयोगी कर्मचारी | दुई |
| ५. | स्वयंसेवक :<br>(क) मतदान गरेका मतदाताको तथ्याङ्क राख्ने र मतदाताको नङमा मसी लगाउने (महिला) एक<br>(ख) मतदाताको लाइन व्यवस्थापन तथा अन्य कार्यको लागि (महिला र पुरूष) दुई<br>(ग) सहयोगीको रूपमा काम गर्ने एक | चार |

## ९. मतगणना टोली सम्बन्धी जनशक्ति व्यवस्था

निर्वाचन अधिकृतले मतगणनाको लागि प्रत्येक टोलीमा देहाय बमोजिमका कर्मचारी रहने गरी आवश्यक सङ्ख्यामा मतगणना टोली गठन गर्न सक्ने व्यवस्था गरिएको थियो :-

| **क्र.सं.** | **कर्मचारीको विवरण** | **सङ्ख्या** |
|---|---|---|
| १. | प्रमुख मतगणना अधिकारी (निर्वाचन अधिकृत ) | एक |
| २. | सहायक मतगणना अधिकारी (अधिकृतस्तर कर्मचारी ) | एक |
| ३. | मतगणना सहायक (रा.प. अनं प्रथम श्रेणी) | एक |
| ४. | गणकः<br>(क) कम्प्युटर अपरेटर एक<br>(ख) सहायक कर्मचारी दुई | तीन |
| ५. | सहयोगी कर्मचारी | एक |

## १०. सुरक्षाकर्मी सम्बन्धी व्यवस्था

(१) निर्वाचन अधिकृतको कार्यालय र मतपत्र राखिएको ठाउँको सुरक्षाको लागि निर्वाचन अवधिभर बढीमा पाँच जना सुरक्षाकर्मी रहने व्यवस्था गरिएको थियो ।

(२) निर्वाचन कार्यालय तथा निर्वाचन सामग्री राखिएको ठाउँको सुरक्षाको लागि बढीमा दश जना सुरक्षाकर्मी रहने व्यवस्था गरिएको थियो ।

(३) मतदान कार्य सम्पन्न भएपछि मतपत्र रहेका मतपेटिका राख्ने स्थान र मतगणना स्थलको सुरक्षाको लागि मतदानको दिनदेखि मतगणना कार्य सम्पन्न नभएसम्म निर्वाचन अधिकृतको कार्यालयमा बुँदा नं. (१) को अतिरिक्त बढीमा पन्ध्र जना थप सुरक्षाकर्मी रहने व्यवस्था गरिएको थियो ।

## ११. जगेडाका कर्मचारी खटाउने

(१) कुनै कर्मचारी बिरामी भई वा काबु बाहिरको परिस्थिति परी निर्वाचनमा खटिन वा निर्वाचनको काम गर्न असमर्थ भएमा वा अन्य कुनै कारणले निजलाई बदली गर्नुपर्ने भएमा निर्वाचन अधिकृतले मुख्य निर्वाचन अधिकृतसँग समन्वय गरी जगेडामा राखिएका कर्मचारीमध्येबाट काममा खटाउन सक्ने व्यवस्था गरिएको थियो ।

(२) कुनै मतदान केन्द्रमा पुनः मतदान गराउनु परेमा मतदान अधिकृत, सहायक मतदान अधिकृत वा अन्य कर्मचारी खटाउँदा पहिले त्यस्तो मतदान केन्द्रमा नखटिएको कर्मचारीलाई खटाउनु पर्ने व्यवस्था गरिएको थियो ।

## १२. नपुग जनशक्ति सम्बन्धी व्यवस्था

कुनै जिल्लामा मौजुदा जनशक्तिबाट निर्वाचन सम्बन्धी काम सम्पन्न गर्न नसकिने भएमा निर्वाचन कार्यालयले जिल्ला जनशक्ति व्यवस्थापन समितिको सिफारिस सहित आवश्यक थप जनशक्तिको लागि आयोगमा लेखी पठाउनु पर्ने व्यवस्था गरिएको थियो ।

यसरी प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचनमा आयोग अन्तरगत कार्यालयहरूमा कार्यरत जनशक्ति, मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालयमा कार्यरत जनशक्ति, मतदाता शिक्षामा परिचालित जनशक्ति, मतदान र मतगणनामा परिचालित जनशक्ति, अनुगमनकर्ता, स्वयंसेवक समेत गरी जम्मा २,७४,२९२ जनशक्ति परिचालन भएका थिए । त्यस्तै निर्वाचनको समग्र सुरक्षा व्यवस्थापनका लागि मतदान स्थल तथा मतदान केन्द्रहरूमा चारवटै सुरक्षा निकायबाट गरी जम्मा १,९१,९१० जना सुरक्षाकर्मी परिचालित भएका थिए ।

## २.१.८.३ राष्ट्रियसभा सदस्य निर्वाचन २०७४ मा जनशक्ति व्यवस्थापन

२०७४ साल माघ २४ गते निर्वाचन सम्पन्न गर्ने गरी २०७४ पुष २१ गते राष्ट्रियसभा सदस्य निर्वाचनको मिति तोकिएको र तोकिएको मितिमा निर्वाचन सफलतापूर्वक सम्पन्न भएको थियो ।

यस निर्वाचनको लागि "राष्ट्रिय सभा सदस्य निर्वाचन (आर्थिक तथा जनशक्ति) निर्देशिका, २०७४" आयोगबाट स्वीकृत गराई सोही निर्देशिका बमोजिम जनशक्ति व्यवस्थापन गरिएको थियो ।

राष्ट्रियसभा सदस्यको निर्वाचन, २०७४ को लागि ७ प्रदेशमा उच्च अदालत रहेका जिल्लाहरू मा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको थियो । "राष्ट्रिय सभा सदस्य निर्वाचन (आर्थिक तथा जनशक्ति) निर्देशिका, २०७४" बमोजिम निर्वाचन अधिकृतको कार्यालय, मतदानकेन्द्र र मतगणनामा तपसिलको जनशक्ति रहने व्यवस्था गरिएको थियो :-

## १. निर्वाचन अधिकृतको कार्यालयमा जनशक्ति व्यवस्था

प्रत्येक निर्वाचन अधिकृतको कार्यालयमा देहाय बमोजिमका कर्मचारी रहने व्यवस्था गरिएको थियोः

| | |
|---|---|
| (क) निर्वाचन अधिकृत | एक |
| (ख) सहायक निर्वाचन अधिकृत (राजपत्रांकित द्वितीय वा तृतीय श्रेणी) | एक |
| (ग) आचारसंहिता अनुगमन अधिकृत (सम्बन्धित जिल्लाको निर्वाचन अधिकारी) | एक |
| (घ) लेखापाल (राजपत्र अनंकित प्रथम श्रेणी सरह) | एक |
| (ङ) सहायकस्तर कर्मचारी (राजपत्र अनंकित प्रथम श्रेणी सरह) | एक |
| (च) सहायकस्तर कर्मचारी (राजपत्र अनंकित द्वितिय श्रेणी सरह) | एक |
| (छ) कम्प्युटर अपरेटर (राजपत्र अनंकित प्रथम श्रेणी सरह) | एक |
| (ज) हलुका सवारी चालक | एक |
| (झ) कार्यालय सहयोगी | दुई |
| (ञ) सुरक्षा गार्ड (पि.एस.ओ.) | एक |

एक निर्वाचन अधिकृतको कार्यालयमा जम्मा ११ जनाको दरले जम्मा ७ प्रदेशमा ७७ जना कर्मचारीहरू निर्वाचन अधिकृतको कार्यालयमा परिचालन गरिएका थिए ।

## २. मतदान केन्द्रमा जनशक्ति व्यवस्था

प्रत्येक मतदान केन्द्रमा देहाय बमोजिमका कर्मचारी रहने व्यवस्था गरिएको थियोः

| | |
|---|---|
| (क) मतदान अधिकृत (रा.प. द्वितीय श्रेणी) | एक |
| (ख) सहायक मतदान अधिकृत (रा.प.तृतीय श्रेणी) | एक |
| (ग) सहायक कर्मचारी (रा.प. अनंकित प्रथम वा द्वितीय श्रेणी) (नङमा मसी लगाउने प्रयोजनका लागि कम्तीमा एकजना महिला सहित) | पाँच |
| (घ) कार्यालय सहयोगी (कम्तीमा एकजना महिला सहित) | दुई |

एक निर्वाचन अधिकृतको कार्यालय अन्तर्गत १ वटा मतदानस्थलमा फरक फरक मतभार भएका दुई निर्वाचक मण्डलको लागि २ वटा केन्द्र तोकिएको थियो । जम्मा ९ जनाको दरले जम्मा ७ प्रदेशमा १४ वटा मतदानकेन्द्रको लागि १२६ जना कर्मचारीहरू मतदान केन्द्रमा परिचालन गरिएका थिए ।

### ३. मतगणना कार्यका लागि जनशक्ति व्यावस्था

मतगणना कार्यका लागि प्रत्येक सिफ्टमा देहाय बमोजिमको जनशक्ति रहेको मतगणना टोली हुने व्यवस्था गरिएको थियो :-

| | |
|---|---|
| (क) प्रमुख मतगणना अधिकारी (निर्वाचन अधिकृत) | एक |
| (ख) सहायक मतगणना अधिकारी (अधिकृत स्तर) | दुई |
| (ग) गणक | तीन |
| (घ) कम्प्युटर अपरेटर (डाटा ईन्ट्री गर्ने प्रयोजनका लागि) | एक |
| (ङ) कार्यालय सहयोगी | एक |

### ४. सुरक्षाकर्मी सम्बन्धी व्यवस्था

सुरक्षा सम्बन्धमा देहायको व्यवस्था मिलाइएको थियो :-

(१) निर्वाचन अधिकृतको कार्यालय तथा निर्वाचन कार्यालयको सुरक्षाका लागि निर्वाचन अधिकृतको कार्यालय र निर्वाचन कार्यालय एउटै भवनमा रहेको अवस्थामा जम्मा पाँच जना र निर्वाचन अधिकृतको कार्यालय र निर्वाचन कार्यालय अलग अलग भवनमा रहेको अवस्थामा प्रत्येक कार्यालयमा पाँचजना सुरक्षाकर्मी रहने व्यवस्था गरिएको थियो ।

(२) मतगणनास्थलको सुरक्षाको लागि मतगणनास्थलमा थप दश जना सुरक्षाकर्मी रहने व्यवस्था गरिएको थियो ।

## २.१.८.४ राष्ट्रपति तथा उपराष्ट्रपति पदको निर्वाचन २०७४ मा जनशक्ति व्यवस्थापन

राष्ट्रपति पदको निर्वाचन, २०७४ साल फागुन २९ गते सम्पन्न गर्ने गरी फागुन १० गते आयोगबाट मिति तोकिएको थियो । त्यस्तै उपराष्ट्रपतिको निर्वाचन २०७४ साल चैत्र ९ गते सम्पन्न गर्ने गरी फागुन ३० गते आयोगबाट मिति तोकिएको थियो । यी दुवै निर्वाचनको लागि सङ्घीय संसदका सदस्य र प्रदेश सभाका सदस्य रहेको निर्वाचक मण्डल रहने र निर्वाचक मण्डलका सदस्यको मतभार क्रमशः ७९ र ४८ रहने व्यवस्था रहेको थियो । यी निर्वाचनहरूको लागि "राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन निर्देशिका, २०७४" आयोगबाट २०७४/११/२० मा स्वीकृत भएको थियो । त्यसैगरी "राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन (मतगणना) निर्देशिका, २०७४" आयोगबाट मिति २०७४M/११/२८ मा स्वीकृत भएको थियो। यी निर्देशिकाहरूको अतिरिक्ति आयोगबाट मिति २०७४/११/२८ मा "राष्ट्रपति तथा

उपराष्ट्रपति निर्वाचनमा जनशक्ति तथा आर्थिक व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७४" स्वीकृत भएको थियो। उल्लिखित निर्देशिका र मापदण्डहरूको आधारमा देहायबमोजिम निर्वाचन अधिकृतको कार्यालय, मतदानस्थल र मतगणना स्थलमा जनशक्ति परिचालन गरिएको थियो :-

### १. निर्वाचन अधिकृतको कार्यालयमा जनशक्ति व्यवस्था

निर्वाचन अधिकृतको कार्यालय अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँ बानेश्वरमा स्थापना गरिएको थियो सो कार्यालयमा देहाय बमोजिमका १३ जना कर्मचारीको व्यवस्था गरिएको थियो:

| | |
|---|---|
| (क) निर्वाचन अधिकृत | एक |
| (ख) सहायक निर्वाचन अधिकृत (राजपत्रांकित द्वितीय) | एक |
| (ग) सहायक निर्वाचन अधिकृत (क्षेत्रीय निर्वाचन अधिकारी, काठमाडौं) | एक |
| (घ) अधिकृतस्तरको कर्मचारी (राजपत्रांकित तृतीय) | एक |
| (ङ) सहायकस्तर कर्मचारी (राजपत्र अनंकित प्रथम श्रेणी) | एक |
| (च) लेखापाल (राजपत्र अनंकित प्रथम श्रेणी सरह) | एक |
| (छ) कम्प्युटर अपरेटर (राजपत्र अनंकित प्रथम श्रेणी) | एक |
| (ज) हलुका सवारी चालक | तीन |
| (झ) कार्यालय सहयोगी | दुई |
| (ञ) सुरक्षा गार्ड (पि.एस.ओ.) | एक |

### २. मतदान केन्द्रमा जनशक्ति व्यवस्था

प्रत्येक मतदान केन्द्रमा देहाय बमोजिमका कर्मचारी रहने व्यवस्था गरिएको थियो:

| | |
|---|---|
| (क) मतदान अधिकृत (रा.प. द्वितीय श्रेणी) | एक |
| (ख) सहायक मतदान अधिकृत (रा.प.तृतीय श्रेणी), मतपत्र दिने | एक |
| (ग) नाम रूजु गर्ने अधिकृतस्तरको कर्मचारी | एक |
| (घ) नङमा मसी लगाउने सहायक कर्मचारी (महिला) | एक |
| (ङ) तथ्याङ्क फाराम भर्ने सहायक कर्मचारी | एक |
| (घ) कार्यालय सहयोगी (कम्तीमा एकजना महिला सहित) | दुई |

राष्ट्रपति तथा उपराष्ट्रपति पदको निर्वाचनको लागि सङ्घीय संसदका सदस्य र प्रदेश सभाका सदस्य रहेको निर्वाचक मण्डल रहने र निर्वाचक मण्डलका सदस्यको मतभार फरक फरक रहेकोले मतपेटिका फरक फरक राखिएको थियो ।

### ३. मतगणना टोली सम्बन्धी व्यवस्था

मतगणना कार्यका लागि प्रत्येक सिफ्टमा देहाय बमोजिमको जनशक्ति रहेको मतगणना टोली हुने व्यवस्था गरिएको थियो :-

| | |
|---|---|
| १. मतगणना अधिकारी (निर्वाचन अधिकृत) | एक |
| २. सहायक मतगणना अधिकारी (रा.प. द्वितीय) | दुई |
| ३. गणक | दुई |
| ४. कम्प्युटर अपरेटर (डाटा इन्ट्री गर्ने प्रयोजनको लागि) | एक |
| ५. सहयोगी कर्मचारी | दुई |

## २.१.८.५ कर्मचारीहरूको व्यक्तिगत दुर्घटना बीमा

तेस्रो चरणको स्थानीय तह निर्वाचनमा खटिने कर्मचारीको सुरक्षाको लागि दुर्घटना बीमाको व्यवस्था गरिएको थियो । यस अन्तर्गत आयोग पदाधिकारी तथा आयोग र अन्तर्गत कार्यरत कर्मचारी, मुख्य निर्वाचन अधिकृतको कार्यालयमा खटिने कर्मचारी, निर्वाचन अधिकृतको कार्यालयमा खटिने कर्मचारी, मतदानकेन्द्रमा खटिने कर्मचारी, स्वयंसेवक, निर्वाचन शिक्षा कार्यकर्ता-मतदाता शिक्षा स्वयंसेवक, मतदाता शिक्षा सुपरीवेक्षक, अनुगमनकर्ता, सुक्ष्म अनुगमनकर्ता, घुम्ती टोली र स्ट्राइकिङ फोर्समा खटिने कर्मचारी, मतगणनामा खटिने कर्मचारी, मतदाता नामावली अद्यावधिक एवं मतदानकेन्द्र पुनरावलोकनमा खटिने कर्मचारी, निर्वाचन सामग्री व्यवस्थापनमा खटिने कर्मचारी र निर्वाचन विज्ञ समेत गरी ४१,३३९ जनाको व्यक्तिगत दुर्घटना बीमा तथा बाह्य आक्रमणबाट हुने दुर्घटनाको लागि जम्मा रू. २,१३,९१,०२७।१९ को बीमा राष्ट्रिय बीमा कम्पनी लिमिटेडबाट गरिएको थियो । यसमध्ये आयोग पदाधिकारी र अन्तर्गत कार्यरत कर्मचारीको लागि निर्वाचन अवधिभर र अन्यको हकमा खटिएको अवधिभरको लागि बीमा गरिएको थियो । बीमा अवधिभर कर्तव्य पालनाको सिलसिलामा घाइते भएमा उपचार गर्दा लागेको बिल बमोजिमको रकम र मृत्यु भएमा प्रतिव्यक्ति रू. बीस लाख पाउने व्यवस्था गरिएको थियो ।

यसैगरी प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७४ मा आयोग पदाधिकारी तथा आयोग र अन्तर्गत कार्यरत कर्मचारी, मुख्य निर्वाचन अधिकृतको कार्यालयमा खटिने कर्मचारी, निर्वाचन अधिकृतको कार्यालयमा खटिने कर्मचारी, मतदानकेन्द्रमा खटिने कर्मचारी, स्वयंसेवक, निर्वाचन शिक्षा कार्यकर्ता-मतदाता शिक्षा स्वयंसेवक, मतदाता शिक्षा सुपरीवेक्षक, अनुगमनकर्ता, सुक्ष्म अनुगमनकर्ता, घुम्ती टोली र स्ट्राइकिङ फोर्समा खटिने कर्मचारी, मतगणनामा खटिने कर्मचारी, मतदाता नामावली अद्यावधिक एवं मतदानकेन्द्र पुनरावलोकनमा खटिने कर्मचारी, निर्वाचन सामग्री व्यवस्थापनमा खटिने कर्मचारी र निर्वाचन विज्ञ समेत गरी २,६२,३६५ जनाको व्यक्तिगत दुर्घटना बीमा तथा बाह्य आक्रमणबाट हुने दुर्घटनाको लागि

जम्मा रू ५,४२,५००५७।०० (मु.अ.क. सहित) को बीमा प्रतिष्पर्धाबाट छनौट भएको बीमा कम्पनी एभरेष्ट इन्स्योरेन्स कम्पनी लिमिटेडबाट गरिएको थियो । यसमध्ये आयोग पदाधिकारी र अन्तर्गत कार्यरत कर्मचारीको लागि निर्वाचन अवधिभर र अन्यको हकमा खटिएको अवधिभरको लागि बीमा गरिएको थियो । बीमा अवधिभर कर्तव्य पालनाको सिलसिलामा घाइते भएमा उपचार गर्दा लागेको बिल बमोजिमको रकम र मृत्यु भएमा प्रतिव्यक्ति रू. बीस लाख पाउने व्यवस्था गरिएको थियो ।

राष्ट्रियसभा सदस्य निर्वाचनमा खटिने जम्मा २७३ जना कर्मचारीहरूको व्यक्तिगत दुर्घटना बीमा तथा बाह्य आक्रमणबाट हुने दुर्घटनाको लागि प्रतिव्यक्ति रू बीस लाखको बीमा एभरेष्ट इन्स्योरेन्स कम्पनी लिमिटेडबाट गरिएको थियो ।

त्यस्तै राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचनमा खटिने जम्मा १९३ जना कर्मचारीहरूको व्यक्तिगत दुर्घटना बीमा तथा बाह्य आक्रमणबाट हुने दुर्घटनाको लागि प्रतिव्यक्ति रू बीस लाखको बीमा एभरेष्ट इन्स्योरेन्स कम्पनी लिमिटेडबाट गरिएको थियो ।

## २.२ सामग्री व्यवस्थापन

### २.२.१ सामग्री व्यवस्थापनमा अपनाइएको नीति

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनका लागि आवश्यक बस्तु तथा सेवाको व्यवस्थापनमा आयोगले देहायको नीति अपनाएको थियो :

(क) वस्तु तथा सेवा खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ को प्रक्रिया पूरा गरी खरिद गर्ने र समय अभावका कारण सम्भव नभएको अवस्थामा मात्र निर्वाचन आयोग ऐन, २०७३ को दफा ३८ बमोजिम वस्तु तथा सेवाको खरिद गर्ने ।

(ख) निर्वाचन आयोग ऐन, २०७३ को दफा ३८ बमोजिम सामग्री व्यवस्थापन गर्नुपर्ने अवस्थामा आपूर्तिकर्ताहरूबीच बढीभन्दा बढी प्रतिस्पर्धा गराई गर्ने, र प्रतिस्पर्धा गराउन सम्भव नभएको खण्डमा सोझै खरिद गर्ने ।

(ग) छपाइ सामग्रीको उत्पादनमा एकाधिकारबाट उत्पन्न हुनसक्ने जोखिमलाई कम गर्न बढीभन्दा बढी छापाखाना सञ्चालकहरूलाई छपाई कार्यमा संलग्न गराउने,

(ङ) सामग्री व्यवस्थापनमा क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयहरूको क्षमता अभिवृद्धि गर्न स्थानीयस्तरमा उपलब्ध हुनसक्ने प्रकृतिका सामग्री खरिदको जिम्मेवारी क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयहरूलाई दिने,

(च) निर्वाचन सामग्रीको ढुवानीका लागि सशस्त्र प्रहरी बल, नेपाली सेना र आवश्यकता अनुसार नीजि क्षेत्रका ढुवानी साधन प्रयोग गर्ने,

(छ) भौगोलिक रूपले बिकट र मौसमको प्रतिकुलताको कारण हिमाली जिल्लाका उच्चस्थानमा रहेका कुनै मतदान केन्द्रमा मतदान सामग्री, कर्मचारी एवं सुरक्षाकर्मीलाई पुर्याउनु पर्ने,

मतदानपछि मतदान केन्द्रबाट सामग्री ल्याउनुपर्ने र आकस्मिक उद्धार गर्नुपर्ने अवस्थामा आवश्यकता अनुसार नेपाली सेनाको हेलिकोप्टर सेवाको प्रयोग गर्ने,

(ज) मतदानपछि मतपेटिका सङ्कलनमा भौगोलिक विकटता र सुरक्षा संवेदनशीलताका कारण आवश्यकता अनुसार हेलिकोप्टरको सेवा समेत प्रयोग गर्ने ।

### २.२.२ सामग्री व्यवस्थापनका लागि गरिएको संस्थागत व्यवस्था

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनका लागि सामग्री व्यवस्थापनको योजना तयारी, सञ्चालन, सुपरीवेक्षण एवं अनुगमन र निरीक्षणको लागि आयोगको मिति २०७४/५/२७ गतेको निर्णयानुसार स्थानीय तह निर्वाचन, २०७४ को सन्दर्भमा आयोगबाट मिति २०७३/११/१२ को निर्णय बमोजिम गठित प्रमुख निर्वाचन आयुक्तको संयोजकत्वको ७ सदस्यीय निर्वाचन व्यवस्थापन समितिले नै प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनका लागि कार्य गर्ने गरी जिम्मेवारी दिने निर्णय भएको थियो ।

मतदान केन्द्रमा प्रयोग हुने सामग्री तथा निर्वाचन व्यवस्थापनमा आवश्यक अन्य सामग्रीहरूको पहिचान गरी सोको आवश्यक परिमाणको अनुमान गर्ने, सामग्रीहरूको स्पेसिफिकेशन र लागत अनुमान तयार गरी निर्वाचन व्यवस्थापन समितिमा पेश गर्ने तथा बोलपत्र, दरभाउपत्र लगायतका खरिदसम्बन्धी कागजात तयारी गर्ने र आयोगबाट क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयमा पठाउनु पर्ने सामग्रीको ढुवानी कार्ययोजना तयार गरी ढुवानीको व्यवस्था मिलाउने समेतको कार्यको लागि आयोगको मिति २०७४/०५/०९ को निर्णयानुसार प्रशासन महाशाखा प्रमुखको संयोजकत्वमा सामग्री व्यवस्थापन समिति गठन गरिएको थियो ।

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन प्रयोजनका लागि आवश्यक सामग्रीहरू सम्झौताको समय सीमा भित्र प्राप्त भए नभएका, गुणस्तरयुक्त सामग्रीहरू भए नभएको सम्बन्धमा सुपरीवेक्षण, निरीक्षण, अवलोकन, अनुगमन गरी आवश्यकता अनुसार निर्देशन दिने लगायतका कार्य गर्नको लागि आयोगको मिति २०७४।०७।१४ को निर्णयानुसार निर्वाचन आयुक्त श्री ईश्वरी प्रसाद पौड्यालको संयोजकत्वमा ७ सदस्यीय सामग्री अनुगमन समिति गठन गरिएको थियो।

### २.२.३ मतदान केन्द्रमा पठाउनुपर्ने सामग्रीको अनुमान

मतदान केन्द्रमा पठाउनुपर्ने सामग्रीको अनुमान गर्दा मतदान केन्द्रको सङ्ख्या र मतदाता सङ्ख्या समेत यकिन नभइसकेको अवस्था रहेकोले मुलुकभर २०,००० मतदान केन्द्र हुने अनुमान गरी आयोग र जिल्लास्तरमा समेत भण्डारण, ढुवानी र वितरणका क्रममा हुनसक्ने नोक्सानी एवं पुनः मतदान हुने अवस्थाका लागि आवश्यक पर्ने सङ्ख्या समेतलाई ध्यानमा राखी आवश्यक सामग्रीको १५ प्रतिशत सामग्री आयोगमा र १५ प्रतिशत सामग्री सम्बन्धित जिल्ला निर्वाचन कार्यालयमा

जगेडा राख्ने गरी अनुमान गरिएको थियो । आयोगबाट मिति २०७४/७/१ मा मतदान केन्द्रमा प्रयोग हुने सामग्रीको दरबन्दी स्वीकृत गरिएको थियो । प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनमा कुल १९,८०९ मतदान केन्द्र रहेका थिए । मतदान केन्द्रमा प्रयोग भएका सामग्रीको विवरण **अनुसूची ७** मा समावेश गरिएको छ ।

### २.२.४ छपाइ सामग्रीको व्यवस्थापन

प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनमा प्रयोग हुने निर्वाचन सम्बन्धी ऐन, नियम, निर्देशिका, विभिन्न किसिमका कार्ड, परिचयपत्र, मतदाता शिक्षा सामग्री र मतपत्र आदिको छपाइ गर्नुपर्ने भएकाले यी सामग्रीमध्ये सानो परिमाणमा छपाइ हुने विभिन्न सामग्रीहरू आयोगको आफ्नै छापाखानामा छपाइ गरिएको थियो भने मतपत्र जनक शिक्षा सामग्री केन्द्र लिमिटेडको छापाखानामा उच्च सुरक्षा व्यवस्थासहित छपाई गरिएको थियो ।

छपाइ सामग्रीको उत्पादनका लागि सीमित छापाखानामा मात्र भरपर्दा छोटो समयमा कार्य सम्पन्न हुन नसक्ने, जोखिमको तह उच्च हुने तर निर्वाचन सम्पन्न गर्ने कार्यमा जोखिम लिन नमिल्ने भएकाले धेरै छापाखानाबाट एकै पटक छपाइको सेवा लिनुपर्ने अनिवार्यतालाई दृष्टिगत गरी मतदाता शिक्षासम्बन्धी सामग्री उत्पादन, प्रकाशन, प्रसारण, प्रदर्शन एवं वितरणको व्यवस्थापन लगायत छपाई कार्यका लागि देहायबमोजिम गर्ने गरी आयोगबाट मिति २०७४/०६/०५ मा निर्णय भएको थियो :-

(क) छपाइसम्बन्धी कार्यका लागि छापाखानाहरू सूचीकृत गर्न ७ (सात) दिनको म्याद दिई गोरखापत्र दैनिकमा सूचना प्रकाशित गर्ने,
(ख) निर्धारित (आयोगबाट स्वीकृत) मापदण्ड बमोजिमको योग्यता पुगेका छापाखानालाई मात्र सूचीकृत गर्ने,
(ग) सूचीकृत सेवा प्रदायक छापाखानाहरूबाट दरभाउपत्र लिई सबैभन्दा न्यूनतम दररेटलाई आधार मानी सो दररेटलाई पुनः वार्ताद्वारा घटाघट गर्ने,
(घ) खण्ड (ग) को प्रक्रियाद्वारा कायम हुन आएको दररेटलाई अधिकार प्राप्त अधिकारीले स्वीकृत गरी उक्त दररेटमा छपाइ गर्न चाहने सूचीकृत मध्येका छापाखानाहरूलाई छपाइ कार्यको वितरण गरी छपाउने व्यवस्था मिलाउने,
(ङ) उक्त कार्य सो समितिले निर्वाचन आयोग ऐन, २०७३ को दफा ३८ बमोजिम सोझै बजारबाट खरिद गर्न निर्वाचन व्यवस्थापन समितिसमक्ष सिफारिस गर्ने ।

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७४ मा छपाइ सम्बन्धी सम्पूर्ण कार्य आयोगको मिति २०७४/७/२२ को निर्णयानुसार गरिएको थियो ।

छपाई गर्ने छापाखाना सूचीकृत गर्नका लागि निम्नलिखित मापदण्ड निर्धारण गरिएको थियो :-

१) नेपाल सरकारबाट इजाजत प्राप्त,

२) मूल्य अभिवृद्धि करमा दर्ता भई नेपाल सरकारलाई नियमानुसार बुझाउनु पर्ने राजश्व बुझाएको (विगत तीन वर्षको विवरण पेश गर्नु पर्ने),

३) विगत तीन बर्षमा वार्षिक औषत कारोवार २ करोड पचासलाख भएको,

४) खरिदसम्बन्धी कार्यमा कालो सूचीमा नपरेको,

५) १९ x २५ इन्च वा २० x ३० इन्च वा सोभन्दा बढी साइजमा रङ्गिन सामग्री समेत छाप्न सक्ने कम्तीमा ३ वटा सिट/वेभ अफसेट मेसिन भएको, (मेशिन खरिद गर्दा भन्सार कार्यालयबाट जारी भएको प्रज्ञापन पत्र छापाखानाकै नाममा हुनु पर्नेछ ।मेशिन स्थानीय बजारमा खरिद गरेको भए सो को आवश्यक प्रमाण पेश गर्नु पर्नेछ ।)

६) ग्लु/परफेक्ट बाइण्डिङ मेसिन भएको,

७) ३६ इन्च चौडाइको वा सोभन्दा बढी साइजको कटिङ मेसिन भएको,

८) स्टिच मेसिन भएको,

९) कामको लागि पर्याप्त जनशक्ति भएको,

१०) नगद प्रवाहको सुनिश्चितताको लागि कम्तिमा ५ महिना अवधिको लागि कुनै वित्तीय संस्थाको प्रत्याभूतिपत्र भएको,

११) कुनै एउटा छापाखानासँग उल्लिखित पूर्वाधार नभएकाले दुई वा सोभन्दा बढी छापाखानाले संयुक्त रूपमा कार्य गर्ने प्रस्ताव गरेमा त्यस्तो प्रस्तावलाई स्वीकार गरिने छैन।

### २.२.५ सामग्री प्राप्ति

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनमा सवै निर्वाचन सामग्री, प्याकिङका लागि चाहिने सामग्री र आयोगको सचिवालयका लागि आवश्यक स्टेशनरी, फर्निचर, विभिन्न मेशिनरी औजार उपकरणको व्यवस्थापन, ऐन नियम, निर्देशिका लगायतका छपाइ सामग्री, ७७ जिल्ला निर्वाचन कार्यालयहरू र १६५ मुख्य/निर्वाचन अधिकृतको कार्यालयका लागि आवश्यक सामग्रीहरूको खरिद आन्तरिक स्रोतबाट व्यवस्थापन गरिएको थियो ।

### क. मतदान केन्द्रमा प्रयोग हुने सामग्री र प्याकिङ सामग्री

मतदान केन्द्रमा प्रयोग हुने सामग्रीहरू व्यवस्थापन आयोगले आन्तरिक स्रोतबाट व्यवस्थापन गरेको थियो । २०७४ साल मङ्सिर १० गते हुने निर्वाचनका लागि आवश्यक पर्ने सामग्री विभिन्न जिल्लाहरूमा पठाउनका लागि २०७४ असोज मसान्तसम्म आयोगमा प्राप्त भइसक्नु पर्ने भएकाले यसको व्यवस्थापनका लागि सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ को प्रक्रिया अवलम्बन गरी बोलपत्र/सिलबन्दी दरभाउपत्रका माध्यमबाट सामग्री खरिद गर्दा

समय अभाव हुने र एउटै आपूर्तिकर्तासँग मात्र भरपर्दो निर्वाचन जस्तो संवेदनशील कार्यमा बढी जोखिम हुनसक्ने भएकाले सामग्रीहरू खरिदका लागि वैकल्पिक प्रक्रिया अवलम्बन गर्नुपर्ने भएको हुँदा अधिकाँश सामग्रीहरू विशेष परिस्थितिको बोलपत्रको माध्यमबाट तथा सीमित सामग्रीहरू निर्वाचन आयोग ऐन, २०७३ को दफा ३८ ले दिएको अधिकार प्रयोग गरी आयोगको निर्णयबाट सोझै खरिद गरिएको थियो । आयोगको उक्त निर्णयानुसार आवश्यक सामग्री खरिद गर्दा सामग्रीको प्रकृति अनुसार अलग अलग प्याकेज बनाई गोरखापत्र दैनिकमा सूचना प्रकाशित गरी खुलारूपमा प्रतिस्पर्धा गराई विशेष प्रकृतिको बोलपत्रको माध्यमबाट खरिद गरिएको थियो ।

मतदान केन्द्रमा खटिएका जनशक्तिलाई प्राथमिक उपचारमा सहयोग पुगोस भनी आयोगले प्राथमिक उपचारका लागि आवश्यक औषधीहरूको प्याकेट तयार गरी प्रत्येक मतदान केन्द्रमा पठाएको थियो । मतदान केन्द्रमा पठाइएको औषधीको प्याकेटमा रहेका औषधीहरूको नामावलीसहितको विवरण **अनुसूची — ८** मा समावेश गरिएको छ ।

**ख. छपाइ सामग्री**

स्थानीय तह निर्वाचनका लागि आयोग, निर्वाचन अधिकृतको कार्यालय, जिल्ला निर्वाचन कार्यालय र मतदान केन्द्रस्तरमा प्रयोग हुने एवं राजनीतिक दलहरू लगायत सरोकारवालालाई वितरण गर्न निर्वाचनसम्बन्धी ऐन, नियम, निर्देशिका, विभिन्न अनुसूची फाराम र मतदाता शिक्षा सामग्रीहरू छपाइ गरी वितरणको समुचित प्रबन्ध गरिएको थियो ।

### २.२.५.१ जिल्ला निर्वाचन कार्यालयबाट व्यवस्थापन गरिएका सामग्री

सामग्री खरिद र व्यवस्थापनमा जिल्ला निर्वाचन कार्यालयहरूको दक्षता एवं क्षमता अभिवृद्धि गर्दै जाने र सामग्री व्यवस्थापन कार्यलाई थप सहज बनाउने उद्देश्यले स्थानीयस्तरमा उपलब्ध हुन सक्ने विभिन्न १७ प्रकारका सामग्रीहरू जिल्ला स्थित जिल्ला निर्वाचन कार्यालयहरू बाटै सोझै खरिद भएको थियो । यसका लागि आवश्यक परिमाण र लागत अनुमान समेतका आधारमा आवश्यक बजेट सम्बन्धित क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयहरूलाई नै पठाइएको थियो । जिल्ला निर्वाचन कार्यालयबाट खरिद गरी व्यवस्थापन गरिएका सामग्रीको विवरण **अनुसूची ९** मा समावेश गरिएको छ ।

### २.२.६ सामग्री भण्डारण र प्याकेजिङ

विभिन्न स्रोतबाट प्राप्त सामग्रीको भण्डारण गर्दा सामग्रीको प्रकृति र संवेदनशीलता अनुसार उपयुक्त ढङ्गले भण्डारण गर्ने व्यवस्था मिलाईएको थियो । सामग्री भणडारणको लागि आयोग परिसरमा दुइवटा ट्रक सेड तथा नेपाली सेनाको पालबाट तीनवटा गोदामघर समेत निर्माण गरिएको थियो । सामग्रीको सुरक्षा व्यवस्थाका लागि आयोग परिसरभित्रै रहेको सशस्त्र प्रहरी

बल बाघभैरब गुल्मका सुरक्षाकर्मीबाट सहयोग प्राप्त भएको थियो । सामग्री भण्डारण गरिएका स्थलमा सी.सी.टी.भी. जडान गरी अनुगमन गर्न सकिने व्यवस्था मिलाईएको थियो । आयोग परिसरभित्र हुने गतिविधिको अवलोकन आ—आफ्नै कार्यकक्षबाट गर्नसक्ने गरी प्रमुख निर्वाचन आयुक्त र सचिवको कार्यकक्षमा सी.सी.टी.भी. जडान गरिएको थियो । सामग्री प्याकिङ गर्दा सामग्रीको प्रकृति र परिमाण अनुसार समूह बनाई प्याकिङको व्यवस्थापन मिलाईएको थियो । कार्यालय समयमा मात्र काम गरेर समयमै कार्य सम्पन्न गर्न नसकिने भएको हुँदा दिन रात कर्मचारी परिचालन गरिएको थियो ।

### २.२.७ सामग्री प्राप्ति, भण्डारण तथा खर्च व्यवस्थापन

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन प्रयोजनका लागि आयोगले प्राप्त गर्ने सामग्रीहरू प्राप्त हुँदा आयोगको स्पेसिफिकेसन र आवश्यकता अनुसार भए/नभएको चेक जाँच गर्ने, परिणाम चेकजाँच गर्ने, आम्दानी बाँध्न सिफारिस गर्ने लगायतका कार्यहरूको लागि आयोगको मिति २०७५/६/५ को निर्णयानुसार प्रशासन शाखाका उपसचिवको संयोजकत्वमा ८ सदस्यीय सामग्री प्राप्ति भण्डारण र खर्च व्यवस्थापन समिति गठन गरिएको थियो ।

### २.२.८ ढुवानी व्यवस्थापन

मतदान केन्द्रस्तरमा प्रयोग हुने सामग्रीको ढुवानी व्यवस्थालाई सहज बनाउनका लागि निर्वाचन आयोग ऐन २०७३ को दफा ३८ प्रयोग गरी निर्वाचन आयोगको मिति २०७४/६/७ को निर्णयानुसार ढुवानी व्यवस्थापनका लागि हेलिकोप्टर तथा ट्रक भाडामा लिन, कुरियर सेवा लिन तथा फर्म/कम्पनी सूचीकृत गर्नका लागि सूचना प्रकाशित गरिएको थियो । यसको लागि प्रशासन महाशाखा प्रमुखको संयोजकत्वमा ५ सदस्यीय एक समिति गठन गरी कार्य सम्पन्न गरिएको थियो ।

आयोगको मिति २०७४/६/७ को सूचना बमोजिम हेलिकोप्टर भाडामा उपलब्ध गराउन १, ट्रक भाडामा उपलब्ध गराउन ७, र कुरियर सेवा उपलब्ध गराउन ४ वटा फर्म/कम्पनीहरूलाई आयोगको मिति २०७४/७/१ को निर्णयानुसार सूचीकृत गरिएको थियो।

सामग्रीको ढुवानीका लागि सरकारी तथा नीजि क्षेत्रका ढुवानी साधनको प्रयोग गरिएको थियो। सडक यातायातको भरपर्दो व्यवस्था भएका जिल्लामा सडक मार्गबाटै ढुवानी गरिएको थियो भने सडक यातायात नपुगेका, पुगे पनि भरपर्दो सेवा नभएका एवं विकट हिमाली जिल्लामा भने आवश्यकता अनुसार नेपाली सेनाको हेलिकप्टर मार्फत ढुवानी गर्ने व्यवस्था मिलाइएको थियो।

विकट हिमाली जिल्लामा निर्वाचन सामग्री ढुवानी गर्न, विकट हिमाली जिल्लाका अति विकटस्थानमा रहेका मतदान केन्द्रमा मतदान सामग्री र कर्मचारी तथा सुरक्षाकर्मी लैजान र ल्याउन, निर्वाचनमा खटिएका कर्मचारीको आकस्मिक उद्धार गर्नुपर्ने अवस्थामा उद्धार गरी

तत्काल जनशक्ति व्यवस्था गर्न र मतदानपछि मतपेटिका सङ्कलन गर्ने समेतका लागि हेलिकोप्टरको सेवा लिनुपर्ने र सोको लागि रक्षा मन्त्रालय मार्फत नेपाली सेनासँग रहेको हेलिकोप्टर प्रयोग गरिएको थियो ।

### २.२.८.१ मतपत्र ढुवानी

मतपत्र ढुवानी गर्दा मतपत्र छपाइस्थल जनक शिक्षा सामग्री केन्द्र लिमिटेडबाट सुरक्षा सहित सोझै ढुवानी गर्ने व्यवस्था मिलाईएको थियो । हिमाली र दुर्गम पहाडी १३ जिल्लामा नेपाली सेनाको हेलिकोप्टरबाट ढुवानी गरिएको थियो भने बाँकी ६४ जिल्लाका मतपत्र नेपाली सेनाको सुरक्षा टोलीका साथ नीजि क्षेत्रका ढुवानी व्यवसायीले उपलव्ध गराएका कन्टेनर ट्रकबाट ढुवानीको व्यवस्था मिलाईएको थियो ।

### २.२.८.२ मतदानपछि मतपेटिका सङ्कलन

मतदान कार्य समाप्त भएपछि मतपेटिका सङ्कलनका लागि सबै जिल्लाले जिल्लास्तरीय सहयोग तथा समन्वय समिति र जिल्ला सुरक्षा समितिको बैठकको निर्णयानुसार ढुवानी योजना तर्जुमा गरी तदनुरूप मतपेटिका सङ्कलन गरेका थिए । सबै जिल्लाहरूलाई मतदानपछि मतपेटिका र कर्मचारीहरू सुरक्षित रूपमा सदरमुकाम ल्याउने आवश्यक प्रबन्ध मिलाउने निर्देशनका साथै ढुवानीका लागि आवश्यक बजेट समेत गृह मन्त्रालय मार्फत सम्बन्धित प्रमुख जिल्ला अधिकारी कहाँ पठाइएको थियो । हिमाली जिल्लाका विकट स्थानमा रहेका मतदान केन्द्रबाट र सुरक्षा चुनौतीका कारण स्थलमार्गबाट मतपेटिका ल्याउन सम्भव नभएका कतिपय पहाडी जिल्लाका विभिन्न स्थानबाट समेत नेपाली सेनाको हेलिकोप्टरबाट मतपेटिका सङ्कलन गरिएको थियो ।

### २.२.९ विविध

### २.२.९.१ औषधी हस्तान्तरण

मतदान कार्यमा खटिने कर्मचारी, सुरक्षाकर्मी समेतको प्राथमिक उपचारका लागि विभिन्न १९ प्रकारका औषधी र सर्जिकल सामग्री सहितका २४ हजार प्याकेट औषधी तथा सर्जिकल सामग्री खरिद गरिएको थियो। उक्त परिमाणमध्ये स्थानीय तह निर्वाचन र प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनमा प्रयोग भइ ३ हजार ३८७ प्याकेट औषधी मौज्दातमा रहेको थियो। यी औषधी आयोगको भण्डारमा राखिरहँदा औषधीको म्याद समाप्त भई बेकम्मा हुनजाने र यसबाट सरकारको स्रोत समेत खेरजाने भएकोले मौज्दातमध्ये निकट भविष्यमा हुन सक्ने उप निर्वाचनको लागि ३८७ प्याकेट मौज्दातमा राखी पूर्ण रूपमा सबुत अवस्थामा रहेका ३ हजार प्याकेट औषधी आयोग मिति २०७५/२/१८ को निर्णय तथा आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ५० को उपनियम (५) बमोजिम समितिको मिति २०७५/३/१९ को

सिफारिस अनुसार नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय अन्तर्गतको जिल्ला जनस्वास्थ्य कार्यालय, काठमाडौं, टेकुलाई हस्तान्तरण गरिएको थियो ।

### २.२.९.२ सवारी साधन हस्तान्तरण

मुलुक सङ्घीयता कार्यान्वयनको अवस्थामा रहेको, प्रदेश र स्थानीय तहमा नयाँ कार्यालय स्थापना भइरहेको अवस्थामा नेपाल सरकारलाई सवारी साधन खरिदमा पर्ने आर्थिक दायित्व कम होस भन्ने उद्देश्यले आयोग वा अन्तर्गत रहेका सवारी साधनहरू मध्ये ४४ थान सवारी साधनहरू आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ५० को उपनियम (५) बमोजिमको समितिको मिति २०७४/१२/९ को सिफारिस तथा आयोगको मिति २०७४/१२/९ को (सचिवस्तरीय) निर्णयानुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लगायतका निकायहरूलाई र मिति २०७४/१२/१४ को निर्णयानुसार जनक शिक्षा सामग्री केन्द्र लिमिटेडलाई १ थान गरी जम्मा ४५ थान सवारी साधन हस्तान्तरण गरिएको थियो।

परिच्छेद ३

# योजना, अनुगमन तथा समावेशीकरण

निर्वाचन आयोगले नेपालको संविधान तथा सरकारको नीति तथा कार्यक्रम अनुसार निर्वाचनका सन्दर्भमा मतदाता नामावली तयार, कानूनी संरचनाको निर्माण, बजेट तर्जुमा, निर्वाचन कार्य तालिका निर्माण, जनशक्ति व्यवस्थापन, सामग्री व्यवस्थापन, निर्वाचन शिक्षा, तालिम, पर्यवेक्षण व्यवस्थापन र अनुगमन लगायतका आफ्ना क्रियाकलापहरू सञ्चालन गर्दै आएको छ । स्थानीय तह निर्वाचन, प्रदेश तथा प्रतिनिधि सभा सदस्य निर्वाचन, राष्ट्रिय सभा सदस्य निर्वाचन, राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनका सिलसिलामा अनुगमन र पर्यवेक्षणको व्यवस्था, समीक्षा, निर्वाचनमा लैङ्गिक तथा समावेशीकरणलाई मूल प्रवाहीकरणलगायतका विभिन्न नीतिगत र व्यवस्थापकीय कार्य गर्न आयोगले विभिन्न क्रियाकलाप सञ्चालन गरेको छ ।यी बिषयहरूमा प्रतिवेदन वर्षमा सम्पन्न भएका मुख्य मुख्य क्रियाकलापहरू निम्न रहेका छन् :-

## ३.१ निर्वाचन अनुगमन

स्थानीय तह, प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित ढङ्गबाट सम्पन्न गर्नका लागि यससम्बन्धी काम कारबाहीको अनुगमन गर्ने तथा आयोग, विभिन्न निकाय र सरोकारवालाहरूबीच समन्वय कायम गर्ने समेत प्रयोजनको लागि निर्वाचन आयोग ऐन, २०७३ को दफा ५० ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले स्थानीय तह निर्वाचन अनुगमन निर्देशिका, २०७३ तथा प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन अनुगमन निर्देशिका, २०७४ निर्माण गरी कार्यान्वयन गरेको थियो ।

निर्वाचन आयोग नियमावली, २०७३ को नियम ५ मा अनुगमनका सम्बन्धमा गरेको व्यवस्था अनुसार आयोगले केन्द्रीय निर्वाचन अनुगमन समिति, उच्चस्तरीय निर्वाचन अनुगमन टोली, अनुगमन एकाई, निर्वाचन अनुगमन टोलीको गठन र परिचालन तथा जिल्ला निर्वाचन अनुगमन समिति गठन गरेको थियो ।

स्थानीय तह, प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७४ को अनुगमन गर्न आयोगले निर्वाचन आयोग ऐन, नियमावली २०७३ तथा स्थानीय तह निर्वाचन अनुगमन निर्देशिका, २०७३, प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन अनुगमन निर्देशिका, २०७३ र प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन आचारसंहिता अनुगमन निर्देशिका, २०७४ अनुसार एक सदस्यीय निर्वाचन अनुगमन टोली गठन गरी परिचालन गरेको थियो ।

### ३.१.१ स्थानीय तह निर्वाचन, २०७४ (तेस्रो चरण) को अनुगमन

स्थानीय तह निर्वाचनको अनुगमन गर्न तेस्रो चरणमा निर्वाचन हुने गरी तोकिएका प्रदेश नम्बर २ मा पर्ने ८ वटा जिल्लाहरूमा आयोगको विभिन्न मितिको निर्णयानुसार नेपाल सरकारका विशिष्ट श्रेणीका २ जनालाई मुख्य अनुगमन टोली प्रमुख, राजपत्राङ्कित प्रथम श्रेणीका १६ जनालाई अनुगमन टोली प्रमुख तथा रेडियो नेपालका कार्यकारी निर्देशक १ जनालाई अनुगमनकर्ताको रूपमा नियुक्त गरी २०७४ असोज २ गतेको तेस्रो चरणको स्थानीय तहको निर्वाचन अनुगमनको लागि कार्य विवरणसहित परिचालन गरिएको थियो भने सुक्ष्म रूपमा अनुगमन गर्नको लागि कार्य विवरणसहित सुक्ष्म अनुगमनकर्ताहरू परिचालन गरिएको थियो । अनुगमन टोली प्रमुख तथा सुक्ष्म अनुगमनकर्ताको कार्य विवरण **अनुसूची १०** मा समावेश गरिएको छ । अनुगमन टोली प्रमुख र सुक्ष्म अनुगमनकर्ताहरूको विवरण क्रमश **अनुसूची ११ र अनुसूची १२** मा समावेश गरिएको छ । साथै आयोगबाट मुख्य/निर्वाचन अधिकृतको कार्यालय, मतदानस्थलहरूको विवरण, सुरक्षा तथा मतदाता शिक्षाको अवस्था लगायत निर्वाचन व्यवस्थापन सम्बन्धी कार्य हेर्ने उद्देश्यले आयोगका पदाधिकारीहरूबाट प्रदेश नं २ को विभिन्न जिल्लाहरूमा अनुगमन गरिएको थियो ।

मानव अधिकारको दृष्टिकोणबाट निर्वाचन अनुगमन गर्न निर्वाचन आयोगको मिति २०७४।१।१४ को निर्णयानुसार राष्ट्रिय मानव अधिकार आयोग नेपालका सचिव तथा निर्वाचन आयोगका सचिव बीच समझदारी पत्रमा हस्ताक्षर भएको थियो । सोही समझदारी पत्र अनुसार राष्ट्रिय मानव अधिकार आयोगले स्थानीय तह निर्वाचन र प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनमा मानव अधिकारको पक्षबाट निर्वाचन अनुगमन गरी आयोगमा सो सम्बन्धी कार्यको प्रतिवेदन बुझाएको थियो । राष्ट्रिय महिला आयोगको अनुरोध अनुसार स्थानीय तह निर्वाचनमा लैङ्गिक पक्षको अनुगमन गर्न निर्वाचन आयोगको मिति २०७४।१।६ को निर्णयानुसार राष्ट्रिय महिला आयोगलाई अनुमति प्रदान गरिएको थियो । सोही अनुसार राष्ट्रिय महिला आयोगले स्थानीय तह निर्वाचनको अनुगमन गरी आयोगमा प्रतिवेदन बुझाएको थियो । त्यसैगरी स्थानीय तह निर्वाचनमा वालवालिकाको प्रयोग भए नभएको सम्बन्धमा अनुगमन गर्न आयोगको निर्णयानुसार केन्द्रीय वाल कल्याण समितिलाई अनुमति प्रदान गरिएकोमा आयोगको अनुमति अनुसार नै समितिले सो कार्य सम्पन्न गरेको थियो।

### ३.१.२ प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७४ को अनुगमन

पहिलो चरणमा निर्वाचन भएका हिमाली र उच्च पहाडी क्षेत्रका ३२ वटा जिल्लाहरूमा आयोगको विभिन्न मितिको निर्णयानुसार नेपाल सरकारका विशिष्ट श्रेणी र राजपत्राङ्कित प्रथम श्रेणीका ३८ जना कर्मचारीहरूलाई अनुगमन टोली प्रमुखको रूपमा नियुक्त गरी २०७४ मङ्सिर १० गतेको प्रथम चरणको प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्यको निर्वाचन अनुगमनको लागि कार्य विवरणसहित परिचालन गरिएको थियो । त्यसैगरी दोस्रो चरणमा निर्वाचन भएका मध्य पहाडी तथा तराईका ४५ जिल्लाहरूमा आयोगको विभिन्न मितिको निर्णयानुसार नेपाल सरकारका राजपत्राङ्कित प्रथम श्रेणीका ७९ जना कर्मचारीहरूलाई अनुगमन टोली प्रमुखको रूपमा नियुक्त

गरी २०७४ मङ्सिर २१ गतेको प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन अनुगमनको लागि कार्य विवरणसहित परिचालन गरिएको थियो ।अनुगमन टोलीका साथै दोस्रो चरणमा निर्वाचन भएका जिल्लाहरूमा सुक्ष्म अनुगमनकर्ताहरू समेत खटाइएको थियो । अनुगमन टोली प्रमुख र सुक्ष्म अनुगमनकर्ताहरूको विवरण क्रमश **अनुसूची १३ क, ख र अनुसूची १४** मा समावेश गरिएको छ । अनुगमन टोली गठन गरी परिचालन गर्दा प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन अनुगमन निर्देशिका, २०७४ र प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन आचारसंहिता अनुगमन निर्देशिका, २०७४ अनुसार गर्नुपर्ने अनुगमनका कार्यहरू गर्न अनुगमन टोली प्रमुखलाई जिम्मेवारी दिइएको थियो । उक्त अनुगमन टोली प्रमुखलाई निजहरूको जिम्मेवारी, अधिकार सम्पादन गर्नुपर्ने कार्यहरूको विषयमा जानकारी दिनका लागि आधा दिनको अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो ।

स्थानीय तह निर्वाचन अनुगमन निर्देशिका तर्जुमा गर्न आयोगको मिति २०७३।११।१७ को निर्णयानुसार प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवको संयोजकत्वमा ७ सदस्यीय स्थानीय तह निर्वाचन अनुगमन निर्देशिका तर्जुमा समिति गठन भई सोही बमोजिम कार्य भएको थियो । प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन अनुगमन निर्देशिका तर्जुमा गर्न समेत सोही समितिलाई नै निरन्तरता दिइएको थियो ।यसैगरी प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनमा अनुगमन कार्यलाई प्रभावकारी बनाउनको लागि आयोगको मिति २०७४।०६।०२ को निर्णयानुसार प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवको संयोजकत्वमा ११ सदस्यीय केन्द्रीय निर्वाचन अनुगमन समिति गठन भई सोही बमोजिम कार्य सम्पादन गरिएको थियो ।

## ३.२ केन्द्रीय अनुगमन

प्रतिवेदन वर्षमा आयोगको वार्षिक स्वीकृत कार्यक्रम अनुसार आयोग अन्तर्गतका क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयहरूले गर्नुपर्ने समग्र कार्यसम्पादन प्रक्रिया, निर्वाचन व्यवस्थापन, कार्यालय व्यवस्थापन, जिन्सी व्यवस्थापन, सरकारी सम्पत्तिको अभिलेख, श्रेस्ता, कार्यालय भवन निर्माण तथा घर जग्गाको अवस्था, आर्थिक व्यवस्थापन, सञ्चालित कार्यक्रमहरूको अवस्था लगायतका विषयहरूलाई समेटी आयोगका सचिव, सह सचिव, २४ जना अधिकृत कर्मचारी तथा १३ जना सहायकस्तरका कर्मचारीहरूबाट अनुगमन गरिएको थियो। अनुगमन भएको जिल्लाको सङ्ख्या ५६ रहेकोमा केही अनुगमनकर्ताहरूले एक भन्दा बढी जिल्लाको समेत अनुगमन गरेको साथै कुनै जिल्लाहरू दोहोरिन गएकाले वास्तविक अनुगमन भएका जिल्लाहरूको क्लष्टर सङ्ख्या ३२ वटा रहेको थियो ।

## ३.३ जग्गा प्राप्ति र भवन निर्माण

आयोगको संस्थागत सुदृढीकरण कार्यक्रम अन्तर्गत सबै क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयहरूको लागि जग्गा प्राप्ति तथा भवन निर्माणको कार्य क्रमशः भइरहेको छ। हालसम्म १५ वटा

क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयहरूको आफ्नै भवन रहेको, ४ वटा जिल्लामा भवन निर्माणको कार्य भइरहेको, ८ वटा जिल्लाको लागि जग्गा प्राप्ति भएको तथा ९ वटा जिल्लामा जग्गा प्राप्तिको प्रक्रिया चलिरहेको अवस्था रहेको छ। क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयहरूको जग्गा प्राप्ति तथा भवन निर्माणको विवरण देहायको तालिका अनुसार रहेको छ :

जग्गा प्राप्ति तथा भवन निर्माणको विवरण

| क्र.सं . | विवरण | क्षेत्रीय/ जिल्ला निर्वाचन कार्यालयहरू |
|---|---|---|
| १. | भवन निर्माण भइसकेका | ताप्लेजुङ, झापा, मोरङ, ओखलढुङ्गा, उदयपुर, मकवानपुर, चितवन, धादिङ, तनहुँ, कास्की, पाल्पा, अछाम, सुर्खेत, दैलेख र कैलाली |
| २. | भवन निर्माण भइरहेका | सर्लाही, रामेछाप, म्याग्दी र पर्वत |
| ३. | जग्गा प्राप्त भएका | रसुवा, सोलुखुम्बु, प्युठान, तेह्रथुम, बर्दिया, खोटाङ, सुनसरी र सिन्धुपाल्चोक |
| ४. | जग्गा तथा भवन प्राप्तिको प्रक्रियामा रहेका | सिन्धुली, सङ्खुवासभा, नुवाकोट, दाङ, मनाङ, मुस्ताङ, धनुषा, बाग्लुङ र सिरहा |

जग्गा प्राप्त भएका जिल्लाहरूको लागि क्रमशः बजेटको व्यवस्था गर्दै भवन निर्माण कार्य अघि बढाउने र अन्य जिल्लाको लागि खारेजीमा परेका सरकारी निकायहरुका खाली भवन प्राप्त गर्ने नीति आयोगको रहेको छ। तीन तहको शासकीय स्वरूप निर्माण भइसके पछि आयोग अन्तर्गतका कार्यालयहरूको लागि भवन प्राप्ति सम्बन्धमा हाल सिन्धुली, बाग्लुङ र नुवाकोटको लागि सम्बन्धित निकायसँग प्रकृया अगाडि बढाईएको छ। प्रतिवेदन वर्षमा जिल्ला निर्वाचन कार्यालय भवन निर्माणतर्फ रू ८ करोड ७७ लाख ७५ हजार बजेट स्वीकृत भएकोमा रू ९० लाख ३९ हजार ९ सय १४ बजेट खर्च भएको थियो।

## ३.४ लैङ्गिक तथा समावेशीकरण

आयोगको लैङ्गिक तथा समावेशीकरण नीति तथा रणनीतिमा उल्लेखित कार्ययोजना अनुसार भएका कार्यहरू देहाय अनुसार रहेका छन्:

- मिति २०७४ कार्तिक २६ र २८ गते बहिरा नागरिक तथा दृष्टिबिहीन नागरिकहरूसँग निर्वाचन व्यवस्थापनमा सहभागिता बढाउने सम्बन्धमा २ दिनको अन्तरक्रिया र अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो । उक्त कार्यक्रममा बहिरा नागरिकको समूहबाट ७७ जना तथा दृष्टिबिहीन नागरिकको समूहबाट ७६ जनाको सहभागिता रहेको थियो । उक्त कार्यक्रममा निर्वाचन आयोगका पदाधिकारी तथा कर्मचारीहरूको समेत उपस्थिति रहेको थियो ।
- आयोगको लैङ्गिक तथा समावेशी कार्ययोजनामा २०७४ सालमा सम्पन्न सबै तहको

निर्वाचनमा महिला तथा समावेशी समूहको प्रतिनिधित्वलाई लिएर अध्ययन गर्ने कार्यक्रम रहेकोले सो सम्बन्धमा आयोगमा रहेको स्थानीय तह, प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनका तथ्याङ्कलाई १० वटा क्लष्टर बनाएर उक्त समूहसँग सम्बन्धित प्रश्नावली तर्जुमा गरी केही व्यक्तिहरूसँग अन्तरवार्ता लिएर एक अध्ययन प्रतिवेदन तयार गरिएको छ ।

## ३.५ निर्वाचन पर्यवेक्षण

### ३.५.१ तेस्रो चरणको स्थानीय तह निर्वाचन पर्यवेक्षण :

- स्थानीय तह निर्वाचन पर्यवेक्षण नीति, २०७३ र सोको निर्देशिका बमोजिम ५० वटा राष्ट्रिय पर्यवेक्षण संघ संस्थाहरूलाई स्थानीय तह निर्वाचनको पर्यवेक्षण गर्न अनुमति प्रदान गरिएको थियो। पर्यवेक्षण अनुमति प्रदान गरिएका संघ संस्थाहरूको नामावली **अनुसूची १५** मा संलग्न गरिएको छ ।
- तेस्रो चरणको स्थानीय तह निर्वाचनमा ३० वटा संस्थाले उक्त निर्वाचनको पर्यवेक्षण गरेका थिए । त्यसमध्ये १८ वटा संस्थाले प्रारम्भिक प्रतिवेदन पेश गरेका छन् ।
- तेस्रो चरणको स्थानीय तह निर्वाचनमा ११ वटा संस्थाका ३२ जना व्यक्तिहरूलाई आयोगबाट विशेष राष्ट्रिय पर्यवेक्षक परिचय पत्र उपलव्ध गराइएको थियो।
- तेस्रो चरणको स्थानीय तह निर्वाचनमा आयोगको Online Software System मा प्रविष्ट गरिएका पर्यवेक्षकहरूको विवरण रूजु गरी परिचयपत्र वितरण गरिएका राष्ट्रिय पर्यवेक्षकहरूको सङ्ख्या २,१२४ जना रहेको थियो । राष्ट्रिय पर्यवेक्षण संघ संस्थाहरूबाट खटिने पर्यवेक्षकको हकमा केन्द्रीय तथा क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयबाट पर्यवेक्षक परिचय पत्र उपलव्ध गराउने समेत व्यवस्था मिलाइएको थियो।
- तेस्रो चरणको स्थानीय निर्वाचनमा प्रदेश नं २ का ८ वटा जिल्लाहरू मध्ये ४ वटा जिल्लाका जनकपुर, बीरगञ्ज, सिमरा तथा वर्दिबासमा ३ देशका १४ जना कुटनीतिज्ञहरूले मतदानको दिनको अवलोकन गर्नुभएको थियो । उहाँहरूलाई परिचय पत्र र सवारी अनुमति पास आयोगबाट उपलव्ध गराइएको थियो भने कुटनीतिज्ञहरूको सहजताका लागि परराष्ट्र मन्त्रालयबाट सम्पर्क अधिकृतहरू समेत परिचालन गरिएको थियो ।
- गत पाँच वर्षदेखि नेपालमा कार्यरत अन्तराष्ट्रिय संघ/संस्थाहरू मध्ये आयोगको साझेदार संस्थाहरू **UNDP/ESP, IFES Nepal** बाट तेस्रो चरणको स्थानीय तह निर्वाचनको लागि १४ जना व्यक्तिहरूले प्रदेश नं २ का ८ वटा जिल्लाहरू मध्ये ४ वटा जिल्लाका जनकपुर, बीरगञ्ज, सिमरा तथा वर्दिबासमा मतदानको दिन अवलोकन गर्नुभएको थियो ।
- स्थानीय तह निर्वाचन पर्यवेक्षण नीति, निर्देशिका तथा राष्ट्रिय पर्यवेक्षकहरूको आचार संहिता तर्जुमा गर्न आयोगको मिति २०७३।११।१७ को निर्णयानुसार निर्वाचन आयुक्त

श्री नरेन्द्र दाहालको संयोजकत्वमा ८ सदस्यीय स्थानीय तह निर्वाचन पर्यवेक्षण नीति, निर्देशिका तथा राष्ट्रिय पर्यवेक्षकहरूको आचार संहिता तर्जुमा समिति गठन भई सोही बमोजिम कार्य भएको थियो । यसैगरी स्थानीय तह निर्वाचनमा पर्यवेक्षणसम्बन्धी नीतिगत व्यवस्थाहरू, निर्देशन, समन्वय, नियन्त्रण तथा अनुगमन मुल्याङ्कन गर्न आयोगको मिति २०७३।११।१७ को निर्णयानुसार निर्वाचन आयुक्त श्री नरेन्द्र दाहालको संयोजकत्वमा ६ सदस्यीय स्थानीय तह निर्वाचन पर्यवेक्षण समिति गठन भई सोही बमोजिम कार्य भएको थियो ।

### ३.५.२ प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन पर्यवेक्षण

- प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य पर्यवेक्षण निर्देशिका, २०७४ बमोजिम ५३ वटा राष्ट्रिय पर्यवेक्षण संघ/संस्थालाई आयोगबाट प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७४ का लागि पर्यवेक्षण गर्ने अनुमति प्रदान गरिएको थियो । अनुमति प्राप्त ५३ वटा राष्ट्रिय पर्यवेक्षण संघ/संस्था मध्ये ४७ वटा संस्थाले मात्र प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनको पर्यवेक्षण गरेका थिए । पर्यवेक्षण गर्ने अनुमति प्राप्त गरेका राष्ट्रिय संघ/संस्थाहरूको नामावली **अनुसूची १६** मा समावेश गरिएको छ।
- पर्यवेक्षण गरेका ४७ वटा संस्थाहरू मध्ये १६ वटा संस्थाका ७२ जना विशेष पर्यवेक्षक, लामो अवधिका पर्यवेक्षक १,४३४ जना तथा छोटो अवधिका पर्यवेक्षक ८,५२८ जना गरी जम्मा १०,०३४ जना राष्ट्रिय पर्यवेक्षकहरूलाई पर्यवेक्षण गर्न परिचय पत्र वितरण गरिएको थियो।

- प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनमा आयोगले ३ वटा अन्तर्राष्ट्रिय पर्यवेक्षण संस्था बाट १८१ जना तथा व्यक्तिगत रूपमा भारतीय १ जना गरी जम्मा १८२ जना अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूलाई पर्यवेक्षण गर्न परिचय पत्र उपलब्ध गराइएको थियो ।अन्तर्राष्ट्रिय पर्यवेक्षण संस्थाहरूले उपलब्ध गराएको भाषा अनुवादकहरूको सूचीको आधारमा १०० जना भाषा अनुवादकहरूलाई परिचय पत्र उपलब्ध गराइएको थियो ।
- प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७४ का लागि पर्यवेक्षण गर्नको लागि आयोगबाट ४ वटा अन्तर्राष्ट्रिय संस्था र २ जना अन्तर्राष्ट्रिय व्यक्तिहरूलाई सम्बन्धन प्रदान गरिएको थियो । सम्बन्धन प्रदान गरेका मध्ये ३ वटा अन्तर्राष्ट्रिय संस्था र १ जना व्यक्तिले मात्र पर्यवेक्षण गरेका थिए। पर्यवेक्षण गरेका अन्तर्राष्ट्रिय संस्था र अन्तर्राष्ट्रिय व्यक्तिहरूको नामावली **अनुसूची १७** मा समावेश गरिएको छ ।
- प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन पर्यवेक्षण गर्न प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन पर्यवेक्षण निर्देशिका बमोजिम आयोगबाट सम्बन्धन प्राप्त अन्तर्राष्ट्रिय पर्यवेक्षण संस्था युरोपियन युनियनले उक्त निर्वाचनको पर्यवेक्षण गरी आयोग

समक्ष प्रतिवेदन दिएको थियो । युरोपियन युनियन निर्वाचन पर्यवेक्षण मिसन (EU/EOM ) बाट पेश भएको निर्वाचन पर्यवेक्षण प्रतिवेदन निर्वाचन आयोगसँग २४ अक्टोबर २०१७ मा भएको समझदारी पत्र (MOU) र सो समझदारी पत्रसाथ संलग्न Election Observation Code of Conduct का १२ वटा बुँदाहरू प्रतिकुल भएको र समझदारीपत्रको गम्भीर उल्लङ्घन गरी पर्यवेक्षणको सीमा बाहिर गई प्रतिवेदन पेश गरेको हुँदा उक्त निर्वाचन पर्यवेक्षण प्रतिवेदन आयोगले अस्वीकार गरेको थियो ।यस सम्बन्धमा आयोगबाट जारी गरिएको २०७४।१२।०८ गतेको प्रेस विज्ञप्ति **अनुसूची १८** मा समावेश गरिएको छ ।

- प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन शान्तिपूर्वक सम्पन्न भएकोमा संयुक्त राष्ट्र संघका महासचिवले बधाइ ज्ञापन गरेका थिए । संयुक्त राष्ट्र संघद्वारा जारी विज्ञप्तिमा जनाइए अनुसार निर्वाचन प्रक्रियाका आगामी चरणहरूमा समेत राजनीतिक दलहरूबाट यस्तै किसिमको भावना लिने कुरामा आशावादी रहेको कुरा व्यक्त भएको छ ।नेपालको संविधानले परिकल्पना गरेबमोजिम नेपालमा संघीयता कार्यान्वयनका लागि यी निर्वाचन ऐतिहासिक रहेको कुरा विज्ञप्तिमा उल्लेख गरिएको छ । नेपालमा समावेशी तथा प्रतिनिधि मुलक शासन व्यवस्थालाई सुदृढ बनाउन सरकार, राजनीतिक दलहरू तथा नागरिक समाजका नेतृत्वकर्तालाई संयुक्त राष्ट्र संघका महासचिवले प्रोत्साहन गर्दै यस्ता कार्यमा सहयोग गर्न संयुक्त राष्ट्र संघ तयार रहेको व्यहोरा समेत सो विज्ञप्तिमा रहेको छ ।
- प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन पर्यवेक्षण गरेको The Carter Center ले निर्वाचन पश्चात जारी गरेको प्रारम्भिक प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न अवरोधहरूका वावजुद संविधानमा उल्लेख भएको समय सीमा भित्रै निर्वाचन आयोग निर्वाचन सम्पन्न गर्न सफल भएको छ ।नयाँ संविधानको कार्यान्वयन गर्न तथा राजनीतिक सङ्क्रमण अन्त्य गर्न प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनले सकारात्मक भूमिका खेल्ने कुरा प्रतिवेदनमा उल्लेख भएको छ ।निर्वाचनका विभिन्न गतिविधिमा आएका केही अवरोधहरूका वावजुद आयोगले छोटो समयमा शान्तिपूर्वक र व्यवस्थित तवरमा निर्वाचन सम्पन्न गराएको, राजनीतिक दल तथा उम्मेदवारले निर्वाचन प्रचार प्रसार गर्न पाएको, निर्वाचनमा मतदाताको उल्लेखनीय सहभागिता रहेको लगायतका कुराहरू सो प्रतिवेदनमा उल्लेख गरिएको छ । यसका साथै निर्वाचनलाई अझ बढी व्यवस्थित रूपमा सञ्चालन गर्नका लागि आयोगलाई केही सुझावहरू पनि सो प्रतिवेदनमा रहेका छन् ।
- प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनको पर्यवेक्षण गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूको विवरण प्रविष्टि गर्न, रूजु गर्न तथा परिचय पत्र तयार गर्न निर्वाचन पर्यवेक्षण स्रोत केन्द्रको स्थापना गरिएको थियो । सो केन्द्रबाट तयार गरिएको परिचय पत्र आवेदक संस्थाबाट पेश गरिएको विवरणसँग पुनः रूजु गरी पर्यवेक्षण व्यवस्थापन एकाइबाट वितरणको व्यवस्था मिलाइएको थियो ।

- सार्क राष्ट्रका निर्वाचन ब्यबस्थापन निकायका प्रमुख तथा पदाधिकारीहरू एवं आयोगसँग समझदारी पत्रमा हस्ताक्षर गर्ने मुलुक तथा केही विशिष्ट निर्वाचन विज्ञहरूलाई निर्वाचनको पर्यवेक्षण गर्न आयोगबाट आमन्त्रण गरिएको थियो ।आयोगको निमन्त्रणा अनुसार ८ वटा मुलकका १८ जना बिशिष्ट बिदेशी अतिथिहरू दोस्रो चरणको प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनको पर्यवेक्षण गर्न आउनु भएको थियो । विदेशी अवलोकनकर्ताहरूको नामावली **अनुसूची १९** मा समावेश गरिएको छ ।आयोगले बिदेशी अतिथिहरूलाई प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनको पर्यवेक्षण गराउन मतदान पूर्व, मतदानको दिन तथा मतगणना कार्यको समेत कार्य तालिका निर्माण गरी अतिथिहरूलाई दुई समूहमा विभाजन गरेर काठमाण्डौ उपत्यका तथा काभ्रे जिल्लाका केही मतदान केन्द्रहरूको अवलोकन गराइएको थियो ।अतिथिहरूका साथ सम्पर्क अधिकृतको रूपमा आयोगका अधिकृतस्तरका १३ जना कर्मचारीहरू परिचालन गरिएको थियो ।
- प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनमा पर्यवेक्षण गरी अन्तिम प्रतिवेदन दिने पर्यवेक्षण संस्थाको सङ्ख्या जम्मा २४ रहेको छ।
- प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन पर्यवेक्षण निर्देशिका तथा आचार संहिता तर्जुमा गर्न आयोगको मिति २०७३।११।१७ को निर्णयानुसार निर्वाचन आयुक्त श्री नरेन्द्र दाहालको संयोजकत्वमा गठन भएको समितिलाई निरन्तरता दिईएको थियो। यसैगरी प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनको पर्यवेक्षणसम्बन्धी नीतिगत व्यवस्थाहरू, निर्देशन, समन्वय, नियन्त्रण तथा अनुगमन मुल्याङ्कन गर्न आयोगको मिति २०७४।०६।०१ को निर्णयानुसार निर्वाचन आयुक्त श्री नरेन्द्र दाहालको संयोजकत्वमा ६ सदस्यीय निर्वाचन पर्यवेक्षण समिति गठन भई सोही बमोजिम कार्य भएको थियो ।

### ३.५.३ राष्ट्रिय सभा सदस्य निर्वाचन पर्यवेक्षण

- राष्ट्रिय सभा सदस्य निर्वाचनको लागि प्रदेश नं २ मा सम्पूर्ण सदस्यहरू निर्विरोध निर्वाचित भएकोले सो बाहेक अन्य ६ वटा प्रदेशमा ७ वटा राष्ट्रिय संस्थाहरूले प्रत्येक प्रदेशमा २/२ जनाका दरले ८४ जना तथा नियोकको थप २ जना गरी जम्मा ८६ जना पर्यवेक्षकहरू परिचालन गरिएका थिए ।राष्ट्रिय सभा सदस्य निर्वाचनमा पर्यवेक्षण गर्ने संस्था र पर्यवेक्षकहरूको सङ्ख्यात्मक विवरण देहाय बमोजिमको तालिकामा रहेको छः

| क सं | संस्थाको नाम | पर्यवेक्षक सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १ | राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक) | १४ | |
| २ | अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) | १२ | |
| ३ | डेमोक्रेसी रिसोर्स सेन्टर | १२ | |

| | | | |
|---|---|---|---|
| ४ | शान्ति, न्याय र लोकतन्त्रका लागि समावेशी महिला सञ्जाल (संकल्प) | १२ | |
| ५ | निर्वाचन पर्यवेक्षण समिति नेपाल (इयोक) | १२ | |
| ६ | आम निर्वाचन पर्यवेक्षण समिति नेपाल (जियोक) | १२ | |
| ७ | हाम्रो निर्वाचन नेपाल | १२ | |
| **जम्मा** | | **८६** | |

### ३.५.४ राष्ट्रपति पदको निर्वाचन पर्यवेक्षण

राष्ट्रपति पदको निर्वाचनमा आयोगका साझेदार संस्थालाई मतदानको दिन अवलोकन गर्न आयोगबाट अनुमति तथा अवलोकन परिचय पत्र प्रदान गरिएको थियो । यसैगरी १ वटा राष्ट्रिय संस्थाले सो निर्वाचनको पर्यवेक्षण गरेको थियो । पर्यवेक्षण र अवलोकन गर्ने संस्थाहरूको विवरण देहाय बमोजिम तालिकामा रहेको छः

| क सं | संस्थाको नाम | पद | पर्यवेक्षकको नाम | पर्यवेक्षण क्षेत्र |
|---|---|---|---|---|
| १ | अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) | अध्यक्ष | श्री सुवोधराज प्याकुरेल | अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँ बानेश्वर |
| २ | | उपाध्यक्ष | श्री विमलराज उपाध्याय | |
| ३ | | कार्यक्रम अधिकृत | श्री रमेशप्रसाद तिमिल्सना | |

| क सं | संस्थाको नाम | पद | अवलोकनकर्ताको नाम | अवलोकन क्षेत्र |
|---|---|---|---|---|
| १ | IFES Nepal | Country Director | Mr. Ian Smith | अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँ बानेश्वर |
| २ | | Deputy Country Director | Ms. Radhika Regmi | |

## ३.६ निर्वाचन समीक्षा

२०७४ सालमा सम्पन्न स्थानीय तह, प्रतिनिधि सभा सदस्य, प्रदेश सभा सदस्य, राष्ट्रिय सभा सदस्य, राष्ट्रपति तथा उपराष्ट्रपति पदको निर्वाचनको समीक्षा गोष्ठी प्रदेश नं ३ बाहेकका ६ वटा प्रदेशमा २०७५ साल असार ६ र ७ गते तथा प्रदेश नं ३ मा असार १३ र १४ गते सञ्चालन गरिएको थियो । उक्त समीक्षामा आयोगका पदाधिकारीहरू, सचिव, सहसचिव, अधिकृतस्तरका कर्मचारी, ७७ वटै जिल्लाका क्षेत्रीय/जिल्ला निर्वाचन अधिकारीहरू, प्रदेश सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलका प्रदेशसभाका सदस्यहरू, सबै चरणको निर्वाचनमा मुख्य निर्वाचन अधिकृतको जिम्मेवारी सम्हाल्नु भएका माननीय जिल्ला न्यायाधीशहरू, पर्यवेक्षण संस्थाका प्रतिनिधिहरू, सञ्चारकर्मीहरू, प्रमुख जिल्ला अधिकारी, जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरू, कार्यक्रम सञ्चालन भएको स्थानका स्थानीय तहका प्रमुख तथा उपप्रमुखहरू लगायतको सहभागिता भएको थियो । उक्त समीक्षा गोष्ठीमा सबै तहका निर्वाचनहरूलाई स्वच्छ र स्वतन्त्र ढङ्गले सम्पन्न

गर्न निर्वाचन आयोग, मुख्य निर्वाचन अधिकृत तथा सरोकारवालाहरूले पुऱ्याएको सहयोग लगायत समग्र पक्ष तथा कार्यक्रमहरूको समीक्षा गरिएको थियो । यस समीक्षाका सहभागीहरू, आयोगबाट गरिएका प्रस्तुतीकरणका विषयहरू, सहभागीहरूलाई सोधिने प्रश्नावलीको विवरण तथा कार्य सञ्चालनका कार्याविधि लगायतका विषयहरू विगतको निर्वाचन समीक्षा भन्दा फरक रहेको थियो । १८ वटा विषयमा तयार गरिएको प्रश्नावली सहभागीलाई वितरण गरेर उत्तर सङ्कलन गरी सोको आधारमा समीक्षा/मूल्याङ्कन समेत गरिएको थियो। समीक्षा कार्यक्रम सम्पन्न भए पश्चात सात वटै क्लष्टरका सहभागीहरूको कार्य अनुभव तथा धारणालाई समेटेर एकीकृत निर्वाचन समीक्षा प्रतिवेदन पुस्तक तयार गरिएको छ ।

परिच्छेद ४

# मतदाता नामावली र मतदाता परिचयपत्र

आयोगको दोस्रो पञ्चवर्षीय रणनीतिक योजना, २०७१÷२०७२–०७५÷०७६ मा सबै योग्य मतदाताको नाम दर्ता निरन्तर रूपमा हुने कुरा सुनिश्चित गर्ने विषय पनि एक प्रमुख रणनीतिको रूपमा रहेको छ । रणनीतिक योजनामा नागरिकको पहुँच योग्य हुनेगरी मतदाता दर्ता (निरन्तर, घुम्ती शिविर, विशेष) कार्यक्रम सञ्चालन गर्ने, मतदाता नामावली अद्यावधिक गर्ने, मतदाता नामावलीसम्बन्धी विवरण एकीकरण गर्ने, दोहोरो (Duplication) हटाउने र छुट्टाई (Segregation गरी) सम्बन्धित जिल्लामा पठाउने, मतदाता परिचय पत्र वितरण गर्ने, मतदाता दर्ताको कार्य अनलाईन मार्फत गर्ने सम्बन्धमा आवश्यक अध्ययन गर्ने (विदेशमा रहेका समेत), मतदाता दर्ता सम्बन्धी निर्देशिका तयार गर्ने, मतदाता दर्ता (निरन्तर, घुम्ती शिविर, विशेष, अस्थायी मतदाता नामावली) कार्यक्रम सञ्चालन गर्न एकीकृत मापदण्ड तयार गर्ने, निर्वाचनसम्बन्धी मोवाइल एप्लिकेशन (Mobile Apps) को विकास गर्ने जस्ता क्रियाकलापहरू समावेश भएका छन् । यस अनुरूप मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्ने कार्यविधि तयार गरी मतदातासम्बन्धी विवरण सङ्कलनको कार्य क्षेत्रीय÷जिल्ला निर्वाचन कार्यालय, जिल्ला प्रशासन कार्यालय र तोकिएका इलाका प्रशासन कार्यालयहरू र एकिकृत घुम्ति शिविर नियमित रूपमा सञ्चालन भइरहेको छ । प्रतिवेदन वर्षमा मतदाता नामावली सम्बन्धमा भएका मुख्य मुख्य कार्यहरू देहाय अनुसार रहेका छन् ।

## ४.१ संवैधानिक तथा कानूनी व्यवस्था

नेपालको संविधान, २०७२ को भाग २४ को धारा २४६ मा राष्ट्रपति, उपराष्ट्रपति, सङ्घीय संसदका सदस्य, प्रदेश सभाका सदस्य, स्थानीय तहका सदस्यको निर्वाचन तथा जनमत सङ्ग्रह समेतको लागि मतदाता नामावली तयार गर्ने जिम्मेवारी निर्वाचन आयोगलाई तोकिएको छ । त्यस्तै निर्वाचन आयोग ऐन, २०७३ को दफा ११(ख) बमोजिम मतदाताको पहिचानको लागि आवश्यक व्यवस्था मिलाउने काम निर्वाचन आयोगले गर्नु पर्ने व्यवस्था छ । मतदाता नामावली ऐन, २०७३ ले संविधान तथा सङ्घीय कानून बमोजिम हुने निर्वाचनको लागि मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्ने विधि र प्रक्रियाको व्यवस्था गरेको छ । संविधान एवं कानून बमोजिम हुने उल्लिखित निर्वाचनहरूको लागि आवश्यक पर्ने मतदाता नामावली निर्वाचन आयोगले तयार गर्दछ ।

कानुनी व्यवस्थालाई कार्यान्वयन गर्न आयोगले तयार गरेको प्रथम रणनीतिक योजना २०६५/६६-२०७०/७१ तथा दोस्रो रणनीतिक योजना २०७१/७२-२०७५/७६ ले पनि शुद्ध

र प्रविधिमैत्री मतदाता नामावली तयार गर्न प्राथमिकता दिएको छ । दोस्रो रणनीतिक योजना २०७१/७२-२०७५/७६ को स्तम्भ ३ मा मतदाता दर्ता र निर्वाचन प्रविधि अन्तरगत सबै योग्य मतदाताको नाम दर्ता निरन्तर रूपमा हुने कुरा सुनिश्चित गर्ने ७ वटा लक्ष्यहरू तोकिएको छ ।

## ४.२ कार्यगत व्यवस्था

आयोगलाई तोकिएको जिम्मेवारीलाई चुस्त र प्रभावकारी रूपमा सम्पादन गर्न आयोगको सचिवालय अन्तर्गत विभिन्न महाशाखा, शाखा एवं जिल्लाहरूमा क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयहरूको संगठनात्मक संरचना स्थापना गरिएका छन् । सोहि संरचना अनुसार निर्वाचन सञ्चालन तथा व्यवस्थापन महाशाखा अन्तर्गत रहेको मतदाता नामावली शाखाबाट आयोगलाई संविधानतः तोकिएको मतदाता नामावली तयार गर्ने कार्य सम्पादन हुँदै आएको छ । उक्त शाखाबाट आयोगले स्वीकृत गरेको मतदाता नामावली सम्बन्धी नीति, नियम, कार्यविधि, कार्यक्रम, बजेट तर्जुमा र सो को कार्यान्वयन तथा स्थानीय स्तरमा समन्वयात्मक कार्यको जिम्मेवारी समेत बहन हुँदै आएको छ ।

आयोगको मतदाता नामावली सम्बन्धी कार्य निर्वाचनका ३ वटै चक्रहरूमा र निरन्तर रूपमा हुने गर्दछ । निर्वाचन हुनु पहिले मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्नु पर्दछ । निर्वाचनको अवधिमा अन्तिम मतदाता नामावली प्रकाशन एवं छपाई गरी मतदान केन्द्रसम्म पुर्‍याउने र मतदानमा सोको प्रयोग गर्नेसम्मका कार्यहरू पर्दछन्। निर्वाचन समाप्त भए पश्चात् मतदाता नामावली सम्बन्धी समस्याको पहिचान र समाधानका उपायहरू सहित नीतितर्जुमा एवं परिमार्जन गर्ने, नयाँ तथा छुट मतदाताहरूको नाम दर्ता र त्रुटी सच्याउने, ठेगाना सार्ने र हटाउने कामहरू पर्दछन् ।

यी बृहत कामहरू सम्पादन गर्ने क्रममा आयोगबाट मतदाता नामावलीलाई शुद्ध बनाउन प्रविधिमा आधारित फोटोसहितको मतदाता नामावली दर्ता कार्य वि.सं. २०६७ देखि शुरू गरिएको हो । मतदाता नामावलीलाई वस्तुगत र वैध बनाउन नेपाली नागरिकताको प्रमाणपत्र सहित मतदाता स्वयं दर्तास्थलमा उपस्थित भई निजको औँठाछाप लिने र फोटो खिच्ने व्यवस्था छ ।

यसरी विभिन्न समयमा विभिन्न कार्यक्रमबाट सङ्कलित मतदाता नामावलीलाई आयोगले तोकेको समयमा अद्यावधिक (दाबी बिरोध) गर्ने समेतको कानूनी प्रक्रिया पुरा गरी विभिन्न निर्वाचनहरूका लागि अन्तिम मतदाता नामावली तयार गरी प्रयोग गर्ने गरिएको छ ।

## ४.३ मतदाता नामावली सम्बन्धी कार्यहरू

### ४.३.१ स्थानीय तह निर्वाचन, २०७४ तेस्रो चरणमा सम्पादन भएका कार्यहरू

#### ४.३.१.१ मतदाता नामावली पुनः छपाई तथा बाईण्डिङ

स्थानीय तह निर्वाचनको लागि आयोगले मिति २०७३ फागुन ९ गतेलाई Cut off Date तोकिसकेपछि सोही मितिसम्ममा १८ वर्ष पूरा भएका मतदाताहरूको अन्तिम मतदाता नामावली छपाइ गरी पठाइएको थियो । नेपाल सरकारबाट शुरूमा एकै चरणमा निर्वाचन सम्पन्न गर्ने गरी घोषणा गरेता पनि स्थानीय तहको निर्वाचन चरणगत रूपमा गर्नेगरी तेस्रो चरणमा प्रदेश नम्बर २ को लागि २०७४ असोज २ गते निर्वाचन मिति तोकियो । यसैगरी २६,६४,९५० जना मतदाता रहेको प्रदेश नं. २ को ८ जिल्लाका १२७ स्थानीय तहहरूलाई नेपाल सरकारबाट पुन स्थानीय तहको सङ्ख्या बृद्धि गरी १३६ पुऱ्याइएको थियो । यसो गर्दा १२७ स्थानीय तह हुँदा तयार गरिएको अन्तिम मतदाता नामावलीलाई पुन १३६ स्थानीय तहका वडाहरूको आधारमा तयार गर्नुपरेको थियो । यसको साथै साउन भदौ महिनामा तराईमा भएको भारी वर्षाबाट डुबानमा परी तेस्रो चरणमा निर्वाचन हुने ८ जिल्लामा पठाईएको मतदाता नामावली पानीले भिजेर काम नलाग्ने भएकोले पुन: प्रदेश २ का सबै स्थानीय तहको मतदाता नामावली ६ प्रति प्रिन्टिङ तथा बाईण्डिङ गरी पठाइएको थियो ।

#### ४.३.१.२. मतदाता परिचयपत्र छपाई

नेपाल सकारको निर्णय बमोजिम प्रदेश नं. २ को स्थानीय तहको सङ्ख्या र संरचनामा भएको परिवर्तनबाट मतदाता परिचयपत्र पुनः छपाइ गर्नुपरेको थियो । यसरी छपाई भई आयोगमा प्राप्त भएको परिचयपत्रलाई सम्बन्धित मतदाताको हातसम्म पुऱ्याउन मतदान हुनु भन्दा ३ दिन अगाडि सम्बन्धित मतदानकेन्द्रबाटै वितरण गर्ने गरी सोको मापदण्ड र बजेटको मार्गदर्शन आयोगबाट स्वीकृत गराई सोही मापदण्डको आधारमा वितरण गरिएकोले करिब ८० प्रतिशत मतदाताहरूले मतदाता परिचयपत्र प्राप्त गरेको विवरण अभिलेखबाट देखिएको छ ।

#### ४.३.१.३ मतदाता नामावली सम्बन्धी अन्य कार्यहरू

##### ४.३.१.३.१ गुनासो व्यवस्थापन

स्थानीय तह निर्वाचनको लागि प्रकाशित अन्तिम मतदाता नामावलीमा नाम भए-नभएको, नामावलीमा नाम समावेश नभएको भए सोको कारण लगायतका विषयमा सम्बन्धित मतदाता एवं सरोकारवालाहरूको जिज्ञासा सम्बोधन गरिएको थियो ।

### ४.३.१.३.२ मतदाता परिचयपत्रको भरपाई छपाई

स्थानीय तहको निर्वाचनमा वितरण गरिने मतदाता परिचयपत्र सम्बन्धित मतदातालाई बुझाउँन आवश्यक पर्ने भरपाई समेत छपाई तथा रूजु गरी सम्बन्धित जिल्लामा पठाइएको थियो ।

### ४.३.२ प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनको क्रममा सम्पादन भएका कार्यहरू

### ४.३.२.१ मतदाता नामावली सङ्कलन तथा अद्यावधिक (बिशेष) कार्यक्रम:

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्यको निर्वाचन तयारीको क्रममा वालिग मताधिकारको लागि योग्यता पुगेका सबैलाई मतदाता नामावलीमा नाम दर्ता गर्ने अवसर उपलब्ध गराउने उद्धेश्यले २०७४ श्रावण १ गतेदेखि ७५ वटै क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयहरूमा मतदाता दर्ता तथा सङ्कलन कार्यक्रम संचालन गरियो । पछि आयोगबाट यस कार्यक्रमलाई सबै स्थानीय तहहरूमा समेत विस्तार गर्ने नीतिगत निर्णय भएपछि मिति २०७४ श्रावण १६ गतेदेखि भाद्र ३ गतेसम्म जिल्ला सदरमुकाम बाहेकका ६६९ वटा स्थानीय तहहरूमा समेत मतदाता नामावली दर्ता तथा सङ्कलन कार्यक्रम सञ्चालन गरियो । सदरमुकाम रहेका स्थानीय तहहरूमा भने सम्बन्धित निर्वाचन कार्यालयहरूबाटै सो काम सञ्चालन गरिएको थियो। यस कार्यक्रममा बाह्य जिल्ला दर्ता (ODR) को सुविधा दिई मतदातालाई नाम दर्ता गर्ने अवसर उपलब्ध गराईएको थियो। यस विशेष मतदाता संकलन तथा अद्यावधिक कार्यक्रममा जम्मा १५,०४,२१४ जनाले मतदाता नामावलीमा नाम दर्ता गराएका थिए।

### ४.३.२.२ मतदाता नामावली अद्यावधिक (दाबी बिरोध कार्यक्रम)

नेपाल सरकारबाट प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन २०७४ मङ्सिर १० गते एकै चरणमा सम्पन्न गर्नेगरी २०७४ भाद्र ५ गते मिति घोषणा भयो । तत् पश्चात आयोगबाट २०७४ भाद्र ३ गतेसम्ममा मतदाता नामावलीमा नाम दर्ता भई २०७४ भाद्र ५ गते सम्ममा १८ वर्ष उमेर पूरा भएका मतदाता रहने गरी Cut Off Date निर्धारण गरिएकोले सोही बमोजिम कायम हुन आएको नामावली उपर मिति २०७४ भाद्र १३ देखि भाद्र १७ गतेसम्म दाबी बिरोध लगायतको कानूनी प्रक्रिया पूरा गर्न अद्यावधिक कार्यक्रम सञ्चालन गरी मतदाता नामावलीलाई अन्तिम रूप प्रदान गरिएको थियो । जस अन्तर्गत मतदाता नामावलीमा भएको त्रुटी सच्याउन, बसाईसराई वा विवाहको कारण नामावली सार्न, मृत्यु भएकाहरूको नाम हटाउने समेत कानून बमोजिम अद्यावधिक कार्यक्रम संचालन गरिएको थियो ।

### ४.३.२.३ मतदाता नामावली छपाई तथा बाईण्डिङ

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनको लागि आयोगले मिति २०७४ भाद्र ५ गतेलाई Cut off Date तोकिसकेपछि सो मितिसम्म १८ वर्ष पूरा भएका मतदाताहरूको नामावली छुट्याउने कार्य भएको थियो ।नयाँ स्थानीय तहगत संरचना र मतदानस्थल बमोजिम नामावलीलाई प्लटिङ गरी तयार गरिएको नामावलीलाई आयोगले मिति २०७४ असोज १७ गते अन्तिम मतदाता नामावलीको रूपमा स्वीकृत गरेको थियो । प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनको लागि ७६,५१,१४३ जना महिला, ७७,७६,६२८ जना पुरूष र १६७ जना तेस्रो लिंगी गरी जम्मा १,५४,२७,९३८ जना मतदाताहरूको नाम अन्तिम मतदाता नामावलीमा समावेश गरी प्रकाशन गरिएको थियो । प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन प्रयोजनार्थ मिति २०७४/६/२० देखि २०७४/७/१४ सम्म सबै जिल्लाहरूको मतदाता नामावली ६ प्रतिका दरले छपाई तथा बाईण्डिङ गरी सम्बन्धित जिल्लाहरूमा पठाईएको थियो।

### ४.३.२.४ मतदाता परिचयपत्र छपाई एवं वितरण

स्थानीय तहको निर्वाचनमा मतदाता नामावली ऐन, २०७३ को दफा २७ ले गरेको व्यवस्था अनुसार आयोगले १,४०,५४,४८२ मतदाताहरूको लागि फोटोसहितको परिचयपत्र छपाई गरी वितरण गर्ने व्यवस्था गरिएको थियो । प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्यको निर्वाचनको लागि २०७४ भाद्र ३ गतेसम्म थप भएका नयाँ मतदाताहरू तथा विवरण सच्याउन, ठेगाना सार्न निवेदन दिई दाबी विरोधको कार्यक्रम पछि अद्यावधिक गरिएका समेत जम्मा २१,७०,९७० जना मतदाताको मात्र मतदाता परिचयपत्र छपाई गरिएको थियो ।

यसरी थप छपाई भएका र स्थानीय तहको निर्वाचनमा वितरण गर्न बाँकी रहेको मतदाता परिचयपत्रलाई सम्बन्धित मतदाताको हातसम्म पुऱ्याउन मतदान हुन भन्दा ३ दिन अगाडि सम्बन्धित मतदानकेन्द्रबाटै वितरण गर्ने गरी सोको मार्गदर्शन आयोगबाट स्वीकृत गराई वितरणको व्यवस्था गरिएको थियो।

आयोगको मिति २०७४/६/४ को निर्णयानुसार निर्वाचन आयुक्त श्री इला शर्माको संयोजकत्वमा ८ सदस्यीय मतदाता परिचयपत्र तयारी तथा व्यवस्थापन समिति गठन भएको थियो । उक्त समितिले मतदाता परिचयपत्रको तयारी, वितरणसम्बन्धी कार्यविधि र मापदण्ड बनाई सम्बन्धित मतदाताले मतदानकेन्द्रबाटै परिचयपत्र प्राप्त गर्नसक्ने गरी आवश्यक व्यवस्था गरेको थियो । साथै, आयोगबाट अन्तिम मतदाता नामावली स्वीकृत भएपछि देशभरको मतदाता नामावलीको

छपाई, रूजु, प्याकिङ तथा बाइण्डिङ सम्बन्धी योजना तर्जुमा तथा सोको कार्यान्वयन गरी आयोगले तोकेको समयसीमा भित्र सम्बन्धित जिल्लामा पठाउने व्यवस्था समेत मिलाइएको थियो।

### ४.३.२.५ मतदाता नामावली सम्बन्धी अन्य कार्यहरू

#### ४.३.२.५.१ गुनासो व्यवस्थापन

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्यको निर्वाचनको समयमा सो निर्वाचनका लागि प्रकाशित अन्तिम मतदाता नामावलीमा नाम भए नभएको, नाम समावेश नभएको भए सोको कारण लगायतका विषयमा सम्बन्धित सरोकारवालाहरूको जिज्ञासा तत्काल सम्बोधन गर्ने व्यवस्था गरिएको थियो ।

#### ४.३.२.५.२ मतदाता परिचयपत्रको भरपाई छपाई

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्यको निर्वाचनमा वितरण गरिने मतदाता परिचयपत्र सम्बन्धित मतदातालाई बुझाउन आवश्यक पर्ने भरपाई समेत छपाई तथा रूजु गरी सम्बन्धित जिल्ला हुँदै मतदान केन्द्र सम्म पठाउने कार्य गरिएको थियो ।

#### ४.३.२.५.३ अस्थायी मतदाता नामावली

आयोगको मिति २०७४/६/३ को निर्णयानुसार निर्वाचन आयुक्त श्री इला शर्माको संयोजकत्वमा ९ सदस्यीय अस्थायी मतदाता नामावली तयारी निर्देशन तथा समन्वय समिति गठन भएको थियो। उक्त समितिले समानुपातिक निर्वाचन प्रणाली तर्फ मतदान गर्ने प्रयोजनका लागि अस्थायी मतदाता नामावली सम्बन्धी नियमावली संशोधनको लागि आवश्यक मस्यौदा तयार गर्ने काम गरेको थियो । तर प्रदेश सभा तथा प्रतिनिधि सभा सदस्य निर्वाचनको मतदान दुइ चरणमा भएको तथा दुवै थरी निर्वाचनको मतपत्र एउटै भएको जस्ता विविध कारणले अस्थायी मतदातालाई मताधिकार प्रदान गर्न व्यवस्थापकीय कठिनता देखी कार्यान्वयन हुन सकेन ।

### ४.३.३ राष्ट्रिय सभा सदस्यको निर्वाचनको लागि फोटोसहितको मतदाता नामावली

२०७४ माघ २४ गते सम्पन्न भएको राष्ट्रियसभा सदस्यको निर्वाचनको लागि २०५६ जना निर्वाचक मण्डलको फोटोसहितको मतदाता नामावली प्रदेशगत रूपमा तयार गरिएको थियो । यो निर्वाचनको लागि प्रदेशगत रूपमा देहाय बमोजिम प्रदेश सभा सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख रहने निर्वाचक मण्डलको नाम मतदाता नामावलीमा समावेश गरी प्रकाशन गरिएको थियो ।

| प्रदेश नं. | गा.पा. र न. पा.का निर्वाचक मण्डलको सङ्ख्या | प्रदेश सभाको निर्वाचक मण्डलको सङ्ख्या | जम्मा निर्वाचक मण्डलको सङ्ख्या |
|---|---|---|---|
| १ | २७४ | ९३ | ३६७ |
| २ | २७२ | १०७ | ३७९ |
| ३ | २३८ | ११० | ३४८ |
| ४ | १७० | ६० | २३० |
| ५ | २१८ | ८७ | ३०५ |
| ६ | १५८ | ४० | १९८ |
| ७ | १७६ | ५३ | २२९ |
| **जम्मा** | **१५०६** | **५५०** | **२०५६** |

### ४.३.४ राष्ट्रपति र उपराष्ट्रपति निर्वाचनको लागि फोटोसहितको मतदाता नामावली तयार

२०७४ फागुन २९ गते र २०७४ चैत्र ९ गते भएको राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचनको लागि मतदाता नामावली तयार गर्न राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी नियमावली, २०७४ को नियम ५ (पाँच) बमोजिम सङ्घीय संसद सचिवालय र सातवटै प्रदेशस्थित प्रदेश सभा सचिवालयबाट सदस्यहरूको नामावली माग गरिएको थियो । सङ्घीय संसद सचिवालयबाट प्रतिनिधि सभाका २७५ जना र राष्ट्रिय सभामा विभिन्न प्रदेशबाट निर्वाचित ५६ जना गरी ३३१ सदस्यको नामावली प्राप्त भएको थियो । प्रदेश सभा सदस्यतर्फ सातवटै प्रदेशका प्रदेश सभामा निर्वाचित कुल ५५० सदस्यमध्ये प्रदेश नं. ४ को मनाङ जिल्लाबाट निर्वाचित सदस्य राजीव गुरूङ बाहेक ५४९ जना सदस्यको नामावली प्राप्त भएको थियो । प्राप्त नामावली र आयोगमा रहेको मतदाताको डाटावेसको आधारमा मतदाताको नाम थर, मतदाता नम्बर, स्थायी ठेगाना, निर्वाचित भएको पद, पिता/पति/आमाको नाम, ना.प्र.प. नम्बर आदि विवरण र मतदाताको फोटो सहितको नामावली तयार गरी निर्वाचन अधिकृतको कार्यालयमा पठाइएको थियो । उक्त नामावली निर्वाचन आयोगको वेव साइटमा समेत प्रकाशन गरिएको थियो ।

### ४.३.५ मतदाता नामावली दर्ता तथा अद्यावधिक सम्बन्धी कार्यक्रम

सबै तह निर्वाचन सम्पन्न भए पश्चात आयोगले २०७५ बैशाख १ गतेदेखि २०७५ असार मसान्तसम्म ७७ वटै निर्वाचन कार्यालयहरूमा मतदाता दर्ता तथा अद्यावधिक (सच्याउने, सार्ने र हटाउने) गर्न निवेदन लिने कार्यक्रमलाई निरन्तर रूपमा संचालन गरिएको थियो । सो बमोजिम २०७५ वैशाख, जेष्ठ र असार महिनामा सञ्चालित सो कार्यक्रमबाट ७,११८ जना महिला र

१०,९२० जना पुरूष गरी जम्मा १८,०३८ जना मतदाताहरूको नाम दर्ता गरिएको छ । त्यसैगरी सो अवधिमा ६७६ वटा ठाउँसारी, १००७ वटा सच्याउने र ७१ वटा हटाउने गरी जम्मा १७५४ वटा निवेदन लिई अद्यावधिकको कारबाही गरिएको थियो । २०७५ वैशाखदेखि असार मसान्तसम्म मतदाता नामावलीमा दर्ता गरिएको जिल्लागत सङ्ख्यात्मक विवरण **अनुसूची २०** मा समावेश गरिएको छ ।

परिच्छेद ५

# निर्वाचन शिक्षा, सूचना तथा तालिम

निर्वाचन आयोगले आफूलाई प्राप्त संवैधानिक दायित्व अनुरूप प्रतिवेदन वर्षमा स्थानीय तह निर्वाचन, प्रदेश सभा सदस्य, संघीय संसदका सदस्य र राष्ट्रपति तथा उपराष्ट्रपति पदको निर्वाचन सफलतापूर्वक सम्पन्न गरेको छ । निर्वाचन व्यवस्थापन र सञ्चालनका लागि आयोगदेखि मतदान केन्द्रसम्म विभिन्न किसिम र तहका जनशक्ति परिचालित भएका थिए। निर्वाचनको निष्पक्षता, विश्वसनीयता तथा दक्षता त्यसको व्यवस्थापनमा संलग्न जनशक्तिको दक्षता, क्षमता र तटस्थतामा निर्भर रहन्छ । निर्वाचन सञ्चालन तथा व्यवस्थापनका प्रक्रियागत पक्षहरूको जानकारी गराई त्यसको सफल कार्यान्वयनका लागि दक्ष र सक्षम बनाउने उद्देश्यका साथ आयोगले केन्द्रदेखि मतदान केन्द्रसम्म परिचालन भएका विभिन्न तह र श्रेणीका सरकारी कर्मचारी, सुरक्षा अधिकारी एवं निर्वाचन शिक्षा कार्यकर्ता र मतदाता शिक्षा स्वयंसेवक तथा निर्वाचनका सरोकारवालाहरूका लागि विभिन्नस्तरमा विभिन्न किसिमका तालिम कार्यक्रमहरू सञ्चालन गरेको थियो । आयोगबाट स्वीकृत निर्वाचन तालिम कार्यक्रम अनुसार निर्वाचनमा संलग्न हुने जनशक्ति तथा सरोकारवालाहरू समेत गरी २ लाख पचास हजार भन्दा बढी सङ्ख्यालाई तहगत रूपमा विषयगत प्रशिक्षण/तालिम/गोष्ठी/अन्तरक्रिया/कार्यशाला आदिको माध्यमबाट क्षमता विकास गर्ने कार्य भएको थियो । ऐतिहासिक सफलताका साथ स्वच्छ, निष्पक्ष एवं विश्वसनीय रूपमा सम्पूर्ण निर्वाचन सम्पन्न हुनु तालिम कार्यक्रमको सबैभन्दा महत्वपूर्ण उपलब्धि रहेको छ । प्रतिवेदन वर्षमा निर्वाचन/मतदाता शिक्षा तथा तालिम सम्बन्धमा भएका कार्यहरू देहाय अनुसार रहेका छन्ः

## ५.१ तालिम

### ५.१.१ नीतिगत व्यवस्था

निर्वाचन आयोगमा तालिम तथा क्षमता विकाससम्बन्धी कार्यक्रमलाई व्यवस्थित गर्न यससम्बन्धी नीतिको आवश्यकता अनुरूप विभिन्न निर्वाचनसम्बन्धी तालिम नीतिलाई स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको थियो । आयोगको तालिम नीतिमा तालिमका माध्यमबाट स्वतन्त्र, निष्पक्ष र विश्वसनीय निर्वाचन व्यवस्थापनमा टेवा पुर्‍याउने निर्वाचन आयोग र अन्तर्गत कार्यरत जनशक्तिको निर्वाचनसम्बन्धी ज्ञान, सीप र क्षमता अभिबृद्धि गर्ने तथा निर्वाचनका मुख्य सरोकारवालासँग सम्बद्ध जनशक्तिको निर्वाचनसम्बन्धी क्षमता विकास गर्ने उद्देश्यहरू रहेका थिए।

### ५.१.२ कानूनी व्यवस्था

निर्वाचनको अवधिमा सञ्चालन हुने तालिमसम्बन्धी कार्यक्रमहरूलाई मार्गदर्शन तथा व्यवस्थित गर्न आयोगबाट तालिम व्यवस्थापन तथा सञ्चालन निर्देशिका स्वीकृत भई कार्यान्वयन भएको थियो । उक्त निर्देशिकाले तालिम कार्यक्रमहरू, सञ्चालन गर्ने संरचना, प्रशिक्षक छनौटका आधारहरूलाई व्यवस्थित र निर्देशित गरेको थियो ।

### ५.१.३ संस्थागत व्यवस्था

आयोगमा तालिमसम्बन्धी कार्यक्रम सञ्चालन तथा व्यवस्थापनका लागि निर्वाचन शिक्षा, तालिम तथा वैदेशिक सम्बन्ध महाशाखा अन्तर्गत निर्वाचन शिक्षा, सूचना तथा तालिम शाखा रहेको छ। उक्त शाखाबाट तालिम कार्यक्रमहरूको योजना तर्जुमा, तयारी, समन्वय, सञ्चालन तथा व्यवस्थापन हुने गर्दछ । जिल्ला तथा स्थानीयस्तरमा सञ्चालन हुने तालिम कार्यक्रमहरू क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयहरूबाट सञ्चालन तथा व्यवस्थापन हुने गर्दछ। विभिन्न निर्वाचनसम्बन्धी तालिम कार्यक्रमहरूलाई निर्देशित गर्न तथा त्यसको सञ्चालन तथा व्यवस्थापन कार्यलाई सहज तुल्याउन तालिम व्यवस्थापन तथा सञ्चालन निर्देशिकामा तालिम व्यवस्थापन तथा सञ्चालन संरचनाको व्यवस्था गरिएको थियो । जस अनुसार आयोगको २०७४।५।२८ को निर्णयानुसार निर्वाचन आयुक्त श्री इला शर्माको संयोजकत्वमा ८ सदस्यीय निर्वाचन तालिम समिति र सो समितिको कार्यमा सहयोग गर्नका लागि निर्वाचन शिक्षा, तालिम तथा वैदेशिक सम्बन्ध महाशाखा प्रमुखको संयोजकत्वमा तालिम सञ्चालन तथा व्यवस्थापन एकाई तथा जिल्लास्तरमा जिल्ला तालिम समन्वय समितिको व्यवस्था गरिएको थियो । यसबाहेक यस निर्वाचन व्यवस्थापनका सिलसिलामा तालिमसम्बन्धी कार्यक्रम व्यवस्थापनमा आयोगका सहयोगी संस्थाहरू समेत संलग्न भएका थिए । तालिम व्यवस्थापन तथा सञ्चालन संरचना **अनुसूची २१** मा उल्लेख गरिएको छ ।

### ५.१.४. तालिम सञ्चालन पद्धति

निर्वाचनमा सञ्चालित प्रशिक्षण/तालिम कार्यक्रमहरू अधिकाधिक सहभागी केन्द्रित विधि र पद्धतिको आधारमा भएका थिए । यसरी सहभागितामूलक विधिको आधारमा तालिम कार्यक्रमलाई सञ्चालन गर्दा वयष्क सिकाई पद्धतिको सिद्धान्तलाई अवलम्बन गरी विषय केन्द्रित स्रोत पुस्तिकाहरू तर्जुमा गरी प्रयोगमा ल्याइएको थियो। साथै सबै किसिमका तालिमलाई तहगत (Cascade) विधिका आधारमा सञ्चालन गर्ने र त्यस प्रक्रियामा संलग्न हुने प्रशिक्षक/सहजकर्ताहरूलाई प्रशिक्षक—प्रशिक्षण कार्यक्रममा संलग्न गराई सोको आधारमा तालिम सञ्चालन गर्ने ब्यवस्था मिलाइएको थियो।

तालिम कार्यक्रमलाई प्रभावकारी बनाउन तालिमको विषयक्षेत्रका आधारमा विभिन्न विषयका विज्ञ, नेपाल सरकारका विभिन्न मन्त्रालय तथा निकायका कर्मचारीहरूलाई पनि प्रशिक्षकको रूपमा खटाइएको थियो ।

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७४ को सञ्चालन एवं व्यवस्थापनमा संलग्न भएका जनशक्ति तथा सरोकारवालाहरूका लागि विभिन्न विषय क्षेत्रमा सञ्चालन गरिएका तहगत तालिम कार्यक्रमको विवरण **अनुसूची २२** मा उल्लेख गरिएको छ । प्रशिक्षण कार्यक्रमहरू देहाय बमोजिमको चरणमा सञ्चालन गरिएको थियो :-




## ५.१.५ तालिम कार्यक्रम

निर्वाचनको सन्दर्भमा आयोगले निर्वाचनमा संलग्न हुने कर्मचारी, सुरक्षाकर्मी तथा सरोकारवालाका लागि निर्वाचन प्रक्रिया सम्बन्धमा प्रशिक्षण प्रदान गर्नका लागि आयोगबाट तालिम कार्यक्रम स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको थियो । तालिम निर्देशिकाको अधीनमा रही तर्जुमा भएका निर्वाचन तालिम कार्यक्रममा- सञ्चालन गर्नुपर्ने तालिम कार्यक्रमहरूको विवरण, तालिमका विषयवस्तु, सहभागीको विवरण, समयावधि, मापदण्ड तथा तालिम कार्यक्रमका लागि लाग्ने लागत अनुमान समेत समेटिएका थिए । स्वीकृत सम्पूर्ण विषयगत तालिम कार्यक्रमहरू यथासमयमै सञ्चालन भएका थिए । विषयगत तालिम कार्यक्रमहरूको विस्तृत विवरण देहाय बमोजिम प्रस्तुत गरिएको छ :—

### ५.१.५.१ मुख्य प्रशिक्षक प्रशिक्षण

निर्वाचन आयोगले निर्वाचनमा संलग्न हुने जनशक्तिलाई निर्वाचनको सैद्धान्तिक र व्यवहारिक पक्षको बारेमा जानकारी गराई दक्ष र सीपयुक्त जनशक्ति तयार पार्ने उद्देश्यले प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचन केन्द्रित मुख्य रूपमा ८ प्रकारका तालिम तथा प्रशिक्षणहरू सञ्चालन गरेको थियो । यसरी प्रशिक्षण सञ्चालन गर्दा सर्वप्रथम केन्द्रमा मुख्य प्रशिक्षक प्रशिक्षण सञ्चालन गरिएको थियो । मुख्य प्रशिक्षक प्रशिक्षणका सहभागीहरूले विभिन्न क्लस्टरमा क्षेत्रीय प्रशिक्षक प्रशिक्षण सञ्चालन गर्ने र क्षेत्रीय प्रशिक्षक प्रशिक्षणमा संलग्न भएका सहभागीहरूले जिल्लास्तरीय प्रशिक्षण सञ्चालन गर्ने गरी **Cascade** विधिको अवलम्बन गरिएको थियो । यस विधिले प्रशिक्षण, तालिम तथा अन्तरक्रिया कार्यक्रमहरूमा एकरूपता, स्पष्टता र आधिकारिकता

प्रबर्द्धन गरेको थियो। हरेक प्रशिक्षण कार्यक्रमलाई एकरूप, आधिकारिक र व्यवस्थित रूपमा सम्पन्न गर्नका लागि प्रशिक्षण स्रोत पुस्तिकाको निर्माण गरी सोहीबमोजिम कार्यान्वयन समेत गरिएको थियो ।

प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचन, २०७४ का सन्दर्भमा सञ्चालन गरिएका मुख्य प्रशिक्षक प्रशिक्षणहरू देहायबमोजिम छन् :-

(क) निर्वाचन र सञ्चार

(ख) मतदाता शिक्षा

(ग) निर्वाचन सामग्री तथा लेखा व्यवस्थापन

(घ) निर्वाचन सञ्चालन तथा व्यवस्थापन

(ङ) निर्वाचन र प्रविधि व्यवस्थापन

(च) निर्वाचन र सुरक्षा व्यवस्थापन

(छ) मतदान र मतगणना

(ज) राजनीतिक दलसम्बद्ध युवाका लागि निर्वाचन शिक्षा

### क. निर्वाचन र सञ्चार

प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचन, २०७४ मा अपनाइने निर्वाचन प्रणाली तथा निर्वाचन प्रक्रियाका सम्बन्धमा आमसञ्चार माध्यमका प्रतिनिधिहरूलाई जानकारी गराई सञ्चार माध्यममार्फत् सही, तथ्यपरक, निष्पक्ष तथा तटस्थ रूपमा सूचना प्रवाह गर्न सहयोग पुऱ्याउने उद्देश्यले मिति २०७४/६/१८ गते आयोगको तालिम हलमा निर्वाचन र सञ्चार विषयक मुख्य प्रशिक्षक प्रशिक्षण सञ्चालन गरिएको थियो । निर्वाचन र सञ्चार विषयक एक दिने उक्त प्रशिक्षणमा प्रेस काउन्सिल, नेपाल, नेपाल पत्रकार महासंघका प्रतिनिधिहरू र निर्वाचन आयोगका उपसचिव तथा अधिकृत कर्मचारीहरूको सहभागिता रहेको थियो ।

### ख. मतदाता शिक्षा

प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचनका बारेमा मतदातालाई सुसूचित गराउँदै मतदानमा सहभागिता अभिवृद्धि गराउने र बदर मत न्यूनीकरण गर्ने मुल उद्देश्य आयोगको मतदाता शिक्षा नीतिमा रहेको छ । यही नीतिलाई कार्यरूप प्रदान गर्नका लागि मतदाता शिक्षाका विभिन्न कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गरिएको थियो । प्रत्येक मतदान केन्द्रमा एकजनाका दरले निर्वाचन शिक्षा कार्यकर्ता वा मतदाता शिक्षा स्वयंसेवक रहने गरी स्वयंसेवकहरू परिचालन गरिएको थियो । निर्वाचन शिक्षा कार्यकर्ता र मतदाता शिक्षा स्वयंसेवकहरूलाई मतदाता शिक्षाको बारेमा जानकारी गराई उनीहरूमार्फत् मतदाता शिक्षा सामग्रीहरू वितरण र प्रदर्शन गरी तथा आवश्यकता अनुसार आम मतदाताको घरघरमा पुगी सही तरिकाबाट मतसङ्केत गर्ने तरिकाको बारेमा सुसूचित गर्ने कार्यक्रम सञ्चालन गरिएको थियो।

७७ वटै जिल्लाका १९,८०९ जना निर्वाचन शिक्षा कार्यकर्ता र मतदाता शिक्षा स्वयंसेवकहरूका लागि प्रशिक्षण सञ्चालन गर्न दक्ष प्रशिक्षक तथा स्रोत व्यक्ति तयार गर्नका लागि मिति २०७४/६/१९ र २० गते आयोगको तालिम हलमा मुख्य प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको थियो । यस प्रशिक्षक प्रशिक्षण कार्यक्रममा निर्वाचन आयोगका उपसचिव तथा अधिकृतस्तरका कर्मचारीहरूको सहभागिता रहेको थियो ।

**ग. निर्वाचन सामग्री तथा लेखा व्यवस्थापन**

निर्वाचनमा प्रयोग हुने सामग्री व्यवस्थापन तथा आर्थिक व्यवस्थापनमा संलग्न हुने क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयका साथै मुख्य/निर्वाचन अधिकृतको कार्यालयका कर्मचारीहरूलाई तालिम दिने उद्देश्यले केन्द्रमा मुख्य प्रशिक्षक प्रशिक्षण सञ्चालन गरियो । निर्वाचन आयोगको तालिम हलमा मिति २०७४/६/२१ गते सञ्चालन भएको उक्त प्रशिक्षण कार्यक्रममा सहभागीको रूपमा निर्वाचन आयोगका बरिष्ठ अधिकृतहरूका साथै महालेखा नियन्त्रकको कार्यालय, सम्पत्ति शुद्धिकरण विभाग, कोष तथा लेखा नियन्त्रकको कार्यालयमा कार्यरत उपसचिवहरूको समेत सहभागिता रहेको थियो।

**घ. निर्वाचन सञ्चालन तथा व्यवस्थापन**

प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचन, २०७४ को प्रभावकारी सञ्चालन र व्यवस्थापनका लागि निर्वाचन आयोगबाट नियुक्त मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतहरूलाई प्रशिक्षण प्रदान गर्ने उद्देश्यले मिति २०७४/६/२२ र २३ गते निर्वाचन सञ्चालन तथा व्यवस्थापन मुख्य प्रशिक्षक प्रशिक्षण सञ्चालन गरियो । उक्त प्रशिक्षण कार्यक्रममा निर्वाचन आयोगका सहसचिवहरू, नेपाल सरकारका विभिन्न मन्त्रालय तथा निकायमा कार्यरत कानून तथा न्याय सेवाका सहसचिवहरू र निर्वाचन आयोगका उपसचिवहरूको सहभागिता रहेको थियो। कार्यक्रममा स्रोत व्यक्तिको रूपमा निर्वाचन आयोगका सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव, नेपाल सरकारका पूर्व सचिवहरू तथा कानूनविद् र विषय विज्ञ रहनुभएको थियो ।

**ङ. निर्वाचन र प्रविधि व्यवस्थापन**

निर्वाचनमा मनोनयन दर्ता देखि निर्वाचन परिणाम व्यवस्थापनसम्मका सबै कार्यहरू सूचना प्रविधिको माध्यमबाट गर्न र निर्वाचन परिणाम व्यवस्थापन सफ्टवेयर (ERIS) सञ्चालन सम्बन्धमा निर्वाचन कार्यालय, मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको कार्यालयमा कार्यरत कम्प्युटर अपरेटरहरूलाई प्रशिक्षण गर्ने उद्देश्यले निर्वाचन र प्रविधि व्यवस्थापन मुख्य प्रशिक्षक प्रशिक्षण सञ्चालन गरियो । निर्वाचन आयोगको तालिम हलमा मिति २०७४/६/२८ गते सञ्चालन भएको उक्त प्रशिक्षणमा निर्वाचन आयोगमा कार्यरत कम्प्युटर ईन्जिनियर, कम्प्युटर अधिकृतका साथै सूचना प्रविधि सञ्चालन तथा व्यवस्थापनमा कार्यरत कर्मचारीहरू सहभागी रहेका थिए ।

### च. निर्वाचन र सुरक्षा व्यवस्थापन

प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचन प्रक्रियाका सम्वन्धमा सुरक्षा अधिकारीलाई जानकारी गराउने तथा आयोग र सुरक्षा निकायवीच समन्वय कायम गरी निर्वाचनको समयमा सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउने उद्देश्यले सबै सुरक्षा निकायका प्रतिनिधिहरूका लागि मिति २०७४/७/९ र १० गते काठमाडौंमा निर्वाचन र सुरक्षा व्यवस्थापन मुख्य प्रशिक्षक प्रशिक्षण आयोजना गरियो । केन्द्रमा मुख्य प्रशिक्षक प्रशिक्षण कार्यक्रम पश्चात् सबै सुरक्षा निकायले आफ्नो आफ्नो निकायमा क्षेत्रीय/प्रदेशस्तर, जिल्लास्तर तथा स्थानीयस्तरसम्ममा यस्तै प्रकारको प्रशिक्षण सञ्चालन गर्ने गरी व्यवस्थापन गरिएको थियो । गृह मन्त्रालय, रक्षा मन्त्रालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभागका अधिकृतहरू गरी कुल ६० जनाको सहभागिता रहेको उक्त प्रशिक्षणमा निर्वाचन आयोगका सहसचिव तथा चारवटै सुरक्षा निकायका विषय विज्ञले सहजीकरण गर्नुभएको थियो ।

### छ. मतदान र मतगणना

प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचनमा मतदान केन्द्रमा खटिने मतदान अधिकृत र सहायक मतदान अधिकृतका साथै मतदान तथा मतगणना कार्यमा संलग्न हुने जनशक्तिका लागि प्रशिक्षण गर्ने उद्देश्यले मिति २०७४/७/१९ गते मतदान र मतगणना मुख्य प्रशिक्षक प्रशिक्षण सञ्चालन गरियो । निर्वाचन आयोगको तालिम हलमा सञ्चालन भएको उक्त प्रशिक्षणमा निर्वाचन आयोगका उपसचिव एवं अधिकृतहरूको सहभागिता रहेको रहेको थियो ।

### ज. राजनीतिक दलसम्बद्ध युवाका लागि निर्वाचन शिक्षा

निर्वाचनमा युवाहरूको अहम् भूमिका रहने कुरालाई मध्यनजर गर्दै प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचन प्रक्रिया स्वच्छ, स्वतन्त्र र निष्पक्ष रूपमा सम्पन्न गर्नका लागि युवाको भूमिका सम्बन्धमा जानकारी तथा छलफल गर्ने उद्देश्यले मिति २०७४/७/१८ गते आयोगको तालिम हलमा मुख्य प्रशिक्षक प्रशिक्षण कार्यक्रम सम्पन्न गरियो ।

मुख्य प्रशिक्षक प्रशिक्षणको विवरण

| क्र.सं. | कार्यक्रम | मिति | | स्थान | दिन | सहभागी सङ्ख्या | | |
|---|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | | | महिला | पुरूष | जम्मा |
| १ | निर्वाचन र सञ्चार | २०७४।६।१८ | २०७४।६।१८ | काठमाण्डौ | १ | ५ | १५ | २० |
| २ | मतदाता शिक्षा | २०७४।६।१९ | २०७४।६।२० | काठमाण्डौ | २ | ४ | २१ | २५ |
| ३ | निर्वाचन सामग्री तथा | २०७४।६।२१ | २०७४।६।२१ | काठमाण्डौ | १ | १ | २६ | २७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | लेखा व्यवस्थापन | | | | | | | |
| ४ | निर्वाचन सञ्चालन तथा व्यवस्थापन | २०७४।६।२२ | २०७४।६।२३ | काठमाण्डौ | २ | १ | १६ | १७ |
| ५ | निर्वाचन र प्रविधि व्यवस्थापन | २०७४।६।२८ | २०७४।६।२८ | काठमाण्डौ | १ | ४ | २७ | ३१ |
| ६ | निर्वाचन र सुरक्षा व्यवस्थापन | २०७४।७।९ | २०७४।७।१० | काठमाण्डौ | २ | १ | ६१ | ६२ |
| ७ | मतदान तथा मतगणना | २०७४।७।१९ | २०७४।७।१९ | काठमाण्डौ | १ | ६ | १९ | २५ |

### ५.१.५.२ क्षेत्रीय प्रशिक्षक प्रशिक्षण

निर्वाचन आयोगले निर्वाचनका व्यवस्थापनका सन्दर्भमा सञ्चालन गर्ने विभिन्न प्रशिक्षण कार्यक्रमहरू केन्द्रदेखि जिल्लास्तरसम्म सञ्चालन गर्दा केन्द्रको मुख्य प्रशिक्षक प्रशिक्षणमा संलग्न सहभागीहरूले क्षेत्रीय प्रशिक्षक प्रशिक्षणहरू सञ्चालन गरेका थिए । क्षेत्रीय प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गर्नका लागि मुलुकभरका उपयुक्त स्थानहरूमा पायक पर्ने जिल्लाका सहभागीहरू रहने गरी क्लस्टर बनाइएको थियो । यसरी क्लस्टर बनाउँदा सामान्यतया एक प्रदेशका जिल्लाहरूको प्रशिक्षण एकैपटक हुने गरी तयार गरिएको थियो । प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचन, २०७४ का सन्दर्भमा देहायबमोजिमका विषयमा क्षेत्रीय प्रशिक्षक प्रशिक्षण सञ्चालन भएका थिए :-

(क) निर्वाचन र सञ्चार

(ख) मतदाता शिक्षा

(ग) निर्वाचन सामग्री तथा लेखा व्यवस्थापन

(घ) निर्वाचन सञ्चालन तथा व्यवस्थापन

(ङ) निर्वाचन र प्रविधि व्यवस्थापन

(च) मतदान र मतगणना

### क. निर्वाचन र सञ्चार

प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचन, २०७४ मा अपनाइने निर्वाचन प्रणाली तथा निर्वाचन प्रक्रियाका सम्बन्धमा सञ्चार माध्यमका प्रतिनिधिहरूलाई सञ्चार माध्यममार्फत नागरिक समक्ष सही, तथ्य, यथार्थपरक, निष्पक्ष तथा तटस्थ सूचना प्रवाह गर्ने उद्देश्यले निर्वाचन र सञ्चार विषयक क्षेत्रीय प्रशिक्षक प्रशिक्षण सञ्चालन गरिएको थियो ।

क्षेत्रीय प्रशिक्षक प्रशिक्षणका सहभागीहरूले आफ्नो आफ्नो जिल्लाका सञ्चारकर्मीहरूका लागि प्रशिक्षण गर्ने उद्देश्यले सञ्चालित उक्त कार्यक्रम मिति २०७४ साल असोज २७ गते विराटनगर, जनकपुर, धुलिखेल, कास्की, भैरहवा, नेपालगञ्ज र धनगढी गरी सात स्थानमा सञ्चालन भएको थियो । प्रशिक्षणमा प्रत्येक जिल्लाबाट जिल्ला पत्रकार महासंघका अध्यक्ष र बरिष्ठ पत्रकार गरी दुईदुई जना सञ्चारकर्मीको सहभागिता रहेको थियो ।

### ख. मतदाता शिक्षा

स्थानीय तह निर्वाचन, २०७४ मा सञ्चालन गरिएको मतदाता शिक्षा कार्यक्रमबाट पृष्ठपोषण लिँदै आयोगले प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचनमा मतदाता शिक्षा नीति, निर्देशिका र कार्यक्रममा केही परिमार्जन र संशोधन गरेको थियो । निर्वाचनमा मतदान गर्ने तरिका बारेमा मतदातालाई सुसूचित गराउँदै मतदानमा सहभागिता अभिवृद्धि गर्ने र बदर मत न्यूनीकरण गर्ने मुख्य उद्देश्यका साथ सञ्चालन गरिएको मतदाता शिक्षा कार्यक्रममा परिचालन हुने निर्वाचन शिक्षा कार्यकर्ता र मतदाता शिक्षा स्वयंसेवकहरूलाई प्रशिक्षित गर्नका लागि मिति २०७४ साल असोज २८ र २९ गते मतदाता शिक्षा क्षेत्रीय प्रशिक्षक प्रशिक्षण सञ्चालन गरियो ।

कार्यक्रम विराटनगर, जनकपुर, धुलिखेल, कास्की, भैरहवा, नेपालगंज र धनगढी गरी सात स्थानमा १२ समूहमा सञ्चालन भएको थियो । यस प्रशिक्षण कार्यक्रममा प्रत्येक जिल्लाबाट क्षेत्रीय/जिल्ला निर्वाचन अधिकारी, जिल्ला शिक्षा कार्यालयका स्रोतव्यक्ति, एक जना माध्यमिक तहमा अध्यापन गर्ने महिला शिक्षक र जिल्ला समन्वय समितिका कार्यक्रम अधिकृत गरी सम्बन्धित जिल्लामा खटिने निर्वाचन शिक्षा कार्यकर्ता र मतदाता शिक्षा स्वयंसेवकको सङ्ख्याका आधारमा प्रत्येक जिल्लाबाट कम्तिमा चार जना देखि बढीमा आठ जना सम्मको सहभागिता रहेको थियो।

### ग. निर्वाचन सामग्री तथा लेखा व्यवस्थापन

निर्वाचनमा प्रयोग हुने सामग्री तथा आर्थिक व्यवस्थापनमा संलग्न हुने क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालय र मुख्य/निर्वाचन अधिकृतको कार्यालयका कर्मचारीहरूलाई तालिम दिने उद्देश्यले मिति २०७४ साल असोज ३० गते निर्वाचन सामग्री तथा लेखा व्यवस्थापन क्षेत्रीय प्रशिक्षक प्रशिक्षण सञ्चालन गरियो । विराटनगर, जनकपुर, धुलिखेल, कास्की, भैरहवा, सुर्खेत र धनगढी गरी सात स्थानमा सञ्चालन भएको उक्त प्रशिक्षण कार्यक्रममा प्रत्येक जिल्लाबाट क्षेत्रीय/जिल्ला निर्वाचन अधिकारी, सम्बन्धित जिल्लाका कोष तथा लेखा नियन्त्रक कार्यालयका अधिकृत

प्रतिनिधि, क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयका जिन्सी हेर्ने कर्मचारी र जिल्ला निर्वाचन कार्यालयका आर्थिक प्रशासन शाखा प्रमुखहरूको सहभागिता रहेको थियो ।

**घ. निर्वाचन सञ्चालन तथा व्यवस्थापन**

निर्वाचन क्षेत्रस्तरमा निर्वाचन व्यवस्थापनको समग्र जिम्मेवारी पूरा गर्न आयोगबाट नियुक्त मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतहरूलाई निर्वाचनका कानूनी, प्रक्रियागत, व्यवस्थापकीय तथा क्रियाकलापगत विषयवस्तुमा स्पष्ट तुल्याउने उद्देश्यले निर्वाचन सञ्चालन तथा व्यवस्थापन क्षेत्रीय प्रशिक्षण सञ्चालन गरिएको थियो । १६५ वटै निर्वाचन क्षेत्रमा नियुक्त निर्वाचन अधिकृतका साथै दश प्रतिशत जगेडा समेत गरी जम्मा १८० जना मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतहरूका लागि २०७४ साल असोज २४ र २५ गते काभ्रेको धुलिखेलमा प्रशिक्षण सञ्चालन गरिएको थियो ।

**ङ. निर्वाचन र प्रविधि व्यवस्थापन**

निर्वाचनमा उम्मेदवारी मनोनयन दर्तादिखि निर्वाचन परिणाम घोषणा सम्मका सबै क्रियाकलापहरू सूचना प्रविधिको माध्यमबाट गर्न एकीकृत निर्वाचन परिणाम सूचना प्रणाली (Integrated Election Result Information System- ERIS) व्यवस्थापन सम्बन्धी जानकारी प्रदान गर्नका साथै निर्वाचनसम्बन्धी मोवाइल एप्स र event tracking सम्बन्धी जानकारी प्रदान गर्ने उद्देश्यले निर्वाचन र प्रविधि व्यवस्थापन क्षेत्रीय प्रशिक्षण सञ्चालन गरिएको थियो ।

सबै क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयका कम्प्युटर अधिकृत/अपरेटर र मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको कार्यालयमा खटाइएका कम्प्युटर अपरेटरहरूका लागि निर्वाचन र प्रविधि व्यवस्थापन क्षेत्रीय प्रशिक्षण सञ्चालन गरिएको थियो । कार्यक्रम विराटनगर, जनकपुर, धुलिखेल, कास्की, भैरहवा, सुर्खेत र धनगढी गरी सात स्थानमा मिति २०७४ साल असोज ३१ र कार्तिक १ गते सञ्चालन गरिएको थियो ।

**च. मतदान र मतगणना**

प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचन व्यवस्थापनका सन्दर्भमा मतदान केन्द्रमा खटिने मतदान अधिकृत र सहायक मतदान अधिकृतका साथै मतगणना कार्यमा संलग्न हुने जनशक्तिका लागि प्रशिक्षण गर्ने उद्देश्यका साथ केन्द्रमा मुख्य प्रशिक्षक प्रशिक्षण सञ्चालन पश्चात् क्षेत्रीय प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको थियो।

प्रशिक्षण विराटनगर, जनकपुर, धुलिखेल, पोखरा, बुटवल, सुर्खेत र धनगढी गरी सात स्थानमा १२ समूहमा मिति २०७४ साल कार्तिक २१ र २२ गते सञ्चालन भएको थियो । यस प्रशिक्षणमा प्रत्येक जिल्लाबाट कम्तिमा एकजना नेपाल सरकारका राजपत्रांकित द्वितीय श्रेणीका उपसचिव लगायत यस अघि मतदान तथा मतगणना प्रशिक्षणमा स्रोत व्यक्ति भइसकेका बरिष्ठ

अधिकृतहरू गरी मतदान केन्द्रको सङ्ख्याका आधारमा एक जिल्लाबाट न्यूनतम ४ देखि अधिकतम ८ जनासम्मको सहभागिता रहेको थियो ।

**क्षेत्रीय प्रशिक्षक प्रशिक्षण सम्बन्धी सङ्ख्यात्मक विवरण**

| सि.नं. | कार्यक्रमको नाम | महिला | पुरूष | जम्मा |
|---|---|---|---|---|
| १. | निर्वाचन सञ्चालन तथा व्यवस्थापन | ५ | १७५ | १८० |
| २. | निर्वाचन र सञ्चार | ३ | १४४ | १४७ |
| ३. | मतदाता शिक्षा | ८८ | २६५ | ३५३ |
| ४. | निर्वाचन सामग्री तथा लेखा व्यवस्थापन | २९ | २४५ | २७४ |
| ५. | निर्वाचन र प्रविधि व्यवस्थापन | २३ | २४१ | २६४ |
| ६. | मतदान तथा मतगणना | १६ | ३३६ | ३५२ |
| ७. | अन्तरक्रिया तथा अन्य | १९ | १०२ | १२१ |
| **जम्मा** | | **१८३** | **१५०८** | **१६९१** |

## ५.१.५.३ जिल्लास्तरीय तालिम कार्यक्रम

निर्वाचन आयोगको तहगत (Cascade) तालिम विधि बमोजिम केन्द्रमा मुख्य प्रशिक्षक प्रशिक्षण लिएका व्यक्तिले क्षेत्रमा क्षेत्रीय प्रशिक्षक प्रशिक्षण सञ्चालन गर्ने र क्षेत्रीय प्रशिक्षक प्रशिक्षणमा सहभागी भएका व्यक्ति जिल्लास्तरीय तालिम कार्यक्रमका स्रोतव्यक्ति बन्ने व्यवस्था रहेको छ । सो बमोजिम प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचन, २०७४ मा देहाय बमोजिमका जिल्लास्तरीय तालिम कार्यक्रमहरू सञ्चालन गरिएका थिए :-

(क) निर्वाचन र सञ्चार,

(ख) मतदाता शिक्षा,

(ग) निर्वाचन सामग्री तथा लेखा व्यवस्थापन,

(घ) मतदान र मतगणना,

(ङ) निर्वाचनका सरोकारवालाहरूसँग छलफल तथा अन्तरक्रिया ।

### क. निर्वाचन र सञ्चार

प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचन, २०७४ मा अपनाइने निर्वाचन प्रणाली तथा निर्वाचन प्रक्रियाका सम्बन्धमा सञ्चार माध्यममार्फत नागरिक समक्ष सही, तथ्य, यथार्थपरक, निष्पक्ष तथा तटस्थ सूचना प्रवाह गर्ने उद्देश्यले ७७ वटै जिल्लामा निर्वाचन र सञ्चार विषयक प्रशिक्षण सञ्चालन गरिएको थियो ।

क्षेत्रीय प्रशिक्षक प्रशिक्षणमा सहभागी भएका व्यक्तिहरूबाट सम्बन्धित जिल्लाका सञ्चारकर्मीहरूलाई प्रशिक्षण सञ्चालन गरिएको उक्त प्रशिक्षणमा प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचन, संवैधानिक तथा कानुनी व्यवस्था र निर्वाचन कार्यक्रम, निर्वाचनमा सञ्चार माध्यमको भूमिका लगायतका विषय रहेका थिए ।

**ख. मतदाता शिक्षा**

प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचनमा आम मतदातालाई सुसूचित गराउँदै मतदानमा उल्लेख्य सहभागिता अभिवृद्धि गर्ने र बदर मत न्यूनीकरण गर्ने मुख्य उद्देश्यका साथ सञ्चालन गरिएको मतदाता शिक्षा कार्यक्रमका सन्दर्भमा ७७ वटै जिल्लामा मतदाता शिक्षा जिल्लास्तरीय प्रशिक्षण सञ्चालन गरिएको थियो ।

मतदान केन्द्रको सङ्ख्याको आधारमा एक मतदान केन्द्रमा एक जनाका दरले आवश्यक पर्ने निर्वाचन शिक्षा कार्यकर्ता/मतदाता शिक्षा स्वयंसेवकहरूलाई मतदाता शिक्षा प्रशिक्षण सञ्चालन गरिएको थियो । उक्त प्रशिक्षणमा प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचन सम्बन्धी संवैधानिक र कानूनी व्यवस्था, मतदाता शिक्षा कार्यक्रम र जिल्लास्तरीय अनुगमन व्यवस्थापन (मतदाता शिक्षा नीति, निर्देशिका र संस्थागत व्यवस्था समेत) र नमूना मतदान आदि विषयका बारेमा जानकारी गराईएको थियो ।

**ग. निर्वाचन सामग्री तथा लेखा व्यवस्थापन**

निर्वाचनमा प्रयोग हुने सामग्री व्यवस्थापन तथा आर्थिक व्यवस्थापनमा संलग्न हुने क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयका साथै मुख्य/निर्वाचन अधिकृतको कार्यालयका कर्मचारीहरूलाई एक दिने प्रशिक्षण सञ्चालन गरिएको थियो । प्रशिक्षण कार्यक्रममा प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचनमा प्रयोग हुने सामग्री, खरिद प्रक्रिया, जनशक्ति तथा सामग्री व्यवस्थापन, प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचन (आर्थिक) निर्देशिका, निर्वाचन बजेटः लेखा व्यवस्थापन, आन्तरिक नियन्त्रण तथा लेखापरीक्षण लगायतका विषयहरू रहेका थिए ।

**घ. मतदान तथा मतगणना**

निर्वाचन व्यवस्थापनको सबैभन्दा महत्वपूर्ण कार्य मतदान तथा मतगणना भएको हुँदा मतदान र मतगणनालाई व्यवस्थित र सहज बनाउने उद्देश्यले मतदान तथा मतगणना सम्बन्धी प्रशिक्षण सञ्चालन गरियो । दुई दिन सम्म सञ्चालन भएको उक्त प्रशिक्षणमा मतदान केन्द्रमा खटिने मतदान अधिकृत तथा सहायक मतदान अधिकृत र मतगणना कार्यमा संलग्न हुने कर्मचारीहरूको सहभागिता रहेको थियो । प्रशिक्षणमा प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचन र निर्वाचन प्रणाली एवं कानूनी व्यवस्था, मतदान कार्य सम्बन्धी व्यवस्थापकीय पक्ष (फाराम अभ्यास समेत), मतदान प्रक्रिया, मतदान कार्य पश्चातका क्रियाकलाप (फाराम अभ्यास), मतगणना प्रक्रिया (फाराम अभ्यास समेत) तथा नमूना मतदान अभ्यास लगायतका विषयहरूमा सहजीकरण गरिएको थियो ।

### ५.१.६ कार्यक्रम कार्यान्वयन प्रक्रिया

#### ५.१.६.१ स्रोत पुस्तिका तयारी र निर्माण

प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचन, २०७४ सम्बन्धी प्रशिक्षणहरू सञ्चालन गर्न विषयगत आधारमा विभिन्न ६ किसिमका स्रोतपुस्तिकाहरू निर्माण गरी प्रशिक्षण सञ्चालन गरिएको थियो । प्रशिक्षण स्रोत पुस्तिकाहरू सम्बन्धित विषयका विज्ञहरू समेतको संलग्नतामा सही, यथार्थ, वस्तुपरक तथा वयस्क सिकाई पद्धतिमा आधारित रही तयार गरिएको थियो ।

#### ५.१.६.२ जनशक्ति व्यवस्थापन

प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचनसम्बन्धी तालिम कार्यक्रम सञ्चालन तथा व्यवस्थापनका लागि आयोगको केन्द्रदेखि स्थानीयस्तरसम्म जनशक्तिहरू परिचालन गरिएको थियो। प्रशिक्षण कार्यक्रमको गाम्भीर्यता र सहभागीहरूको स्तरलाई मध्यनजर गरी नेपाल सरकारका सहसचिव देखि शाखा अधिकृतसम्मका कर्मचारीहरू प्रशिक्षक प्रशिक्षणका सहभागीको रूपमा रहेका थिए । प्रशिक्षणको स्तर, सहभागी सङ्ख्या तथा समूह सङ्ख्या आदिको आधारमा तालिम कार्यक्रम सञ्चालन तथा व्यवस्थापनका लागि सामान्यतः देहाय अनुसारका जनशक्ति परिचालन भएका थिए :-

- सेसन मोडरेटर
- स्रोतव्यक्ति
- तालिम समन्वयकर्ता
- र्‍यापोटर
- व्यवस्थापक
- व्यवस्थापन सहयोगी

तालिम व्यवस्थापन तथा सञ्चालनका लागि आवश्यक पर्ने उल्लेखित जनशक्ति केन्द्र तथा क्षेत्रस्तरमा आयोगको सचिवालय र जिल्ला तथा स्थानीयस्तरमा क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयबाट खटाउने व्यवस्था मिलाइएको थियो ।

#### ५.१.६.३ स्रोत व्यवस्थापन

प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचन, २०७४ सम्बन्धी तालिम/गोष्ठी/कार्यशाला/छलफल तथा अन्तरक्रिया कार्यक्रमलाई सञ्चालन गर्न आवश्यक पर्ने रकमका लागि मुख्य रूपले देहायका स्रोतहरूको उपयोग गरिएको थियो :-

(क) नेपाल सरकार,

(ख) UNDP/ESP तथा IFES लगायतका विकास साझेदारबाट होटल तथा तालिम सामग्री र स्टेशनरी व्यवस्थापन ।

तालिम कार्यक्रमहरू तालिम व्यवस्थापन तथा सञ्चालन निर्देशिका, २०७४ मा उल्लेखित मापदण्डका आधारमा सञ्चालन भएको थियो ।

### ५.१.६.४ कार्यक्रम सञ्चालन तथा व्यवस्थापन

केन्द्र तथा क्षेत्रस्तरमा सञ्चालित तालिम कार्यक्रमहरू आयोगको सचिवालय र जिल्ला तथा स्थानीयस्तरमा सञ्चालित तालिम कार्यक्रमहरू क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयहरूबाट सञ्चालन तथा व्यवस्थापन गर्ने व्यवस्था मिलाइएको थियो । सम्पूर्ण तालिम कार्यक्रमहरूको उत्पादन, सञ्चालन, व्यवस्थापन तथा प्रतिवेदनको नेतृत्वदायी र समन्वयकारी भूमिका आयोगको निर्वाचन शिक्षा, सूचना तथा तालिम शाखाबाट भएको थियो ।

मुख्य प्रशिक्षक प्रशिक्षण कार्यक्रमहरू आयोगका वरिष्ठ अधिकृत तथा तालिम विज्ञहरूबाट सञ्चालन भएको थियो भने मुख्य प्रशिक्षक प्रशिक्षण प्राप्त प्रशिक्षकहरूबाट क्षेत्रीय प्रशिक्षण र क्षेत्रीय प्रशिक्षण प्राप्त प्रशिक्षकहरूबाट जिल्लास्तरीय प्रशिक्षण तथा जिल्लास्तरीय प्रशिक्षण प्राप्त प्रशिक्षकहरूबाट स्थानीयस्तरका प्रशिक्षणहरू सञ्चालन गर्ने गरी तहगत तालिम सञ्चालन पद्धति अनुसरण गरिएको थियो ।

केन्द्र तथा क्षेत्रस्तरमा सञ्चालित तालिम कार्यक्रम व्यवस्थापनको लागि आवश्यक जनशक्ति, तालिम सामग्री, स्रोत सामग्री तथा आर्थिक व्यवस्थापन एवं समन्वय आयोगबाट तथा जिल्ला र स्थानीयस्तरमा सञ्चालित तालिम कार्यक्रमहरूको व्यवस्थापनको लागि आवश्यक जनशक्ति, तालिम सामग्री, स्रोत सामग्री तथा आर्थिक व्यवस्थापन एवं समन्वय श्रेत्रीय/जिल्ला निर्वाचन कार्यालयहरूबाट भएको थियो । जिल्ला तथा स्थानीयस्तरमा सञ्चालित तालिम कार्यक्रमहरू सञ्चालन तथा व्यवस्थापनका लागि जिल्ला तालिम समन्वय समिति तथा मुख्य/निर्वाचन अधिकृतको कार्यालयहरूको सहयोग लिईएको थियो ।

### ५.१.६.५ कार्यक्रमको अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन

#### ५.१.६.५.१ अनुगमन तथा मूल्याङ्कन

प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचनसम्बन्धी तालिम कार्यक्रम सञ्चालनको क्रममा केन्द्र तथा क्षेत्रस्तरमा सञ्चालित अधिकांश कार्यक्रममा आयोगका प्रमुख निर्वाचन आयुक्त, निर्वाचन आयुक्तहरू तथा आयोगका सचिवबाट कार्यक्रमको अनुगमन, अवलोकन तथा मूल्याङ्कन हुने गरेको थियो । तालिम कार्यक्रम सञ्चालनको क्रममा उहाँहरूले प्रशिक्षकहरूलाई पृष्ठपोषण प्रदान गर्नुका साथै कार्यक्रममा सहभागीहरूबाट उठेका जिज्ञासाहरूको समाधान गर्ने लगायतका कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको थियो ।

जिल्लास्तरमा सञ्चालन गरिएका प्रशिक्षण कार्यक्रमको समय समयमा आयोगका पदाधिकारी तथा कर्मचारीबाट अनुगमन भएको थियो । त्यसैगरी स्थानीयस्तरमा सञ्चालन गरिएका प्रशिक्षण तथा

अभिमुखीकरण कार्यक्रमको अनुगमन सम्बन्धित निर्वाचन कार्यालय तथा जिल्ला तालिम समन्वय समितिका पदाधिकारीहरूबाट भएको थियो ।

### ५.१.६.५.२ प्रतिवेदन

(क) मुख्य प्रशिक्षण तथा क्षेत्रीय प्रशिक्षण कार्यक्रमको प्रतिवेदन सम्बन्धित कार्यक्रममा संलग्न भएका स्रोतव्यक्ति र समन्वयकर्ताको सहयोगमा न्यापोटरले तयार पारी निर्वाचन शिक्षा, सूचना तथा तालिम शाखामा सङ्कलन गरिएको छ ।

(ख) जिल्लास्तर तथा स्थानीयस्तरमा सञ्चालित विभिन्न प्रशिक्षण कार्यक्रमहरूको प्रतिवेदन सम्बन्धित निर्वाचन कार्यालयले निर्वाचन शिक्षा, सूचना तथा तालिम शाखामा पठाउने व्यवस्था गरिएको थियो ।

(ग) तालिम प्रदान गरिएको कुल जनशक्तिको विवरण **अनुसूची–२३** मा उल्लेख गरिएको छ। त्यस्तै जिल्ला तथा स्थानीयस्तरमा सञ्चालित तालिममा सहभागीको विवरण **अनुसूची–२४** मा उल्लेख गरिएको छ ।

## ५.२ मतदाता शिक्षा

निर्वाचनलाई स्वच्छ, स्वतन्त्र र विश्वसनीय बनाउनको लागि निर्वाचनका हरेक प्रक्रियामा मतदाता शिक्षाको महत्वपूर्ण भूमिका रहेको हुन्छ । सुसूचित मतदाताबाट गरिएको छनौट नै सही प्रतिनिधित्व हो भन्ने मूल मन्त्रका साथ मतदाता शिक्षासँग सम्बन्धित विभिन्न कार्यक्रमहरू सञ्चालन गरिन्छ । यसै कुरालाई मध्यनजर गर्दै प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचन, २०७४ मा पनि विगतका निर्वाचनमा जस्तै मतदाता शिक्षा कार्यक्रमलाई व्यापक बनाउने उद्देश्यले मतदाता शिक्षासम्बन्धी विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएको थियो । प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचनका सन्दर्भमा तर्जुमा भएको मतदाता शिक्षा नीति, २०७४ को मूल उद्देश्य सुसूचित मतदाता निर्माण गरी निर्वाचनमा अधिकाधिक मतदाताहरूको सहभागिता बृद्धि गर्ने र बदर मतलाई क्रमशः न्यूनीकरण गर्दै लैजाने रहेको हुँदा मतदाता शिक्षा कार्यक्रमलाई उपर्युक्त उद्देश्य प्राप्त गर्ने गरी सञ्चालन गरिएको थियो ।

प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनका लागि आवश्यक हुने निर्वाचन एवं मतदाता शिक्षा नीति तथा कार्यक्रम तर्जुमा, मतदाता शिक्षा सम्बन्धमा सरोकारवालाहरूसँग आवश्यक समन्वय र मतदाता शिक्षा सामग्री तयारी लगायतका कार्यहरू व्यवस्थित रूपले सञ्चालन गर्न आयोगको निर्णय बमोजिम निर्वाचन आयुक्त श्री इला शर्माको संयोजकत्वमा निर्वाचन एवं मतदाता शिक्षा सम्बन्धी मूल समिति र सो समितिलाई सहयोग गर्न निर्वाचन शिक्षा, तालिम तथा वैदेशिक सम्बन्ध महाशाखा प्रमुखको संयोजकत्वमा मतदाता शिक्षा इकाईको गठन गरी कार्य सम्पन्न

गरिएको थियो । यसैगरी आयोगको २०७४।०५।२९ को निर्णय बमोजिम निर्वाचन आयोगको सूचना तथा सञ्चार सम्बन्धी नीतिगत विषयमा कार्य गर्न तथा आयोग र सञ्चार माध्यम बीच समन्वय र सम्पर्क बढाइ प्रभावकारी सूचना तथा सञ्चार व्यवस्था कायम गर्न निर्वाचन आयुक्त श्री नरेन्द्र दाहालको संयोजकत्वमा ७ सदस्यीय सूचना तथा सञ्चार समिती तथा सो समितिलाई सहयोग गर्नका लागि आयोगको निर्वाचन शिक्षा, तालिम तथा वैदेशिक सम्बन्ध महाशाखा प्रमुखको संयोजकत्वमा सूचना तथा सञ्चार एकाईको गठन गरी कार्य सम्पन्न गरिएको थियो ।

### ५.२.१ मतदाता शिक्षा कार्यक्रम सञ्चालन विधि

प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचनमा सर्वप्रथम मतदाता शिक्षा नीति, निर्देशिका र कार्यक्रम स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको थियो । कार्यक्रम स्वीकृत भइसकेपश्चात् मतदाता शिक्षा अन्तरगतका क्रियाकलापहरू निक्यौंल गरी कार्ययोजना बनाइएको थियो । मतदाता शिक्षालाई मूलतः प्रत्यक्ष रूपमा मतदातासँगको साक्षात्कार र कुनै माध्यम मार्फत मतदातासँगको साक्षात्कार गर्ने गरी कार्यक्रमको तर्जुमा गरिएको थियो ।

स्थानीय तह निर्वाचन, २०७४ बाट पृष्ठपोषण लिई प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचनमा मतदाता शिक्षा कार्यक्रमलाई व्यापक र प्रभावकारी रूपमा सञ्चालन गर्न महानगरपालिका र सघन शहरी क्षेत्रमा अभियानमूलक मतदाता शिक्षा कार्यक्रम र उप महानगरपालिका, नगरपालिका र गाउँपालिकाका ग्रामीण क्षेत्रमा घरदैलो कार्यक्रम सञ्चालन गरिएको थियो ।मतदाता शिक्षा कार्यक्रम कार्यान्वयन संरचना **अनुसूची २५** मा संलग्न गरिएको छ ।

### ५.२.१.१ महानगरपालिका र केही उप महानगरपालिकाका सघन शहरी क्षेत्रमा मतदाता शिक्षा कार्यक्रम (अभियान मूलक कार्यक्रम)

महानगरपालिका र उप महानगरपालिकामा निर्वाचन शिक्षा कार्यकर्ता/मतदाता शिक्षा स्वयंसेवकको परिचालन गर्दा सघन शहरी क्षेत्र र बहु परिवारको बसोबास रहेको आवास क्षेत्रमा देहायबमोजिम अभियानमूलक (Campaign Model) मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरिएको थियो :-

१. निर्वाचन शिक्षा कार्यकर्ता/मतदाता शिक्षा स्वयंसेवकले स्थानीय स्तरमा क्रियाशील राजनीतिक दलका प्रतिनिधि, नागरिक समाज र सामाजिक अगुवा आदिसँग सामूहिक साक्षात्कार तथा अन्तरक्रिया गरी मतदाता शिक्षा कार्यक्रममा सहयोग र सहजीकरणका लागि अनुरोध गरिएको,

२. कार्यक्रम सञ्चालन गर्दा पाँच जना सम्म निर्वाचन शिक्षा कार्यकर्ता/मतदाता शिक्षा स्वयंसेवकहरूबाट सामूहिक घरदैलो कार्यक्रम सञ्चालन गरिएको । यसरी समूह बनाउँदा कम्तिमा एउटा मतदान स्थलका सबै निर्वाचन शिक्षा कार्यकर्ता/मतदाता शिक्षा स्वयंसेवक एउटै समूहमा समेटिएका,

३. आफ्नो मतदान केन्द्र समेट्ने क्षेत्रमा रहेका माध्यमिक विद्यालय/उच्च माध्यमिक विद्यालयमा निर्वाचन शिक्षासम्बन्धी कार्यक्रम सञ्चालन गरी युवा वर्ग मार्फत घर घरमा मतदाता शिक्षा पुऱ्याउन पहल गरिएको,

४. टोल सुधार समिति, सहकारी संस्था, आमा समूह, ज्येष्ठ नागरिक समाज र एकल महिला समूह जस्ता स्थानीय स्तरका समिति, समूहहरूसँगको समन्वयमा मतदाता शिक्षा कार्यक्रम सञ्चालन भएको,

५. निर्वाचन शिक्षा कार्यकर्ता/मतदाता शिक्षा स्वयंसेवकहरूले मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरेको प्रतिवेदन जिल्ला निर्वाचन कार्यालयमा पेश गर्ने व्यवस्था मिलाइएको ।

### ५.२.१.२ महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका तथा गाउँपालिकाका ग्रामीण क्षेत्र केन्द्रित कार्यक्रम (घरदैलो कार्यक्रम)

महानगरपालिका र सघन शहरी क्षेत्र एवं बहुपरिवारको बसोबास रहेको क्षेत्र बाहेकका क्षेत्रमा निर्वाचन शिक्षा कार्यकर्ता/मतदाता शिक्षा स्वयंसेवकबाट मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्दा देहाय बमोजिम गरिएको :-

१. निर्वाचन शिक्षा कार्यकर्ता/मतदाता शिक्षा स्वयंसेवकले स्थानीय स्तरमा क्रियाशील राजनीतिक दलका प्रतिनिधि, नागरिक समाज र सामाजिक अगुवा आदिसँग सामूहिक साक्षात्कार तथा अन्तरक्रिया गरी मतदाता शिक्षा कार्यक्रममा सहयोग प्राप्त भएको,

२. प्रत्येक निर्वाचन शिक्षा कार्यकर्ता/मतदाता शिक्षा स्वयंसेवकले आफ्नो मतदान केन्द्रभित्रका मतदाताहरूको घर घरमा गएर मतदान प्रक्रियामा सहभागी हुन अनुरोध गर्नुका साथै सहि तरिकाले मतदान गर्ने तरिकाका बारेमा मतदाता शिक्षा प्रदान गरिएको,

३. घर घरमा पुगी मतदाता शिक्षा प्रदान गरिसके पश्चात घरमूलीको नाम थर, मतदाता पचियपत्र नं. र दस्तखत सहितको फाराम भरी जिल्ला निर्वाचन कार्यालयमा पेश गर्ने व्यवस्था रहेको,

४. आफ्नो मतदान केन्द्र समेट्ने क्षेत्रमा रहेका माध्यमिक विद्यालय/उच्च माध्यमिक विद्यालयमा निर्वाचन शिक्षासम्बन्धी कार्यक्रम सञ्चालन गरी युवा वर्ग मार्फत घर घरमा मतदाता शिक्षा पुऱ्याउन पहल गरिएको,

५. टोल सुधार समिति, सहकारी संस्था र आमा समूह जस्ता स्थानीय स्तरका समितिहरूसँगको समन्वयमा मतदाता शिक्षा कार्यक्रम सञ्चालन भएको ।

परिच्छेद ६

# अध्ययन अनुसन्धान तथा वैदेशिक सम्बन्ध

निर्वाचन व्यवस्थापनका सिलसिलामा वैदेशिक सहायताको प्राप्ति तथा परिचालन,जनशक्तिको क्षमता अभबृद्धि, निर्वाचन पर्यवेक्षण, अन्तर्राष्ट्रिय असल अभ्यासको अवलम्बन एवं निर्वाचन व्यवस्थापन निकायबीचको द्विपक्षीय तथा बहुपक्षीय सम्बन्ध स्थापना र विस्तार जस्ता क्षेत्रमा विभिन्न कार्य सम्पादन भएका थिए । प्रतिवेदन वर्षमा यस क्षेत्रमा भएका मुख्य मुख्य कार्यहरू यस प्रकार छन् :-

## ६.१ प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनसँग सम्बन्धित कार्यहरू

### ६.१.१ निर्वाचन पर्यवेक्षणमा विशिष्ट विदेशी अतिथिहरूको व्यवस्थापन

सार्क मुलुकमा रहेका निर्वाचन व्यवस्थापन गर्ने निकायका प्रमुख तथा प्रतिनिधिहरू र निर्वाचन व्यवस्थापन गर्ने अन्तर्राष्ट्रिय संस्थाका प्रमुख तथा प्रतिनिधिहरू समेत गरी जम्मा ३५ जना विशिष्ट व्यक्तित्वहरूलाई प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन, २०७४ को पर्यवेक्षणको लागि आमन्त्रण गरिएको थियो । सो आमन्त्रणका सन्दर्भमा सम्वन्धित निकाय/सस्थाहरूसँग निरन्तर सम्पर्कमा रही आवश्यक सहजीकरण गर्ने कार्य भएको थियो ।

निर्वाचन आयोगको निमन्त्रणालाई स्वीकार गर्दै अफगानस्तिान, बङ्गलादेश, भुटान, भारत, पाकिस्तान र माल्दिभ्स साथै इन्डोनेसियावाट १९ जना अतिथिहरू निर्वाचन पर्यवेक्षणको लागि आउनुभएको थियो। आयोगले आमन्त्रण गरेका अतिथिहरूको भ्रमण व्यवस्थापनमा आवश्यक सहजीकरणको कार्य गरिएको थियो।

निर्वाचन आयोगले आमन्त्रित अतिथिहरूको सम्मानमा मिति २०७४।०८।२० गते आयोजना गरेको रात्रीभोजमा काठमाडौंस्थित कुटनीतिक नियोगका प्रमुख तथा प्रतिनिधिहरू, अन्तर्राष्ट्रिय पर्यवेक्षण संस्थाका प्रतिनिधिहरू, निर्वाचन आयोगका विकास साझेदार संस्थाका प्रमुखहरूलाई आमन्त्रण गरिएको थियो। यसका साथै पुर्व प्रमुख निर्वाचन आयुक्तहरू, सवै संवैधानिक निकायका प्रमुख र पदाधिकारीहरू, आयोगमा सेवा गरेका पूर्व सचिवहरू, नागरिक समाजका विशिष्ट व्यक्तित्वहरू, निर्वाचन पर्यवेक्षण गर्ने संस्थाका प्रमुखहरूलाई समेत उक्त कार्यक्रममा आमन्त्रण गरिएको थियो।

यसका साथै अन्तर्राष्ट्रिय पर्यवेक्षण गर्न चाहने विदेशी पर्यवेक्षण संस्थाहरूलाई आवेदन मार्फत निर्वाचन पर्यवेक्षण गर्न आह्वान गरिएको थियो । कार्टर सेन्टर, युरोपियन युनियन, अन्कावा, एन्फ्रेल गरी जम्मा ४ वटा अन्तर्राष्ट्रिय संस्थाले पर्यवेक्षण अनुमति लिए बमोजिम सो स ंस्थावाट पर्यवेक्षणको लागि आएका पर्यवेक्षण टोलीको तर्फवाट प्रमुख निर्वाचन आयुक्तसँग भएका शिष्टाचार भेटघाटहरूको व्यवस्थापन र निर्वाचन पर्यवेक्षणको क्रममा देखिएका समस्याहरूलाई सामाधान गर्नको लागि समेत आवश्यक समन्वय र सहकार्य गरिएको थियो ।

### ६.१.२ अन्तर्क्रिया कार्यक्रम

निर्वाचनको समयमा निर्वाचन सम्वन्धी तयारी, अन्तर्राष्ट्रिय पर्यवेक्षण र निर्वाचन सम्वन्धी अन्य समसामयिक विषयवस्तुमा अन्तर्राष्ट्रिय जगतलाई विश्वस्त तुल्याउन र निर्वाचनमा अन्तर्राष्ट्रिय समर्थन प्राप्त गर्न निर्वाचन आयोगले काठमाडौँमा रहेका कुटनीतिक नियोगका प्रमुखहरू र निर्वाचनसँग सम्वन्धित अन्तर्राष्ट्रिय विकास साझेदार संस्थाका प्रतिनिधिहरूलाई आमन्त्रण गरी अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्ने गर्दछ । प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनका सन्दर्भमा विदेशी कुटनीतिक नियोगका प्रमुखहरू र निर्वाचनसँग सम्वन्धित अन्तर्राष्ट्रिय संस्थाका प्रतिनिधिहरूलाई आमन्त्रण गरी मिति २०७४।०७।०१ गते आयोगको सभाहलमा अन्तर्क्रिया कार्यक्रमको आयोजना गरिएको थियो । सो अन्तर्क्रिया कार्यक्रममा बङ्गलादेश, फ्रान्स, जर्मनी, स्विजरल्याण्ड र श्रीलङ्काका महामहिम राजदुतहरूको उपस्थिति थियो भने अष्ट्रेलिया, भारत, इजरायल, पाकिस्तान, नर्वे, डेनमार्क, रूस, अमेरिका, बेलायत, युरोपेली युनियन लगायत विभिन्न देशका कुटनीतिक नियोगका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्यको निर्वाचनका सन्दर्भमा आयोगवाट लागु गरिएको निर्वाचन आचारसंहिताको कार्यान्वयन, काठमाडौँस्थित कुटनीतिक नियोगका प्रतिनिधिहरूले निर्वाचन पर्यवेक्षण गर्ने विषय र बदर मतपत्रको सङ्ख्या घटाउने एवं आयोगवाट गरिएको तयारीसम्वन्धमा कूटनीतिज्ञहरूले राखुभएका जिज्ञासाहरूको प्रमुख निर्वाचन आयुक्त डा अयोधीप्रसाद यादव र परराष्ट्र मन्त्रालयका सचिव शंकरदास बैरागीले जवाफ दिनुभएको थियो।

कार्यक्रममा आयोगका निर्वाचन आयुक्तहरू इला शर्मा, नरेन्द्र दाहाल, ईश्वरीप्रसाद पौड्याल, सुधीरकुमार शाह तथा आयोगका सचिव बेगेन्द्रराज शर्मा पौड्याल, परराष्ट्र मन्त्रालयका सचिव शंकरदास वैरागी, अर्थ मन्त्रालयका राजश्व सचिव  शिशिरकुमार ढुंगाना र गृह मन्त्रालयका सहसचिव केदार न्यौपाने लगायतका पदाधिकारीहरूको उपस्थित ि रहेको थियो  कार्यक्रममा

यूएनडिपि, जाइका, युएन ओमेन, आईएफइएस लगायत अन्तर्राष्ट्रिय विकास साझेदार संस्थाका प्रतिनिधिहरू समेतको उपस्थिति रहेको थियो ।

## ६.१.३ निर्वाचन आयोगका पदाधिकारीहरूसँग विदेशी पाहुनाको भेटघाट व्यवस्थापन

निर्वाचन आयोगले आन्तरिक र वाह्य सवै सरोकारवालाहरूलाई निर्वाचन प्रति आश्वस्त पार्दै निर्वाचनको वातावरण तयार पार्नको लागि निर्वाचनका सरोकारवालाहरूसँगको भेटघाट गर्ने गरेको छ ।यसै सन्दर्भमा यस निर्वाचनको समयमा विभिन्न विदेशी कुटनीतिज्ञहरू र विदेशी संघ सस्थाका प्रमुख तथा प्रतिनिधिहरूले आयोगका प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तहरू, सचिव र निर्वाचन शिक्षा, तालिम तथा वैदेशिक सम्वन्ध महाशाखा प्रमुखसँग भएका भेटघाटहरूलाई व्यवस्थित गर्नको लागि बैठक व्यवस्थापन र अभिलेखीकरणको कार्य गरिएको थियो ।

आयोगमा विकास साझेदारको रूपमा हाल संयुक्त राष्ट्रसङ्घीय विकास परियोजना अन्तर्गत निर्वाचन सहायता परियोजना सञ्चालनमा छ । त्यस्तै आईएफइएस र आइडिया इन्टरनेसनलले पनि निर्वाचन आयोगको सहयोगी संस्थाको रूपमा निर्वाचन सम्वन्धी कार्यहरू गर्दै आएका छन्। विकास साझेदार निकायवाट हुने कार्यहरू प्रभावकारी र निष्पक्ष ढङ्गवाट सञ्चालन गर्न र कार्यमा दोहोरोपन नहोस् भन्नका लागि विकास साझेदार संस्थाका प्रमुखहरूसँग निर्वाचन आयोगले निरन्तर सम्वाद र समन्वय गरी कार्य गर्दै आएको छ । विकास साझेदार संस्थाहरूसँगको सम्वाद र समन्वयलाई सवलीकरण गर्दै विकास साझेदार संस्थाहरूसँग निरन्तर सम्पर्कमा रही निर्वाचन अवधिमा विकास साझेदार संस्थावाट भएका निर्वाचन सम्वन्धी वैदेशिक सहयोगको परिचालनलाई व्यवस्थित वनाउने कार्य भएको थियो ।

## ६.१.४ वैदेशिक सहयोग निर्देशक तथा समन्वय समितिको गठन

निर्वाचन आयोग ऐन, २०७३ ले आयोगले नेपाल सरकारको सहमतिमा नियमित वजेट शीर्षकबाट विनियोजित रकमका अतिरिक्त आयोगले वैदेशिक सहायता प्राप्ती र परिचालन गर्न सक्ने व्यवस्था गरेको छ । यसरी वैदेशिक सहायता प्राप्ति गर्दा नेपाल सरकारको विकास सहायता नीति, २०७१ अनुरूप समेत हुनुपर्ने हुनाले आयोगको मिति २०७३।११।१९ मा वसेको वैठकले निर्वाचनमा वैदेशिक सहायता प्राप्ति र परिचालन सम्वन्धी अवधारणा पत्र पारित गरेको थियो । सो अवधारणा पत्र बमोजिम प्रमुख निर्वाचन आयुक्तको संयोजकत्वमा वैदेशिक सहयोग निर्देशक समिति र निर्वाचन शिक्षा, तालिम तथा वैदेशिक सम्बन्ध महाशाखा प्रमुखको संयोजकत्वमा वैदेशिक सहयोग समन्वय समितिको व्यवस्था गरिएको थियो । सो समितिले स्थानीय तह निर्वाचनमा वैदेशिक सहयोग प्राप्त गर्ने तथा प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य

निर्वाचनमा आमन्त्रित विदेशी अवलोकनकर्ताहरूको व्यवस्थापन सम्बन्धी कार्य गरेको थियो । प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनको अवधिमा विभिन्न मितिमा आवश्यकतानुसार वैदेशिक सम्वन्ध निर्देशक समिति र वैदेशिक सहयोग समन्वय समितिको बैठक बसी कार्य सम्पन्न गरिएको थियो।

### ६.२ ERM Tool सम्बन्धी अध्ययन भ्रमण

International IDEA नेपालको सहयोगमा निर्वाचन आयोग, नेपालले विगत केही समयदेखि Electoral Risk Management Tool को प्रयोग गरी नेपालको निर्वाचन व्यवस्थापनमा जोखिम विश्लेषण सम्बन्धी अध्ययन गर्दै आइरहेको छ । यस सन्दर्भमा निर्वाचन आयोग, नेपालका तर्फबाट सन् २०१४ जुन महिनामा प्रमुख निर्वाचन आयुक्तसहितको दुई सदस्यीय टोलीले केन्याको भ्रमण गरी Peer-learning on the use of ERM Tool in Kenya विषयक अध्ययन गरेको थियो । त्यसैगरी केन्याको Independent Electoral and Boundaries Commission (IEBC) बाट नेपालको निर्वाचन व्यवस्थापनमा ERM Tool को प्रयोग सम्बन्धी अध्ययन गर्न IEBC का आयुक्तको नेतृत्वको ४ सदस्यीय टोलीले २०७४ चैत १२ देखि २०७४ चैत १९ गतेसम्म आयोगको भ्रमण गरेको थियो । भ्रमण टोलीका सदस्यहरूलाई आयोगका पदाधिकारीहरू तथा विभिन्न शाखा, आयोगमा प्रयोगमा रहेको ERM Tool, विगतका निर्वाचनहरूमा आयोगले प्रयोग गरेको ERM Tool बारेमा जानकारी प्रदान गरिएको थियो । आयोगका अतिरिक्त जिल्ला निर्वाचन कार्यालयहरूमा हुने दैनिक काम कारबाही, जोखिम लगायत निर्वाचनको समयमा जिल्लाबाट गरिने व्यवस्थापन सम्बन्धमा जानकारी प्रदान गर्ने उद्देश्यले भ्रमण टोलीका सदस्यहरूलाई जिल्ला निर्वाचन कार्यालय काभ्रेपलाञ्चोकको समेत भ्रमण गराइएको थियो ।

यसैगरी नेपालको निर्वाचनमा जोखिम लगायत समग्र निर्वाचन व्यवस्थापनको कार्य सम्बन्धमा निर्वाचनका सरोकारवालाहरूसँग समेत भ्रमण टोलीको छलफल गराउने उद्देश्यले निर्वाचन पर्यवेक्षण गर्ने संस्था राष्ट्रिय निर्वाचन पर्यवेक्षण समितिमा समेत भ्रमण गराइएको थियो । भ्रमण टोलीमा Prof. Abdi Yakub Guliye, Commissioner; Obadiah Keitany, Director In Charge of Risk; Linus Onyango, Officer In Charge of ERM Tool र William Kamboi, Risk Officer को सहभागिता रहेको थियो ।

### ६.३ FEMBoSA बैठकमा सहभागिता

२०७४ असोज ८ देखि १० सम्म (२४ देखि २६ सेप्टेम्बर २०१७) अफगानिस्तानको काबुलमा सम्पन्न भएको Forum of Election Management Bodies of South Asia (FEMBoSA) को आठौं

बैठकमा प्रमुख निर्वाचन आयुक्त डा. अयोधी प्रसाद यादव नेतृत्वको तीन सदस्यीय टोलीले नेपालको सहभागिता जनाएको थियो ।

सदस्य राष्ट्रहरूका बीच निर्वाचनका प्रक्रिया तथा समग्र निर्वाचन व्यवस्थापनका विषयमा अनुभव आदान प्रदान गर्ने र निर्वाचनसम्बन्धी समसामयिक विषयमा छलफल गर्ने उद्देश्यले आयोजित सो कार्यक्रममा नेपालको तर्फबाट प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवले हालै सम्पन्न भएको स्थानीय तह निर्वाचनका विविध पक्षका बारेमा आफ्ना अनुभव प्रस्तुत गर्नुभएको थियो । निर्वाचन विवाद निरूपण तथा निर्वाचनमा कोही मतदाता पनि नछुटुन् भन्ने मुख्य विषयमा केन्द्रित रहेको सो कार्यक्रममा प्रमुख निर्वाचन आयुक्त डा.यादवले मतदाताको अधिकार, स्वच्छ निर्वाचन प्रचार प्रसार अभियान र मतदाताको बृहत सहभागिता विषयमा कार्यपत्र समेत प्रस्तुत गर्नुभएको थियो। बैठकमा आयोगका सहसचिव श्री दीपक सुवेदी र उपसचिव श्री महेशराज तिम्सिनाको समेत सहभागिता रहेको थियो ।

तीनदिनसम्म सञ्चालन भएको सो बैठकले सन् २०१७/१८ को कार्ययोजना पारित गर्नुका साथै FEMBoSA को स्थायी सचिवालय स्थापना गर्न अध्ययन गर्ने, क्षमता अभिबृद्धिका कार्यक्रममा एक आपसमा समन्वयात्मक ढङ्गले अगाडि बढ्ने, निर्वाचन अनुगमन कार्यक्रम सञ्चालन गर्ने, निर्वाचन विवाद निरूपण संयन्त्र सम्बन्धमा एक आपसमा ज्ञान आदान प्रदान गर्ने लगायतका विषय समेटिएको काबुल घोषणापत्र पारित गरेको थियो ।

### ६.४ आयुक्त तथा कर्मचारीहरूको जापान भ्रमण

जापानको राजधानी टोकियोमा आयोजित Dialogue Program on Election Administration and Management विषयक छलफल कार्यक्रममा भाग लिन निर्वाचन आयुक्त श्री नरेन्द्र दाहालको नेतृत्वमा निर्वाचन आयुक्त श्री सुधीरकुमार शाह, सचिव श्री महेश्वर न्यौपाने, सहसचिवद्वय श्री सुशील कोइराला र श्री नवराज ढकाल, उपसचिव श्री देशबन्धु अधिकारी र कम्प्युटर इञ्जिनीयर श्री सुरज प्रकाश अर्यालले मिति २०७४ साल भदौ ६ गतेदेखि १४ गते (२२ देखि ३०, अगष्ट २०१७) सम्म मित्रराष्ट्र जापानको भ्रमण गर्नुभएको थियो । भ्रमण कार्यक्रमको संयोजन र भ्रमणको सम्पूर्ण खर्चको व्यवस्थापन जापानी सहयोग संस्था जाइकाले गरेको थियो ।भ्रमणको अवसरमा प्रिफेक्चरका गभर्नरको निर्वाचनको लागि भएको मतदान, मतपेटिका सङ्कलन, मतगणनापूर्वको तयारी र मतगणना कार्यको अवलोकन गरिनुका साथै निर्वाचन व्यवस्थापन निकायका पदाधिकारी, कर्मचारी र जाइकाका उच्च अधिकारीहरूसँग निर्वाचन व्यवस्थापन सम्बन्धी विविध विषयमा छलफल गरिएको थियो ।

परिच्छेद ७

# निर्वाचन व्यवस्थापन तथा सञ्चालन

यस वर्ष निर्वाचन आयोगले राष्ट्रपति तथा उपराष्ट्रपति, प्रतिनिधि सभा, राष्ट्रियसभा, प्रदेश सभा र स्थानीय तहको तेस्रो चरणको निर्वाचन सफलतापूर्वक सम्पन्न गरेको छ । प्रतिवेदन वर्षमा निर्वाचन सञ्चालन र व्यवस्थापनका क्षेत्रमा सम्पादन भएका कार्यहरूलाई देहाय अनुसार प्रस्तुत गरिएको छ ।

## ७.१ स्थानीय तह निर्वाचन

### ७.१.१ स्थानीय तहको सङ्ख्या

#### ७.१.१.१ गाउँपालिका तथा नगरपालिका

स्थानीय तहको पुनर्संरचनाका लागि नेपाल सरकारबाट मिति २०७२ साल चैत १ गते गठन भएको गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रहरूको सङ्ख्या तथा सीमाना निर्धारण आयोगले मुलुकभर ७१९ गाउँपालिका तथा नगरपालिका रहने गरी मिति २०७३।९।२२ मा नेपाल सरकार समक्ष प्रतिवेदन पेश गरेको थियो । तत्पश्चात नेपाल सरकार (मन्त्रिपरिषद्) को २०७३ माघ २२ को निर्णयानुसार सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा एक समिति गठन भई उक्त समितिले पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकार (मन्त्रिपरिषद्) बाट २०७३ फागुन २२ गतेको निर्णयले ७४४ गाउँपालिका तथा नगरपालिका कायम भएका थिए ।

पहिलो चरणको निर्वाचन २०७४ साल वैशाख ३१ गते सम्पन्न भइसकेपछि २०७४ साल जेठ ८ गते निर्वाचन हुन बाँकी मध्ये तराई मधेशका १६ वटा जिल्ला (प्रदेश नं.२ का आठ जिल्ला र झापा, मोरङ, सुनसरी, नवलपरासी (बर्दघाट सुस्तापश्चिम), रूपन्देही, कपिलवस्तु, बाँके र कैलाली) मा स्थानीय तहको सङ्ख्या र सीमाना हेरफेर तथा स्तरोन्नति गरी २२ वटा गाउँपालिका तथा नगरपालिका थप गरेको थियो । यस विरूद्ध सम्मानित सर्वोच्च अदालतमा रिट परी २०७४ साल जेठ ८ गतेको स्थानीय तह थप गर्ने सम्बन्धी उल्लिखित निर्णय कार्यान्वय नगर्नु नगराउनु भनी सम्मानित सर्वोच्च अदालतबाट २०७४ जेठ १२ गते अन्तरिम आदेश जारी भयो। यसपछि २०७४ साल असार १४ गते दोस्रो चरणको निर्वाचन सम्पन्न भयो ।

गाउँपालिका तथा नगरपालिकाको सङ्ख्या थप गर्ने निर्णय विरूद्ध परेको रिट निवेदन सम्मानित सवोच्च अदालतबाट २०७४ साउन २६ गते खारेज भयो । रिट निवेदन खारेज भएपछि साउन

३१ गते सरकारबाट तेस्रो चरणमा निर्वाचन हुने प्रदेश नं. २ का आठ जिल्लामा स्थानीय तहको सङ्ख्या र सीमाना हेरफेर एवं स्तरोन्नति गरी १३६ गाउँपालिका तथा नगरपालिका कायम गरियो र मुलुकभर जम्मा ७५३ गाउँपालिका तथा नगरपालिका कायम भए । गाउँपालिका तथा नगरपालिका एवं वडाहरुको सङ्ख्यात्मक विवरण देहायको तालिकामा दिइएको छ :-

गाउँपालिका तथा नगरपालिका एवं वडाहरुको सङ्ख्यात्मक विवरण

| प्रदेश नं. | गाउँपालिका तथा नगरपालिका र वडा सङ्ख्या | | | | | |
|---|---|---|---|---|---|---|
| | म.न.पा | उ.म.न.पा. | न.पा. | गा.पा. | जम्मा | जम्मा वडा |
| १ | १ | २ | ४६ | ८८ | १३७ | ११५७ |
| २ | १ | ३ | ७३ | ५९ | १३६ | १२७१ |
| ३ | ३ | १ | ४१ | ७४ | ११९ | ११२१ |
| ४ | १ | ० | २६ | ५८ | ८५ | ७५९ |
| ५ | ० | ४ | ३२ | ७३ | १०९ | ९८३ |
| ६ | ० | ० | २५ | ५४ | ७९ | ७१८ |
| ७ | ० | १ | ३३ | ५४ | ८८ | ७३४ |
| जम्मा | ६ | ११ | २७६ | ४६० | ७५३ | ६७४३ |

### ७.१.१.२ जिल्ला सभा

नेपालको संविधानको धारा २२० ले जिल्ला सभा तथा जिल्ला समन्वय समितिको गठन सम्बन्धमा विभिन्न व्यवस्था गरेको छ । यस अनुसार जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाहरूबीच समन्वय गर्न एक जिल्ला सभा रहने, जिल्ला सभाको तर्फबाट गर्नुपर्ने सम्पूर्ण कार्य सम्पादनको लागि कम्तीमा तीन जना महिला र कम्तीमा एकजना दलित वा अल्पसङ्ख्यक सहित बढीमा ९ सदस्य रहेको जिल्ला समन्वय समिति रहने व्यवस्था गरेको छ।सोही अनुसार मुलुकभर ७७ जिल्ला सभा गठन भएका छन् ।

### ७.१.२ निर्वाचन मिति

स्थानीय तहको निर्वाचन प्रदेश नं. ३,४ र ६ का ३४ जिल्लाका २८३ स्थानीय तहमा २०७४ साल बैशाख ३१ गते पहिलो चरणमा, प्रदेश नं. १, ५ र ७ का ३५ जिल्लाका ३३४ स्थानीय तहमा २०७४ साल असार १४ गते दोस्रो चरणमा र प्रदेश नं. २ का १३६ स्थानीय तहमा २०७४ साल असोज २ गते गरी तीन चरणमा सम्पन्न भयो ।

निर्वाचन आयोग ऐन,२०७३ को दफा ३ र स्थानीय तह निर्वाचन ऐन,२०७३ को दफा ४ मा सरकारले निर्वाचन आयोगको परामर्शमा निर्वाचनको मिति तोक्ने व्यवस्था रहेको छ । स्थानीय तहको निर्वाचन २०७४ साल वैशाख ३१ गते आइतबार एकै चरणमा सम्पन्न गर्ने गरी नेपाल सरकारबाट २०७४ साल फागुन ९ गते स्थानीय तह निर्वाचनको मिति घोषणा भएको थियो ।

सम्माननीय प्रधानमन्त्रीको समुपस्थितिमा माननीय उपप्रधानमन्त्री तथा गृह मन्त्री, निर्वाचन आयोगका प्रमुख निर्वाचन आयुक्त र अन्य निर्वाचन आयुक्तहरू सहभागी मिति २०७४ बैशाख १० गतेको बैठकबाट स्थानीय तहमा सबै राजनीतिक दल र आममतदाताहरूको सहभागिता सुनिश्चित गरी शान्तिपूर्ण, भयरहित र विश्वसनीय वातावरणमा निर्वाचन सम्पन्न गर्न स्थानीय तहको निर्वाचन दुई चरणमा सम्पन्न गर्न उपयुक्त हुने परामर्श अनुरूप पहिलो चरणमा प्रदेश नं. ३, ४ र ६ का स्थानीय तहको निर्वाचन मिति २०७४ बैशाख ३१ गते आईतबार र दोस्रो चरणमा प्रदेश नं. १, २, ५ र ७ का स्थानीय तहको निर्वाचन मिति २०७४ साल जेठ ३१ गते बुधबार सम्पन्न गर्ने गरी नेपाल सरकारबाट २०७४ साल वैशाख १० गते पुनः अर्को मिति तोकिएको थियो ।त्यसपछि पुनः मिति २०७४ जेठ १५ गते नेपाल सरकारबाट प्रदेश नं १, २, ५ र ७ का स्थानीय तहको निर्वाचन २०७४ साल जेठ ३१ गतेको सट्टा २०७४ साल असार ९ गते गर्ने गरी तोकियो । उक्त मितिमा मुस्लिम समुदायको पवित्र रमजान महिनाको इद पर्व परेको र मधेश केन्द्रित दलहरूलाई निर्वाचनमा भाग लिन अनुकुल वातावरण निर्माण गर्नका लागि निर्वाचनको मिति केही दिन पर सार्न उपयुक्त भएको भनी नेपाल सरकारबाट २०७४ साल जेठ १७ गते राजनीतिक दल र आयोगसँगको परामर्शमा पूर्व निर्धारित मिति २०७४ साल असार ९ गतेको सट्टा असार १४ गते निर्वाचन सम्पन्न गर्ने गरी निर्वाचनको नयाँ मिति तोकिएको थियो ।

प्रदेश नं. १, २, ५ र ७ का स्थानीय तहको निर्वाचन २०७४ साल असार १४ गते सम्पन्न गर्ने गरी मिति तोकिएकोमा सम्भावित द्वन्द्वको निराकरण गर्न सुदृढ राजनीतिक सहमति आवश्यक भएको र त्यस सन्दर्भमा संविधानको स्वीकार्यता बढाउँदै असन्तुष्ट राजनीतिक दलहरूका सरोकारहरूलाई सम्वोधन गर्न थप समय आवश्यक देखिएको हुँदा सो दीर्घकालिन राष्ट्रिय उद्देश्य

प्राप्तिका लागि प्रदेश नं. २ को निर्वाचन सार्न उपयुक्त देखिन आएको भनी नेपाल सरकारबाट २०७४ साल असार १ गते दोस्रो चरणमा परेका प्रदेशमध्ये प्रदेश नं २ को स्थानीय तहको निर्वाचन २०७४ साल असोज २ गते सम्पन्न गर्ने गरी अर्को मिति तोकियो।

### ७.१.३ निर्वाचन अधिकृतको नियुक्ति र कार्यालय सञ्चालन

#### ७.१.३.१ निर्वाचन अधिकृतमा नियुक्त गर्न नामावली माग

नेपालको संविधानको धारा १५० मा नेपाल सरकारले न्याय परिषदसँग परामर्श गरी जिल्ला न्यायाधीशलाई केही खास अवधिका लागि कानून वा न्याय सम्बन्धी अनुसन्धान वा अन्वेषण तथा निर्वाचन सम्बन्धी काममा खटाउन सक्ने व्यवस्था छ । यसै गरी स्थानीय तह निर्वाचन ऐन, २०७३ को परिच्छेद ३ को दफा (७) को उपदफा (१) र (२) मा संविधान तथा अन्य प्रचलित कानून बमोजिम निर्वाचनमा सम्पादन गर्नुपर्ने काम गर्न वा गराउनका लागि प्रत्येक जिल्लामा आयोगले एक जना मुख्य निर्वाचन अधिकृत र आवश्यकता अनुसार निर्वाचन अधिकृत नियुक्ति गर्ने, यसरी नियुक्ति गर्नका लागि आयोगले न्याय परिषदको परामर्शमा जिल्ला न्यायाधीशलाई मुख्य निर्वाचन अधिकृतमा र न्याय सेवा आयोगको परामर्शमा न्याय सेवाका राजपत्राङ्कित अधिकृतलाई निर्वाचन अधिकृतमा नियुक्ति गर्ने एवं यसरी निर्वाचन अधिकृत नियुक्ति गर्दा न्याय सेवाका अधिकृतलाई मात्र नियुक्ति गर्न नसकिएमा निजामती सेवाभित्रका अन्य सेवाका राजपत्राङ्कित अधिकृतलाई समेत नियुक्ति गर्न सक्ने प्रावधान रहेको छ ।

प्रदेश नं. २ का ८ जिल्लामा तत्काल कायम रहेका १२७ स्थानीय तहको निर्वाचन सञ्चालनको लागि ८ जना मुख्य निर्वाचन अधिकृत र ११९ जना निर्वाचन अधिकृत नियुक्त गर्नुपर्ने भएकोले न्याय परिषदसँग परामर्श गरी ८ जना जिल्ला न्यायाधीशको र न्याय सेवा आयोगको परामर्शमा न्याय सेवाका राजपत्राङ्कित द्वितीय श्रेणीका १२९ जना अधिकृतको नामावली उपलव्ध गराइदिन नेपाल सरकार कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा लेखी पठाइएकोमा २०७४ साल साउन २३ गते विवरण प्राप्त भएको थियो ।

पहिलो चरणको निर्वाचन सम्पन्न भइसकेपछि २०७४ साल जेठ ८ गते नेपाल सरकारले निर्वाचन हुन बाँकी तराई मधेशका १६ वटा जिल्ला (प्रदेश नं.२ का आठ जिल्ला र झापा, मोरङ, सुनसरी, नवलपरासी (बर्दघाट सुस्तापश्चिम), रूपन्देही, कपिलवस्तु, बाँके र कैलाली) मा २०७४ साल जेठ ८ गते स्थानीय तहको सङ्ख्या र सीमाना हेरफेर तथा स्तरोन्नति गरी २२ वटा गाउँपालिका तथा नगरपालिका थप गरेको थियो । यस विरूद्ध सम्मानित सर्वोच्च अदालतमा रिट परी २०७४ साल जेठ ८ गतेको स्थानीय तह थप गर्ने सम्बन्धी उल्लिखित निर्णय कार्यान्वय नगर्नु नगराउनु

भनी सम्मानित सर्वोच्च अदालतबाट २०७४ जेठ १२ गते अन्तरिम आदेश जारी भएकोले सोही अनुरूप निर्वाचनको तयारी अगाडि बढाइएको थियो । गाउँपालिका तथा नगरपालिकाको सङ्ख्या थप गर्ने निर्णय विरूद्ध परेको माथि उल्लिखित रिट निवेदन सम्मानित सर्वोच्च अदालतबाट २०७४ साउन २६ गते खारेज भयो । रिट निवेदन खारेज भएपछि साउन ३१ गते सरकारबाट प्रदेश नं. २ का आठ जिल्लामा स्थानीय तहको सङ्ख्या र सीमाना हेरफेर एवं स्तरोन्नति गरी १३६ गाउँपालिका तथा नगरपालिका कायम गरियो। यस अवस्थामा निर्वाचन अधिकृतको नामावली पुनः माग गर्नुपर्ने अवस्था आयो । २०७४ साल भदौ १ गतेदेखि लागु हुने गरी मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको नियुक्ति गर्नुपर्ने अवस्थामा न्याय सेवा आयोगको परामर्शमा नेपाल न्याय सेवाका अधिकृतको नामावली माग गरी नियुक्ति गर्न नसकिने अवस्था रह्यो । फलतः स्थानीय तह निर्वाचन ऐन, २०७३ ले गरेको व्यवस्था अनुरूप आयोगको मिति २०७४ साउन २९ को निर्णयानुसार आवश्यक सङ्ख्यामा नेपाल प्रशासन सेवाका र नेपाल शिक्षा सेवाका राजपत्रांकित द्वितीय श्रेणीका अधिकृतको नामावली प्राप्त गरिएको थियो । आयोगको मिति २०७४ साल साउन ३१ गतेको निर्णयानुसार २०७४ साल भदौ १ गतेदेखि लागु हुनेगरी ८ जना जिल्ला न्यायाधीशलाई सम्बन्धित जिल्लाको मुख्य निर्वाचन अधिकृतमा र नेपाल न्याय सेवाका १०७ जना, नेपाल प्रशासन सेवाका ६ जना र नेपाल शिक्षा सेवाका १५ जना गरी १२८ जना राजपत्रांकित द्वितीय श्रेणीका अधिकृतलाई निर्वाचन अधिकृतमा नियुक्त गरिएको थियो। मुख्य/निर्वाचन अधिकृतको नामावली **अनुसूची २६** मा समावेश गरिएको छ ।

### ७.१.३.२ निर्वाचन अधिकृतको कार्यालयको जनशक्ति

निर्वाचन व्यवस्थापन र सञ्चालनको लागि देहाय बमोजिम मुख्य निर्वाचन अधिकृतको कार्यालयमा ११ (एघार) जना र निर्वाचन अधिकृतको कार्यालयमा ९ (नौ) जनासम्म कर्मचारी, सुरक्षाकर्मी रहने व्यवस्था रहेको थियो ।

#### ७.१.३.२.१ मुख्य निर्वाचन अधिकृतको कार्यालयमा रहने कर्मचारी

(क) मुख्य निर्वाचन अधिकृत — एकजना

(ख) सहायक निर्वाचन अधिकृत, रा.प. तृतीय श्रेणी — एकजना
(प्रशासनिक कार्य सम्पादन गर्ने)

(ग) शाखा अधिकृत — एकजना
(आचारसंहिता अनुगमनकर्ताको समेत कार्य गर्ने)

(घ) लेखा अधिकृत वा लेखापाल — एकजना

(ङ) सहायक कर्मचारी, प्रशासन (ना.सु वा खरिदार) — दुईजना

(च) सहायक कर्मचारी (कम्प्युटर अपरेटर) — एकजना

(छ) सवारी चालक वा सयस — एकजना

(ज) कार्यालय सहयोगी —दुईजना

(झ) सुरक्षा गार्ड —एकजना

मुख्य निर्वाचन अधिकृतले आफ्नो कार्यालयको लागि आवश्यक पर्ने कर्मचारी जिल्लास्थित सरकारी कार्यालयबाट काजमा ल्याउनु पर्ने व्यवस्था गरिएको थियो । यसै गरी मुख्य निर्वाचन अधिकृतको कार्यालयमा निर्वाचन कार्यक्रम सञ्चालन, मतदान अधिकृत तथा कर्मचारीलाई दैनिक तथा भ्रमण भत्ता भुक्तानी एवं मतपत्र रूजु गरी मतदान अधिकृतलाई बुझाउने कामको लागि कार्यबोझको आधारमा जनशक्ति व्यवस्थापन निर्देशिका र आर्थिक निर्देशिकामा उल्लिखित मापदण्ड बमोजिम थप जनशक्ति काजमा ल्याई काममा लगाउन सकिने व्यवस्था मिलाइएको थियो ।

### ७.१.३.२.२ निर्वाचन अधिकृतको कार्यालयमा रहने कर्मचारी

(क) निर्वाचन अधिकृत — एकजना

(ख) सहायक निर्वाचन अधिकृत, रा.प. तृतीय — एकजना
(प्रशासनिक एवं आचार संहिता अनुगमनकर्ताको समेत कार्य गर्ने)

(ग) सहायक कर्मचारी (ना.सु. वा खरिदार) — एकजना

(घ) सहायक कर्मचारी (लेखापाल वा सह लेखापाल) — एकजना

(ङ) कम्प्युटर अपरेटर (कम्प्युटर उपलब्ध भएको स्थानमा मात्र) — एकजना

(च) सवारी चालक वा सयस — एकजना
(सरकारी सवारी साधन वा घोडा उपलब्ध भएको अवस्थामा मात्र)

(छ) कार्यालय सहयोगी — दुईजना

(ज) सुरक्षा गार्ड — एकजना

निर्वाचन अधिकृतले आफ्नो कार्यालयको लागि आवश्यक पर्ने कर्मचारी उपलब्ध भएसम्म सम्बन्धित गाउँपालिका वा नगरपालिकामा कार्यरत सरकारी कर्मचारीमध्येबाट र त्यस्ता कर्मचारी उपलब्ध हुन नसकेमा मात्र जिल्लास्थित सरकारी कार्यालयबाट काजमा ल्याउनु पर्ने व्यवस्था गरिएको थियो । यसैगरी निर्वाचन कार्यक्रम सञ्चालन अवधिको लागि कार्यबोझको आधारमा जनशक्ति व्यवस्थापन निर्देशिका र आर्थिक निर्देशिकामा उल्लिखित मापदण्ड बमोजिम थप जनशक्ति काजमा ल्याई काममा लगाउन सकिने व्यवस्था मिलाइएको थियो ।

मुख्य निर्वाचन अधिकृतको कार्यालय २०७४ साल भदौ ७ गते र निर्वाचन अधिकृतको कार्यालय २०७४ साल भदौ १२ गते स्थापना गरिएको थियो । मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालय निर्वाचन सम्पन्न भएको मितिले १५ (पन्ध्र) दिनसम्म सञ्चालनमा रहेका थिए ।

### ७.१.४ निर्वाचन कार्यक्रम

स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ५ मा निर्वाचन कार्यक्रमको सूचना प्रकाशन गर्नुपर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ५ को उपदफा (२) मा उम्मेदवारको मनोनयनपत्र दर्तादेखि उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गर्ने र मतदान गर्ने मिति, समय र स्थान उल्लेख गर्नुपर्ने व्यवस्था रहेको छ । सोही अनुरूप निर्वाचन आयोगले निर्वाचन कार्यक्रम स्वीकृत गरी निर्वाचन सम्पन्न गर्ने गर्दछ । प्रदेश नं. २ मा भएको निर्वाचनको लागि मिति २०७४ भदौ २१ मा उम्मेदवारको मनोनयन पत्र दर्ता गर्नेदेखि २०७४ भदौ २४ गते उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गर्ने र २०७४ असोज २ गते मतदान गर्ने कार्यक्रम रहेको थियो । निर्वाचन कार्यक्रम **अनुसूची –२७** मा दिइएको छ ।

#### ७.१.४.१ निर्वाचन कार्यक्रम सञ्चालन

स्वीकृत कार्यक्रम अनुरूप २०७४ साल भदौ २१ गतेदेख २४ गतेसम्म उम्मेदवारको मनोनयन पत्र दर्ता गर्नेदेखि उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गर्नेसम्मको कार्यक्रम सञ्चालन भएको थियो। प्रदेश नं. २ का १३६ स्थानीय तहमा प्रमुख वा अध्यक्ष १३६ जना, उपप्रमुख वा उपाध्यक्ष १३६ जना, वडाध्यक्ष १२७१ जना, महिला वडा सदस्य १२७१ जना, दलित महिला वडा सदस्य १२७१ जना र अन्य वडा सदस्य २५४२ जना सहित जम्मा ६ हजार ६२७ पदको लागि जम्मा ३७,८४१ जनाको मनोनयन पत्र दर्ता भएको थियो । दलित महिला वडा सदस्य ९ पदमा भने उम्मेदवारी नै परेन । मनोनयन पत्र दर्ता गराएकामध्ये ५४८ जनाले उम्मेदवारी

फिर्ता लिएका र ४५ जनाको मनोनयनपत्र रद्द भएको थियो । उम्मेदवारको अन्तिम नामावलीमा जम्मा ३७,२४८ जनाको उम्मेदवारी कायम रहेको थियो ।

### ७.१.४.१.२ उम्मेदवारको मृत्युको कारण संशोधित निर्वाचन कार्यक्रम

निर्वाचन कार्यक्रम सञ्चालन भईरहदा राजविराज नगरपालिका वडा नं. १५ मा राष्ट्रिय जनता पार्टी नेपाल राजनीतिक दलबाट वडा अध्यक्ष पदका उम्मेदवार महन्थी यादवको मृत्यु भएको कारण निर्वाचन कार्यक्रम संशोधन गर्नुपरेको थियो । उक्त वडाको वडाध्यक्ष पदमा राष्ट्रिय जनता पार्टी नेपाल राजनीतिक दलको तर्फबाटमात्र उम्मेदवारी दिने गरी २०७४ साल असोज ३ गते निर्वाचन कार्यक्रम सञ्चालन गर्ने र वडा नं. १५ का मतदान केन्द्रमा २०७४ साल असोज ५ गते मतदान कार्य सञ्चालन गर्ने गरी आयोगको मिति २०७४ साल असोज १ गतेको निर्णयबाट निर्वाचन कार्यक्रम संशोधन गरिएको थियो । वडा नं १५ का सबै मतदान केन्द्रबाट मटपेटिका निर्वाचन अधिकृतको कार्यालयमा प्राप्त भएपछि मात्र मतगणना कार्य प्रारम्भ गर्ने व्यवस्था मिलाइएको थियो ।

### ७.१.५ मतदान केन्द्र व्यवस्थापन

स्थानीय तह निर्वाचनको लागि आयोगको २०७३ साल फागुन २२ गतेको निर्णयले प्रदेश नं. २ का आठ जिल्लामा तत्काल कायम १२७ स्थानीय तहका २ हजार १६६ मतदान स्थलमा ३ हजार ५७७ मतदान केन्द्र कायम गरिएका थिए । माथि उल्लेख भए बमोजिम २०७४ साल साउन ३१ गते नेपाल सरकारबाट निर्वाचन हुन बाँकी प्रदेश नं. २ का आठ जिल्लामा स्थानीय तहको सङ्ख्या र सीमाना हेरफेर एवं स्तरोन्नति गरी १३६ गाउँपालिका तथा नगरपालिका कायम गरेपछि परिवर्तित परिस्थितिलाई मध्यनजर गरी मतदान केन्द्रको पुनरावलोकन गर्न आवश्यक महशुस भएकोले प्रदेश नं. २ का आठवटै जिल्ला निर्वाचन कार्यालयलाई २०७४ साउन ३० गते मतदान केन्द्र पुनरावलोकन गरी जिल्लास्तरमा रहेको सिफारिस समितिबाट निर्णय गराई केन्द्रमा पठाउन लेखी पठाइयो । जिल्लाबाट प्राप्त सिफारिस बमोजिम २१६६ मतदान स्थलमा ३७६९ मतदान केन्द्र निर्धारण गरिएको थियो ।

### ७.१.६ मतपत्र व्यवस्थापन

स्थानीय तह निर्वाचन ऐन,२०७३ को दफा ५ को उपदफा (५) ले निर्वाचन कार्यक्रम प्रकाशन गर्दा उम्मेदवारको अन्तिम नामावली प्रकाशन भएपछि निर्वाचन प्रचार प्रसारको लागि बढीमा १५ दिनको अवधि रहने गरी प्रकाशन गर्नुपर्ने व्यवस्था गरेको छ । व्यवहारतः यो अवधि मतपत्र

छपाइ गरी निर्वाचन अधिकृतको कार्यालय हुँदै मतदान केन्द्रसम्म पुऱ्याउनु पर्ने अवधि समेत हो । यति छोटो अवधिमा उपलव्ध पूर्वाधारका कारण उम्मेदवारलाई निर्वाचन चिह्न वितरण गरेपछि उक्त चिह्नहरू राखी मतपत्र छपाइ गर्न सामान्यतः असम्भव प्रायः हुने गरेकोले विगतदेखि नै स्थानीय तह निर्वाचनको मतपत्र उम्मेदवारलाई निर्वाचन चिह्न वितरण गर्नु अगावै छपाइ गर्ने गरिएको छ । माथि उल्लिखित समय सीमाको कारण यो अभ्यासलाई यस पटक पनि निरन्तरता दिनु पर्ने बाध्यता भयो ।

आयोगबाट मिति २०७३।११।१९ मा मतपत्र व्यवस्थापन सम्बन्धी नीति तर्जुमा गर्ने, मतपत्र र नमुना मतपत्रको ढाँचा निर्धारण गर्ने, छपाइ गर्नुपर्ने सङ्ख्या यकिन गर्ने, छपाइ र ढुवानी कार्यको व्यवस्थापन गर्ने लगायतका कार्य सम्पन्न गर्न निर्वाचन आयुक्त श्री नरेन्द्र दाहालको संयोजकत्वमा ६ सदस्यीय मतपत्र व्यवस्थापन तथा आधिकारिता निर्धारण र कार्यक्रम तर्जुमा समिति र समितिको कार्य सम्पादनमा आवश्यक सहयोग गर्न निर्वाचन व्यवस्थापन महाशाखा प्रमुखको संयोजकत्वमा ५ सदस्यीय एक मतपत्र व्यवस्थापन उपसमिति गठन भएको थियो ।

स्थानीय तह निर्वाचनमा एकजना मतदाताले अध्यक्ष वा प्रमुख एकजना, उपाध्यक्ष वा उपप्रमुख एकजना, सम्बन्धित वडाका वडाध्यक्ष एकजना, महिला वडा सदस्य एकजना, दलित महिला वडा सदस्य एकजना र वडा सदस्य दुइजना गरी विभिन्न ७ (सात) जना उम्मेदवारलाई मतदान गर्छन । यसर्थ अध्यक्ष वा प्रमुखका लागि एक, उपाध्यक्ष वा उपप्रमुखका लागि एक, वडाध्यक्षका लागि एक, महिला वडा सदस्यका लागि एक, दलित महिला वडा सदस्यका लागि एक र वडा सदस्य दुइजनाका लागि एक गरी विभिन्न ६ वटा अलग अलग मतपत्र आवश्यक हुन्छ। ६ वटा अलग—अलग मतपत्र व्यवस्था गर्दा मतदतालाई मत सङ्केत गर्न अप्ठेरो हुने भई निर्वाचन प्रक्रिया जटिल हुने र मतदान कार्य व्यवस्थापन गर्न समेत निकै कठिनाई हुने भएकोले जम्मा जम्मी विभन्न ६ वटा मतपत्र कागजको एउटै सीटमा छपाइ गर्ने गरी डिजाइन गरिएको थियो । जिल्लामा उपस्थित राजनीतिक दलको सङ्ख्या र सम्भावित स्वतन्त्र उम्मेदवारको सङ्ख्या अनुसार मतपत्र व्यवस्थापन गर्नुपर्ने भएकोले जम्मा जम्मी विभिन्न ६ आकारका मतपत्र छपाइका लागि डिजाइन गरिएको थियो । प्रदेश नं. २ का ८ वटै जिल्लाका लागि ७२ x ५१ से.मी. आकारको ६८ लहरमा निर्वाचन चिह्न रहेको मतपत्र छपाइ गरिएको थियो ।

मतपत्रमा निर्वाचन चिह्न राख्दा व्यवस्थापिका संसदमा प्रतिनिधित्व गरिरहेका राजनीतिक दलका उम्मेदवारका लागि सम्बन्धित दलको निर्वाचन चिह्न र अन्य राजनीतिक दलका तथा स्वतन्त्र उम्मेदवारका लागि स्वतन्त्र निर्वाचन चिह्नहरूको समूह निर्धारण गरी उक्त चिह्नहरू समावेश गरी मतपत्र छपाइ गरिएको थियो । छैठौं मतपत्रबाट निर्वाचित हुने वडा सदस्य दुईजनाको निर्वाचन

चिह्नको हकमा राजनीतिक दलका उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गर्ने सम्बन्धमा दुवै जना एकै राजनीतिक दलका उम्मेदवार हुने हुँदा सम्बन्धित दलकै निर्वाचन चिह्न दिनुपर्ने, उम्मेदवारले प्रचार प्रसार गर्दा आफूलाई मतदान गर्न आग्रह गर्दा पनि कुन चिह्नमा मतदान गर्नु पर्ने हो स्पष्ट गर्न आवश्यक हुने र मतदाताले पनि आफूले मतदान गर्न चाहेको उम्मेदवारको निर्वाचन चिह्न कुन हो थाहा पाउन आवश्यक हुने भएकोले उक्त मतपत्रबाट निर्वाचित हुने दुई जना सदस्यका लागि एक जनालाई एउटा निर्वाचन चिह्न भएको चिह्न र अर्कोलाई दुईवटा निर्वाचन चिह्न भएको चिह्न प्रदान गर्ने गरी मतपत्र छपाइ गरिएको थियो । निर्वाचन चिह्न वितरण गर्दा वर्णानुक्रमको आधारमा वितरण गर्ने व्यवस्था गरिएको थियो । स्वतन्त्र उम्मेदवारको हकमा भने दुवै कोलममा एउटा एउटा निर्वाचन चिह्न छपाइ गरिएको थियो । मतपत्र जनक शिक्षा सामग्री केन्द्र लिमिटेडको छापाखानामा छपाइ गरिएको थियो ।

### ७.१.७ मतदान केन्द्रको जनशक्ति

स्थानीय तह निर्वाचनको लागि प्रदेश नं. २ मा कायम मतदान केद्रमा स्थानीय तह निर्वाचन निर्देशिका, २०७४ बमोजिम मतदान केन्द्रमा मतदान अधिकृत, सहायक मतदान अधिकृत, सहायक कर्मचारी, कार्यालय सहयोगी र स्वयं सेवक खटाइएको थियो । निर्देशिकाले पाँचसय सम्म मतदाता भएका मतदान केन्द्रमा मतदान अधिकृत एकजना, सहायक मतदान अधिकृत एकजना, सहायक कर्मचारी दुईजना, कार्यालय सहयोगी कर्मचारी एकजना र कम्तीमा एकजना महिला सहित दुईजना स्वयं सेवक गरी सात जना खटाइएको थियो भने एक हजारसम्म मतदाता रहेको मतदान केन्द्रमा मतदान अधिकृत एकजना, सहायक मतदान अधिकृत एकजना, सहायक कर्मचारी दुईजना, कार्यालय सहयोगी कर्मचारी दुईजना र कम्तीमा एकजना महिला सहित तीनजना स्वयमसेवक गरी सात जना खटाइएको थियो । एकहजार भन्दा बढी मतदाता भएका मतदान केन्द्रमा थप एकजना स्वयं सेवक परिचालन गरिएको थियो । मतदान कार्य व्यवस्थापनको लागि निजामती सेवाका कर्मचारी, नेपाल सरकारको स्वामित्व/नियन्त्रणमा रहेका संस्थान/समितिमा कार्यरत कर्मचारी र सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरूलाई समेत परिचालन गरिएको थियो ।

### ७.१.८ मतदान र मतगणना

#### ७.१.८.१ मतदान कार्य

मिति २०७४ साल असोज २ गते प्रदेश नं. २ का १३६ स्थानीय तहमा रहेका ३७६९ मतदान केन्द्रमा विहान ७:०० बजेदेखि अपराह्न ५:०० बजेसम्म मतदान कार्य सञ्चालन भएको

थियो । मतदान अधिकृत लगायतका कर्मचारीहरूको टोली २०७४ भदौ ३१ गते बेलुका सम्ममा सम्बन्धित मतदान स्थलमा पुगी मतदान केन्द्र निर्माण, मतदाता परिचयपत्र वितरण तथा मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरेका थिए ।

निर्वाचनमा तीन घेराको सुरक्षा बन्दोबस्त मिलाइएको थियो । मतदान स्थलको सुरक्षार्थ नेपाल प्रहरी परिचालन गरिएको थियो । मतदान केन्द्रभन्दा बाहिरी घेरामा सशस्त्र प्रहरी वल र सबैभन्दा बाहिरी घेरामा  नेपाली सेना परिचालन गरिएको थियो । स्वतन्त्र र निष्पक्ष ढङ्गबाट मतदान सम्पन्न गर्ने सुनिश्चितताका लागि नेपाल सरकारका सहसचिव स्तरका अधिकृतको नेतृत्वमा अनुगमन टोलीहरू परिचालित गरिएको थियो भने विशेष कार्य जिम्मेवारी सहित सुक्ष्म अनुगमन कर्ताहरु समेत परिचालित गरिएका थिए ।

मतदान कार्य सहज ढङ्गले सम्पादन गर्न सकियोस् भनी महिला र पुरूषका लागि भिन्दा भिन्दै लाइन लाग्ने व्यवस्था गरिएको थियो । जेष्ठ नागरिक, अशक्त, सुत्केरी तथा गर्भवतीको लागि लाइन नबसिकन मतदान गर्न पाउने विशेष व्यवस्था समेत गरिएको थियो । निर्वाचनमा ७७ प्रतिशत मतदान भएको थियो । स्थानीय तह निर्वाचनको समग्र मतदान प्रतिशत भने ७४.१६ प्रतिशत रहेको छ ।

### ७.१.८.२ मतगणना

### ७.१.८.२.१ मतगणना निर्देशिका र मतगणना निर्देशन

मतगणना कार्यलाई व्यवस्थित गर्नको निम्ति आयोगले स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ७१ ले दिएको अधिकार प्रयोग गरी मिति २०७४।१।२८ मा स्थानीय तह निर्वाचन (मतगणना) निर्देशिका, २०७४ स्वीकृत गरेको थियो । स्थानीय तह निर्वाचन अन्तर्गत पहिलो र दोस्रो चरणको मतदान सम्पन्न भए पश्चात् यही निर्देशिका बमोजिम मतगणना कार्य सम्पन्न गरिएको थियो । निर्देशिकाको दफा २४ मा मतपत्र बदर हुने अवस्थाहरू उल्लेख गरिएका छन्।

मतगणना कार्यलाई सहज रूपमा व्यवस्थापन गर्न मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतलाई पहिलो र दोस्रो चरणको स्थानीय तह निर्वाचनको बखत दिइएका निर्देशनहरू तेस्रो चरणको निर्वाचनको मतगणनाको क्रममा समेत पालना गर्ने व्यवस्थाका लागि मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतहरूलाई आयोगबाट निर्देशन पठाइएको थियो ।

पहिलो चरणको निर्वाचनको मतदान हुने दिनभन्दा एक दिन अघि आयोगले मिति २०७४ वैशाख ३० गते मतगणनाको सम्बन्धमा विशेष निर्देशन प्रदान गरेको थियो । स्थानीय तह अन्तर्गत गाउँपालिका/नगरपालिका निर्वाचनको मतगणना गर्दा स्थानीय तह निर्वाचन निर्देशिका, २०७३ (दोस्रो संशोधन सहित) को दफा १३० र १३० क तथा स्थानीय तह निर्वाचन (मतगणना) निर्देशिका, २०७४ मा रहेका व्यवस्थाका अतिरिक्त देहाय बमोजिम मतगणना गर्न सम्बन्धित मुख्य निर्वाचन अधिकृतलाई एघार बुँदे निर्देशन दिइएको थियो :-

(१) सम्बन्धित गाउँपालिका/नगरपालिकाका मुख्य निर्वाचन अधिकृत/निर्वाचन अधिकृत र सुरक्षा अधिकारी बाहेक मतगणना स्थलमा उपस्थित अन्य व्यक्तिले मोवाइल फोन प्रयोग नगर्ने/गर्न नदिने,

(२) मतपत्रमा मतदान अधिकृतले दस्तखत गर्दा सिसाकलम बाहेक कालो, नीलो, हरियो, रातो वा अन्य जुनसुकै रङ्गको मसी प्रयोग गरेको भएपनि उक्त मतपत्रलाई मान्यता दिई मतगणना गर्ने,

(३) मतदातालाई मतपत्र दिँदा भुलवश मतपत्रको अधकट्टी समेत दिई उक्त अधकट्टी सहितको मतपत्र मतपेटिकामा रहन गएको अवस्थामा मतगणनाका लागि मतपत्रको चाङ मिलाउदा त्यस्तो अधकट्टीलाई अलग गरी मतपत्र गणना गर्ने,

(४) मतदानको क्रममा मतपेटिकामा रहेका मतपत्रहरू पुसरद्वारा मिलाउँदा मतपत्र च्यातिएको तर मतपत्र टुक्रा भई नछुट्टिएको र मत सङ्केत गरिएको चिह्न स्पष्ट भए त्यस्तो मतपत्र गणना गर्ने,

(५) मतदाताले मतदान गर्दा निर्वाचन चिह्न रहेको कुनै एकै कोठामा एक भन्दा बढी स्वस्तिक छाप लगाएको रहेछ भने त्यस्तो मतपत्र गणना गर्ने,

(६) मतदाताले मतसङ्केत गरिसकेपछि मतपत्र पट्याउँदा कुनै एक चिह्नमा लगाएको स्वस्तिक छाप अर्को चिह्न भएको कोठामा प्रतिबिम्बित भएको रहेछ भने पनि सुल्टो स्वस्तिक छाप भएको निर्वाचन चिह्नको मतसङ्केतलाई मान्यता दिई मतगणना गर्ने,

(७) मतपेटिकामा लगाइएको सुरक्षण सील कसैको कर्तव्यबाट नभई ढुवानी तथा भण्डारणको क्रममा केही टुटफुट वा घटी भएको अवस्थामा पनि तात्विक फरक नपर्ने अवस्था रहेको भए त्यस्ता मतपेटिका साबुदै भएको मानी गणना गर्ने,

(८) मतगणना गर्दा प्रत्येक वडाको मतगणना अलग—अलग रूपमा गर्ने । गाउँपालिका वा नगरपालिकाको कुनै वडामा एकभन्दा बढी मतदान केन्द्र रहेकोमा सो वडाको मतगणना गर्दा कम्तीमा दुईवटा मतदान केन्द्रका मतपेटिकामा रहेको मत कुन मतदान केन्द्रको हो सो छुट्याउन नसकिने गरी मिसाई गणना गर्ने,

(९) मतगणना गर्दा स्थानीय तह निर्वाचन निर्देशिका, २०७३ (दोस्रो संशोधन सहित) को अनुसूची-५१ मा मतदान केन्द्रको नाम लेख्दा खण्ड ८ (आठ) बमोजिम गणना गर्दा जुन-जुन मतदान केन्द्रको मतपत्र मिसाइएको हो सो केन्द्रहरूको नाम लेख्ने । त्यसैगरी सोही निर्देशिकाको अनुसूची-५२ को वडागत मतगणना अभिलेख फारम भर्दा प्राप्त मत विवरण अन्तर्गत मतदान केन्द्रको नाम उल्लेख गर्दा समेत जुन-जुन मतदान केन्द्रको मतपत्र मिसाइएको हो सो केन्द्रहरूको नाम लेख्ने,

(१०) स्थानीय तह निर्वाचन निर्देशिका, २०७३ (दोस्रो संशोधन सहित) को दफा १२९ को उपदफा (२) बमोजिम मतगणना गरी अनुसूची-५१ मा विवरण प्रविष्ट गर्दा सदर मत भए जुन चिह्नमा मत सङ्केत गरिएको छ सोही चिह्नमा प्रविष्ट गर्ने र बदर मतको हकमा फारमको अन्त्यमा रहेको बदर मत जनाउने महलमा प्रविष्ट गर्ने र उक्त विवरण अनुसूची-५२ र ५३ मा प्रविष्ट गर्दा पनि सोही बमोजिम प्रविष्ट गर्ने,

(११) कुनै वडाको मतगणना सम्पन्न गरेपछि उक्त वडाका वडाध्यक्ष, महिला वडा सदस्य, दलित महिला वडा सदस्य र वडा सदस्य दुई जनाको निर्वाचन परिणाम सार्वजनिक गरी अर्को वडाको मतगणना शुरू गर्ने ।

मिति २०७४ वैशाख ३१ मा प्रथम चरणको निर्वाचन सम्पन्न भए पश्चात स्थानीय तह निर्वाचन निर्देशिका (दोस्रो संशोधन सहित), २०७३ को दफा ११८ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशमा मतगणना गर्दा छुट्टा छुट्टै भवनमा गर्न नहुने व्यवस्था उल्लेख भएकोमा कतिपय स्थानमा एउटै भवनमा पर्याप्त स्थान उपलव्ध नहुने कारण मतगणनाका लागि एकै पटकमा धेरै मतगणना टोली परिचालन गर्न बाधा परेको र यसबाट मतगणना कार्य सम्पन्न गर्न धेरै दिन लाग्ने भएकोले आयोगबाट मिति २०७४ जेष्ठ २ गते मतगणनाको सम्बन्धमा मुख्य/निर्वाचन अधिकृतको कार्यालयहरूलाई देहाय बमोजिमको थप निर्देशन दिइएको थियो :-

(१) राजनीतिक दलहरूसँगको सहमति एवं स्थानीय प्रशासनको समन्वयमा मतगणना स्थलमा आवश्यक सुरक्षा व्यवस्था मिलाई एकै समयमा एक भन्दा बढी मतगणना टोली परिचालन गरी अलग अलग भवनमा समेत मतगणना गर्न सक्ने,

(२) अलग अलग भवनमा मतगणना गर्दा एकै समयमा एकभन्दा बढी वडाहरूको मतगणना गर्न सक्ने,

(३) मतगणना कार्यमा खटिने कर्मचारीलाई दिइने सुविधाको सम्बन्धमा स्थानीय तह निर्वाचन (आर्थिक) निर्देशिका (पहिलो संशोधन सहित) को दफा १९ को उपदफा (९) बमोजिमको सुविधा उपलब्ध गराउँदा मतगणना स्थलबाट कम्तीमा दश कि.मी.भन्दा टाढाको कार्यालयबाट आई मतगणना कार्यमा खटिने कर्मचारीलाई मतगणना कार्यमा खटिएको अवधिको लागि दैनिक भ्रमण भत्ता समेत भुक्तानी दिने व्यवस्था रहेकोमा उक्त सुविधा दश कि.मी भन्दा कम दूरी रहेको कार्यालयबाट खटिने कर्मचारीलाई समेत उपलब्ध गराउने ।

यसैगरी दोस्रो चरणको निर्वाचनको मतगणनाको सन्दर्भमा मिति २०७४ साल असार १५ गते मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतहरूलाई देहाय बमोजिम थप निर्देशन दिइएको थियो :-

(१) मतगणना प्रतिनिधिलाई स्थानीय तह निर्वाचन नियमावली, २०७३ को अनुसूची–२५ बमोजिमको परिचयपत्र उपलब्ध गराउँदा मतगणना प्रतिनिधिको फोटो अनिवार्य रूपमा टाँसेरमात्र उपलब्ध गराउने,

(२) मतगणनाका लागि उपलब्ध स्थल र सुरक्षा व्यवस्था समेतलाई ध्यानमा राखी एकै पटक धेरै मतगणना टोली परिचालन गरी छिटो परिणाम सार्वजनिक गर्न सकिने गरी गणना कार्य व्यवस्थापन गर्ने,

(३) मतगणना स्थलमा राजनीतिक दल वा उम्मेदवारका प्रतिनिधिलाई मतगणनाका लागि मतपत्र खन्याइने र गणना गरिने स्थलबाट निश्चित दूरीमा बस्ने व्यवस्था मिलाउने । मतगणना स्थलमा उपस्थित उम्मेदवार/मतगणना प्रतिनिधिले मतपत्र छुन नपाउने/नसक्ने गरी उच्च सुरक्षा सतर्कता अपनाउने,

(४) एकभन्दा धेरै मतगणना टोली परिचालन भएकोमा प्रत्येक टोलीमा एउटा राजनीतिक दलको तर्फबाट एक जनामात्र मतगणना प्रतिनिधि रहने व्यवस्था गर्ने,

(५) उम्मेदवार वा निजको मतगणना प्रतिनिधि, सञ्चारकर्मी, कर्मचारी वा यस्तै मतगणना स्थलमा प्रवेश पाउने व्यक्तिलाई गणना स्थलमा प्रवेश गर्न दिनुअघि अनिवार्य रूपमा सुरक्षा जाँच गरेरमात्र प्रवेश दिने व्यवस्था मिलाउने । कसैले पनि लाइटर, सलाइ, एसिड जस्ता ज्वलनशील सामग्री वा पदार्थ वा अन्य कुनै घातक सामग्री गणना स्थलमा लैजान नपाउने गरी सुरक्षा जाँचको बन्दोवस्त मिलाउने,

(६) मतगणना स्थलमा प्रवेश पाएकामध्ये मुख्य निर्वाचन अधिकृत/निर्वाचन अधिकृत, प्रमुख जिल्ला अधिकारी लगायत सुरक्षा निकायका प्रमुखबाहेक अरूलाई मोबाइल फोन, क्यामेरा र अडियो भिडियो उपकरण आदि लैजान नदिने । तर सञ्चारकर्मीलाई एक-एक थान अडियो सामग्री, स्टील क्यामरा, भिडियो क्यामरा लैजान दिने,

(७) मतगणना स्थलमा सञ्चारकर्मीहरूको लगातार उपस्थिति आवश्यक नभएकोले सूचना सम्प्रेषणको लागि निश्चित समय तोकी तदनुरूप प्रवेशको व्यवस्थापन गर्ने। मतगणना स्थलमा प्रवेश पाएका सञ्चारकर्मीलाई मतगणना भइरहेको दृश्य खिच्न दिने । तर मतपत्रमा कुन निर्वाचन चिह्नमा कसरी मतसङ्केत गरिएको छ भन्ने देखिने गरी फोटो वा भिडियो खिच्न तथा मतगणना कार्यमा संलग्न कर्मचारी वा प्रतिनिधिको अडियो बाइट लिन नदिने,

(८) समय समयमा मतगणनाको अद्यावधिक परिणाम सार्वजनिक गर्ने व्यवस्था मिलाउने,

(९) मतगणना कार्यलाई व्यवस्थित गर्न सर्वदलीय/सर्वपक्षीय सहमति गर्दा गणना प्रारम्भ भइसकेपछि बीच बीचमा नगरी गणना प्रारम्भ हुनु अगावै गर्ने ।

### ७.१.८.२.२ मतगणना

सबै मतदान केन्द्रबाट मतपेटिकाहरू निर्वाचन अधिकृतको कार्यालयमा प्राप्त भएपछि मतगणना शुरू भएको थियो । मतगणनाको क्रममा मूलतः मतपेटिकामा रहेको मत र मुचुल्कामा उल्लेख रहेको मतको सङ्ख्या फरक परेको विषय, दल वा उम्मेदवारहरू बीच मतपत्र सदर र बदर हुने विषयमा विवादहरू उत्पन्न भएका थिए । कतिपय स्थानीय तहमा स्थानीय शान्ति सुरक्षाको अवस्था, जनशक्तिको व्यवस्थापन, निर्वाचन अधिकृत र राजनीतिक दलका प्रतिनिधि बीच उत्पन्न

असमझदारी जस्ता कारणले मतगणना कार्यमा केही विलम्ब भएको थियो । मतगणनाका क्रममा उत्पन्न विवाद समाधानको लागि आयोगबाट यथाशीघ्र निर्णय गरी आवश्यक निर्देशन पठाइएको थियो । मतगणना कार्यमा सहजीकरणको लागि प्रदेश नं. २ का सबै जिल्लामा आयोगबाट उपसचिव/शाखा अधिकृतको नेतृत्वमा कर्मचारी टोली समेत परिचालन गरिएको थियो । मतपत्रको आकार ठूलो भएको र एउटै पानामा छपाइ गरिएका ६ वटा मतपत्रबाट ७ जना पदाधिकारीहरू निर्वाचित हुने भएकोले मत गणनामा केही लामो समय लागेको भएपनि मतगणना प्रारम्भ भएको सरदर ५ दिनभित्रै धेरैजसो जिल्लामा मतगणना कार्य सम्पन्न भएको थियो ।

### ७.१.९ निर्वाचन परिणाम

प्रदेश नं. २ बाट गाउँपालिकाका अध्यक्ष ५९, उपाध्यक्ष, महानगरपालिका/उपमहानगरपालिका /नगरपालिकाका प्रमुख ७७, उपप्रमुख ७७, वडाध्यक्षहरू १ हजार २७१, महिला वडा सदस्य १ हजार २७१, दलित महिला वडा सदस्य १ हजार २६२ र अन्य वडा सदस्य २ हजार ५४२ जना गरी ६ हजार ६१८ जना निर्वाचित भएका छन् । निर्वाचित हुनेमध्ये ४१२ जना निर्विरोध निर्वाचित भएका थिए । दलित महिला वडा सदस्यमा उम्मेदवारी नै नपरेको कारण ९ पद रिक्त रहेको छ ।

निर्वाचनमा विभिन्न १२ वटा राजनीतिक दलका ६ हजार ५६० जना र स्वतन्त्र ५८ जना निर्वाचित भएका छन् । स्वतन्त्रबाट निर्वाचित हुने ५८ जनामा वडाध्यक्ष ३२ जना, महिला वडा सदस्य ७, दलित महिला वडा सदस्य ६ र अन्य वडा सदस्य १३ जना छन् । विभिन्न राजनीतिक दलको तर्फबाट वा स्वतन्त्र रूपमा निर्वाचित पदाधिकारीको सङ्ख्यात्मक विवरण **अनुसूची २८** मा दिइएको छ ।

### ७.१.१० सार्वजनिक विदा

धेरैजसो मतदान केन्द्रहरू सार्वजनिक विद्यालयहरूमा रहेकोले मतदानको लागि मतदान केन्द्र निर्माण गर्न, मतदाता परिचयपत्र वितरण गर्न र मतदानको दिन मतदान कार्य सम्पन्न गर्नुपर्ने भएको कारण आठवटै जिल्लाका सार्वजनिक एवं संस्थागत विद्यालयहरूमा मिति २०७४ भदौ २७ गतेदेखि ७ दिन सार्वजनिक बिदा दिने व्यवस्थाको लागि नेपाल सरकारलाई लेखी पठाइए अनुसार नेपाल सरकारले सोको बन्दोवस्त मिलाएको थियो । यसै गरी निर्वाचन हुने जिल्लाका जिल्लास्थित कार्यालयका अधिकांश कर्मचारीहरू मतदान कार्यमा परिचालित हुने भएकोले उक्त दिन सार्वजनिक सेवा प्रवाह गर्न कठिनाई समेत हुने हुँदा प्रदेश नं. २ का सबै सरकारी कार्यालयहरू, अर्धसरकारी कार्यालयहरू र सार्वजनिक संस्थानहरूमा मिति २०७४ असोज २ गते

सार्वजनिक बिदा दिन नेपाल सरकारलाई अनुरोध गरी पठाए अनुरूप उक्त दिन नेपाल सरकारले सार्वजनिक बिदा दिएको थियो ।

### ७.१.११ गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको निर्वाचन

गाउँ सभा वा नगर सभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले १५ दिनभित्र गाउँ कार्यपालिकाका लागि महिला र दलित वा अल्पसङ्ख्यक सदस्यको निर्वाचन सम्पन्न गर्नुपर्ने संवैधानिक एवम कानूनी व्यवस्था रहेको छ । संविधानले गाउँपालिकामा भए गाउँसभाका सदस्यले आफूमध्येबाट चार जना महिला सदस्य र दलित वा अल्पसङ्ख्यक समुदायबाट दुई जना सदस्य निर्वाचित गर्ने व्यवस्था छ भने नगरपालिकाको हकमा नगर सभाका सदस्यले आफूमध्येबाट पाँच जना महिला सदस्य र दलित वा अल्पसङ्ख्यक समुदायबाट तीन जना निर्वाचित गर्ने व्यवस्था छ ।

गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको निर्वाचनको व्यवस्थापन र सञ्चालनको लागि आयोगबाट २०७४ जेठ २ गते गाउँ कार्यपालिका तथा नगर कार्यपालिका निर्वाचन निर्देशिका, २०७४ स्वीकृत भएको थियो । स्वीकृत निर्देशिका अनुरूप सम्बन्धित गाउँपालिका वा नगरपालिकाले आ-आफ्नो गाउँसभा वा नगर सभा निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले १५ दिनभित्र निर्वाचन कार्यक्रम प्रकाशन र सञ्चालन गरेका थिए ।

निर्वाचन अधिकृतले निर्वाचनको लागि व्यवस्थापिका-संसदमा प्रतिनिधित्व गर्ने दलको उम्मेदवारलाई सम्बन्धित राजनीतिक दलको निर्वाचन चिह्न र व्यवस्थापिका-संसदमा प्रतिनिधित्व नगर्ने दलको उम्मेदवार र स्वतन्त्र उम्मेदवारलाई स्वतन्त्र निर्वाचन चिह्नको समूहबाट निर्वाचन चिह्न प्रदान गर्नु पर्ने व्यवस्था रहेको थियो ।

निर्वाचन अधिकृतले उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरिसकेपछि उम्मेदवारको नाम, निजलाई प्रदान गराएको निर्वाचन चिह्न र मतदाता सङ्ख्या सहितको विवरण मुख्य निर्वाचन अधिकृतलाई उपलब्ध गराउनु पर्ने र सो विवरण प्राप्त गरेपछि मुख्य निर्वाचन अधिकृतले सम्बन्धित गाउँ कार्यपालिका र नगर कार्यपालिकाका महिला र दलित वा अल्पसङ्ख्यक समुदायबाट हुने सदस्यको निर्वाचनको लागि उम्मेदवारको अन्तिम नामावलीमा नाम समावेश भएका उम्मेदवारहरूको निर्वाचन चिह्न समावेश गरी मतपत्र छपाउनु पर्ने, त्यसरी मतपत्र छपाउँदा महिला सदस्य र दलित वा अल्पसङ्ख्यक समुदायबाट हुने सदस्यको लागि छुट्टाछुट्टै मतपत्र छपाउनु पर्ने व्यवस्था गरिएको थियो ।

मतपत्र छपाइको तयारीदेखि सोको छपाइ, रूजु, प्याकिङ र ढुवानीसम्मको सम्पूर्ण कामको व्यवस्थापनका लागि मुख्य निर्वाचन अधिकृतको संयोजकत्वमा सम्बन्धित जिल्लाको क्षेत्रीय वा जिल्ला निर्वाचन अधिकारी, सहायक निर्वाचन अधिकृत, कम्प्युटर अपरेटर सदस्य र क्षेत्रीय वा जिल्ला निर्वाचन कार्यालयका कम्प्युटर अपरेटर सदस्य-सचिव रहेको मतपत्र व्यवस्थापन समिति रहने व्यवस्था गरिएको थियो ।

### ७.१.१२ जिल्ला समन्वय समितिको निर्वाचन

नेपालको संविधानको धारा २२० मा गाउँ सभा र नगर सभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले तीस दिन भित्र जिल्ला सभाको पहिलो बैठक बस्ने व्यवस्था रहेको छ । यसर्थ सम्बन्धित जिल्लाको गाउँ सभा वा नगर सभाको अन्तिम निर्वाचन परिणाम प्रकाशन भएको मितिलाई आधार मानी सम्बन्धित जिल्ला समन्वय समितिको निर्वाचन गर्नुपर्ने भएकोले तदनुरूप हुने गरी निर्वाचन व्यवस्थापन गरिएको थियो । जिल्ला समन्वय समितिको निर्वाचनको लागि आयोगबाट २०७४ जेठ ३१ मा जारी जिल्ला समन्वय समिति निर्वाचन निर्देशिका, २०७४ ले व्यवस्था गरे बमोजिम निर्वाचन अधिकृतको नियुक्ति, कार्यालय स्थापना, निर्वाचन कार्यक्रमको सञ्चालन, मतपत्र व्यवस्थापन, मतदान कार्य र मतगणना कार्य सञ्चालन हुने व्यवस्था मिलाइएको थियो । देशभर ७७ वटै जिल्लामा आफ्नो जिल्लाका गाउँ सभा वा नगर सभाको निर्वाचन परिणाम प्राप्त भएको मितिका आधारमा जिल्ला समन्वय समितिको निर्वाचन सम्पन्न भएको थियो।

संवत् २०७४ साल मङ्सिर १० गते पहिलो चरणमा र ऐ. २१ गते दोस्रो चरणमा प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्यको निर्वाचन सम्पन्न गर्ने गरी निर्वाचनको मिति तोकिई सोको तयारी अगाडि बढिरहेको र यस सिलसिलामा मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको नियुक्ति भई दोस्रो चरणमा निर्वाचन भएका जिल्लामा २०७४ साल कार्तिक ९ गते मुख्य/निर्वाचन अधिकृतको कार्यालय स्थापना हुने कार्यक्रम रहेकोले प्रदेश नं. २ का आठ जिल्लामा प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनको लागि नियुक्त हुनुभएका मुख्य निर्वाचन अधिकृतलाई नै उपरोक्त जिल्लाको जिल्ला समन्वय समितिको निर्वाचन समेत सम्पन्न गर्ने जिम्मेवारी तोक्ने गरी आयोगबाट २०७४ कार्तिक २ गते निर्णय भएको थियो ।

जिल्ला समन्वय समितिको निर्वाचनको सन्दर्भमा संवैधानिक व्यवस्था बमोजिम गाउँसभा र नगरसभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले ३० (तीस) दिनभित्र जिल्ला सभाबाट जिल्ला समन्वय समितिमा रहने सदस्य सङ्ख्या यकिन गरी सम्बन्धित जिल्लाको जिल्ला निर्वाचन कार्यालयलाई लेखी पठाउन र यसरी लेखी आएपछि सोको जानकारी मुख्य निर्वाचन अधिकृतको

कार्यालयलाई यथाशीघ्र उपलव्ध गराइदिन सम्पूर्ण जिल्लाका जिल्ला समन्वय समितिको कार्यालय र जिल्ला निर्वाचन कार्यालयहरूलाई निर्देशन दिइएको थियो ।

सम्बन्धित जिल्लाको जिल्ला निर्वाचन कार्यालयबाट माथि उल्लेख गरे बमोजिमको जानकारी प्राप्त भएको मितिले सामान्यतः २१ (एक्काइस) दिनभित्र जिल्ला समन्वय समितिको निर्वाचन सम्बन्धी निर्देशिका, २०७४ बमोजिम सम्बन्धित जिल्लाको जिल्ला समन्वय समितिको निर्वाचन सम्पन्न गर्न ७७ वटै जिल्लाका मुख्य निर्वाचन अधिकृतलाई निर्देशन दिइएको थियो। प्रतिवेदन वर्षमा पहिलो, दोस्रो र तेस्रो चरणमा स्थानीय तहको निर्वाचन सम्पन्न भएका ७७ वटै जिल्लाका जिल्ला समन्वय समितिको निर्वाचन सम्पन्न भएको थियो ।

### ७.१.१३ सुरक्षा व्यवस्थापन

नेपाल सरकारबाट मिति २०७४ साल वैशाख ३१ गते स्थानीय तहको निर्वाचन सम्पन्न गर्ने गरी मिति घोषणा भएपछि सुरक्षा व्यवस्था चुस्त र भरपर्दो बनाई निर्वाचनलाई स्वच्छ, स्वतन्त्र र निष्पक्ष ढङ्गले भयरहित वातावरणमा सम्पन्न गर्ने कार्यको व्यवस्थापन, समन्वय र निर्देशन समेतको लागि आयोगको मिति २०७३।११।१७ को बैठकबाट निर्वाचन आयुक्त श्री सुधीरकुमार शाहको संयोजकत्वमा ९ सदस्यीय उच्चस्तरीय सुरक्षा समिति गठन गरीएको थियो।उक्त उच्चस्तरीय समितिमा गृह मन्त्रालय र रक्षा मन्त्रालयका सचिवहरू र चार वटै सुरक्षा निकायहरूका प्रमुखहरू सदस्य रहेका थिए । प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, राष्ट्रिय सभा सदस्य निर्वाचन र राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचनको सन्दर्भमा पनि यसै समितिलाई निरन्तरता दिइएको थियो।

सुरक्षा व्यवस्थापनलाई प्रभावकारी बनाउन आयोगबाट निर्वाचन सुरक्षा योजना निर्देशिका तर्जुमा गरी कार्यान्वयन गरिनुको साथै निर्वाचन पिच्छे अलग अलग सुरक्षा योजना तर्जुमा गरी कार्यान्वयन गरिएको थियो । निर्वाचन अवधिमा सार्वजनिक सम्पत्ति, भौतिक पूर्वाधार, राजनीतिक दलका नेता, उम्मेदवार, निर्वाचन सामग्री, आममतदाता, अनुगमन टोली, पर्यवेक्षकहरू, सञ्चारकर्मीहरू तथा मतदान केन्द्रको सुरक्षा प्रवन्धको लागि राष्ट्रिय सुरक्षा समिति, क्षेत्रीय तथा जिल्लास्थित सुरक्षा समिति र सुरक्षा निकायहरू (नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग) सँगको समन्वयमा केन्द्रदेखि स्थानीय स्तरसम्म तीन घेराको सुरक्षा व्यवस्था मिलाइएको थियो ।

निर्वाचनको लागि मतपत्र छपाई र ढुवानीमा नेपाली सेना र अन्य निर्वाचन सामग्री ढुवानीमा नेपाल प्रहरी र सशस्त्र प्रहरी बलबाट सुरक्षाको प्रबन्ध मिलाइएको थियो । नेपाल र भारतबीचको

खुला सीमाका कारण हुन सक्ने संभावित घटनालाई मध्यनजर गरी नेपाल सरकारद्वारा मतदानको दिनभन्दा सामान्यतः ४८ घण्टा अगावैदेखि सीमा बन्द गरिएको र निर्वाचन अवधिमा सीमा सुरक्षा व्यवस्था कडा गरिएको थियो । मतदान व्यवस्थापनमा तीन घेराको सुरक्षा बन्दोवस्त मिलाइएको र सबैभन्दा बाहिरी घेरामा नेपाली सेनाले सुरक्षा प्रदान गरेको थियो।

मतदानमा खटिएका कर्मचारीको आपतकालीन उद्धार व्यवस्थापन समेतमा आवश्यकतानुसार नेपाली सेनाको सुरक्षा र सेवा प्राप्त गरिएको थियो । विशेषतः प्रदेश नं. २ का जिल्लामा स्थानीय तहको निर्वाचनको तयारी अगाडि बढिरहेको बेला २०७४ साल साउनमा तराईका विभिन्न जिल्लामा आएको बाढी र त्यसपछिको डुबानका कारण प्रदेश नं. २ को जनजीवन पूर्ण रूपमा प्रभावित भएको थियो । त्यस विषम परिस्थितिमा २०७४ साल असोज २ गतेको निर्वाचनलाई ध्यानमा राखी मिति २०७४ साल भदौ ५ गते बसेको उच्चस्तरीय सुरक्षा समितिको बैठकमा निर्वाचन आचारसंहिता उल्लङ्घन नहुनेगरी बाढी पीडितलाई उद्दार र राहतको प्रबन्ध गर्न नेपाल सरकारलाई र बाढीबाट बिग्रे भत्केका मतदानस्थल/केन्द्रको उचित व्यवस्थापन र मतदानस्थलसम्म पुग्ने बाटो बाढीको कारणबाट बिग्रिएको अवस्थामा बैकल्पिक व्यवस्थापन गरिदिन नेपाली सेनालाई अनुरोध गरिएको थियो । फलस्वरूप नेपाली सेनाले आफ्नो स्रोत साधन प्रयोग गरी छोटो अवधि मै बिग्रिएका संरचनाको अस्थायी व्यवस्थापन गरेको थियो ।

स्थानीय तह निर्वाचन र प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनको समग्र तयारी र सुरक्षा व्यवस्थाको अनुगमन गर्न माननीय निर्वाचन आयुक्तहरू प्रदेशगत रूपमा खटिनुभएको थियो । अनुगमनको क्रममा जिल्लाहरूको स्थलगत अवलोकन, अनुगमन र स्थानीयस्तरमा प्रमुख जिल्ला अधिकारी, निर्वाचन अधिकृत, निर्वाचन अधिकारी, सुरक्षा निकायका प्रमुखहरू, संचार माध्यम र निर्वाचनका अन्य सरोकारवालाहरूसँग स्थानीय वस्तुस्थितिको बारेमा छलफल र अन्तरक्रिया गरी समस्या समाधानको लागि निर्देशन दिनुभएको थियो । अनुगमन गर्ने क्रममा सम्बन्धित क्षेत्रका क्षेत्रीय प्रशासक र क्षेत्रीय सुरक्षा अधिकारीहरूको समेत संलग्नता रहेको थियो ।

प्रतिवेदन वर्षमा सम्पन्न भएका मध्ये स्थानीय तहको निर्वाचन (तेस्रो चरण) मा र प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनमा देहाय बमोजिम सुरक्षा जनशक्ति (नेपाली सेना बाहेक) परिचालन भएको थियो :-

| क्र सं | सुरक्षा निकाय | स्थानीय तह (तेस्रो चरण) | प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन |
|---|---|---|---|
| १ | नेपाल प्रहरी | २६०९८, | ५२४४५, |

| | | | |
|---|---|---|---|
| २ | म्यादी प्रहरी | ० | ९८०००, |
| ३ | सशस्त्र प्रहरी बल | १३७४०, | २६६७५, |
| ४ | राष्ट्रिय अनुसन्धान विभाग | २५६ | १८१०, |
| **जम्मा** | | **५४,९१२** | **२,४५,१५५** |

## ७.२ प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन

### ७.२.१ प्रतिनिधि सभा र प्रदेश सभा

#### ७.२.१.१ प्रतिनिधि सभा

नेपालको संविधानको धारा ८३ ले प्रतिनिधि सभा र राष्ट्रिय सभा नामका दुई सदन सहितको एक सङ्घीय व्यवस्थापिका रहने व्यवस्था गरेको छ ।

सङ्घीय संसदका यी दुई सदनमध्ये प्रतिनिधि सभाको गठन सम्बन्धमा संविधानको धारा ८४ ले विभिन्न व्यवस्था गरेको छ । प्रतिनिधि सभामा रहने कुल दुई सय पचहत्तर सदस्य मध्ये नेपाललाई जनसङ्ख्या र भौगोलिक अनुकुलता तथा विशिष्टताका आधारमा कायम गरिने एक सय पैंसठ्ठी निर्वाचन क्षेत्रबाट पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम एक सय पैंसठ्ठी सदस्य निर्वाचित हुन्छन् भने सम्पूर्ण देशलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणाली बमोजिम एक सय दश सदस्य निर्वाचित हुन्छन् ।

समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिँदा जनसङ्ख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम र पिछडिएको क्षेत्र समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था गर्नुपर्ने, भूगोल र प्रादेशिक सन्तुलनलाई समेत ध्यान दिनुपर्ने साथै उम्मेदवारी दिंदा अपाङ्गता भएका व्यक्तिको समेत प्रतिनिधित्व हुने व्यवस्था गर्नुपर्ने समेतको संवैधानिक व्यवस्था रहेको छ । सङ्घीय संसदमा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य सङ्ख्याको कम्तीमा एक तिहाई महिला सदस्य हुनुपर्ने व्यवस्था छ । प्रतिनिधि सभाका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिमको लागि कायम निर्वाचन क्षेत्रको विवरण **अनुसूची २९** मा दिइएको छ ।

### ७.२.१.२ प्रदेश सभा

प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यको निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुने सदस्यको लागि निर्वाचन क्षेत्र निर्धारण गर्दा प्रतिनिधि सभाका लागि निर्धारित कुनै एउटा निर्वाचन क्षेत्रभित्रै पर्ने गरी प्रदेश सभाका लागि दुईवटा निर्वाचन क्षेत्र कायम गरिएका छन् । तसर्थ प्रतिनिधि सभाका लागि एउटा निर्वाचन क्षेत्र कायम भएको जिल्लामा प्रदेश सभाका लागि दुईवटा निर्वाचन क्षेत्र रहने गरी निर्वाचन क्षेत्र निर्धारण गरिएको छ । प्रतिनिधि सभाका लागि प्रत्येक जिल्लामा कायम निर्वाचन क्षेत्रको विवरण **अनुसूची-२९** मा दिइएको र माथि उल्लेख गरे बमोजिम प्रतिनिधि सभाको एक निर्वाचन क्षेत्रभित्रै प्रदेश सभाको दुईवटा निर्वाचन क्षेत्र कायम भएकोले प्रदेश सभा निर्वाचन क्षेत्रको विवरण अलग्गै उल्लेख गरिएको छैन ।

प्रदेश सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुने सदस्यहरूको जिल्लागत एवं प्रदेशगत विवरण **अनुसूची-३०** मा दिइएको छ ।

### ७.२.२ निर्वाचन मिति

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७४/५/५ को बैठकबाट संवत् २०७४ साल मङ्सिर १० गते आइतबारका दिन प्रतिनिधि सभा र प्रदेश सभा सदस्यको निर्वाचन एकै चरणमा सम्पन्न गर्ने गरी निर्वाचनको मिति तोकिएको थियो ।सोही अनुसार आयोगले निर्वाचनको तयारी अगाडि बढाएको थियो । तर निर्वाचन सञ्चालनको लागि आवश्यक पर्ने क्षेत्र निर्धारण आयोगको प्रतिवेदन २०७४।५।१५ मा मात्र प्राप्त भएको थियो भने प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन ऐन २०७४।५।२२ मा मात्र सम्मानननीय राष्ट्रपतिबाट प्रमाणीकरण भएको थियो । यस अनुरूप निर्वाचनको तयारी अगाडि बढाइदै गर्दा नेपाल सरकारबाट २०७४ साल मङ्सिर १० गते आइतबार पहिलो चरणमा र मङ्सिर २१ गते बिहीबार दोस्रो चरणमा एकै पटक प्रतिनिधि सभा र प्रदेश सभा सदस्यको निर्वाचन सम्पन्न गर्ने गरी मिति २०७४/५/१४ मा पुनः निर्वाचनको नयाँ मिति तोकियो । यसको साथै मुलुकको भौगोलिक अनुकुलता समेतलाई विचार गरी दोस्रो चरणमा सम्पन्न हुने निर्वाचनका लागि प्रदेश/जिल्ला/निर्वाचन क्षेत्रहरू निर्वाचन आयोगले नै निर्धारण गर्ने निर्णय भयो । नेपाल सरकारको उक्त निर्णय अनुसार आयोगको मिति २०७४/५/१५ को बैठकबाट विभिन्न हिमाली तथा उच्च पहाडी भेगका ३२ जिल्लाका ३७ प्रतिनिधि सभा निर्वाचन क्षेत्र एवं ७४ प्रदेश सभा निर्वाचन क्षेत्रमा २०७४ साल मङ्सिर १० गते पहिलो चरणमा र बाँकी ४५ जिल्लाका १२८ प्रतिनिधि सभा निर्वाचन क्षेत्र र २५६ प्रदेश सभा निर्वाचन क्षेत्रमा मङ्सिर २१ गते दोस्रो चरणमा निर्वाचन सम्पन्न गर्ने निर्णय भएको थियो।

आयोगले उपलव्ध समय सीमाभित्रै प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचन सफलतापूर्वक सम्पन्न गर्‍यो । पहिलो र दोस्रो चरणमा निर्वाचन सम्पन्न भएका जिल्लाको विवरण **अनुसूची-३१** मा दिइएको छ ।

प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचन व्यवस्थापनको आवश्यक प्रबन्ध मिलाउन २०७४।०६।२५ गतेको आयोगको बैठकले नेपाल सरकारलाई २७ बुँदे निर्देशन जारी गरेको थियो ।आयोगबाट जारी गरिएको २७ बुँदे निर्देशन **अनुसूची-३२** मा दिइएको छ ।

### ७.२.३ निर्वाचन कार्यक्रम

#### ७.२.३.१ पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली

प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्यको निर्वाचनको लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ पहिलो चरणमा निर्वाचन सम्पन्न भएका ३२ जिल्लाका लागि २०७४ साल कार्तिक ५ गते उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने, कार्तिक ८ गते उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गर्ने र मङ्सिर १० गते मतदान गर्ने एवं दोस्रो चरणमा मङ्सिर २१ गते निर्वाचन हुने जिल्लामा २०७४ साल कार्तिक १६ गते उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने, कार्तिक १९ गते उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गर्ने र मङ्सिर २१ गते मतदान गर्ने गरी २०७४/५/२२ मा आयोगबाट निर्वाचन कार्यक्रम स्वीकृत भई तदनुरूप निर्वाचन कार्यक्रम सञ्चालन गरिएको थियो । पहिलो चरणमा सम्पन्न निर्वाचनको निर्वाचन कार्यक्रम **अनुसूची-३३** मा र दोस्रो चरणमा सम्पन्न निर्वाचनको निर्वाचन कार्यक्रम **अनुसूची-३४** मा दिइएको छ ।

#### ७.२.३.२ समानुपातिक निर्वाचन प्रणाली

प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्यको निर्वाचनको लागि समानुपातिक निर्वाचन प्रणाली तर्फको निर्वाचन कार्यक्रम २०७४ साल भदौ २४ गते शुरू भएको थियो । समानुपातिक निर्वाचन प्रणाली तर्फको निर्वाचनमा भाग लिन चाहने राजनीतिक दलले निवेदन पेश गर्ने सम्बन्धी सूचना भदौ २४ गते प्रकाशन गरी निर्वाचन कार्यक्रम प्रारम्भ गरिएको थियो । प्रारम्भमा २०७४ साल असोज ९ गते राजनीतिक दलले उम्मेदवारको बन्दसूची पेश गर्ने गरी निर्वाचन कार्यक्रम प्रकाशन भएकोमा राजनीतिक दलहरूको आग्रहमा २०७४ साल असोज २९ गते उम्मेदवारको बन्द सूची पेश गर्ने गरी कार्यक्रम संशोधन गरिएको थियो । समानुपातिक निर्वाचन प्रणाली तर्फ २०७४ साल मङ्सिर ३ गते उम्मेदवारको बन्द सूची अन्तिम रूपमा प्रकाशन गरिएको थियो । समानुपातिक निर्वाचन प्रणाली तर्फको निर्वाचन कार्यक्रम **अनुसूची-३५** मा दिइएको छ ।

### ७.२.४ निर्वाचन अधिकृतको नियुक्ति र कार्यालय सञ्चालन

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनमा निर्वाचन क्षेत्रमा रही सम्पन्न गर्नुपर्ने निर्वाचन सम्बन्धी कार्य सम्पादन गर्न न्याय परिषदको परामर्शमा ७७ जिल्लाका लागि ७७ जना जिल्ला न्यायाधीशलाई मुख्य निर्वाचन अधिकृतमा र न्याय सेवा आयोगको परामर्शमा नेपाल न्याय सेवाका रा.प. द्वितीय श्रेणीका ८८ जना अधिकृतलाई निर्वाचन अधिकृतमा नियुक्त गरिएको थियो । निर्वाचन अधिकृतको नामावली **अनुसूची-३६** मा समावेश गरिएको छ । मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतलाई आफू नियुक्त भएको प्रतिनिधि सभा निर्वाचन क्षेत्र र सो अन्तर्गत पर्ने दुईवटा प्रदेश सभा निर्वाचन क्षेत्रको निर्वाचन सम्बन्धी कार्य सम्पन्न गर्ने जिम्मेवारी तोकिएको थियो । यस अलावा मुख्य निर्वाचन अधिकृतलाई आफू खटिएको जिल्लाको निर्वाचन सम्बन्धी कार्यको रेखदेख तथा समन्वयको जिम्मेवारी समेत दिइएको थियो । पहिलो चरणमा निर्वाचन हुने जिल्लामा २०७४ साल असोज २९ गते र दोस्रो चरणमा निर्वाचन हुने जिल्लामा कार्तिक ९ गते मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको कार्यालय सम्बन्धित जिल्लाको सदरमुकाममा स्थापना गरिएको थियो ।

प्रतिनिधि सभा तथा प्रदेश सभाको लागि हुने समानुपातिक निर्वाचन प्रणाली तर्फको निर्वाचनको सञ्चालन, समन्वय, व्यवस्थापन तथा रेखदेखका लागि आयोगले २०७४ साल भदौ २५ गते आयोगका सचिव श्री बेगेन्द्रराज शर्मा पौड्याललाई निर्वाचन अधिकृतमा नियुक्त गरेको थियो। निर्वाचन अधिकृतको कार्यालय निर्वाचन आयोग परिसर, कान्तिपथ, काठमाण्डौमा रहेको थियो।

### ७.२.५ निर्वाचन कार्यक्रम सञ्चालन

#### ७.२.५.१ प्रतिनिधि सभा

समानुपातिक निर्वाचन प्रणाली र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फको निर्वाचन कार्यक्रम सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा सञ्चालन गरिएको थियो । २०७४ साल भदौ २४ गते समानुपातिक निर्वाचन प्रणाली तर्फको निर्वाचनमा भाग लिन चाहने राजनीतिक दलले निवेदन पेश गर्ने कार्यक्रममा प्रतिनिधि सभाका लागि विभिन्न ८८ वटा राजनीतिक दलले निवेदन पेश गरेकोमा मिति २०७४ साल असोज २९ गते कुल ४९ राजनीतिक दलले मात्र उम्मेदवारको बन्द सूची पेश गरेका थिए । समानुपातिक निर्वाचन प्रणाली तर्फको निर्वाचनको लागि उम्मेदवारको बन्द सूची पेश गर्ने ४९ राजनीतिक दलको नाम **अनुसूची -३७** मा दिइएको छ ।

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ विभिन्न ५५ वटा राजनीतिक दलका तर्फबाट १,४५२ जना र स्वतन्त्र ४९२ जना गरी कुल १,९४४ जना उम्मेदवार रहेका थिए। यसमध्ये महिलाको सङ्ख्या १४६ थियो । सबैभन्दा धेरै उम्मेदवार प्रदेश नं. २ मा ९८५ जना र सबैभन्दा कम उम्मेदवार प्रदेश नं. ७ मा १३३ जना रहेका थिए । यसै गरी प्रदेश नं. १ मा कसैको पनि स्वतन्त्र उम्मेदवारी परेको थिएन । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ भाग लिएका राजनीतिक दलको नाम र उम्मेदवारी सङ्ख्या **अनुसूची-३८** मा दिइएको छ ।

### ७.२.५.२ प्रदेश सभा

प्रदेश सभाको लागि समानुपातिक निर्वाचन प्रणाली र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फको निर्वाचन कार्यक्रम पनि सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा सञ्चालन गरिएको थियो । प्रदेश सभामा समानुपातिक निर्वाचन प्रणाली तर्फको निर्वाचनमा भाग लिन चाहने राजनीतिक दलले निवेदन पेश गर्ने कार्यक्रममा प्रदेश नं. १ मा ८७, प्रदेश नं. २ मा ८६, प्रदेश नं. ३ मा ८६, प्रदेश नं. ४ मा ८२, प्रदेश नं. ५ मा ८४, प्रदेश नं. ६ मा ८२ र प्रदेश नं. ७ मा ८३ राजनीतिक दलले निवेदन पेश गरेका थिए । तर उम्मेदारको बन्द सूची पेश गर्दा भने प्रदेश नं. १ मा २७, प्रदेश नं. २ मा २९, प्रदेश नं. ३ मा ३१, प्रदेश नं. ४ मा २०, प्रदेश नं. ५ मा २७ , प्रदेश नं. ६ मा १८ र प्रदेश नं. ७ मा २० राजनीतिक दलले मात्र बन्द सूची पेश गरेका थिए । यो विवरण समावेश गरी परिणाम पुस्तिका प्रकाशन भइसकेकोले बन्दसूची पेश गर्ने राजनीतिक दलको नाम यसमा उल्लेख गरिएको छैन ।

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ विभिन्न राजनीतिक दलका तर्फबाट २,२३३ जना र स्वतन्त्र ७६५ जना गरी कुल ३२३८ उम्मेदवार रहेका थिए । यसमध्ये महिला उम्मेदवारको सङ्ख्या २४० जना र पुरूष उम्मेदवारको सङ्ख्या २९९८ रहेको थियो । महिला उम्मेदवारमध्ये राजनीतिक दलबाट १९० जना र स्वतन्त्र ५० जना रहेका थिए । सबैभन्दा धेरै उम्मेदवार प्रदेश नं. २ मा ९८५ जना र सबैभन्दा कम प्रदेश नं. ६ मा १३३ जना रहेका थिए । उम्मेदवारीको प्रदेशगत विवरण **अनुसूची-३९** मा दिइएको छ ।

### ७.२.६ मतदान केन्द्र

प्रतिनिधि सभा एवं प्रदेश सभा निर्वाचनका लागि मुलुकभरमा १०,६७१ मतदान स्थलमा १९,८०९ मतदान केन्द्र रहेका थिए । पहिलो चरणमा निर्वाचन भएका ३२ जिल्लामा २,९१९ स्थलमा ४,४६५ केन्द्र र दोस्रो चरणमा निर्वाचन भएका ४५ जिल्लामा ७,७५२ स्थलमा १५,३४४ केन्द्र रहेका थिए । एउटा मतदान केन्द्रमा बढीमा सरदर १,०६४ जना मतदाता

रहने गरी व्यवस्थापन गरिएको थियो । जिल्लागत रुपमा मतदान स्थल र केन्द्रको सङ्ख्यात्मक विवरण **अनुसूची -४०** मा दिइएको छ ।

### ७.२.७ मतपत्र व्यवस्थापन

प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्यको निर्वाचन एकै पटक हुने भएकोले उपलब्ध पूर्वाधार र समय सीमा समेतको कारण समानुपातिक निर्वाचन प्रणाली बमोजिमको निर्वाचनका लागि कागजको एउटै पानामा माथिल्लो खण्डमा प्रतिनिधि सभाको लागि मतपत्र-१ र तल्लो खण्डमा प्रदेश सभाको लागि मतपत्र-२ छपाइ गर्ने एवं पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ पनि सोही अनुसार एउटै पानामा माथिल्लो खण्डमा प्रतिनिधि सभाको लागि मतपत्र-१ र तल्लो खण्डमा प्रदेश सभाका लागि मतपत्र-२ छपाइ गरी दुईवटा पानामा चारवटा मतपत्र छपाइ गर्ने निर्णय भई २०७४ साल असोजको तेस्रो हप्तादेखि समानुपातिक निर्वाचन प्रणालीको मतपत्र छपाइ प्रारम्भ गरी कार्तिक १८ गतेसम्ममा सम्पन्न गरिएको थियो ।

समानुपातिक निर्वाचन प्रणाली तर्फको दुई वटा मतपत्र एउटा पानामा र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फको दुई वटा मतपत्र एउटा पानामा छपाइ गर्ने गरी आयोगबाट भएको निर्णय विरूद्ध सम्मानित सर्वोच्च अदालतमा रिट निवेदन परी अदालतबाट भएको आदेश अनुसार पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फको मतपत्र अलग अलग पानामा छपाइ गर्नुपर्ने अवस्था भएकोले आयोगबाट मिति २०७४ कार्तिक १२ गते तदनुरूप छपाइ गर्ने निर्णय भई अलग अलग पानामा छपाइ गरिएको थियो ।

प्रतिनिधि सभाको निर्वाचनको लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको लागि १६५ प्रकारका र समानुपातिक निर्वाचन प्रणालीको लागि एउटा गरी १६६ प्रकारका मतपत्र रहेका थिए ।यसैगरि प्रदेश सभाको लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको लागि ३३० प्रकारका र सम्मानुपातिक प्रणालीको लागि प्रदेश गत रुपमा अलग अलग गरी ७ प्रकारका मतपत्र रहेका थिए । पहिलो हुने निर्वाचित हुने प्रणाली तर्फको मतपत्र हरियो रङमा र समानुपातिक निर्वाचन प्रणाली तर्फको मतपत्र रातो रङमा छपाई गरिएको थियो । मतपत्र जनक शिक्षा सामग्री केन्द्र लिमिटेडको छापाखानामा छपाई गरिएको थियो ।

निर्वाचन कार्यतालिका निर्माण, निर्वाचन कार्यक्रमको तर्जुमाका साथै प्रतिनिधि सभा र प्रदेश सभा सदस्यका लागि आवश्यक पर्ने मतपत्रको डिजाइन, मतपत्र व्यवस्थापनका लागि नीति तर्जुमा गर्ने, मतपत्र र नमुना मतपत्रको ढाँचा निर्धारण गर्ने, छपाइ गर्नुपर्ने सङ्ख्या यकिन गर्ने, छपाइ र ढुवानी कार्यको व्यवस्थापन गर्ने लगायतका कार्य जिम्मेवारी तोकी आयोगको २०७४।५।२२

को निर्णयानुसार निर्वाचन आयुक्त श्री नरेन्द्र दाहालको संयोजकत्वमा मतपत्र व्यवस्थापन तथा आधिकारिता निर्धारण र निर्वाचन कार्यक्रम तर्जुमा समिति तथा समितिको कार्य सम्पादनमा आवश्यक सहयोग गर्न निर्वाचन व्यवस्थापन महाशाखा प्रमुखको संयोजकत्वमा एक मतपत्र व्यवस्थापन तथा आधिकारिता निर्धारण र निर्वाचन कार्यक्रम तर्जुमा उपसमिति गठन गरी कार्य सम्पादन गरिएको थियो ।

### ७.२.८ मतदान कार्यको व्यवस्थापन

पहिलो चरणमा निर्वाचन भएका जिल्लामा २०७४ साल मङ्सिर १० गते र दोस्रो चरणमा निर्वाचन भएका जिल्लामा मङ्सिर २१ गते बिहान ७:०० बजेदेखि बेलुका ५:०० बजेसम्म मतदान सञ्चालन भएको थियो । पहिलो चरणमा २० लाख ६८ हजार ७९८ ले र दोस्रो चरणमा ८५ लाख २५ हजार १७३ ले गरी कुल १ करोड ५ लाख ९३ हजार ९७१ मतदाताले आफनो मताधिकार प्रयोग गरेका थिए । दुवै चरणमा गरी औसत मतदान प्रतिशत ६८.६७ रहेको थियो ।

मतदान कार्यमा १ लाख ५८ हजार २८३ कर्मचारी तथा शिक्षक र ८० हजार १४५ स्वयम् सेवक गरी कुल २ लाख ३८ हजार ४२८ जनशक्ति परिचालन गरिएको थियो । मतदान कर्मचारीहरू सरदर १० दिन र स्वयम् सेवकहरू ३ दिन परिचालन भएका थिए । स्वयम् सेवकहरू स्थानीयस्तरमै नियुक्त गरिएको थियो । स्वयम् सेवकमध्ये कम्तीमा १९ हजार ८०९ जना महिला रहेका थिए ।

मतदानको दिन मतदान केन्द्रमा उत्पन्न विवादका कारण पहिलो चरणमा रूकुम जिल्लाका दुईवटा मतदान केन्द्रमा र दोस्रो चरणमा अर्घाखाँची जिल्लाका दुईवटा मतदान केन्द्रमा मतदान कार्य सूचारू हुन नसकेकोले ती केन्द्रमा अर्को दिन पुनः मतदान भएको थियो ।

### ७.२.९ मतगणना

२०७४ साल मंसिर १० र २१ गते गरी दुई चरणमा निर्वाचन सम्पन्न भए पनि दुबै चरणको मतगणा कार्य २०७४ साल मंसिर २१ गते पछि एकै चरणमा सम्पन्न गरिएको थियो । पहिलो चरणमा मतदान सम्पन्न भएका ३२ जिल्लामा २०७४ साल मङ्सिर २१ गते ५:०० बजेपछि र दोस्रो चरणमा मतदान सम्पन्न भएका जिल्लामा सबै मतदान केन्द्रबाट मतपेटिकाहरू मतगणना स्थलमा ल्याई पुर्‍याएपछि मतगणना प्रारम्भ भएको थियो । मतगणना कार्यमा करिब १४ हजार १३४ जनशक्ति सरदर ७ (सात) दिन परिचालन गरिएको थियो । प्रतिनिधि सभा सदस्य

निर्वाचनमा समानुपातिक निर्वाचन प्रणाली तर्फ राजनीतिक दलले प्राप्त गरेको सदर मत र मत प्रतिशत **अनुसूची-४१** मा  दिइएको छ ।

### ७.२.१० निर्वाचन परिणाम

### ७.२.१०.१ प्रतिनिधि सभा सदस्य निर्वाचन

प्रतिनिधि सभा सदस्यमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ विभिन्न ९ वटा राजनीतिक दलका तर्फबाट १६४ जना र १ जना स्वतन्त्र उम्मेदवार निर्वाचित भएका छन् । यसै गरी समानुपातिक निर्वाचन प्रणाली तर्फको निर्वाचनमा कुल ४९ राजनीतिक दलले उम्मेदवारको बन्दसूची पेश गरेकोमा नेपाल कम्युनिष्ट पार्टी (एमाले), नेपाली काँग्रेस, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), राष्ट्रिय जनता पार्टी नेपाल र सङ्घीय समाजवादी फोरम नेपाल गरी ५ (पाँच) राजनीतिक दलले मात्र सदर मतको तीन प्रतिशत भन्दा बढी मत प्राप्त गरेकोले उल्लिखित ५ राजनीतिक दलका ११० जना उम्मेदवार निर्वाचित भएका छन् । प्रतिनिधि सभा सदस्य निर्वाचनको समग्र निर्वाचन परिणाम समेटी अलग्गै निर्वाचन परिणाम पुस्तक प्रकाशन भएको छ। पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ विभिन्न ९ राजनीतिक दलबाट निर्वाचित र स्वतन्त्र रूपमा निर्वाचित सदस्यको सङ्ख्यात्मक विवरण **अनुसूची-४२** मा र समानुपातिक निर्वाचन प्रणाली तर्फ तीन प्रतिशत वा सोभन्दा बढी मत प्राप्त गरी सिट प्राप्त गरेका राजनीतिक दलको नाम र प्राप्त सिट सङ्ख्याको विवरण **अनुसूची-४३** मा दिइएको छ ।

### ७.२.१०.२ प्रदेश सभा सदस्य निर्वाचन

प्रदेश सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ प्रदेश नं. १ देखि प्रदेश नं. ७ सम्म क्रमशः ४७० जना, ९८५ जना, ६६६जना, २३७ जना, ६०१ जना, १३३ जना र १७९ जना उम्मेदवार रहेका थिए । यसैगरी समानुपातिक निर्वाचन प्रणाली तर्फको निर्वाचनमा  प्रदेश नं. १ मा २७, प्रदेश नं. २ मा २९, प्रदेश नं. ३ मा ३१, प्रदेश नं. ४ मा २०, प्रदेश नं. ५ मा २७ , प्रदेश नं. ६ मा १८ र प्रदेश नं. ७ मा २० राजनीतिक दलले उम्मेदवारको बन्दसूची पेश गरेका थिए । प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ ले प्रदेश सभामा समानुपातिक निर्वाचन प्रणाली बमोजिमको निर्वाचनमा सिटको बाँडफाँट गर्ने सम्बन्धमा कुल सदर मतको १ दशमलव ५ प्रतिशत भन्दा कम मत प्राप्त गर्ने राजनीतिक दलले प्राप्त गरेको मत कुल सदर मतमा गणना नगरिने व्यवस्था गरेको छ । यस अनुरूप समानुपातिक निर्वाचन प्रणाली बमोजिम विभिन्न प्रदेश सभामा विभिन्न राजनीतिक दलको तर्फबाट निर्वाचित सदस्यको र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ  विभिन्न राजनीतिक दलको तर्फबाट र स्वतन्त्र रूपमा निर्वाचित सदस्यको सङ्ख्यात्मक विवरण सहितको निर्वाचन परिणाम देहाय बमोजिम रहेको छः-

### ७.२.१०.२.१ प्रदेश नं. १

प्रदेश नं १ को प्रदेश सभामा कुल ९३ जना सदस्य रहन्छन् । यसमध्ये पहिलो हुने निर्वाचित हुने प्रणालीबाट ५६ जना र समानुपातिक निर्वाचन प्रणालीबाट ३७ जना निर्वाचित हुने व्यवस्था छ । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फको निर्वाचनमा विभिन्न ४ वटा राजनीतिक दलबाट ५५ जना र १ जना स्वतन्त्र उम्मेदवार निर्वाचित भएका छन् । समानुपातिक निर्वाचन प्रणालीतर्फ विभिन्न ६ वटा राजनीतिक दलको मात्र प्रतिनिधित्व रहेको छ । प्रदेश सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली बमोजिमको निर्वाचनबाट निर्वाचित सदस्यको सङ्ख्यात्मक विवरण **अनुसूची-४४** मा दिइएको छ ।

### ७.२.१०.२.२ प्रदेश नं. २

प्रदेश नं २ को प्रदेश सभामा कुल १०७ जना सदस्य रहन्छन् । यसमध्ये पहिलो हुने निर्वाचित हुने प्रणालीबाट ६४ जना र समानुपातिक निर्वाचन प्रणालीबाट ४३ जना निर्वाचित हुने व्यवस्था छ । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ विभिन्न ५ वटा राजनीतिक दलबाट ६३ जना र १ जना स्वतन्त्र उम्मेदवार निर्वाचित भएका छन् । समानुपातिक निर्वाचन प्रणालीतर्फबाट विभिन्न ६ वटा राजनीतिक दलका उम्मेदवारमात्र निर्वाचित भएका छन् । प्रदेश सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली बमोजिमको निर्वाचनबाट निर्वाचित सदस्यको सङ्ख्यात्मक विवरण **अनुसूची-४५** मा दिइएको छ ।

### ७.२.१०.२.३ प्रदेश नं. ३

प्रदेश नं ३ को प्रदेश सभामा कुल ११० जना सदस्य रहन्छन् । पहिलो हुने निर्वाचित हुने प्रणालीबाट ६६ जना र समानुपातिक निर्वाचन प्रणालीबाट ४४ जना निर्वाचित हुने व्यवस्था छ। पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ विभिन्न ५ वटा राजनीतिक दलबाट र समानुपातिक निर्वाचन प्रणालीतर्फ विभिन्न ७ वटा राजनीतिक दलका उम्मेदवार निर्वाचित भएका छन् । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणली बमोजिमको निर्वाचनबाट निर्वाचित सदस्यको सङ्ख्यात्मक विवरण **अनुसूची-४६** मा दिइएको छ ।

### ७.२.१०.२.४ प्रदेश नं. ४

प्रदेश नं ४ को प्रदेश सभामा कुल ६० जना सदस्य रहन्छन् । यसमध्ये पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट ३६ जना र समानुपातिक निर्वाचन प्रणालीबाट २४ जना निर्वाचित हुने व्यवस्था छ । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ विभिन्न ५ वटा राजनीतिक दलबाट ३५ जना र १ जना स्वतन्त्र उम्मेदवार निर्वाचित भएका छन् । समानुपातिक निर्वाचन प्रणालीतर्फ विभिन्न ५ वटा राजनीतिक दलको मात्र प्रतिनिधित्व रहेको छ । प्रदेश सभामा पहिलो हुने

निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली बमोजिमको निर्वाचनबाट निर्वाचित सदस्यको सङ्ख्यात्मक विवरण **अनुसूची-४७** मा दिइएको छ ।

### ७.२.१०.२.५ प्रदेश नं. ५

प्रदेश नं ५ को प्रदेश सभामा रहने कुल ८७ जना सदस्य रहन्छन् । यसमध्ये पहिलो हुने निर्वाचित हुने प्रणालीबाट ५२ जना र समानुपातिक निर्वाचन प्रणालीबाट ३५ जना निर्वाचित हुने व्यवस्था छ । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ विभिन्न ४ वटा राजनीतिक दलबाट र समानुपातिक निर्वाचन प्रणालीतर्फ विभिन्न ६ वटा राजनीतिक दलको प्रतिनिधित्व रहेको छ । प्रदेश सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली बमोजिमको निर्वाचनबाट निर्वाचित सदस्यको सङ्ख्यात्मक विवरण **अनुसूची-४८** मा दिइएको छ।

### ७.२.१०.२.६ प्रदेश नं. ६

प्रदेश नं ६ को प्रदेश सभामा कुल ४० जना सदस्य रहन्छन् । यसमध्ये पहिलो हुने निर्वाचित हुने प्रणालीबाट २४ जना र समानुपातिक निर्वाचन प्रणालीबाट १६ जना निर्वाचित हुने व्यवस्था छ । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ विभिन्न ३ वटा राजनीतिक दलबाट र समानुपातिक निर्वाचन प्रणालीतर्फ विभिन्न ४ वटा राजनीतिक दलको प्रतिनिधित्व रहेको छ । प्रदेश सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली बमोजिमको निर्वाचनबाट निर्वाचित सदस्यको सङ्ख्यात्मक विवरण **अनुसूची-४९** मा दिइएको छ।

### ७.२.१०.२.७ प्रदेश नं. ७

प्रदेश नं ७ को प्रदेश सभामा कुल ५३ जना सदस्य रहन्छन् । यसमध्ये पहिलो हुने निर्वाचित हुने प्रणालीबाट ३२ जना र समानुपातिक निर्वाचन प्रणालीबाट २१ जना निर्वाचित हुने व्यवस्था छ । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ विभिन्न ४ वटा राजनीतिक दलबाट र समानुपातिक निर्वाचन प्रणालीतर्फ विभिन्न ४ वटा राजनीतिक दलको प्रतिनिधित्व रहेको छ । प्रदेश सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली बमोजिमको निर्वाचनबाट निर्वाचित सदस्यको सङ्ख्यात्मक विवरण **अनुसूची-५०** मा दिइएको छ।

## ७.३ राष्ट्रिय सभा सदस्य निर्वाचन

राष्ट्रिय सभा सदस्यको निर्वाचन २०७४ साल माघ २४ गते सम्पन्न गर्ने गरी नेपाल सरकारबाट २०७४ साल पुष २१ गते निर्वाचनको मिति तोकिएको थियो । आयोगले उक्त निर्वाचन तोकिएकै मितिमा सफलतापूर्वक सम्पन्न गरेको थियो ।

### ७.३.१ राष्ट्रिय सभाको गठन सम्बन्धी संवैधानिक एवं कानूनी व्यवस्था

राष्ट्रिय सभा सदस्य निर्वाचन अध्यादेश, २०७४ ले राष्ट्रिय सभा सदस्यको निर्वाचनको लागि प्रत्येक प्रदेशमा गठन भएको निर्वाचक मण्डलले दिएको मतको आधारमा एकल सङ्क्रमणीय मत प्रणाली बमोजिम प्रत्येक प्रदेशबाट निर्वाचित हुन आवश्यक पर्ने मत प्राप्त गर्ने देहाय बमोजिम आठ जना सदस्य निर्वाचित हुने व्यवस्था गरेको छ ।

(क) महिला तीन जना,
(ख) दलित एक जना,
(ग) अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक समुदायबाट एक जना,
(घ) अन्य तीन जना ।

उल्लिखित समूहमध्ये कुनै समूहबाट एक जना सदस्य मात्र निर्वाचित गर्नु पर्ने अवस्थामा सबै भन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार निर्वाचित हुने व्यवस्था छ । निर्वाचक मण्डलमा रहनेमध्ये प्रदेश सभाका सदस्यको मतभार ४८ (अठ्चालिस) र गाउँपालिकाको अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाको प्रमुख र उपप्रमुखको मतभार १८ (अठार) हुने व्यवस्था छ ।

### ७.३.२ राजनीतिक दल दर्ता र निर्वाचनको तयारी

आयोगले राष्ट्रिय सभा सदस्यको निर्वाचन छिटो सम्पन्न गर्ने उद्देश्यले नेपाल सरकारबाट निर्वाचनको मिति तोकिनुपूर्व नै राष्ट्रिय सभा सदस्य निर्वाचनमा भाग लिन चाहने आयोगमा दर्ता कायम रहेका राजनीतिक दललाई संविधानको धारा २७१ र राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४८ बमोजिम दल दर्ता गर्न सूचना प्रकाशन गरिएको थियो । उक्त सूचना बमोजिम राष्ट्रिय सभा सदस्य निर्वाचन प्रयोजनका लागि कुल २१ राजनीतिक दलहरू दर्ता भएका थिए ।

२०७४ साल माघ २४ गते सम्पन्न गर्ने गरी नेपाल सरकारबाट २०७४ साल पुष २१ गते निर्वाचनको मिति तोकिएको जानकारी आयोगलाई प्राप्त भए लगत्तै निर्वाचनको समग्र तयारी अगाडि बढाइएको थियो । आयोगबाट २०७४ साल पुष २६ गते निर्वाचन कार्यक्रम र कार्यतालिका स्वीकृत गरियो । २०७४ साल पुष २७ गते न्याय परिषदको परामर्शमा सम्बन्धित जिल्लाका जिल्ला न्यायाधीशलाई निर्वाचन अधिकृतको पदमा नियुक्ति गरी पुष २९ गते सातवटै प्रदेशमा सम्बन्धित प्रदेशको उच्च अदालत रहेको जिल्लाको सदरमुकाममा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरी निर्वाचन सञ्चालन गरिएको थियो । निर्वाचन अधिकृतको नामावली तथा आयोगबाट स्वीकृत निर्वाचन कार्यक्रम क्रमशः **अनुसूची ५१** र **अनुसूची ५२** मा दिइएको छ ।

राष्ट्रिय सभा सदस्य निर्वाचन प्रयोजनको लागि निर्वाचक मण्डलमा रहेका गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख १,५०६ जना र प्रदेश सभाका सदस्य ५५० जना समेत गरी कुल २,०५६ जना रहेका छन् ।निर्वाचक मण्डलमा रहेका मतदाताको प्रदेशगत विवरण **अनुसूची-५३** मा दिइएको छ ।

### ७.३.३ निर्वाचन कार्यक्रम सञ्चालन

२०७४ साल माघ ७ गतेदेखि माघ १५ गतेसम्म सातवटै प्रदेशमा सम्बन्धित प्रदेशका निर्वाचन अधिकृतको कार्यालयमा निर्वाचन कार्यक्रम सञ्चालन भएको थियो ।निर्वाचक मण्डलको मतबाट निर्वाचित हुने कुल ५६ पदको लागि विभिन्न ९ वटा राजनीतिक दल (नेपाली काँग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले), नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), राष्ट्रिय प्रजातन्त्र पार्टी, राष्ट्रिय जनता पार्टी नेपाल, सङ्घीय समाजवादी फोरम नेपाल, राष्ट्रिय जनमोर्चा, नेपाल मजदुर किसान पार्टी, नेपाल सङ्घीय समाजवादी पार्टी) को तर्फबाट महिला समूहमा २६ जना, अन्य समूहमा २८ जना, दलित समूहमा १४ जना र अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक समुदायबाट निर्वाचित हुने समूहमा १५ जनाको गरी कुल ८३ जनाको मनोनयन पत्र दर्ता भएको थियो ।

मनोनयन पत्र दर्ता भएका उम्मेदवार मध्ये दावी विरोधको क्रममा प्रदेश नं. ४ मा अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक समुदायबाट उम्मेदवारी दिएका एक जना उम्मेदवारको मनोनयन पत्र बदर भएको थियो । यसै गरी प्रदेश नं. १ मा नेपाल कम्युनिष्ट पार्टी (एमाले) बाट अन्य समूहको लागि उम्मेदवारी दिएका एक जना र राष्ट्रिय प्रजातन्त्र पार्टीबाट अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक समुदायबाट निर्वाचित हुने समूहमा उम्मेदवारी दिएका एक जना गरी दुई जनाले, प्रदेश नं. २ मा नेपाल सङ्घीय समाजवादी पार्टीबाट अन्य समूहको लागि उम्मेदवारी दिएका एक जनाले र प्रदेश नं. ३ मा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) बाट महिला समूहको लागि उम्मेदवारी दिएका एक जना र राष्ट्रिय प्रजातन्त्र पार्टीबाट अन्य समूहको लागि उम्मेदवारी दिएका एकजना गरी कुल छ जना उम्मेदवारले नाम फिर्ता लिएका थिए । विभिन्न ९ राजनीतिक दलको तर्फबाट मनोनयन पत्र पेश गरेकामध्ये राष्ट्रिय प्रजातन्त्र पार्टी र नेपाल सङ्घीय समाजवादी पार्टीका तर्फबाट मनोनयन पत्र दर्ता गरेका सबै उम्मेदवारले नाम फिर्ता लिएको कारण जम्मा ७ राजनीतिक दलका ७६ जना उम्मेदवारको उम्मेदवारी कायम रहेको थियो ।

### ७.३.४ निर्विरोध निर्वाचित

प्रदेश नं. १ मा महिला सदस्य तीन जना र अन्य तीन जना गरी छ जना, प्रदेश नं. २ मा चार वटै समूहका गरी आठ जना, प्रदेश नं. ४ मा अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक समुदायबाट एक जना, प्रदेश नं. ५ मा महिला सदस्य तीन जना तथा प्रदेश नं. ७ मा महिला सदस्य तीन जना र अन्य समूहका सदस्य तीन जना गरी छ जना समेत गरी कुल २४ (चौवीस) जना सदस्य निर्विरोध निर्वाचित भएका थिए । जम्मा ७६ जनाको उम्मेदवारी कायम रहेको मध्ये २४ पदमा निर्विरोध निर्वाचित भएपछि बाँकी ३२ पदको लागि ५२ जना उम्मेदवारहरू प्रतिस्पर्धामा रहेका थिए ।

### ७.३.५ जनशक्ति तथा सामग्री व्यवस्थापन

निर्वाचन व्यवस्थापन र सञ्चालनको लागि सातवटै निर्वाचन अधिकृतको कार्यालयमा निर्वाचन अधिकृत सहित ११ एघार जनाका दरले कुल ७७ जनशक्ति परिचालन गरिएको थियो । यसै गरी मतदान कार्यको व्यवस्थापनको लागि ७ वटा प्रदेशमा १४ वटा मतदान केन्द्र रहेका थिए । निर्वाचक मण्डलमा रहेका सदस्यको मतभार फरक फरक रहेको कारण मतदान कार्यको व्यवस्थापनलाई सहज बनाउन प्रदेश सभाका सदस्यको लागि र स्थानीय तहका सदस्यहरूको लागि अलग अलग मतदान केन्द्र रहने व्यवस्था मिलाइएको थियो । प्रत्येक मतदान केन्द्रमा एकजना मतदान अधिकृत र एकजना सहायक मतदान अधिकृत सहित ९ जना कर्मचारी परिचालन हुने व्यवस्था मिलाइएको थियो । प्रदेश नं. २ मा सबै पदमा निर्विरोध निर्वाचित भएकोले मतदान कार्य सञ्चालन भएन । अन्य प्रदेशमा जम्मा १२ मतदान केन्द्रमा १०८ जनशक्ति परिचालन गरिएको थियो । निर्वाचनको लागि मतपत्र र मत सङ्केत गर्ने कलम जस्ता संवेदनशील सामग्री बाहेकका मतदान सामग्री सम्बन्धित जिल्लास्थित निर्वाचन कार्यालयमा रहेको मौज्दातबाट व्यवस्थापन गरिएको थियो ।

### ७.३.६ विभिन्न तहको तालिम तथा अभिमुखीकरण

राष्ट्रिय सभा सदस्य निर्वाचनको लागि निर्वाचन व्यवस्थापन, मतदान र मतगणनाका सम्बन्धमा निर्वाचन अधिकृत, सहायक निर्वाचन अधिकृत र सम्बन्धित जिल्लाका निर्वाचन अधिकारी एवं विभिन्न कर्मचारीहरूका लागि प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको थियो । यसै गरी राष्ट्रिय सभा सदस्य निर्वाचन प्रयोजनको लागि दर्ता गराएका विभिन्न २१ वटा राजनीतिक दलका प्रतिनिधिका लागि केन्द्रमा एकल संक्रमणीय मत प्रणालीमा मतदान, मतगणना र निर्वाचन व्यवस्थापनका विविध विषयमा प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको थियो । मतदाता अभिमुखीकरणका लागि विभिन्न तीन वटा समूहमा ७७ वटै जिल्लाका निर्वाचन अधिकारीहरूलाई एकल संक्रमणीय मत प्रणालीबारे समेत प्रशिक्षण दिई उनीहरू मार्फत प्रत्येक जिल्ला सदरमुकाममा सम्बन्धित जिल्लाभित्रका गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख उपप्रमुख एवं प्रदेश सभाका सदस्यलाई एकल संक्रमणीय मत प्रणाली सम्बन्धमा र मतदान गर्ने तरिकाका विषयमा अभिमुखीकरण गर्ने व्यवस्था मिलाइएको थियो । निर्वाचक मण्डलका कुनै सदस्य कारणवस अरू जिल्लामा रहेको अवस्थामा निज रहेकै जिल्लाको सदरमुकाममा हुने अभिमुखीकरणमा सहभागी हुन सक्ने व्यवस्था मिलाइएको थियो । प्रदेश नं. २ मा सबै पद निर्विरोध निर्वाचित भएकोले निर्वाचक मण्डलका सदस्यको लागि जिल्लास्तरमा मतदाता अभिमुखीकरण कार्यक्रम सञ्चालन भएन ।

### ७.३.७ मतपत्र व्यवस्थापन

निर्वाचनको लागि आवश्यक मतपत्र आयोगमा नै छपाइ गरी सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा पठाइएको थियो । एक जना मतदाताले विभिन्न चार समूह (महिला, दलित, अपाङ्गता

भएका व्यक्ति वा अल्पसङ्ख्यक समुदाय र अन्य ) बाट निर्वाचित हुने सदस्यको लागि मतदान गर्ने भएकोले प्रत्येक समूहको सदस्यलाई मतदान गर्ने प्रयोजनको लागि छुट्टा छुट्टै मतपत्र छपाइ गरिएको थियो । निर्वाचक मण्डलका सदस्यको मतभार समेत अलग अलग रहेकोले प्रदेश सभाका सदस्यले मतदान गर्ने मतपत्र हरियो रङमा र स्थानीय तहका सदस्यले मतदान गर्ने मतपत्र रातो रङमा छपाइ गरिएको थियो ।

### ७.३.८ मतदान र मतगणना

संवत् २०७४ साल माघ २४ गते विहान १०:०० बजेदेखि अपराह्न ३:०० बजेसम्म मतदान सञ्चालन भएको थियो । प्रदेश नं. २ मा सबै सदस्य निर्विरोध निर्वाचित भएकोले मतदान कार्य सञ्चालन भएन बाँकी छ वटा प्रदेशका कुल १,६७७ मतदाता मध्ये १,६६९ जनाले मतदान गरेका थिए । प्रदेशगत मतदान विवरण **अनुसूची ५४** मा दिइएको छ । मतदान सम्पन्न भएकै दिन अपराह्न ४:०० बजेपछि मतगणना कार्य प्रारम्भ भएको थियो । एकल संक्रमणीय मत प्रणालीमा मतगणना कार्य फरक प्रकृतिको हुने भएकोले निर्वाचन अधिकृतको सहयोगको लागि गणनामा दक्षता रहेको जनशक्ति आयोगबाट समेत खटाइ पठाइएको थियो ।

प्रदेश नम्बर १, ३, ४, ५ र ७ मा एकल संक्रमणीय मत प्रणाली अनुसार निर्वाचित हुने सदस्यहरू सबैले निर्वाचित हुन आवश्यक कोटा पहिलो चरणमा नै पूरा गरेका थिए । प्रदेश नम्बर ६ मा पहिलो चरणमा महिला समूहबाट निर्वाचित हुनेमध्ये एक जनाले र अन्य समूहबाट निर्वाचित हुनेमध्ये एकजनाले मात्र कोटाभन्दा बढी मत प्राप्त गरेका थिए । कोटा भन्दा बढी मत प्राप्त गरेका उम्मेदवारको बचत मत सम्बन्धित समूहका दोस्रो प्राथमिकताका उम्मेदवारलाई संक्रमण भएपछि आवश्यक सङ्ख्याका सदस्य निर्वाचित भएका थिए ।

### ७.३.९ निर्वाचन परिणाम

राष्ट्रिय सभामा रहने कुल ५९ जना सदस्यमध्ये प्रत्येक प्रदेशबाट आठ जनाका दरले निर्वाचित हुने कुल ५६ सदस्यको लागि भएको निर्वाचनमा विभिन्न राजनीतिक दलबाट निर्वाचित सदस्यहरूको विवरण सहितको निर्वाचन परिणाम **अनुसूची ५५** मा दिइएको छ ।राजनीतिक दलबाट प्रदेशगत एवं समूहगत रूपमा निर्वाचित सदस्यको विवरण **अनुसूची ५६** मा दिइएको छ ।यसैगरी राजनीतिक दलबाट निर्वाचित सदस्यको समूहगत विवरण **अनुसूची ५७** मा र राजनीतिक दलबाट निर्वाचित सदस्यको लैङ्गिक विवरण **अनुसूची ५८** मा दिइएको छ ।

## ७.४ राष्ट्रपति पदको निर्वाचन

२०७४ साल फागुन २९ गते राष्ट्रपतिको निर्वाचन सम्पन्न गर्ने गरी आयोगबाट २०७४ साल फागुन १० गते निर्वाचनको मिति तोकिएको थियो । निर्वाचनको मिति तोकेकोबारे नेपाल सरकारलाई जानकारी गराइ तोकिएको मितिमा सफलतापूर्वक निर्वाचन सम्पन्न भएको थियो ।

### ७.४.१ निर्वाचनको तयारी

संवत् २०७४ साल फागुन २९ गते राष्ट्रपतिको निर्वाचन सम्पन्न हुने गरी आयोगबाट मिति २०७४ साल फागुन १० गते निर्वाचनको मिति तोकी सोही दिन निर्वाचन कार्यक्रम एवं कार्यतालिका स्वीकृत गरिएको थियो । यससँगै निर्वाचनका लागि आवश्यक नियमावली, निर्देशिकाको तर्जुमा, सामग्री व्यवस्थापन, लगायतका तयारी अगाडि बढाइएको थियो । २०७४ साल फागुन १६ गते न्याय परिषदको परामर्शमा उच्च अदालत, पाटनका माननीय न्यायाधीश श्री तिलप्रसाद श्रेष्ठलाई निर्वाचन अधिकृतमा नियुक्त गरी फागुन १७ गते अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र नयाँ बानेश्वर, काठमाडौंमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको थियो । आयोगबाट स्वीकृत निर्वाचन कार्यक्रम **अनुसूची ५९** मा दिइएको छ ।

### ७.४.२ निर्वाचन कार्यक्रम सञ्चालन

२०७४ साल फागुन २१ गतेदेखि फागुन २४ गतेसम्म निर्वाचन अधिकृतको कार्यालयमा निर्वाचन कार्यक्रम सञ्चालन भएको थियो । २०७४ साल फागुन २३ गते उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने कार्यक्रममा कुमारी लक्ष्मी राई र श्रीमती विद्यादेवी भण्डारी गरी दुईजनाको मनोनयन पत्र दर्ता भएको थियो । कार्यक्रममा निर्धारित समयभित्र कुनै पनि उम्मेदवारले नाम फिर्ता नलिएपछि उम्मेदवारको अन्तिम नामावलीमा वहाँहरू दुई जनाको उम्मेदवारी कायम रहेको थियो ।

### ७.४.३ जनशक्ति तथा सामग्री व्यवस्थापन

निर्वाचन व्यवस्थापन र सञ्चालनको लागि निर्वाचन अधिकृतको कार्यालयमा निर्वाचन अधिकृत सहित १३ (तेह्र) जना जनशक्ति परिचालन गरिएको थियो । मतदान कार्यको व्यवस्थापनको लागि सङ्घीय संसदका सदस्यले मतदान गर्ने प्रयोजनको लागि र प्रदेश सभाका सदस्यले मतदान गर्ने प्रयोजनको लागि अलग अलग मतदान केन्द्र रहेका थिए । प्रत्येक मतदान केन्द्रमा एकजना मतदान अधिकृत र एकजना सहायक मतदान अधिकृत सहित ७ (सात) जना कर्मचारी परिचालन गरिएको थियो । मतगणना कार्यमा प्रमुख मतगणना अधिकृत, सहायक मतगणना अधिकृत र गणक समेत गरी ७ (सात) जना कर्मचारी परिचालन गरिएको थियो । मतपत्र बाहेकका निर्वाचन सामग्री क्षेत्रीय निर्वाचन कार्यालय, काठमाडौंमा रहेको मौज्दातबाट व्यवस्थापन गरिएको थियो ।

### ७.४.४ विभिन्न तहको तालिम तथा अभिमुखीकरण

राष्ट्रपति निर्वाचनको लागि निर्वाचन सञ्चालन तथा व्यवस्थापन, मतदान र मतगणनाका सम्बन्धमा निर्वाचन अधिकृत, सहायक निर्वाचन अधिकृत र एवं कर्मचारीहरूका लागि एकदिने प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको थियो । यसै गरी सङ्घीय संसद र प्रदेश सभामा प्रतिनिधित्व रहेका

विभिन्न १३(तेह्र) वटा राजनीतिक दलका प्रतिनिधिका लागि मतदान, मतगणना र निर्वाचन व्यवस्थापनका विविध विषयमा अन्तरक्रिया तथा छलफल कार्यक्रम सञ्चालन गरिएको थियो ।

### ७.४.५ मतपत्र व्यवस्थापन

निर्वाचनको लागि आवश्यक मतपत्र आयोगको छापाखानामा छपाइ गरी सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा पठाइएको थियो । निर्वाचक मण्डलका सदस्यको मतभार अलग अलग रहेकोले सङ्घीय संसदका सदस्यले मतदान गर्ने प्रयोजनका मतपत्र र प्रदेश सभाका सदस्यले मतदान गर्ने मतपत्र अलग अलग छपाइ गरिएको थियो । सङ्घीय संसदका सदस्यले मतदान गर्ने मतपत्रमा उल्लिखित विरण हरियो रङमा र प्रदेश सभाका सदस्यले मतदान गर्ने मतपत्रमा उल्लिखित विवरण रातो रङमा छपाइ गरिएको थियो ।

### ७.४.६ मतदान, मतगणना र निर्वाचन परिणाम

संवत् २०७४ साल फागुन २९ गते विहान १०:०० बजेदेखि अपराह्न ३:०० बजेसम्म मतदान सञ्चालन भएको थियो । सङ्घीय संसदका ३३१ सदस्य र प्रदेश सभाका ५४९ गरी कुल ८८० मतदाता रहेकोमा सङ्घीय संसदका सदस्य ३२६ जना र प्रदेश सभाका सदस्य ५३६ गरी जम्मा ८६२ सदस्यले मतदान गरेका थिए ।

मतदान सम्पन्न भएकै दिन अपराह्न ४:०० बजे मतगणना कार्य प्रारम्भ भई ५.४५ बजे सम्पन्न भएको थियो । मतगणनाको प्राप्त विवरण अनुसार कुल खसेको मतपत्र ८६२ मध्ये सङ्घीय संसदका सदस्यले मतदान गरेको मतपत्रमध्ये ३ (तीन) र प्रदेश सभाका सदस्यले मतदान गरेका मतपत्र मध्ये ५(पाँच) गरी कुल ८ (आठ) मतपत्र बदर भएक थिए ।

राष्ट्रपति निर्वाचनमा श्रीमती विद्यादेवी भण्डारीलाई ३९,२७५ मत र अर्का उम्मेदवार कुमारी लक्ष्मी राईलाई ११,७३० मत प्राप्त भएको थियो । श्रीमती विद्यादेवी भण्डारी संविधानको धारा ६२ को उपधारा ३ (तीन) बमोजिम निर्वाचक मण्डलको तत्काल कायम रहेको कुल मतको बहुमत प्राप्त भएकोले उहाँ पहिलो चरणमै राष्ट्रपति पदमा निर्वाचित हुनु भएको थियो । राष्ट्रपतिको निर्वाचनमा मतदाताको रूपमा रहेका निर्वाचक मण्डलका सदस्यहरू मध्ये संघीय संसद सदस्य र प्रदेश सभा सदस्यहरूको मतभार क्रमशः ७८ र ४८ रहेको थियो । उम्मेदवारले पाएको मत परिणाम **अनुसूची ६०** मा दिइएको छ ।

## ७.५ उपराष्ट्रपति पदको निर्वाचन

राष्ट्रपतिको निर्वाचन २०७४ साल फागुन २९ गते सम्पन्न भई सोही दिन निर्वाचन परिणाम समेत घोषणा हुनुको साथै सम्माननीय राष्ट्रपति समक्ष निर्वाचन परिणामको विवरण पेश गरिएको थियो । उपराष्ट्रपतिको निर्वाचन २०७४ साल चैत्र ९ गते शुक्रबार सम्पन्न गर्ने गरी आयोगबाट २०७४ साल फागुन ३० गते निर्वाचनको मिति तोकी नेपाल सरकारलाई जानकारी गराइएको थियो ।

### ७.५.१ निर्वाचनको तयारी

संवत् २०७४ साल चैत्र ९ गते उपराष्ट्रपतिको निर्वाचन सम्पन्न हुने गरी आयोगबाट मिति २०७४ साल फागुन ३० गते निर्वाचनको मिति तोकी सोही दिन निर्वाचन कार्यक्रम स्वीकृत गरिएको थियो। यससँगै निर्वाचन अधिकृतको नियुक्ति र कार्यालय स्थापना, मतदाता नामावली तयारी, सामग्री व्यवस्थापन लगायतका तयारी अगाडि बढाइएको थियो । २०७४ साल फागुन ३० गते न्याय परिषदको परामर्शमा उच्च अदालत, पाटनका माननीय न्यायाधीश श्री तिलप्रसाद श्रेष्ठलाई निर्वाचन अधिकृतमा नियुक्त गरी सोही दिन अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र नयाँ बानेश्वर, काठमाडौंमा निर्वाचन अधिकृतको कार्यालय सञ्चालन गरिएको थियो । आयोगबाट स्वीकृत निर्वाचन कार्यक्रम **अनुसूची ६१** मा दिइएको छ ।

### ७.५.२ जनशक्ति तथा सामग्री व्यवस्थापन

निर्वाचन व्यवस्थापन र सञ्चालनको लागि निर्वाचन अधिकृतको कार्यालयमा निर्वाचन अधिकृत सहित १३ (तेह्र) जना जनशक्ति परिचालन गरिएको थियो । निर्वाचन कार्यक्रम सञ्चालन गर्न आवश्यक हुने सम्पूर्ण सामग्री निर्वाचन अधिकृतको कार्यालय र क्षेत्रीय निर्वाचन कार्यालय काठमाडौंबाट व्यवस्थापन गरिएको थियो ।

### ७.५.३ निर्वाचन कार्यक्रम सञ्चालन

२०७४ साल चैत्र १ गतेदेखि ऐ. ४ गतेसम्म निर्वाचन अधिकृतको कार्यालयमा निर्वाचन कार्यक्रम सञ्चालन भएको थियो । २०७४ साल चैत्र ३ गते उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने कार्यक्रममा श्री नन्दबहादुर पुनको मात्र मनोनयन पत्र दर्ता भएको थियो । दावी विरोध लगायतका प्रक्रिया पूरा गरी २०७४ चैत्र ४ गते उमेदवारको अन्तिम नामावली प्रकाशन हुँदा श्री नन्दबहादुर पुनको मात्र उम्मेदवारी कायम रहेको थियो ।

### ७.५.४ निर्वाचन परिणाम

निर्वाचन कार्यक्रम अनुसार २०७४ साल चैत्र ३ गते उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने कार्यक्रममा श्री नन्दबहादुर पुनको मात्र मनोनयन पत्र दर्ता भएको र २०७४ साल चैत्र ४ गते १८:०० बजे उम्मेदवारको अन्तिम नामावली प्रकाशन हुदा वहाँको मात्र उम्मेदवारी कायम भएकोले निर्वाचन अधिकृतबाट राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा २४ बमोजिम श्री नन्दबहादुर पुन उपराष्ट्रपति पदमा निर्विरोध निर्वाचित हुनु भएको घोषणा भएको थियो ।

परिच्छेद ८

# सूचना प्रविधि तथा प्रणाली व्यवस्थापन

आयोगले निर्वाचन प्रक्रियाहरू सञ्चालन गर्न विभिन्न प्रविधिहरूको प्रयोग गर्दै आइरहेको कुरा अवगत नै छ । निर्वाचनसँग सम्बन्धित विभिन्न क्रियाकलापहरूलाई सूचना प्रविधिको प्रयोग मार्फत सहज एवं सरल बनाइँदै आएको छ । सूचना प्रविधि व्यवस्थापन सम्बन्धमा सम्पादन गरिएका मुख्य मुख्य कार्यहरू निम्नानुसार दिइएको छ ।

## ८.१ सूचना प्रविधि व्यवस्थापन सम्बन्धमा सम्पादन गरिएका कार्यहरू

### ८.१.१ डाटा भण्डारण तथा एकिकरण

२०७४ भाद्र ३ गते सम्म ७७ वटै जिल्लामा सङ्कलित एवं अद्यावधिक भएको मतदाता नामावलीको डाटावेस आयोगमा प्राप्त गरी केन्द्रीय सर्भरमा भण्डारण तथा एकिकरण गरिएको थियो ।

### ८.१.२ निर्वाचन क्षेत्र अनुसार मतदाता नामावली अध्यावधिक

निर्वाचन क्षेत्र निर्धारण आयोगको प्रतिवेदन अनुसार प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनको डाटा केन्द्रीय सर्भरमा अध्यावधिक गरिएको थियो ।

### ८.१.३ अन्तिम मतदाता नामावली तयारी, छपाई, र प्रकाशन

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन २०७४ का लागि ७७,७६,६२८ पुरूष ७६,५१,१४३ महिला तथा १६७ तेश्रो लिंगी गरी कुल १,५४,२७,९३८ को अन्तिम मतदाता नामावली रङ्गीन २ प्रति तथा श्यामश्वेत ६ प्रति छपाई गरी सम्बन्धित जिल्ला निर्वाचन कार्यालयमा पठाईएको थियो । जम्मा मतदाता सङ्ख्यालाई देहाय बमोजिम वृत्तचित्रमा प्रस्तुत गरिएको छ ।






अन्तिम मतदाता नामावलीको फोटो सहितको मतदाता नामावलीको नमूना

### ८.१.४ मतदाता परिचयपत्र तयारी तथा छपाई

स्थानीय तह दोस्रो चरणको निर्वाचन पछि थप तथा अध्यावधिक भएका २१,७०,९८५ जना मतदाताको परिचयपत्र तयार गरी छपाइ गरिएको थियो ।



मतदाता परिचयपत्रको नमूना

### ८.१.५ मतदाता नामावलीको निस्सा प्रमाणीकरण

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७४ मा समानुपातिक तथा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ भाग लिने उम्मेदवारहरूलाई आयोगले प्रकाशित गरेको अन्तिम मतदाता नामावलीमा नाम भएको मतदाता नामावलीको प्रमाणित निस्सा उपलब्ध गराइएको थियो।



मतदाता नामावलीको निस्सा प्रदान गर्दै आयोगका कर्मचारीहरू

## ८.१.६ राष्ट्रिय सभा सदस्य र राष्ट्रपति/उपराष्ट्रपति पदको निर्वाचनको लागि अन्तिम मतदाता नामावली तयारी तथा छपाई

राष्ट्रिय सभा सदस्य तथा राष्ट्रपति/उपराष्ट्रपति पदको निर्वाचनको लागि आवश्यक अन्तिम मतदाता नामावली तयार गरी देहायको ढाँचामा छपाई गरिएको तथा सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा पठाइएको थियो :-



### ८.१.७ एप्लिकेशन सफ्टवेयरको विकास, परिमार्जन तथा सञ्चालन

#### ८.१.७.१ निर्वाचन परिणाम सूचना प्रणाली (Election Result Information System) ERIS परिमार्जन तथा सञ्चालन

स्थानीय तह निर्वाचनमा प्रयोग गरिएको ERIS सफ्टवेयरमा कार्यपालिका तथा जिल्ला समन्वय समितिको उम्मेद्वारी तथा मनोनयनदेखि निर्वाचन नतिजासम्मका विवरण सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयबाट प्रविष्ट तथा रूजु गर्नका लागि परिमार्जन गरिएको थियो ।




#### ८.१.७.२ एकीकृत निर्वाचन सूचना व्यवस्थापन प्रणाली (Integrated Election Information Management system) IEIMS विकास तथा सञ्चालन

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७४ र राष्ट्रिय सभा सदस्य तथा राष्ट्रपति/उपराष्ट्रपति पदको निर्वाचनमा भाग लिने उम्मेदवारहरूको मनोनयनदेखि निर्वाचन नतिजा प्रकाशन सम्मका सम्पूर्ण विवरण सम्बन्धित निर्वाचन क्षेत्रको निर्वाचन अधिकृतको कार्यालयवाट प्रविष्टी तथा रूजु गर्ने किसिमले IEIMS सफ्टवेयर विकास गरी सञ्चालनमा ल्याइएको थियो ।




### ८.१.७.३ पर्यवेक्षक सूचना प्रणाली (Observer Information System) परिमार्जन तथा सञ्चालन

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७४ मा पर्यवेक्षण गर्नका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षक संस्थाहरूले अनलाइन निवेदन दिनका लागि यो प्रणालीको विकास गरी सञ्चालनमा ल्याइएको थियो ।

### ८.१.७.४ मोवाइल एप परिमार्जन तथा सञ्चालन

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन २०७४ को पहिलो हुने निर्वाचित हुने तथा समानुपातिक निर्वाचन प्रणालीको निर्वाचन कार्यक्रम हेर्न, क्रियाकलाप प्रगति विवरण आयोगमा पठाउन, मतदाता नामावली हेर्न, उम्मेदवारको सूची हेर्न, निर्वाचन नतिजा थाहा पाउन लगायतका अन्य जानकारीको लागि ECN APP नामक मोवाइल एपको परिमार्जन गरी सञ्चालनमा ल्याइएको थियो ।




## ८.१.८ कल सेण्टर सञ्चालन

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७४ को बारेमा आमजनता तथा सरोकारवालाहरूको जिज्ञासा समाधानको लागि नेपाल टेलिकमको प्राविधिक सहयोगमा निर्वाचन अवधिभर कल सेन्टर सञ्चालन गरिएको थियो ।



### ८.१.९ आयोगको वेबसाइट तथा सामाजिक सञ्जाल सञ्चालन तथा अध्यावधिक

आयोगवाट जारी सूचना, प्रेश विज्ञप्ति, मतदाता विवरण, मतदान केन्द्र र कानून लगायत अन्य निर्वाचनसँग सम्बन्धित सामग्री वेबसाइटमा प्रकाशन तथा सामाजिक संजालमा अध्यावधिक गरिएको थियो ।




## ८.१.१० निर्वाचन परिणाम, मतपत्र, प्रतिवेदन तथा पुस्तिका छपाई

स्थानीय तह, प्रदेश सभा सदस्य र प्रतिनिधि सभा सदस्य निर्वाचन परिणाम, राष्ट्रिय सभा तथा राष्ट्रपति/उपराष्ट्रपति निर्वाचनको मतपत्र, निर्वाचन नतिजा, विभिन्न प्रतिवेदन र पुस्तिका छपाई कार्य गरिएको थियो ।

## ८.१.११ मतदाता नामावली बिक्रि तथा निर्वाचन सम्बन्धी सूचनाहरू एस एम एस मार्फत सम्प्रेषण र सम्बन्धित सरोकारवालाहरूलाई प्रदान

स्थानीय तह निर्वाचन, प्रदेश सभा सदस्य तथा प्रतिनिधि सभा सदस्य निर्वाचनको अन्तिम मतदाता नामावली आयोगले तोकेको शुल्कमा बिक्रि गरिएको तथा निर्वाचन सम्बन्धी सूचना एस एम एस मार्फत सम्प्रेषण गरिएको थियो।

## ८.१.१२ सूचना प्रविधि सम्बन्धी तालिम

जिल्ला निर्वाचन कार्यालय, निर्वाचन अधिकृतको कार्यालय तथा मुख्य निर्वाचन अधिकृतको कार्यालयका कम्प्युटर अपरेटरहरूलाई Integrated Election Information Management System (IEIMS) तथा Election Result Information System (ERIS) को तालिम प्रदान गरिएको थियो ।



### ८.१.१३ अन्य कार्यहरू

- आयोगको प्रेसमा रहेका रङ्गिन तथा श्यामश्वेत प्रिन्टरको मर्मत तथा मतदाता नामावली सङ्कलनको लागि जिल्ला निर्वाचन कार्यालयहरले प्रयोग गर्ने ल्यापटप र कम्प्युटर मर्मत गरिएको थियो ।



- निर्वाचन आयोगको लागि खरिद गरिएका High End प्रिन्टरको जडान तथा सञ्चालन गरिएको थियो ।
- आयोगमा रहेको इन्टरनेट सेवाको क्षमतालाई ५ Mbps बाट बढाएर १० Mbps बनाइएको थियो ।
- आन्तरिक इमेलहरूलाई व्यवस्थापन गर्न इमेल सर्भरको मर्मत तथा सम्भार गरिएको थियो।
- आयोगमा रहेका कम्प्युटर तथा ल्यापटपहरूलाई सुरक्षित राख्न सर्भरमा आधारित Antivirus सफ्टवेयरको लाइसेन्स नवीकरण गरिएको र आयोगको कम्प्युटर तथा ल्यापटपहरूमा जडान गरिएको थियो ।
- २०७४ भाद्र ५ गतेसम्म सङ्कलित मतदाता नामावली केन्द्रीय सर्भरमा एकीकृत गरी आवश्यक प्रशोधन पश्चात ७७ जिल्लामा Segregate गरी पठाइएको थियो ।
- फोटोसहितको मतदाता नामावली दर्ता शुरू गर्ने आयोगको निर्णय बमोजिम २०७५ वैशाख २ गतेदेखि ७५३ स्थानीय तह अनुकुल हुने गरी नामावली दर्ता सफ्टवेयर तथा डाटाबेस अद्यावधिक गरी मतदाता नामावली दर्ता शुरू गरिएको थियो ।

परिच्छेद ९

# निर्वाचन तथ्याङ्क, भू-सूचना तथा जोखिम विश्लेषण

## ९.१ परिचय

आयोगका लागि आवश्यक पर्ने मतदाता, मतदानस्थल तथा मतदान केन्द्र, राजनीतिक दल, निर्वाचनमा भाग लिने उम्मेदवार तथा निर्वाचन परिणाम लगायत आवश्यक विविध तथ्याङ्कहरूको सङ्कलन, विश्लेषण र सामान्यीकरण गर्ने, आवश्यक तथ्याङ्कहरूको सङ्कलन विधि तय गर्ने, मतदाता सङ्ख्या सम्बन्धी साङ्ख्यिकीय प्रक्षेपण गर्ने, प्रशोधन गरिएका तथ्याङ्कहरूको निर्धारित ढाँचामा मतदान स्थल, दूरी, उपलब्ध स्रोत साधन, मतदाता सङ्ख्या, भौगोलिक अवस्थिति आदि विवरण समेटी चार्ट, रिपोर्ट, टेबल, डायग्राम, नक्सा आदि तयार गर्ने, निर्वाचन व्यवस्थापन चक्रका सबै चरणमा आयोगका महाशाखा, शाखा र निर्वाचन कार्यालयहरूसँग समन्वय गरी जोखिमका तत्वहरू पहिचान गरी निर्णयका लागि पेश गर्ने, छनोट भएका तथ्याङ्क सूचनाहरूलाई Electoral Risk Management Tool (ERM Tool) तथा अन्य Tool हरू समेतको प्रयोग गरी भौतिक तथा मानवीय जोखिम पहिचान र विश्लेषण गरी सो सम्बन्धी नक्साहरू तयार गरी जोखिम व्यवस्थापन सम्बन्धी अभिलेख व्यवस्थित गर्नुका साथै नियमित अनुगमन गर्ने गरिन्छ । प्रतिवेदन वर्षमा यस सम्बन्धमा सम्पन्न गरिएका कार्यहरू देहाय बमोजिम रहेका छन्ः

## ९.२ स्थानीय तह निर्वाचन, २०७४ मा सम्पादित कार्यहरू

- निर्वाचन आयोगले मिति २०७३।११।९ गते प्रकाशन गरेको अन्तिम मतदाता नामावलीको आधारमा प्रदेशगत, जिल्लागत, स्थानीय तहगत, वडागत रूपमा मतदाता सङ्ख्याको लैंगिक विवरण तयार गरी सोही बमोजिमका तथ्याङ्कहरूको विश्लेषण गर्दै नक्साङ्कन गरियो ।
- प्रदेशगत, जिल्लागत, स्थानीय तहगत, वडागत रूपमा मतदानस्थल र मतदानकेन्द्रको विवरण सहित सोही मतदान स्थल र मतदान केन्द्रका लैंगिक मतदाताहरूको सङ्ख्यात्मक विवरण तयार गरी विश्लेषण गर्दै नक्साङ्कन गरियो ।
- जिल्लामा रहेका गाउँपालिका तथा नगरपालिकाको सङ्ख्यात्मक विवरण र तत् तत् स्थानीय तहका वडाहरूको तथ्याङ्कीय विवरण तयार गरी नक्साङ्कन कार्य गरियो ।

- स्थानीय तह निर्वाचन, २०७४ को सन्दर्भमा जिल्लाहरूमा उम्मेदवारहरूको अन्तिम नामावली प्रकाशनको आधारमा सङ्ख्यात्मक विवरण तयार गरी लैंगिक विवरणलाई नक्साङ्कन कार्य गरिएको ।
- स्थानीय तह निर्वाचन विभिन्न चरणमा गर्ने निर्णयानुसार चरणका आधारमा निर्वाचन हुने प्रदेश, जिल्ला अनुसार स्थानीय तहहरूको वडा समेतका विवरण तालिकीकरण गर्दै नक्साङ्कन कार्य गरियो ।
- जिल्लामा रहेका मतदाताहरूको सङ्ख्यालाई तुलनात्मक रूपमा विश्लेषण गर्न सहज होस् भनी मतदाता सङ्ख्याको Category बनाई जिल्लाहरूको वर्गीकरण कार्य गरियो ।
- स्थानीय तह निर्वाचन, २०७४ का क्रममा सम्पादन गरिएका कार्यहरूलाई जिल्लागत रूपमा परिणाम सहित "स्थानीय तह निर्वाचन २०७४: एक झलक" पुस्तक प्रकाशनको लागि कार्यक्रम तथा बजेट स्वीकृत गरी जिल्ला-जिल्लामा कार्यक्रम पठाईएको र उक्त पुस्तक सबै क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयबाट प्रकाशन समेत गरिएको छ ।
- ७५ वटै जिल्लाको "स्थानीय तह निर्वाचन २०७४ एक झलक" पुस्तक आयोगको पुस्तकालय र वेव साइटमा उपलब्ध गराईएको छ ।
- स्थानीय तह निर्वाचन, २०७४ को संक्षिप्त नतिजा **अनुसूची ६२** मा समावेश गरिएको छ।

## ९.३ प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचन, २०७४ मा सम्पादित कार्यहरू

- निर्वाचन आयोगले मिति २०७४।०५।९ गते प्रकाशन गरेको अन्तिम नामावलीको आधारमा प्रदेशगत, जिल्लागत, स्थानीय तहगत र वडागत रूपमा मतदाता सङ्ख्याको लैंगिक विवरण तयार गरी सोही बमोजिमका तथ्याङ्कहरूको विश्लेषण गर्दै नक्साङ्कन गरियो ।
- प्रदेशगत, जिल्लागत, निर्वाचन क्षेत्रगत, स्थानीय तहगत, वडागत रूपमा मतदानस्थल र मतदानकेन्द्रको विवरण सहित सोही मतदान स्थल र मतदान केन्द्रका लैंगिक मतदाताहरूको सङ्ख्यात्मक विवरण तयार गरी बिश्लेषण गर्दै नक्साङ्कन गरियो ।
- प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचन, २०७४ को सन्दर्भमा निर्वाचनको चरणवद्ध रूपमा जिल्लाहरूमा उम्मेदवारहरूको अन्तिम नामावली प्रकाशनको आधारमा सङ्ख्यात्मक विवरण तयार गरी लैंगिक विवरणलाई नक्साङ्कन कार्य गरिएको छ ।

- प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचन २ चरणमा गर्ने निर्णयानुसार चरणका आधारमा निर्वाचन हुने प्रदेश र जिल्ला अनुसार निर्वाचन क्षेत्र अनुसारको विवरण तालिकीकरण गर्दै नक्साङ्कन कार्य गरियो ।
- जिल्लामा रहेका मतदाताहरूको सङ्ख्यालाई तुलनात्मक रूपमा विश्लेषण गर्न सहज होस् भनी मतदाता सङ्ख्याको Category बनाई जिल्लाहरूको वर्गीकरण कार्य गरियो ।

## ९.४ निर्वाचन परिणाम सम्बन्धी संक्षिप्त तथ्याङ्क

**प्रतिनिधि सभा सदस्य निर्वाचन, २०७४**

**संक्षिप्त नतिजा**

<table>
<tr><th rowspan="2">प्रदेश नं.</th><th colspan="3">पहिलो हुने निर्वाचित हुने प्रणाली</th><th colspan="3">समानुपातिक प्रणाली</th><th colspan="3">कूल जम्मा</th><th rowspan="2">महिलाको प्रतिशत</th></tr>
<tr><th>महिला</th><th>पुरुष</th><th>जम्मा</th><th>महिला</th><th>पुरुष</th><th>जम्मा</th><th>महिला</th><th>पुरुष</th><th>जम्मा</th></tr>
<tr><td>प्रदेश नं १</td><td>१</td><td>२७</td><td>२८</td><td rowspan="7">८४</td><td rowspan="7">२६</td><td rowspan="7">११०</td><td rowspan="7">९०</td><td rowspan="7">१८५</td><td rowspan="7">२७५</td><td rowspan="7">३२.७३</td></tr>
<tr><td>प्रदेश नं २</td><td></td><td>३२</td><td>३२</td></tr>
<tr><td>प्रदेश नं ३</td><td>१</td><td>३२</td><td>३३</td></tr>
<tr><td>प्रदेश नं ४</td><td>१</td><td>१७</td><td>१८</td></tr>
<tr><td>प्रदेश नं ५</td><td>२</td><td>२४</td><td>२६</td></tr>
<tr><td>प्रदेश नं ६</td><td></td><td>१२</td><td>१२</td></tr>
<tr><td>प्रदेश नं ७</td><td>१</td><td>१५</td><td>१६</td></tr>
<tr><td>कूल जम्मा</td><td>६</td><td>१५९</td><td>१६५</td><td>८४</td><td>२६</td><td>११०</td><td>९०</td><td>१८५</td><td>२७५</td><td>३२.७३</td></tr>
</table>

## प्रदेश सभा सदस्य निर्वाचन, २०७४

### संक्षिप्त नतिजा

| प्रदेश नं. | पहिलो हुने निर्वाचित हुने प्रणाली | | | समानुपातिक प्रणाली | | | कूल जम्मा | | | महिलाको प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| प्रदेश नं १ | २ | ५४ | ५६ | ३० | ७ | ३७ | ३२ | ६१ | ९३ | ३४.४१ |
| प्रदेश नं २ | ५ | ५९ | ६४ | ३२ | ११ | ४३ | ३७ | ७० | १०७ | ३४.५८ |
| प्रदेश नं ३ | ५ | ६१ | ६६ | ३२ | १२ | ४४ | ३७ | ७३ | ११० | ३३.६४ |
| प्रदेश नं ४ | २ | ३४ | ३६ | १८ | ६ | २४ | २० | ४० | ६० | ३३.३३ |
| प्रदेश नं ५ | २ | ५० | ५२ | ३० | ५ | ३५ | ३२ | ५५ | ८७ | ३६.७८ |
| प्रदेश नं ६ | | २४ | २४ | १३ | ३ | १६ | १३ | २७ | ४० | ३२.५० |
| प्रदेश नं ७ | १ | ३१ | ३२ | १७ | ४ | २१ | १८ | ३५ | ५३ | ३३.९६ |
| कूल जम्मा | १७ | ३१३ | ३३० | १७२ | ४८ | २२० | १८९ | ३६१ | ५५० | ३४.३६ |

## राष्ट्रिय सभा सदस्य निर्वाचन, २०७४

### संक्षिप्त नतिजा

| प्रदेश नं | महिला | पुरुष | कूल जम्मा | महिलाको प्रतिशत |
|---|---|---|---|---|
| प्रदेश नं १ | ३ | ५ | ८ | ३७.५ |
| प्रदेश नं २ | ३ | ५ | ८ | ३७.५ |
| प्रदेश नं ३ | ३ | ५ | ८ | ३७.५ |
| प्रदेश नं ४ | ३ | ५ | ८ | ३७.५ |
| प्रदेश नं ५ | ३ | ५ | ८ | ३७.५ |
| प्रदेश नं ६ | ३ | ५ | ८ | ३७.५ |
| प्रदेश नं ७ | ३ | ५ | ८ | ३७.५ |
| कूल जम्मा | २१ | ३५ | ५६ | ३७.५ |

## प्रतिनिधि सभा र प्रदेश सभामा राजनीतिक दलहरूको प्रतिनिधित्व

| राजनीतिक दलको नाम | प्रतिनिधि सभा | | प्रदेश सभा | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रदेश नं. १ | | प्रदेश नं. २ | | प्रदेश नं. ३ | | प्रदेश नं. ४ | | प्रदेश नं. ५ | | प्रदेश नं. ६ | | प्रदेश नं. ७ | | |
| | पहिलो हुने निर्वाचित हुने | समानुपातिक | पहिलो हुने निर्वाचित हुने | समानुपातिक | पहिलो हुने निर्वाचित हुने | समानुपातिक | पहिलो हुने निर्वाचित हुने | समानुपातिक | पहिलो हुने निर्वाचित हुने | समानुपातिक | पहिलो हुने निर्वाचित हुने | समानुपातिक | पहिलो हुने निर्वाचित हुने | समानुपातिक | पहिलो हुने निर्वाचित हुने | समानुपातिक | जम्मा |
| नेपाल कम्युनिष्ट पार्टी (एमाले) | ८० | ४१ | ३६ | १५ | १४ | ७ | ४२ | १६ | १७ | १० | २८ | १३ | १४ | ६ | १७ | ८ | २४३ |
| नेपाली काँग्रेस | २३ | ४० | ८ | १३ | ८ | ११ | ७ | १४ | ६ | ९ | ७ | १२ | १ | ५ | ४ | ८ | ११३ |
| नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ३६ | १७ | १० | ५ | ६ | ५ | १५ | ८ | ९ | ३ | १४ | ६ | ९ | ४ | १० | ४ | १०८ |
| राष्ट्रिय जनता पार्टी नेपाल | ११ | ६ | - | - | १५ | १० | - | - | - | - | - | १ | - | - | १ | १ | २८ |
| संघीय समाजवादी फोरम नेपाल | १० | ६ | १ | २ | २० | ९ | - | - | - | - | ३ | २ | - | - | - | - | ३७ |
| नयाँ शक्ति पार्टी नेपाल | १ | - | - | - | - | - | १ | - | १ | १ | - | - | - | - | - | - | ३ |
| राष्ट्रिय प्रजातन्त्र पार्टी | १ | - | - | १ | - | - | - | १ | - | - | - | - | - | १ | - | - | ३ |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नेपाल मजदुर किसान पार्टी | १ | - | - | - | - | - | १ | १ | - | - | - | - | - | - | - | - | २ |
| राष्ट्रिय जनमोर्चा | १ | - | - | - | - | - | - | - | २ | १ | - | १ | - | - | - | - | ४ |
| विवेकशील साझा पार्टी | - | - | - | - | - | - | - | ३ | - | - | - | - | - | - | - | - | ३ |
| संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च | - | - | - | १ | - | - | - | - | - | - | - | - | - | - | - | - | १ |
| नेपाल संघीय समाजवादी पार्टी | - | - | - | - | - | १ | - | - | - | - | - | - | - | - | - | - | १ |
| राष्ट्रिय प्रजातन्त्र पार्टी (प्रजातान्त्रिक) | - | - | - | - | - | - | - | १ | - | - | - | - | - | - | - | - | १ |
| स्वतन्त्र | १ | - | १ | - | १ | - | - | - | १ | - | - | - | - | - | - | - | ३ |
| जम्मा | १६५ | ११० | ५६ | ३७ | ६४ | ४३ | ६६ | ४४ | ३६ | २४ | ५२ | ३५ | २४ | १६ | ३२ | २१ | ५५० |
| | २७५ | | ९३ | | १०७ | | ११० | | ६० | | ८७ | | ४० | | ५३ | | |

## प्रदेश अनुसार जिल्ला, निर्वाचन क्षेत्र, समानुपातिक सदस्य, मतदान स्थल, मतदानकेन्द्र र मतदाताको सङ्ख्यात्मक विवरण

| प्रदेश नं | जिल्ला को संख्या | राष्ट्रिय सभा | प्रतिनिधि सभा | | प्रदेश सभा | | मतदान स्थल संख्या | मतदान केन्द्र संख्या | मतदाता संख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ (निर्वाचन क्षेत्र) | समानुपातिक | पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ (निर्वाचन क्षेत्र) | समानुपातिक | | | |
| १ | १४ | ८ | २८ | ११० | ५६ | ३७ | १८६१ | ३७४३ | २९९३७७४ |
| २ | ८ | ८ | ३२ | | ६४ | ४३ | २१६६ | ३६७९ | २७६७३७८ |
| ३ | १३ | ८ | ३३ | | ६६ | ४४ | १७८० | ३७८५ | ३०७४३८४ |
| ४ | ११ | ८ | १८ | | ३६ | २४ | १२४७ | २०९१ | १५६८९२४ |
| ५ | १२ | ८ | २६ | | ५२ | ३५ | १६१२ | ३३६८ | २७४०८६४ |
| ६ | १० | ८ | १२ | | २४ | १६ | ८९६ | १२४३ | ८४६९४१ |
| ७ | ९ | ८ | १६ | | ३२ | २१ | ११०९ | १९०० | १४३५६७३ |
| **जम्मा** | **७७** | **५६** | **१६५** | ११० | **३३०** | २२० | **१०६७१** | **१९८०९** | **१५४२७९३८** |

परिच्छेद १०

# निर्वाचन कानून तथा राजनीतिक दल व्यवस्थापन

स्थानीय तह निर्वाचन, २०७४ तथा प्रदेश सभा सदस्य, प्रतिनिधि सभा सदस्य, राष्ट्रियसभा सदस्य, राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचनको सिलसिलामा आवश्यकतानुसार विभिन्न ऐन, नियम, निर्देशिका, कार्यविधि, निर्वाचन आचारसंहिता तर्जुमा एवं स्वीकृति, राजनीतिक दलहरूको दर्ता व्यवस्थापन लगायत निर्वाचन आचारसंहिता कार्यान्वयन र निर्वाचन विवाद निरूपणका कार्यहरू, निर्वाचन खर्चको विवरण नबुझाउने राजनीतिक दल तथा उम्मेदवार तथा वार्षिक आय व्यय विवरणको प्रतिवेदन समयमा पेश नगर्ने दलहरूलाई कारवाहीको दायरामा ल्याउने जस्ता कार्यहरू भएका छन् । प्रतिवेदन वर्षमा यस क्षेत्रमा भएका मुख्य मुख्य कार्यहरूलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ :-

## १०.१ निर्वाचन कानून तर्जुमासम्बन्धी कार्यहरू

नेपालको संविधान जारी भएपछि संविधान अनुरूप सम्पन्न गर्नुपर्ने विभिन्न तहको निर्वाचनको लागि आवश्यक पर्ने सङ्घीय कानूनहरूको तर्जुमा गर्ने सिलसिलामा प्रतिवेदन वर्षमा आवश्यक विधेयकको प्रारम्भिक मस्यौदा तयार गरी व्यस्थापिका–संसदमा पेश गर्न नेपाल सरकार गृह मन्त्रालयमा पठाइएकोमा देहायका विधेयकहरू राष्ट्रपतिबाट प्रमाणीकरण भई लागु भएका छन्:-

**(क) प्रमाणीकरण भई लागु भएका ऐन**

| क सं | ऐन | प्रमाणीकरण र लागु भएको |
|---|---|---|
| १. | प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ | २०७४।०५।२२ |
| २. | प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ | २०७४।०५।२२ |
| ३. | राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ | २०७४।०६।२७ |
| ४. | राष्ट्रिय सभा सदस्य निर्वाचन अध्यादेश, २०७४ | २०७४।०९।१४ |
| ५. | राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ | २०७५।०१।१३ |

## १०.२ नियमावली, निर्देशिका तर्जुमा

प्रतिवेदन वर्षमा स्थानीय तह निर्वाचन, २०७४ को तेस्रो चरणको निर्वाचन, प्रदेश सभा सदस्य तथा प्रतिनिधि सभा सदस्य, राष्ट्रिय सभा सदस्य र राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्पन्न भएको छ। निर्वाचन सम्पन्न गर्न आवश्यक पर्ने कानूनहरूको तर्जुमा गर्न निर्वाचन आयुक्त श्री ईश्वरीप्रसाद पौड्यालको संयोजकत्वमा गठन भएको समितिले विभिन्न नियमावली, निर्देशिका र कार्यविधिहरूको तर्जुमा गरेको थियो । यसरी तर्जुमा भएका नियमावली, निर्देशिका र कार्यविधिहरू आयोगबाट स्वीकृत भई कार्यान्वयनमा समेत आइसकेको छ ।नियमावली, निर्देशिका र कार्यविधिहरू **अनुसूची ६३** मा दिइएको छ ।

## १०.३ आचारसंहिता सम्बन्धी

स्थानीय तह निर्वाचन, २०७४ अन्तर्गत तेस्रो चरणमा प्रदेश नं. २ मा भएको निर्वाचनको सिलसिलामा २०७४ भदौ १ गतेदेखि निर्वाचन आचार संहिता लागु गरिएको थियो । त्यसैगरी प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७४ को सन्दर्भमा २०७४ भदौ १४ गतेदेखि मङ्सिर २७ सम्म सरोकारवालाहरूको लागि निर्वाचन आचारसंहिता लागु गरिएको थियो । निर्वाचन आचार संहिता लागु रहेको अवधिमा विभिन्न निकाय, सङ्घ संस्था वा सरोकारवालाहरूबाट आयोगमा २५ वटा उजुरी (निवेदन) प्राप्त भएका र ती उजुरीहरू उपर आयोगले आवश्यक कारबाहीको निर्णय गरी निर्देशन दिइएको थियो । निर्वाचन आचार संहिता उल्लङ्घनका उजुरी, गुनासो र सूचनाका आधारमा आयोगबाट भएको कारबाहीको संक्षिप्त विवरण देहाय बमोजिम उल्लेख गरिएको छः-

| क्र.सं. | उल्लङ्घनका विषय | उल्लङ्घन कर्ता | मिति | उजुरी /निवेदन | गरिएको कारवाही | प्राप्त जवाफ |
|---|---|---|---|---|---|---|
| १ | सरूवा पदस्थापना | भन्सार विभागका महानिर्देशक | २०७४/०५/१८ | राष्ट्रसेवक कर्मचारी | सरूवा तथा पदस्थापना गरेको सम्बन्धमा खुलाई पठाउन पत्राचार गरिएको । | प्रक्रियागत रूपमा भएको कमजोरी अब उप्रान्त नहुने प्रतिवद्धता व्यक्त गरेको पत्र आयोगमा प्राप्त हुन आएको । |
| २ | जिम्मेवारी तोकिएको | आपूर्ति मन्त्रालय | २०७४।०३।०५ | JEOC | नेपाल आयल निगमको कार्यकारी निर्देशकको कार्य गर्नेगरी जिम्मेवारी तोकिएको सम्बन्धमा आपूर्ति मन्त्रालयमा पत्राचार गरिएको साथै आयोगबाट उक्त मन्त्रालयका सचिवसँग स्पष्टीकरण माग गरिएको । | आचारसंहिता उल्लङ्घन गर्ने मनसाय नरहेको भन्ने व्यहोरा र स्पष्टीकरण सोधिएको विषयमा आगामी दिनमा आचारसंहिता पालना गर्ने प्रतिवद्धता जाहेर गर्दै आपूर्ति मन्त्रालयको पत्र प्राप्त हुन आएको । |
| ३ | जिम्मेवारी तोकिएको | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री | २०७४।०३।१० | JEOC | नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशकलाई मन्त्रालयमा कामकाज गर्न स्पष्टीकरण माग गरिएको । | आजैका मितिमा वदर गरिसकिएको व्यहोराको जानकारी गराउँदै माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीको स्पष्टीकरण आयोगमा प्राप्त भएको । |
| ४ | रेडियो नेपालमा खुला प्रतियोगिताको परीक्षा | रेडियो प्रसारण विकास समिति | २०७४।०५।१८ | रेडियो नेपालको पत्र | प्रतियोगिताद्वारा पदपूर्ति गर्नका लागि लिखित परीक्षा सञ्चालन गरेको सम्बन्धमा खुलाई पठाउन पत्राचार गरिएको । | लोकसेवा आयोगको वार्षिक कार्य तालिका अनुसार लिखित परीक्षा सञ्चालन गरेको भन्ने व्यहोराको पत्र सूचना तथा संचार |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | मन्त्रालयबाट प्राप्त भएको । |
| ५ | आचारसंहिता उल्लङ्घन | राष्ट्रिय पुनः निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत | २०७४।०३।१८ | जिल्ला प्रहरी कार्यालय प्यूठान | प्यूठान जिल्लाका विभिन्न स्थानहरूमा नेपाली काँग्रेसका कार्यकर्ताहरूसँग भेटघाट एवं कार्यक्रममा सहभागी भई निर्वाचन आचारसंहिता उल्लङ्घन गरेको विषयमा स्पष्टीकरण माग गरिएको । | सार्वजनिक पदाधिकारीहरूको हैसियतले कुनै पनि दलीय कार्यक्रममा भाग लिने छैन भनी प्रतिवद्धता जाहेर गर्दै स्पष्टीकरण प्राप्त भएको । |
| ६ | विभिन्न शैक्षिक संस्थालाई अनुमति सम्बन्धन दिएको | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् | २०७४।०३।२८ | पत्र पत्रिकाबाट सूचना प्राप्त | विभिन्न शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति दिएको सम्बन्धमा खुलाई पठाउन पत्राचार गरिएको । | मिति २०७४।०६।२३ गते निर्वाचन आयोगमा सहमतिको लागि शिक्षा मन्त्रालयमा लेखी पठाइएको व्यहोराको पत्र प्राप्त हुन आएको । |
| ७ | पदपूर्ति | नेपाल वायु सेवा निगम | २०७४।०३।२९ | गोरखापत्रबाट सूचना प्राप्त | विज्ञापन प्रकाशित भएको समाचारको पत्राचार भएको । | आयोगको पत्रबाट सहमती प्राप्त भएकोले पदपूर्ति सम्बन्धी कार्यहरू नियमित रूपमा गर्नु गराउन हुन भनी परिपत्र समेत भएकोले विज्ञापन आव्हान गरिएको व्यहोरा खुलाई पठाइएको भनी नेपाल वायु सेवा निगमको पत्र प्राप्त भएको । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | जिल्ला प्रहरी कार्यालय, कन्चनपुरको प्रमुख पदमा सरूवा | प्रहरी प्रधान कार्यालय, नक्शाल | २०७४।०७।०२ | | सरूवा सम्बन्धमा पत्राचार भएको । | जिल्लाको शान्ति, सुरक्षा व्यवस्था प्रभावकारी नभएकोले सुरक्षाको संवेदनशिलता समेतलाई मध्यनजर गरी छानविन अवधिभरका लागि प्रहरी उपरीक्षक डिल्लीराज विष्टलाई थप मद्दतको रूपमा खटाएको भनी प्रहरी प्रधान कार्यालयको पत्र प्राप्त भएको । |
| ९ | चियापान कार्यक्रम | का.म.पा. प्रमुख | २०७४।०७।०९ | निमन्त्रणा कार्ड | दशैँ, तिहार, छठ पर्व तथा नेपाल सम्वतको अवसरमा निर्वाचन आचारसंहिता विपरीत चियापान गर्नका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र गृह मन्त्रालय मार्फत नेपाल सरकारका विभिन्न निकायलाई जानकारी समेत गराइएको सम्बन्धमा पत्राचार गरिएको । | |
| १० | चार करोड अन्ठाउन्न लाख रकम बाँडेको | गृह मन्त्रालय | २०७४।०७।१७ | अन्नपूर्ण पोष्ट दैनिक पत्रिका | यस सम्बन्धमा के भएको हो ? खुलाई पठाउन पत्राचार भएको साथै मतदानको दिन नजिँकिदै आईसकेको अवस्थामा आर्थिक सहायता वितरणको | निर्वाचन शान्तिपूर्ण रूपमा सञ्चालन गर्न गृह मन्त्रालय पूर्ण रूपमा प्रतिवद्ध रहेको छ । आर्थिक सहायता वितरण कार्य नेपाल सरकार |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | कार्य नगराउनु हुन भनी पत्र लेखी पठाइएको । | मन्त्रिपरिषदको नियमित कार्य भएको हुँदा आचारसंहिता उल्लङ्घन नभएको व्यहोरा गृह मन्त्रालयको पत्रबाट लेखी आएको । |
| ११ | पैसा बाँडेको | प्रेमप्रसाद आले मगर निवर्तमान एमाले सांसद | २०७४।०७।२२ | hamrokura.com | चुनावी दौडानमा रकम बाँडेको सम्बन्धमा स्पष्टीकरण माग गरिएको । | आचारसंहिता र निर्वाचनको स्वच्छाप्रति म सचेत र सजग रहनेछु, आचारसंहिता सदैव पालना गरेको र भविष्यमा पनि आयोगलाई आचारसंहिता पालना गर्ने गराउने क्रममा पूर्ण सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्दछु भनी आयोगमा जवाफ प्राप्त भएको । |
| १२ | आचारसंहिता उल्लङ्घन | प्रधानमन्त्री तथा मन्त्रिपरिषद को कार्यालय | २०७४।०७।२२ | नागरिक पत्रिका | "फेरि आचारसंहिता उल्लङ्घन" शीर्षकमा प्रकाशित सम्पादकीय र जनआस्था साप्ताहिकको प्रकाशित पैसा बाँड्ने निर्णय भयो, पानी सरह" भन्ने समाचारप्रति प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पत्राचार गरिएको । | आयोगबाट मिति २०७४।०५।१५ मा नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई दिइएको ७ बुँदे निर्देशन कार्यान्वयनको लागि प्रतिवद्ध रहेको व्यहोरा अनुरोध गरी उक्त कार्यालयबाट |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | पठाएको पत्र प्राप्त भएको । |
| १३ | विदेश भ्रमण | ललितपुर म.न.पा.कार्यकारी अधिकृत र वरिष्ठ इन्जिनियर | २०७४।०७।२३ | कान्तिपुर दैनिक | आयोगको सहमति बिना विदेश भ्रमण जानु भएको हो होइन भनी खुलाई पठाउन लेखिएको । | आचारसंहिता उल्लङ्घन गर्ने मनसाय होइन, त्रुटी गल्ती भएकोमा आत्म आलोचना गर्दै भविष्यमा पुनः यस्तो गल्ती नगर्ने प्रतिवद्धता जनाउँदै प्रमुख प्रशासकीय अधिकृतको स्पष्टीकरण तथा ललितपुर महानगरपालिकाबाट हर सहयोग गर्ने मेरो प्रतिवद्धता छ भनी मेयर चिरीवावु महर्जनको स्पष्टीकरण आयोगमा प्राप्त भएको । |
| १४ | सरूवा पदस्थापना | प्रहरी महानिरीक्षक प्रहरी प्रधान कार्यालय | २०७४।०७।२४ | | केही जिल्लाहरूमा पद रिक्त गराएर विभिन्न पदमा सरूवा गरिएको भन्ने सूचना आयोगमा प्राप्त हुन आएकोले सो विषयमा के भएको हो ? भनी पत्रबाट सोधनी भएको । | जिल्लाहरूमा पद रिक्त गराएर विभिन्न पदहरूमा सरूवा नगरिएको व्यहोरा सादर अनुरोध गरिएको छ भनी प्रहरी प्रधान कार्यालयको पत्र प्राप्त भएको । |
| १५ | विद्यालयमा चुनावी सभा | प्रधानाध्यापक जनता माध्यमिक विद्यालय सप्तरी तथा | २०७४।०७।२५ | कान्तिपुर दैनिक | सार्वजनिक विद्यालय परिसरमा चुनावी सभा तथा भोजभतेरको आयोजना गरिएको कार्य निर्वाचन आचारसंहिता | निर्वाचन आचारसंहिता उल्लङ्घन हुने गरी हामीले कुनै कार्य नगरी सदैव |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | जिल्ला सभापति नेपाली काँग्रेस, सप्तरी | | | विपरीत देखिएकोले २४ घण्टा भित्र स्पष्टीकरण पेश गर्न भनी माग गरिएको । | अवलम्वन गरी आएको र अब उप्रान्त पनि अवलम्वन गर्ने तथ्यमा प्रतिवद्धता जाहेर गर्दछु भनी स्पष्टीकरण प्राप्त हुन आएको । |
| १६ | विद्यालयमै मन्त्रीकै उपस्थितिमा | जितेन्द्र नारायण देव(संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री) | २०७४।०७।२५ | कान्तिपुर दैनिक | आचारसंहिता विपरीत सभा गरेको भन्ने समाचार प्रति आयोगबाट मिति २०७४।०७।०५ गते भएको नीतिगत निर्णयको बुँदा नं. २ विपरीत भएको देखिंदा निर्वाचन आचारसंहिता उल्लङ्घन गरेकोले स्पष्टीकरण माग गरिएको । | आचार संहिता प्रति मैले सम्मान गर्दै आएको छु र अव उप्रान्त पनि गर्नेछु। उक्त आचार संहिताको पालना गर्ने तर्फ म पूर्ण सजग छु भनी संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रीबाट स्पष्टीकरण प्राप्त हुन आएको । |
| १७ | कान्तिपुर दैनिकमा प्रकाशित समाचार | नेपाल कम्युनिष्ट पार्टी एकीकृत मार्क्सवादी, लेनिनवादी, केन्द्रीय कार्यालय | २०७४।०७।३० | नेपाली काँग्रेस केन्द्रीय कार्यालयको ध्यानाकर्षण सम्बन्धी प्राप्त पत्र । | "म काँग्रेसको कार्यकर्तालाई समवेदना भन्न चाहन्छु भनी प्रकाशित समाचार सम्बन्धमा यथार्थ जानकारी खुलाई पठाउन नेकपा (एमाले) केन्द्रीय कार्यालयलाई पत्राचार गरिएको । | पार्टीका अध्यक्षले पत्रमा लेखिए अनुसारको मनसाय अनुरूप उल्लेख नगर्नु भएको साथै आचारसंहिता उल्लङ्घन गर्ने गराउने अवस्था नभएको व्यहोराको पत्र आयोगमा प्राप्त हुन आएको । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १८ | यूट्यूब मार्फत मत मागिरहेको | डा. गीता शिवाकोटी खरेल, प्राचार्य, रत्नराज्य माध्यमिक विद्यालय, वानेश्वर | २०७४/०८/०५ | राजधानी दैनिकमा "कि आचारसंहिता उल्लङ्घन रोक्नुहोस् कि सबैलाई छुट दिनुस्" भन्ने शीर्षकको | सार्वजनिक पदमा रहेको व्यक्तिले कुनै दल वा उम्मेदवारको पक्षमा मत माग्ने कार्य आचारसंहिता विपरीत देखिएको हुँदा स्पष्टीकरण माग गरिएको । साथै प्राप्त हुन आएको स्पष्टीकरण उपर थप कुरा बुझ्नको लागि २४ घण्टाभित्र आयोगमा उपस्थित हुन पुनःपत्राचार गरिएको । | कसरी सामाजिक सञ्जालमा राखिएको हो त्यो कुरामा म अनभिज्ञ छु र मबाट जानी नजानी गल्ती भएको भए क्षमायाचना गर्दछु । आचारसंहिता पालन गर्न प्रतिवद्धता व्यक्त गर्दछु भनी निवेदन आयोगमा पेश हुन आएको । |
| १९ | मौन अवधिमा ट्वीटर मार्फ मत मागेको | माननीय उपप्रधान एवं उर्जा मन्त्री कमल थापाज्यू, | २०७४/०८/०७ | JEOC | उक्त कार्य निर्वाचन आचार संहिता, २०७२ को दफा ५ को खण्ड (घ) को उपखण्ड (१) विपरीत देखिएको हुँदा स्पष्टीकरण माग गरिएको। | |
| २० | मौन अवधिमा फेसबुक मार्फत प्रचार प्रसार गरेको | ध्रुव बहादुर प्रधान, महामन्त्री, राप्रपा (प्रजातान्त्रिक) पार्टी | २०७४/०८/०७ | JEOC | उक्त कार्य निर्वाचन आचार संहिता, २०७२ को दफा ५ को खण्ड (घ) को उपखण्ड (१) विपरित देखिएको हुँदा स्पष्टीकरण माग गरिएको। | आचारसंहिता विपरीत कार्य गर्ने कुनै मनसाय नरहेको निवेदन गर्दै फेसबुकबाट कुनै त्रुटि नभएको तथा कुनै कारणवस निर्वाचन अनुगमन समितिलाई अन्यथा पर्न गएको भए म क्षमायाचना गर्दछु भन्ने व्यहोराको पत्र प्राप्त हुन आएको । |
| २१ | मौन अवधिमा ट्वीटरमार्फत प्रचार प्रसार गरेको | श्री रविन्द्र अधिकारी | २०७४/०८/ | JEOC | उक्त कार्य आचार संहिता, २०७२ को दफा ५ को खण्ड (घ) को उपखण्ड (१) | आचारसंहिता विपरीत कुनै पनि प्रकारले प्रचार प्रसार नगरे |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | विपरीत देखिएको हुँदा स्पष्टीकरण पेश गर्न पत्राचार गरिएको । | नगराएको व्यहोरा अनुरोध छ । यदि भूल/ प्राविधिक कारणवस मेरो ट्वीटर वालमा आचारसंहिता प्रतिकूलका सामग्री देखिएको भए उक्त सामग्रीहरू तत्काल हटाई आचार संहिता पूर्ण पालना गर्न प्रतिबद्ध छु भन्ने व्यहोराको पत्र प्राप्त भएको । |
| २२ | हेलिकप्टर प्रयोग गरेको | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री | २०७४।०८।०५ | | आयोगको सहमति नै नलिई मिति २०७४।७।८ गते हेलि एभरेष्टको हेलिकप्टर प्रयोग गरी काठमाडौं—लुक्ला—काठमाडौं जानु भएको विषयमा खुलाई पठाउन पत्र लेखिएको । | हेलिकप्टर प्रयोग गरी त्यसतर्फ गएको तर राजनीतिक कार्यक्रममा भाग नलिएको भनी पत्र प्राप्त भएको । |
| २३ | विभिन्न पत्र पत्रिकामा विज्ञापन गरिएको | नेपाल कम्प्युनिष्ट पार्टी (एमाले), केन्द्रीय कार्यालय | २०७४।०८।१२ | कान्तिपुर दैनिक, अन्नपूर्ण पोष्ट दैनिक, नयाँपत्रिका दैनिक, नागरिक दैनिक, | निर्वाचन आचारसंहिता, २०७२ को दफा ५ को खण्ड (ख१) को उपखण्ड (२) विपरीत मिति २०७४/०८/१२ को कान्तिपुर लगायतका पत्रिकामा नेकपा (एमाले) पार्टीका अध्यक्ष के. पी. शर्मा ओलीज्यूको तस्वीर सहित पार्टीको निर्वाचन चिन्हमा मतदान गरौं भनी गरिएको विज्ञापनको सम्बन्धमा | आचारसंहिता विपरीत कुनै पनि कार्य नगरिए नगराएको व्यहोरा अनुरोध गर्दै आचार संहिताप्रति पूर्ण प्रतिबद्ध रहेको व्यहोरा लेखी आएको । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | राजधानी दैनिक लगायतका पत्रिका | आयोगको ध्यानाकर्णण भई खुलाई पठाउन पत्राचार गरिएको । | |
| २४ | विभिन्न पत्र पत्रिकामा विज्ञापन गरिएको | कान्तिपुर दैनिक, अन्नपूर्ण पोष्ट दैनिक, नयाँपत्रिका दैनिक, नागरिक दैनिक, राजधानी दैनिक | २०७४।०८।१२ | पत्रपत्रिका | निर्वाचन आचारसंहिता, २०७२ को दफा ५ को खण्ड (ख१) को उपखण्ड (२) विपरीत मिति २०७४/०८/१२ गतेको पत्रिकाहरूमा उल्लिखित नेकपा (एमाले) पार्टीका अध्यक्ष के. पी. शर्मा ओलीज्यूको तस्वीर सहित पार्टीको निर्वाचन चिन्हमा मतदान गरौं भनी गरिएको विज्ञापनको सम्बन्धमा आयोगको ध्यानाकर्षण भई उक्त कार्य गरे वापत कारवाही हुनु पर्ने हो, होइन भनी पत्रिका प्रकाशक संस्थाहरूसँग स्पष्टीकरण माग गरिएको। | आचारसंहिता उल्लङ्घन गर्ने कुनै मनसाय नरहेको भन्ने पत्र आयोगमा प्राप्त हुन आएको । |
| २५ | विभिन्न अनलाइन पत्रिकामा विज्ञापन गरिएको | सबै राजनीतिक दल तथा पहिलो पोष्ट डट कम, सेतोपाटी डट कम लगायतका विभिन्न | २०७४।०८।१३ | आयोगमा प्राप्त हुन आएको उजुरी निवेदन | यस प्रकारका क्रियाकलापले निर्वाचनलाई तडक भडकपूर्ण बनाई खर्चिलो समेत हुन जाने हुँदा उक्त कार्य रोक्न निर्वाचनमा भाग लिने सबै राजनीतिक दललाई र यस सम्बन्धमा सबै | — |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | अनलाइन पत्रिका | | | अनलाइन पत्रिकालाई जानकारी गराउन भनी सूचना तथा सञ्चार मन्त्रालयमा पत्राचार गरिएको । | |

प्रतिनिधि सभा सदस्य निर्वाचन र प्रदेश सभा सदस्य निर्वाचनको पहिलो चरण र दोस्रो चरणको निर्वाचनमा निर्वाचन आचार संहिता, २०७२ को दफा १ को उपदफा (२) अनुसार मिति २०७४।५।१४ देखि निर्वाचन आचार संहिता लागु भएकोमा मिति २०७४।८।२७ देखि निर्वाचन आचार संहिता लागु नरहने भनी आयोगको मिति २०७४।८।२६ को निर्णय अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सबै मन्त्रालयहरू, सबै संवैधानिक निकायहरू, सबै मुख्य निर्वाचन अधिकृतको कार्यालय, सबै निर्वाचन अधिकृतको कार्यालय, सबै क्षेत्रीय निर्वाचन कार्यालय र सबै जिल्ला निर्वाचन कार्यालयलाई पत्राचार गरिएको थियो ।

प्रतिनिधि सभा तथा प्रदेश सभाको निर्वाचनलाई मर्यादित, स्वच्छ तथा पारदर्शी ढङ्गले सम्पन्न गर्न र निर्वाचन आचार संहितालाई पूर्णरूपले कार्यान्वयन गर्न/गराउन आयोगको २०७४।७।५ गतेको निर्णय बमोजिम नेपाल सरकारका विभिन्न निकायहरूलाई १९ बुँदे निर्देशन जारी गरेको थियो । आयोगले जारी गरेको निर्देशन **अनुसूची ६४** मा समावेश गरिएको छ ।

## १०.४ आचार संहिता परिपालनामा प्रतिबद्धता प्रास

निर्वाचन आयोगले जारी गरेको निर्वाचन आचार संहितालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने सिलसिलामा आयोगले पटक पटक सरोकारवालाहरूसँग अन्तर्क्रियात्मक छलफल गर्ने क्रम आयोजना गरेको थियो । यसै सन्दर्भमा आयोगले आयोजना गरेको अन्तर्क्रिया कार्यक्रममा तत्कालीन प्रधानमन्त्री तथा नेपाली काँग्रेसका सभापति श्री शेर बहादुर देउवा, नेकपा (एमाले) का अध्यक्ष श्री के.पी.शर्मा ओली, नेकपा (माओबादी केन्द्र) का अध्यक्ष श्री पुष्पकमल दाहाल (प्रचण्ड) लगायत विभिन्न राजनीतिक दलका शीर्षस्थ नेताहरू उपस्थित भै आयोगले तयार गरेको आचार संहिता पालना गरिने छ भनी प्रतिवद्धता पत्रमा हस्ताक्षर गर्नु भएको थियो ।

## १०.५ समिति गठन

आयोगको मिति २०७४।५।१२ को निर्णयानुसार निर्वाचन आयुक्त श्री नरेन्द्र दाहालको संयोजकत्वमा निर्वाचन चिन्ह निर्धारण समिति, निर्वाचन आयुक्त श्री ईश्वरी प्रसाद पौड्यालको संयोजकत्वमा कानून तर्जुमा समन्वय समिति तथा राजनीतिक दल व्यवस्थापन समिति र निर्वाचन आयुक्त श्री सुधीरकुमार शाहको संयोजकत्वमा आचार संहिता समिति तथा निर्वाचन विवाद निरूपण

समिति गठन भएका तथा उक्त समितिहरू अन्तर्गत गठन भएका विभिन्न उपसमितिहरूलाई प्रतिनिधि सभा र प्रदेश सभा लगायत निर्वाचन आयोगले सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने राष्ट्रिय सभा, राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचनको सञ्चालन तथा व्यवस्थापनका लागि समेत निरन्तरता दिइएको थियो ।

## १०.६ निर्वाचन विवाद निरुपण सम्बन्धी कार्यहरु

प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचन, २०७४ मा आयोगबाट विभिन्न विषयमा निर्वाचन विवाद निरुपण गरिएका थिए । आयोगबाट निर्वाचन विवाद निरुपण सम्बन्धमा गरिएका मुख्य मुख्य विषयहरु देहाय बमोजिम रहेका छन :-

| क्र.सं. | मिति | उजुरीकर्ताको नाम र ठेगाना | विपक्षी बनाइएका व्यक्ति/संस्था | विवादको विषय | विवाद निरुपणमा भएको निर्णय | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | २०७४/०७/१८ | निर्वाचन अधिकृतको कार्यालय, रौतहट निर्वाचन क्षेत्र नं.४ | नेपाल संघीय समाजवादीका भोजेन्द्र ठाकुर लोहार | प्रतिनिधि सभा सदस्यमा नेपाली जनता दलको तर्फबाट निर्वाचन क्षेत्र नं.४ र प्रदेश सभा समानुपातिक सदस्य निर्वाचनमा नेपाल संघीय समाजवादी पार्टी का तर्फबाट मधेशी कोटाको सि.नं १६ मा बन्द सूचीमा नाम समावेश भएको | प्रतिनिधि सभा र प्रदेश सभा सदस्यको निर्वाचन एकै मितिमा हुने गरी निर्वाचनको मिति तोकिएको अवस्थामा कुनै ब्यक्ति प्रतिनिधि सभा र प्रदेश सभा सदस्यको निर्वाचनमा उम्मेदवार भएमा निजको दुबै निर्वाचन तर्फको उम्मेदवारी आयोगले बदर गर्ने छ भन्ने कानूनी व्यवस्था भएकोले सोही बमोजिम दुबै उम्मेदवारी बदर गर्नुपर्ने देखिएकोले निर्णयको लागि आयोग समक्ष प्रस्ताव पेश गर्न सिफारिस गरिएको । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | २०७४/०७/१८ | राम चन्द्र पौडैल, मुख्य निर्वाचन अधिकृत अर्जुन प्रसाद कोइराला तनहुँ क्षेत्र नं.१ | गोविन्द राज जोशी | प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं.१ का स्वतन्त्र उम्मेदवार श्री गोविन्दराज जोशीलाई विशेष अदालतबाट मिति २०६९/०४/१० मा भएको फैसलाबाट दोषी ठहर भएको र उक्त फैसला हाल सम्म कायम रहेकोले उम्मेदवारी बदर गर्ने। | प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १३ को खण्ड (घ) मा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाएको उम्मेदवार अयोग्य हुने व्यवस्था भएको हुँदा निज गोविन्दराज जोशीको उम्मेदवारी बदर गर्न प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं.१ का मुख्य निर्वाचन अधिकृतलाई निर्देशन दिने आवश्यक निर्णयकालागि आयोग समक्ष प्रस्ताव पेश गर्ने शिफारिस गरिएको । | |
| ३ | २०७४/०८/०१ | रोशन बस्नेत मोरङ | फुल कुमार लालवानी नेपालकी कांग्रेसका समानुपातिक उम्मेदवार | नेपाली कांग्रेसको तर्फबाट समानुपातिक उम्मेदवारको को बन्द सूचीको सि.नं.९८ मा सूचीकृत फुल कुमार लालवानीको उम्मेदवारीको विरुद्धमा उजुरी दर्ता । | प्राप्त उजुरीको सम्बन्धमा आवश्यक कारवाही गर्न समानुपातिक निर्वाचन अधिकृतको कार्यालयमा पठाई दिने निर्णय गरिएको । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | २०७४/०८/१० | मुख्य निर्वाचन अधिकृतको कार्यालय रुकुम (पश्चिम) | मतपेटिकामा आगलागी सम्बन्धमा मुख्य निर्वाचन अधिकृतको कार्यालय रुकुम (पश्चिम) | बाफीकोट गाउँपालिका वडा नं. ५ रत्न मा.वि.काँडा (क) केन्द्रको प्रतिनिधि सभा सदस्यको मतपेटिकामा र आठविसकोट नगरपालिका वडा नं.११ नेपाल राष्ट्रिय मा.वि. गत्तसैन (ख) केन्द्रको समानुपातिक मतपत्रको मतपेटिकामा आगलागी भएको मौखिक सूचना | मुख्य निर्वाचन अधिकृतको कार्यालयको मिति २०७४/०८/१० को फ्याक्स पत्रानुसार प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ तथा प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ४४ एवं प्रतिनिधि सभा सदस्य निर्वाचन तथा प्रदेश सभा सदस्य निर्वाचन निर्देशिका, २०७४ को दफा ११२ ले दिएको अधिकार बमोजिम सम्बन्धित निर्वाचन अधिकृतलाई आवश्यक निर्णय लिन आयोग समक्ष सिफारिस गर्ने निर्णय गरेको । | |
| ५ | २०७४/०८/११ | जालन्धर काफ्ले काठमाण्डौं क्षेत्र नं.१ | नरोत्तम बैद्य नेपाली कांग्रेस दलका प्रदेश सभा सदस्यका उम्मेदवार | प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १५ बमोजिम उम्मेदवार हुन अयोग्य रहेको सम्बन्धमा उजुरी निवेदन दर्ता । | प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १५ को उपदफा (२) र (३) को प्रक्रिया पूरा गरेको नदेखिदा उक्त प्रक्रिया समेत सम्पन्न गरी पठाउन प्राप्त कागजात समेत संलग्न गरी सम्बन्धित निर्वाचन अधिकृतलाई निर्देशन दिने निर्णय गरेको । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | २०७४/०८/०३ | पशुपति शम्शेर जवरा र विकास तामाङ्ग सिन्धुपाल्चोक | मुख्य निर्वाचन अधिकृतको कार्यालय सिन्धुपाल्चोक | चौतारा साँगाचोकगढी न.पा. नं.१३ ठूलो सिरुवारी कोटडाँडा स्थित सेतीदेवी मा.वि. को मतदान केन्द्रमा मिति २०७४/०८/१० मा दिउँसो १२/१ बजे देखि हुलहुज्जत वादविवाद गरी दिउँसो १४ बजेबाट मतदान अधिकृतलाई समेत प्रभावमा पारी, मृत्यु भएका र सहभागी हुन नआएका मतदाताहरुको नामबाट मतदान भएकोले उक्त मतदान केन्द्रमा भएको निर्वाचन रद्ध गरी पुनः अर्को निर्वाचन गराउन उजुरी दर्ता भएको। | मुख्य निर्वाचन अधिकृतको कार्यालय तथा मतदान अधिकृतको प्रतिवेदन समेतबाट उक्त मतदान केन्द्रमा सहजता पूर्वक मतदान भई समयमा नै मतपेटिका प्राप्त भएको भन्ने देखिएकोले सो सम्बन्धमा प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ४६, प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ४६ तथा प्रतिनिधि सभा सदस्य निर्वाचन तथा प्रदेश सभा सदस्य निर्वाचन निर्देशिका, २०७४ को दफा ११४ को अवस्था विद्यमान रहेको नदेखिएको हुँदा माग बमोजिम मतदान रद्ध गर्नुपर्ने अवस्था नदेखिएको सोही बमोजिम निर्णय हुन आयोग समक्ष सिफारिस गर्ने निर्णय गरेको । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | २०७४/०८/१९ | अंगद कुमार बुढा र वेगम सिंह ठकुरी डोल्पा | मुख्य निर्वाचन अधिकृतको कार्यालय र नेपाली कांग्रेस डोल्पा | केही गाउँपालिकाहरु तथा दुई वटा नगरपालिकाहरुका विभिन्न मतदान केन्द्रहरुमा अनियमितता र धाँधलीका सम्बन्धमा नेपाली कांग्रेसले मतदान प्रक्रिया स्थगित गरियोस भनी गरेको उजुरी उपर तुरुन्त कारवाही माग राख्दै निवेदन पेश भएको । | मतदान अधिकृत तथा सम्बन्धित अन्य अधिकारी र व्यक्तिहरुसँग बुझी आवश्यक छानविन गरी सत्य तथ्य विवरण तथा आफ्नो राय सहितको प्रतिवेदन अठचालिस घण्टा भित्र पेश गर्न सम्बन्धित निर्वाचन अधिकृतलाई निर्देशन दिने निर्णय भएको। | |
| ८ | २०७४/०८/१९ | प्रतिनिधि सभा सदस्य उम्मेदवार चम्पादेवी खड्का, प्रदेश सभा सदस्य, प्रकाश शर्मा पौडेल र दिपेन्द्र बहादुर थापा बाग्लुङ | मुख्य निर्वाचन अधिकृतको कार्यालय | विभिन्न मतदान केन्द्रहरुमा मतदान अधिकृतहरुलाई समेत प्रभावमा पारी मतदाता परिचयपत्र कब्जामा लिई हामीलाई मतदान गर्ने मतदाताहरुलाई मतदान गर्न नदिई गैर मतदाता एवं एउटै व्यक्तिबाट पटक पटक मतदान गरेकोले उक्त निर्वाचन बदर गरी पाउँ भनी छुट्टाछुट्टै निवेदन पेश गरेका । | सम्बन्धित अधिकारी तथा व्यक्तिसँग समेत बुझी सत्य तथ्य विवरण तथा आफ्नो राय सहितको प्रतिवेदन अठचालिस घण्टा भित्र पेश गर्न सम्बन्धित मुख्य निर्वाचन अधिकृतलाई निर्देशन दिने निर्णय भएको। | |
| ९ | २०७४/०८/१९ | नेपाली कांग्रेसका प्रतिनिधि सभा सदस्य उम्मेदवार कविराज पण्डित | मुख्य निर्वाचन अधिकृतको कार्यालय | मिति २०७४/०८/१० मा सम्पन्न प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य पदका लागि आम बुढीनन्दा नगरपालिका वडा नं. ६ को तल्लो सरिदेउ हुलाक कार्यालयमा रहेको मतदान केन्द्रमा र वडा नं. ३ को साविक गाविस भवन ब्रह्मतोला (ख) मतदान केन्द्रमा विदेशमा रहेका, | मतदान अधिकृत लगायत सम्बन्धित अधिकारी तथा ब्यक्ति समेत बुझी सत्य तथ्य विवरण तथा आफ्नो राय सहितको प्रतिवेदन अठचालिस घण्टा भित्र पेश गर्न सम्बन्धित मुख्य निर्वाचन अधिकृतलाई निर्देशन दिने निर्णय भएको। | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | मृत्यु भएका र मतदान केन्द्रमा खटिएका कर्मचारीको नाममा समेत फर्जी मतदान भएकोले उक्त केन्द्रहरुको निर्वाचन रद्ध गरी पुनः मतदानको व्यवस्थाको लागि निवेदन पेश भएको । | | |
| १० | २०७४/०८/२० | देवेन्द्र विक्रम रोक्का छपाली ललितपुर | निर्वाचन क्षेत्र नं.१ का प्रतिनिधि सभा सदस्य उम्मेदवार नवराज सिलवाल | प्रतिनिधि सभा सदस्य निर्वाचन तर्फको उम्मेदवारी स्थगन गराई पाउँ भनी विभिन्न ब्यहोरा समेत उल्लेख गरी निवेदन पेश गरेको। | उम्मेदवारी स्थगन गर्ने सम्बन्धी कानूनी व्यवस्था रहेको नदेखिएको हुँदा प्रस्तुत निवेदन तामेलीमा राख्ने निर्णय भएको । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११ | २०७४/०८/२० | नेपाली कांग्रेसका तर्फबाट उम्मेदवार रुद्र बहादुर खड्का र प्रदेश सभा सदस्य क्षेत्र नं.१ का उम्मेदवार बर्मा लामा | मुख्य निर्वाचन अधिकृतको कार्यालय दोलखा | मिति २०७४/०८/१० मा सम्पन्न प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचन अन्तरगत गौरीशंकर गाउँपालिका वडा नं.५ स्थित वडा कार्यालय भवनमा रहेको मतदान केन्द्र, वडा नं.१ स्थित यार्सा प्रा.वि. मा रहेको मतदान केन्द्र र वडा नं.२ स्थित सेती देवी प्रा.वि. मा रहेको मतदान केन्द्रमा वाम गठबन्धनका उम्मेदवार तथा कार्यकर्ताले हाम्रो पार्टीका एजेन्ट तथा कार्यकर्तालाई कुटपिट गरी लखेटी फर्जी मतदान गरेकाले उक्त स्थानहरुमा पुनः मतदानको लागि निवेदन पेश गरेका । | मतदान अधिकृत लगायत सम्बन्धित अधिकारी तथा व्यक्तिहरुसँग समेत बुझी सत्य तथ्य विवरण तथा आफ्नो राय सहितको प्रतिवेदन चौबिस घण्टा भित्र पेश गर्न सम्बन्धित मुख्य निर्वाचन अधिकृतलाई निर्देशन दिने निर्णय भएको। | |
| १२ | २०७४/०८/२१ | प्रतिनिधि सभा सदस्य उम्मेदवार चम्पादेवी खड्का, प्रदेश सभा सदस्य, प्रकाश शर्मा पौडेल र दिपेन्द्र बहादुर थापा बाग्लुङ | मुख्य निर्वाचन अधिकृतको कार्यालय | बाग्लुङ नगरपालिका वडा नं.१० स्थित चौतारे डाडा मा.वि. केन्द्रका तीन वटै मतदान केन्द्र, बरेङ गाउँपालिका वडा नं.१ स्थित धुल्लु लिउवा मा.वि.का सबै मतदान केन्द्र तथा जैमिनि नगरपालिका वडा नं.९ पैयु स्थित जनता मा.वि. पोखरीबारी मतदान केन्द्रमा मतदान अधिकृतलाई समेत प्रभावमा पारी मतदान परिचयपत्र कब्जामा लिई हामीलाई | प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ४६ तथा प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ४६ बमोजिमको अवस्था विद्यमान रहेको नदेखिएकोले मतदान बदर गर्नुपर्ने अवस्था नरहेको हुँदा निर्धारित समयमा मतगणना प्रारम्भ गर्न मुख्य निर्वाचन अधिकृतलाई निर्देशन दिन निर्णयको लागि आयोग समक्ष सिफारिस गर्ने निर्णय गरेको । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | मतदान गर्ने मतदातालाई मतदान गर्न नदिई गैर मतदाता एंव एउटै व्यक्तिबाट पटक पटक मतदान गरेको सम्बन्धमा उजुरी परी मुख्य निर्वाचन अधिकृतबाट प्रतिवेदन प्राप्त भएको । | | |
| १३ | २०७४/०८/२१ | नेपाली कांग्रेसका तर्फबाट उम्मेदवार रुद्र बहादुर खड्का र प्रदेश सभा सदस्य क्षेत्र नं.१ का उम्मेदवार बर्मा लामा | मुख्य निर्वाचन अधिकृतको कार्यालय दोलखा | मिति २०७४/०८/१० मा सम्पन्न प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचन अन्तरगत गौरीशंकर गाउँपालिका वडा नं. ५ स्थित वडा कार्यालय भवनमा रहेको मतदान केन्द्र, वडा नं.१ स्थित यार्सा प्रा.वि. मा रहेको मतदान केन्द्र र वडा नं.२ स्थित सेती देवी प्रा.वि. मा रहेको मतदान केन्द्रमा वाम गठबन्धनका उम्मेदवार तथा कार्यकर्ताले हाम्रो पार्टीका एजेन्ट तथा कार्यकर्तालाई कुटपिट गरी लखेटी फर्जी मतदान गरेकाले उक्त स्थानहरुमा पुनः मतदानको लागि निवेदन पेश गरेको सम्बन्धमा मुख्य निर्वाचन | प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ४६ तथा प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ४६ बमोजिमको अवस्था विद्यमान रहेको नदेखिएकोले मतदान बदर गर्नुपर्ने अवस्था नरहेको हुँदा निर्धारित समयमा मतगणना प्रारम्भ गर्न मुख्य निर्वाचन अधिकृतलाई निर्देशन दिन निर्णयको लागि आयोग समक्ष सिफारिस गर्ने निर्णय गरेको । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | अधिकृतको कार्यालयबाट राय सहितको प्रतिवेदन प्राप्त भएको । | | |
| १४ | २०७४/०८/२१ | नेपाली कांग्रेसका प्रतिनिधि सभा सदस्य उम्मेदवार कविराज पण्डित | मुख्य निर्वाचन अधिकृतको कार्यालय | मिति २०७४/०८/१० मा सम्पन्न प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य पदका लागि आम बुढीनन्दा नगरपालिका वडा नं.६ को तल्लो सरिदेउ हुलाक कार्यालयमा रहेको मतदान केन्द्रमा र वडा नं. ३ को साविक गाविस भवन ब्रह्मतोला (ख) मतदान केन्द्रमा विदेशमा रहेका, मृत्यु भएका र मतदान केन्द्रमा खटिएका कर्मचारीको नाममा समेत फर्जी मतदान भएकोले उक्त केन्द्रहरुको निर्वाचन रद्ध गरी पुनः मतदानको व्यवस्थाको लागि निवेदन पेश गरेको सम्बन्धमा मुख्य निर्वाचन अधिकृतको कार्यालयबाट प्रतिवेदन प्राप्त भएको । | मुख्य निर्वाचन अधिकृतबाट भैसकेको निर्णयका सम्बन्धमा कुनै दावी विरोध भएको अवस्था नदेखिएकोले सो सम्बन्धमा केही गरिरहनु पर्ने देखिन नआएको हुँदा सोही बमोजिम निर्णयका लागि आयोग समक्ष सिफारिस गर्ने निर्णय भएको । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १५ | २०७४/०८/२१ | अंगद कुमार बुढा र वेगम सिंह ठकुरी डोल्पा | मुख्य निर्वाचन अधिकृतको कार्यालय र नेपाली कांग्रेस | गाउँपालिकाहरु तथा दुई वटा नगरपालिकाहरुका विभिन्न मतदान केन्द्रहरुमा अनियमितता र धाँधलीका सम्बन्धमा नेपाली कांग्रेसले मतदान प्रक्रिया स्थगित गरियोस् भनी गरेको उजुरी उपर तुरुन्त कारवाही माग राख्दै निवेदन पेश भएको सम्बन्धमा मुख्य निर्वाचन अधिकृतको कार्यालयबाट प्रतिवेदन प्राप्त भएको। | प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ दुवैको दफा ४६ बमोजिमको अवस्था विद्यमान रहेको नदेखिएकोले मतदान बदर गर्नुपर्ने अवस्था नरहेको हुँदा निर्धारित समयमा मतगणना प्रारम्भ गर्न मुख्य निर्वाचन अधिकृतलाई निर्देशन दिन निर्णयको लागि आयोग समक्ष सिफारिस गर्ने निर्णय गरेको। | |

## १०.७ अन्तर्क्रिया कार्यक्रम

निर्वाचन सम्बन्धी ऐन, नियम, निर्देशिका तथा आचार संहिता र निर्वाचन प्रणाली सम्बन्धमा राजनीतिक दल तथा सरोकारवालाहरूसँग अन्तर्क्रिया गरी सुझाव सङ्कलन गर्ने उद्देश्यले इलाम जिल्लामा मिति २०७५।२।१६ मा निर्वाचन आयुक्त श्री इला शर्मा, सप्तरी जिल्लामा मिति २०७५।२।१९ मा प्रमुख निर्वाचन आयुक्त डा अयोधी प्रसाद यादव, नुवाकोट जिल्लामा मिति २०७५।२।२८ मा निर्वाचन आयुक्त श्री ईश्वरी प्रसाद पौड्याल र दाङ जिल्लामा मिति २०७५।३।४ मा निर्वाचन आयुक्त श्री सुधीरकुमार शाहको नेतृत्वमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको थियो।

## १०.८ राजनीतिक दल सम्बन्धी कार्यहरू

नेपालको संविधानको धारा २६९ र राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४ बमोजिम प्रतिवेदन वर्षमा देहायका राजनीतिक दलहरूको दर्ता तथा दल व्यवस्था सम्बन्धी कार्य सम्पादन गरिएको थियो :-

### १०.८.१ प्रतिवेदन वर्षमा निर्वाचन आयोगमा दर्ता भएका राजनीतिक दलहरूको विवरण

| क्र. सं. | दर्ता नं. | राजनीतिक दलको नाम | दर्ता मिति | कैफियत |
|---|---|---|---|---|
| १. | १३७ | नेपाल लोकतान्त्रिक फोरम | २०७४।४।२३ | |
| २. | १३८ | विवेकशील साझा पार्टी | २०७४।५।२ | |
| ३. | १३९ | राष्ट्रिय प्रजातन्त्र पार्टी (प्रजातान्त्रिक) | २०७४।५।७ | राष्ट्रिय प्रजातन्त्र पार्टीबाट अलग भएको |
| ४. | १४० | सामाजिक लोकतान्त्रिक पार्टी | २०७४।१२।२ | |
| ५. | १४१ | प्रजातान्त्रिक पार्टी नेपाल | २०७४।१२।२ | |
| ६. | १४२ | नेपाल मातृभूमि पार्टी | २०७४।१२।२ | |
| ७. | १४३ | जनता पार्टी | २०७४।१२।२ | |
| ८. | १४४ | आजाद जनता पार्टी | २०७४।१२।२ | |
| ९. | १४५ | नेपाल कम्युनिष्ट पार्टी (ने क पा) | २०७५।२।२३ | आयोगको मिति २०७५।२।२३ को निर्णयानुसार "नेपाल कम्युनिष्ट पार्टी) (एमाले)" र "नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)" एकीकरण भएको । |

उल्लिखित बमोजिम प्रतिवेदन वर्षमा जम्मा नौ वटा राजनीतिक दलहरू यस आयोगमा दर्ता भएका छन् । यस प्रतिवेदन वर्षमा थप भएका समेत गरी आयोगमा दर्ता भएका राजनीतिक दलहरूको सङ्ख्या जम्मा एकसय पच्चीस रहेको छ । उक्त विवरण **अनुसूची ६५** मा संलग्न गरिएको छ।

## १०.८.२ निर्वाचन आयोगमा आय/व्यय विवरण बुझाउने राजनीतिक दलहरु

प्रतिवेदन वर्षमा राजनीतिक दलले राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४१ अनुसार कानून बमोजिम इजाजत प्राप्त लेखा परीक्षकबाट आ.व. २०७३/७४ को आफ्नो आय र व्ययको लेखा परीक्षण गराई एकसय आठ राजनीतिक दलले यस आयोगमा विवरण बुझाएका छन् । आयोगमा आय र व्ययको विवरण बुझाएका राजनीतिक दलहरूको विवरण **अनुसूची ६६** मा उल्लेख गरिएको छ ।

## १०.८.३ चुनाव चिन्ह सम्बन्धी सुचना

एकल निर्वाचन चिह्न लिई प्रदेश सभा सदस्य र प्रतिनिधि सभा सदस्य निर्वाचनको लागि भाग लिन दर्ता भएका राजनीतिक दलहरूले राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४९ बमोजिम दुई वा सो भन्दा बढी राजनीतिक दलहरूले एकल चुनाव चिह्न लिई दल दर्ता गर्न चाहेमा मिति २०७४।५।११ गतेसम्ममा मिति २०७४।४।१८ को गोरखापत्र दैनिकमा प्रकाशन भएको सूचना अनुसार दल दर्ताको लागि आव्हान गरिएको थियो ।

## १०.८.४ समानुपातिक निर्वाचन तर्फको बन्द सूची, राष्ट्रिय मान्यता प्राप्त र प्रदेशमा प्रतिनिधित्व गर्ने राजनीतिक दल सम्बन्धमा

संवत् २०७४ साल मङ्सिर १० र २१ गते सम्पन्न प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचनको लागि नेपालको संविधानको धारा २७१ तथा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ बमोजिम आयोगमा दर्ता भई समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा प्रतिनिधि सभातर्फ आयोगमा दर्ता भएका ८८ राजनीतिक दल मध्ये ४९ राजनीतिक दलले उम्मेदवारको बन्दसूची पेश गरेका, प्रदेश सभा सदस्य निर्वाचनतर्फ प्रदेश नं. १ को लागि ८७ राजनीतिक दलले निवेदन दिएकोमा २७ दलले बन्दसूची पेश गरेका, प्रदेश नं. २ को लागि ८६ राजनीतिक दलले निवेदन दिएकोमा २९ राजनीतिक दलले बन्दसूची पेश गरेका, प्रदेश नं. ३ को लागि ८६ राजनीतिक दलले निवेदन दिएकोमा ३१ राजनीतिक दलले बन्दसूची पेश गरेका, प्रदेश नं. ४ को लागि ८२ राजनीतिक दलले निवेदन दिएकोमा २० राजनीतिक दलले बन्दसूची पेश गरेको, प्रदेश नं. ५ को लागि ८४ राजनीतिक दलले निवेदन दिएकोमा २७ राजनीतिक दलले बन्दसूची पेश गरेका, प्रदेश नं. ६ को लागि ८२ राजनीतिक दलले निवेदन दिएकोमा १८ राजनीतिक दलले बन्दसूची पेश गरेका र प्रदेश नं. ७ को लागि ८३ राजनीतिक दलले निवेदन दिएकोमा २० राजनीतिक दलले बन्दसूची पेश गरेका हुँदा आयोगको मिति २०७४।८।१३ को निर्णयानुसार बन्दसूची पेश नगर्ने दलहरूको निर्वाचन चिह्नमा मत सङ्केत गरेको मत बदर गरी

मतगणना गर्न सम्बन्धित मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतलाई जानकारी गराउन पत्राचार गरिएको थियो ।

निर्वाचन प्रयोजनको लागि आयोगबाट मान्यता प्राप्त गर्न चाहने ९५ राजनीतिक दलहरूले दल दर्ताको लागि आयोगमा निवेदन पेश गरेका थिए । निवेदन पेश गर्ने राजनीतिक दलमध्ये समाजवादी जनता पार्टी र जागरण पार्टी नेपालले ने.क.पा. (माओवादी केन्द्र) को निर्वाचन चिह्न, राष्ट्रिय नागरिक पार्टीले राष्ट्रिय शिव सेना पार्टीको निर्वाचन चिह्न तथा पूर्व राष्ट्रसेवक लोकतान्त्रिक पार्टीले आधुनिक नेपाल पार्टीको चिह्न लिई निर्वाचनमा भाग लिन सहमत भई संयुक्त निवेदन प्राप्त हुन आएपछि आयोगले कुल ९१ राजनीतिक दललाई प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन प्रयोजनको लागि दर्ता गरी निर्वाचन चिह्न वितरण गरिएको थियो । समानुपातिक निर्वाचन प्रणाली तर्फ आयोगमा बन्दसूची पेश गरेका र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ निर्वाचनमा भाग लिएका राजनीतिक दलहरूको विवरण क्रमशः **अनुसूची ३७** र **अनुसूची ३८** मा संलग्न गरिएको छ ।

राजनीतिक दलसम्बन्धी ऐन, २०७३ तथा निर्वाचनमा प्राप्त मतको आधारमा देहाय बमोजिमका दलहरूले राष्ट्रिय दलको रूपमा मान्यता प्राप्त गरेका छन् :-

| **क्र.सं.** | **राजनीतिक दलको नाम** | **अध्यक्षको नाम** |
|---|---|---|
| १ | नेपाल कम्युनिष्ट पार्टी (ने क पा) | श्री के.पी शर्मा ओली/श्री पुष्पकमल दाहाल |
| २ | नेपाली काँग्रेस | श्री शेर बहादुर देउवा |
| ३ | संघीय समाजवादी फोरम, नेपाल | श्री उपेन्द्र यादव |
| ४ | राष्ट्रिय जनता पार्टी नेपाल | श्री महन्थ ठाकुर |

यसैगरी प्रदेश सभामा देहायका राजनीतिक दलहरूको प्रतिनिधित्व रहेको छ :-

| **क्र.सं.** | **राजनीतिक दलको नाम** | **अध्यक्षको नाम** |
|---|---|---|
| १ | नेपाल कम्युनिष्ट पार्टी (ने क पा) | श्री के.पी शर्मा ओली/श्री पुष्पकमल दाहाल |
| २ | नेपाली काँग्रेस | श्री शेर बहादुर देउवा |
| ३ | संघीय समाजवादी फोरम, नेपाल | श्री उपेन्द्र यादव |
| ४ | राष्ट्रिय जनता पार्टी नेपाल | श्री महन्थ ठाकुर |
| ५ | विवेकशील साझा पार्टी | श्री रवीन्द्र मिश्र/श्री उज्वल थापा |
| ६ | राष्ट्रिय जनमोर्चा | श्री चित्र बहादुर के.सी. |
| ७ | राष्ट्रिय प्रजातन्त्र पार्टी | श्री कमल थापा |
| ८ | राष्ट्रिय प्रजातन्त्र पार्टी (प्रजातान्त्रिक) | श्री पशुपति शम्शेर ज.ब.रा. |

| | | |
|---|---|---|
| ९ | नयाँ शक्ति पार्टी, नेपाल | डा. बाबुराम भट्टराई |
| १० | संघीय लोकतान्त्रिक राष्ट्रिय मन्च | श्री कुमार लिङदेन |
| ११ | नेपाल संघीय समाजवादी पार्टी | श्री मुहमद रिजवान अन्सारी |
| १२ | नेपाल मजदुर किसान पार्टी | श्री नारायणमान विजुक्छे |

## १०.८.५ आयोगबाट प्रस्तुत लिखित जवाफ

यस प्रतिवेदन वर्षमा आयोगलाई विपक्षी बनाई सम्मानित सर्वोच्च अदालत तथा मातहत अदालतमा दायर भएका ७७ वटा मुद्दाहरूको लिखित जवाफ प्रस्तुत गरिएको थियो ।

## १०.८.६ राष्ट्रिय सभा सदस्य निर्वाचनको लागि दल दर्ता सम्बन्धी सूचना

आयोगको मिति २०७४।९।१३ को निर्णयानुसार पन्ध्र दिने सूचना प्रकाशित गरी राष्ट्रियसभा सदस्य निर्वाचनको लागि दल दर्ताको सूचना आव्हान गरिए अनुसार एक्काइस वटा राजनीतिक दलहरूको दल दर्ता भएका थिए ।

## १०.८.७ फैसला कार्यान्वयन

सम्मानित सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालय, बबरमहल, काठमाडौंको च. नं. २३१ मिति २०७४।१२।२० को पत्रानुसार कुनै पनि उम्मेदवार प्रति समर्थन नभएको (None of The Above) सम्बन्धी व्यवस्था प्रस्ताव गरी प्रतिनिधि सभा सदस्य निर्वाचन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र प्रदेश सभा सदस्य निर्वाचन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक संघीय संसदमा पेश गर्न गृह मन्त्रालयमा पठाइएकोमा विधेयक पारित हुँदा कुनै पनि उम्मेदवार प्रति समर्थन नभएको (None of The Above) सम्बन्धी व्यवस्था उक्त विधेयकबाट हटाई विधेयक पारित गरिएकोले लगत कट्टा गरिदिन फैसला कार्यान्वयन निर्देशनालयमा पत्राचार गरिएको थियो।

## १०.८.८ सम्पत्ति विवरण र प्रतिनिधित्व सम्बन्धी

राजनीतिक दलका केन्द्रीय पदाधिकारीहरूको सम्पति विवरणको रेकर्ड तथा ३३ प्रतिशत महिला पदाधिकारीहरू सरकारका तीनै तहमा पुऱ्याउनको लागि आयोगबाट मिति २०७५।२।२३ मा निर्णय भए अनुसार सबै दलहरूलाई पत्राचार गरी पठाइएको थियो ।

## १०.८.९ लेखा विवरण सम्बन्धी अभिमुखीकरण

विभिन्न तहको निर्वाचनमा खडा भएका दल तथा उम्मेदवारहरूको निर्वाचन खर्चको विवरण तथा राजनीतिक दलहरूले आयोगमा बुझाउनुपर्ने आय व्ययको विवरणको लेखा परीक्षण लगायतका विषयमा छलफल तथा अभिमुखीकरण गर्ने उद्देश्यले २०७५ असार २० गते निर्वाचन आयुक्त श्री इला शर्मा, २१ गते निर्वाचन आयुक्त श्री नरेन्द्र दाहाल र २२ गते निर्वाचन आयुक्त श्री ईश्वरी प्रसाद पौड्यालको संयोजकत्वमा निर्वाचन आयोगको EEIC हलमा "राजनीतिक दलको आय व्ययको विवरणको लेखा परीक्षण तथा निर्वाचन खर्च सम्बन्धी" कार्यक्रमको आयोजना भएको थियो ।उक्त कार्यक्रममा राजनीतिक दलहरूको तर्फबाट लेखा विषय हेर्ने १०५ जना प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

## १०.८.१० उम्मेदवारको अधिकतम खर्च सीमा

निर्वाचन आयोगले संवत् २०७४ सालमा तीन चरणमा सम्पन्न भएको स्थानीय तहको निर्वाचनमा महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका एवं गाउँपालिका तथा जिल्ला समन्वय समितिका विभिन्न पदमा भाग लिएका उम्मेदवारहरूले देहाय बमोजिमको सीमाभित्र रही खर्च गर्ने गरी निर्वाचन आयोग ऐन, २०७३ को दफा २४ तथा स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६४ बमोजिम निर्वाचन खर्चको अधिकतम हद निर्धारण गरेको थियो ।

## निर्वाचन खर्चको हद (रूपैयाँमा)

| क्र.सं. | खर्च शीर्षक | महानगरपालिका | | उपमहानगरपालिका | | नगरपालिका | | गाउँपालिका | | जिल्ला समन्वय समिति | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रमुख र उपप्रमुख | वडा अध्यक्ष र वडा सदस्य महिला र दलित वा अल्पसंख्यक सदस्य | प्रमुख र उपप्रमुख | वडा अध्यक्ष र वडा सदस्य महिला र दलित वा अल्पसंख्यक सदस्य | प्रमुख र उपप्रमुख | वडा अध्यक्ष र वडा सदस्य महिला र दलित वा अल्पसंख्यक सदस्य | अध्यक्ष र उपाध्यक्ष | वडा अध्यक्ष र वडा सदस्य महिला र दलित वा अल्पसंख्यक सदस्य | प्रमुख र उपप्रमुख | सदस्य, महिला र दलित वा अल्पसंख्यक सदस्य |
| १ | मतदाता नामावली खरिद | १००० | ५०० | १००० | ५०० | १००० | ५०० | १००० | ५०० | ५०० | ५०० |
| २ | सवारी साधन/घोडा | १,५०,००० | ३०००० | ११०००० | २०००० | ९०००० | १६००० | ६०००० | ११००० | २०००० | ११००० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | सवारी इन्धन/दाना | ४०,००० | १५००० | २६००० | १५००० | १९००० | ११००० | २०००० | ५००० | १५००० | ५००० |
| ४ | प्रचार प्रसार सामग्री | १,००,००० | १००००० | ८५००० | ३५००० | १००००० | ७०००० | ८०००० | ६०००० | ८५००० | ६०००० |
| ५ | ढुवानी | २५००० | १०००० | १५००० | ८००० | १०००० | ७००० | ६००० | ५००० | ८००० | ५००० |
| ६ | गोष्ठी/कार्यकर्ता परिचालन | १३९००० | ७५००० | १००००० | ६५००० | ८०००० | ५१००० | ८०००० | ३२००० | ६५००० | ३२००० |
| ७ | अन्य प्रचार प्रसार, (छापा एवं विद्युतीय माध्यम) | ९५००० | २०००० | १००००० | १५००० | ६०००० | १०००० | ३०००० | ७००० | १५००० | ७००० |
| ८ | कार्यालय सञ्चालन | १००००० | २०००० | ४०००० | ६७००० | ३०००० | १२००० | १८००० | १०००० | १७००० | १०००० |
| ९ | प्रतिनिधि परिचालन | ७५००० | २५००० | ६०००० | २०००० | ५०००० | १८००० | ४५००० | १६००० | २०००० | १६००० |
| १० | विविध | २५००० | ४५०० | १३००० | ४५०० | १०००० | ४५०० | १०००० | ३५०० | ४५०० | ३५०० |
| | जम्मा | ७,५०,००० | ३,००,००० | ५,५०,००० | २,५०,००० | ४,५०,००० | २,००,००० | ३,५०,००० | १,५०,००० | २,५०,००० | १,५०,००० |

निर्वाचन आयोगले २०७४ मङ्सिर १० र २१ गते भएको प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनको लागि उम्मेदवार तथा राजनीतिक दलले गर्न सक्ने अधिकतम खर्चको सीमा तोकेको थियो । आयोगको निर्णयानुसार पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीतर्फको अधिकतम खर्च सीमा यसप्रकार रहेको छ :-

**१. पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत भएको निर्वाचनमा उम्मेदवारले देहाय अनुसार खर्च गर्न पाउने खर्चको अधिकतम सीमा**

| क्र.सं | खर्च शीर्षक | प्रतिनिधि सभा | प्रदेश सभा |
|---|---|---|---|
| १. | मतदाता नामावली खरिद | ३,०००।- | १,८००।- |
| २. | सवारी साधन | ५,००,०००।- | ३,००,०००।- |
| ३. | सवारी इन्धन (घोडा प्रयोग गरिएकोमा दाना समेत) | १,००,०००।- | ६०,०००।- |
| ४. | प्रचार प्रसार सामग्री | १,००,०००।- | ६०,०००।- |
| ५. | ढुवानी | ७५,०००।- | ४५,०००।- |
| ६. | गोष्ठी/अन्तरक्रिया | ८,००,०००।- | ४,८०,०००।- |
| ७. | अन्य प्रचार प्रसार, छापा एवं विद्युतीय माध्यम | १,००,०००।- | ६०,०००।- |
| ८. | कार्यालय सञ्चालन | ५,००,०००।- | ३,००,०००।- |
| ९. | प्रतिनिधि परिचालन | २,००,०००।- | १,२०,०००।- |
| १०. | विविध | १,२२,०००।- | ७३,२००।- |
| | जम्माः | २५,००,०००।- | १५,००,०००।- |

**२. समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत राजनीतिक दलले गर्न पाउने खर्चको अधिकतम सीमा**

समानुपातिक निर्वाचन प्रणाली बमोजिम भएको प्रतिनिधि सभा सदस्य निर्वाचनमा राजनीतिक दलले पेश गरेको बन्दसूचीमा उम्मेदवारको सङ्ख्या अनुसार प्रति उम्मेदवार रू दुई लाख रूपैंयासम्म खर्च गर्न सक्ने र समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रदेश सभा सदस्य निर्वाचनमा राजनीतिक दलले पेश गरेको बन्दसूचीमा उम्मेदवारको सङ्ख्या अनुसार प्रति उम्मेदवार रू एक लाख पचास हजार रूपैंयासम्म खर्च गर्न सक्ने व्यवस्था रहेको थियो ।

परिच्छेद११

# वित्तीय स्रोत परिचालन

आर्थिक वर्ष २०७४/७५ मा आयोग र अन्तर्गतका जिल्ला निर्वाचन कार्यालयहरूको नियमित कार्य सञ्चालन एवं निर्वाचन सञ्चालन गर्न नेपाल सरकारबाट बजेट तथा कार्यक्रम स्वीकृत भएको र सोही बमोजिम कार्यक्रमहरू सञ्चालन भएको थियो। त्यसै गरी विकास साझेदार संस्थाहरू UNDP/ESP, IFES/Nepal, IDEA International बाट क्षमता अभिवृध्दि र प्राविधिक सहायताहरू आयोगलाई प्राप्त भएको थियो।

## ११.१ विनियोजन र खर्च

आर्थिक वर्ष २०७४/७५ मा आयोग र अन्तर्गतका कार्यालयहरूका लागि विनियोजन तर्फको निकासा र खर्चको विवरण वजेट शीर्षकगत रूपमा देहाय वमोजिम रहेको छ।

आर्थिक वर्ष २०७४/७५ मा विनियोजन, निकासा र खर्चको विवरण

| क्र.सं. | व.उ.शी.नं. | विवरण | वार्षिक बजेट रकम (रू.हजारमा) | खर्च रकम (रू.हजारमा) | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | २१२००१३ | निर्वाचन आयोग पदाधिकारी (चालु खर्च) | ७९३० | ७२७४ | ९१.७३ |
| २ | २१२०११३ | निर्वाचन आयोग, मतदाता नामावली अद्यावधिक सङ्कलन–मतदाता परिचयपत्र (चालु खर्च) | २१४७४१ | ८०२०२ | ३७.३५ |
| ३ | २१२०१५३ | निर्वाचन आयोग/स्थानीय तह निर्वाचन, प्रतिनिधि सभा/प्रदेश सभा सदस्य लगायत सबै निर्वाचन | ८९८२९२१ | ८२०२१५६ | ९१.३१ |
| ४ | २१२०१३३ | क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालय ७५ (चालु खर्च) | २७०८५७ | २३९४३० | ८८.४ |
| ५ | २१२१०१३ | निर्वाचन आयोग–संस्थागत सुदृढीकरण (चालु खर्च) | १८२०६ | ७७६४ | ४२.६५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | २१२१०१४ | निर्वाचन आयोग—संस्थागत सुदृढीकरण (पूँजीगत खर्च) आयोग | ५३०४५८ | ४२०७८० | ७९.३२ |
| ७ | | अर्थ बजेट | १७८८८ | १७८८८ | १०० |
| ८ | | विविध (ख. ६.) | ११११६६ | ११११६६ | १०० |
| **जम्मा** | | | **१००५४१६७** | **८९८६६६०** | **८९.३८** |

## ११.२ राजश्व/धरौटी

प्रतिवेदन वर्षको राजश्व/धरौटीको विवरण देहाय अनुसार रहेको छः

**धरौटी विवरण ०७४/७५**

| क्र.सं. | धरौटी विवरण | गत आ.व.को जिम्मेवारी | चालु आ.व.को आम्दानी | जम्मा आम्दानी | सदर स्याहा | फिर्ता | बाँकी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | निर्वाचन आयोग | ५७६६४२७१।२२ | ११५९०२८४३।०७ | १७३५६७११४।२९ | ६४५१६२४।०० | ५३५७७९८२।६७ | ११३५३७५०७।६२ | |
| २ | जि.नि. का. र मु. /नि.अ.को कार्यालयहरू | ५३६३८८५८।४५ | ९५३८१६७३।५१ | १४९०२०५३१।९६ | ५७९६०८२१।०० | ५३२७५८००।५१ | ३७७८३९१०।४५ | |
| जम्मा | | १११३०३१२९।६७ | २११२८४५१६।५८ | ३२२५८७६४६।२५ | ६४४१२४४५।०० | १०६८५३७८३।१८ | १५१३२१४१८।०७ | |

## राजश्व आम्दानी विवरण ०७४/७५

| क्र. सं. | राजश्व शीर्षक नं. | आयोग, जि.नि.का., मु./नि.अ. | जम्मा |
|---|---|---|---|
| १ | पारिश्रमिक कर ११११२ | ११९५९२।०० | ११९५९२।०० |
| २ | सम्पत्ति बहाल कर ११६३१ | ३३५०।०० | ३३५०।०० |
| ३ | सरकारी सामान बिक्रि १४२१२ | १३७७८४५।०० | १३७७८४५।०० |
| ४ | अन्य बिक्रि १४२१३ | १७४७५०।०० | १७४७५०।०० |
| ५ | न्यायिक दस्तुर १४२२१ | ६७०७५०।०० | ६७०७५०।०० |
| ६ | दरभाउ पत्र बिक्रि १४२२७ | १०३८०८८।६६ | १०३८०८८।६६ |
| ७ | न्यायिक दण्ड जरिवाना १४३११ | २८३०००।०० | २८३०००।०० |
| ८ | प्रशासनिक जरिवाना र जफत १४३१२ | ६०८१७३००।०० | ६०८१७३००।०० |
| ९ | नामावली बिक्रि १४५२२ | २८०७२५०।०० | २८०७२५०।०० |
| १० | गत आ.व.को नगद मौज्दात बाँकी १५१११ | ९७७०२०५।४६ | ९७७०२०५।४६ |
| ११ | क १ ६ बेरूजु १५११२ | ५८३९४९३०।०८ | ५८३९४९३०।०८ |
| **जम्मा** | | **१३५४५७०६१।२०** | **१३५४५७०६१।२०** |

### ११.३ बेरूजु फर्छयौट प्रगति विवरण

महालेखापरीक्षकको ५४ औं बार्षिक प्रतिवेदन, २०७३ अनुसार आयोग र अन्तर्गत कार्यालयहरूको आ.व. ०७४/७५ मा फर्छयौट गर्नु पर्ने दायित्व सृजना भएको बेरूजु रू.२०,५९,३०,०००।- रहेकोमा यस अवधिमा रू १०,८३,५६,०००।(५२.६२%) फर्छयौट भएको छ । विवरण निम्नानुसार रहेको छ :-

**बेरूजु फर्छयौटको विवरण**

| क्र.सं | विवरण | (रू.हजारमा) |
|---|---|---|
| १ | म.ले.प.को ५३ औं प्रतिवेदन, २०७२ सम्मको फर्छयौट हुन बाँकी बेरूजु | १,९२,४६० |
| २ | आर्थिक वर्ष २०७३/७४ को लेखापरीक्षणबाट कायम भएको फर्छयौट गर्नुपर्ने बेरूजु | १३,४७० |

| | | |
|---|---|---|
| ३ | म.ले.प.को ५४ औं वार्षिक प्रतिवेदन, सम्मको कुल वेरूजु | २,०५,९३० |
| ४ | आ व २०७४/७५ मा फर्छ्यौट भएको वेरूजु रकम | १,०८,३५६ |
| ५ | जम्मा फर्छ्यौट मध्ये नियमित/प्रमाण पेश भई फर्छ्यौट भएको रू.४५,२०७ | |
| | जम्मा फर्छ्यौट मध्ये असुल उपर भै फर्छ्यौट भएको रू.४३४ | |
| | जम्मा फर्छ्यौट मध्ये पेश्की फर्छ्यौट भएको रू.६२,७१५ | |
| | **फर्छ्यौट हुन बाँकी बेरूजु** | ९७,५७४ |

**११.४ आर्थिक निर्देशिका तर्जुमा समिति र आर्थिक व्यवस्थापन समिति गठन**

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनको सन्दर्भमा वित्तीय स्रोत मितव्ययी, अनुशासित तथा प्रभावकारी ढङ्गबाट परिचालन गर्न तथा सोको अभिलेख, प्रतिवेदन तथा लेखापरीक्षणलाई वैज्ञानिक र वस्तुगत बनाइ समस्त आर्थिक क्रियाकलापलाई व्यवस्थित गर्न आर्थिक निर्देशिका तर्जुमा गर्नको लागि आयोगको मिति २०७४।०६।०२ गतेको निर्णय बमोजिम निर्वाचन आयुक्त श्री सुधीरकुमार शाहको संद्दयोजकत्वमा ७ सदस्यीय आर्थिक निर्देशिका तर्जुमा समिति गठन गरी कार्य सम्पन्न गरिएको थियो ।

यसैगरी आर्थिक निर्देशिकामा व्यवस्था भए बमोजिम आर्थिक व्यवस्थापन गर्न निर्वाचन आयुक्त श्री सुधीरकुमार शाहको संयोजकत्वमा ५ सदस्यीय आर्थिक व्यवस्थापन समिति रहेको थियो।

परिच्छेद १२

# निर्वाचन व्यवस्थापनमा समन्वय तथा सहकार्य

प्रतिवेदन बर्षमा नेपालको संविधान कार्यान्वयन गर्ने सिलसिलामा स्थानीय तहको तेस्रो चरणको निर्वाचन, प्रदेश सभा र प्रतिनिधि सभा सदस्य निर्वाचन, राष्ट्रियसभा सदस्य, राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्पन्न भएको छ । विभिन्न निर्वाचनका सिलसिलामा आइपर्ने समस्याहरू तत्काल समाधान गर्न र आयोग, सचिवालय, महाशाखा/शाखा, क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालय, मुख्य/निर्वाचन अधिकृतको कार्यालय लगायत अन्य सरोकारवालाहरूसँग समन्वय र सहकार्यका लागि आयोगमा संयुक्त निर्वाचन सञ्चालन केन्द्र (Joint Election Operation Centre-JEOC) स्थापना गरी सञ्चालनमा ल्याइएको थियो । संयुक्त निर्वाचन सञ्चालन केन्द्रबाट सम्पादन भएका मुख्य मुख्य कार्यहरू देहाय अनुसार प्रस्तुत गरिएको छ ।

## १२.१ संयुक्त निर्वाचन सञ्चालन केन्द्र (JEOC) को अवधारणा

स्वतन्त्र, निष्पक्ष र भयरहित निर्वाचन लोकतन्त्रको मेरूदण्ड हो । नेपाली जनताको अपेक्षा अनुरूप जारी भएको नेपालको संविधान कार्यान्वयनलाई मूर्त रूप दिन एक वर्षको अवधिमा विभिन्न निर्वाचन सम्पन्न गर्नुपर्ने चुनौतीपूर्ण जिम्मेवारी निर्वाचन आयोगको काँधमा रहेको थियो। निर्वाचनको अवधिमा व्यवस्थापकीय कार्यहरू त्रुटिरहित ढङ्गले सम्पादन गर्ने कार्यमा सहयोग र सहजीकरण गर्ने उद्देश्यले आयोगमा संयुक्त निर्वाचन सञ्चालन केन्द्र (Joint Election Operation Centre-JEOC) को स्थापना गरिएको थियो । निर्वाचन प्रक्रियामा संलग्न भएका मुख्य निर्वाचन अधिकृत/निर्वाचन अधिकृतको कार्यालय, क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालय र सुरक्षा निकायका स्थानीय कार्यालय तथा एकाइहरूसँग प्रत्यक्ष रूपमा समन्वय एवं सहजीकरण गर्नु यस केन्द्रको मुख्य कार्य थियो । जस अन्तर्गत निर्वाचनसँग सम्बन्धित सूचना तथा जानकारीहरू सम्बद्ध निकायसम्म पुऱ्याउने, निर्वाचन सुरक्षा तथा निर्वाचन हिंसाका घटना परिघटनाको सङ्कलन तथा विश्लेषण गरी रोकथाम तथा समाधान गर्न उपयुक्त कदम चाल्न सुझाव सहित आयोग समक्ष पेश गर्ने कार्य यसले सम्पादन गरेको थियो । निर्वाचन आयोगका सहसचिवको संयोजकत्वमा गठन भएको यस केन्द्रमा नेपाल सरकारका सबै सुरक्षा निकायका पदाधिकारीहरू र अन्य कर्मचारीहरूलाई समेत खटाइएको थियो ।

मुख्य निर्वाचन अधिकृत/निर्वाचन अधिकृतको कार्यालय, क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालय, निर्वाचन सुरक्षासँग सम्बन्धित निकायहरू तथा स्थानीय स्तरमा राजनीतिक दल तथा उम्मेदवारहरूले निर्वाचन आयोगसँग सम्पर्क राख्दा र निर्वाचन आयोगले निर्वाचन

सरोकारवालाहरूलाई सूचनाहरू प्रवाह गर्दा यसै केन्द्र मार्फत गर्ने व्यवस्था मिलाईएको थियो। फलस्वरूप निर्वाचन कार्यक्रम बमोजिम उम्मेदवारको मनोनयन दर्ता प्रक्रियादेखि मतगणना गरी नतिजा प्रकाशनसम्मको कार्यमा आवश्यक समन्वय र सहजीकरण गर्ने कार्यमा सरलता, शीघ्रता एवं सहजता भएको थियो । त्यस्तै, निर्वाचनको स्वच्छता र निष्पक्षता कायम गर्न तथा मतदातालाई भयरहित तुल्याउन अवरोध पुऱ्याउने निर्वाचन विरोधी क्रियाकलाप, निर्वाचन आचारसंहिता उल्लङ्घनका घटनाहरू र त्यसले निम्त्याउने समस्याहरूको समयमै जानकारी प्राप्त गरी यथाशीघ्र समाधान गर्न प्रयास गरिएको थियो ।

## १२.२ संयुक्त निर्वाचन सञ्चालन केन्द्र (JEOC) को संरचना र जनशक्ति

स्थानीय तह निर्वाचन (तेस्रो चरण) र प्रदेश सभा तथा प्रतिनिधि सभा सदस्य निर्वाचनको समयमा संयुक्त निर्वाचन सञ्चालन केन्द्र (JEOC) मा परिचालित जनशक्तिको विवरण **अनुसूची ६७** मा समावेश गरिएको छ ।

## १२.३ संयुक्त निर्वाचन सञ्चालन केन्द्र को कार्यविवरण

(क) निर्वाचन अधिकृतको कार्यालय स्थापना गर्न आवश्यक समन्वय र सहजीकरण गर्ने,

(ख) आयोगमा रहेका सबै शाखा महाशाखाहरूसँग समन्वय गर्ने,

(ग) जिल्ला निर्वाचन कार्यालय र निर्वाचन अधिकृतको कार्यालयद्वारा संचालित निर्वाचन कार्यक्रमसम्बन्धी प्रगति प्रतिवेदन तुरून्त प्राप्त गरी सचिवालय मार्फत आयोगमा पेश गर्ने,

(घ) **JEOC** मा खटिएका विभिन्न सुरक्षा निकायसँग सम्पर्क र समन्वय गर्ने,

(ङ) जिल्लास्तरमा विभिन्न सुरक्षा निकायसँग सम्पर्क र समन्वय गरी बस्तुस्थिति बुझी सुझाव सहित आयोगमा पेश गर्ने,

(च) निर्वाचन कार्यक्रम सञ्चालनसँग सम्बन्धित सबै विषयहरू प्रवक्तामार्फत सबै सामु पुऱ्याउन आवश्यक सूचना र विवरण उपलब्ध गराउने,

(छ) मुख्य र निर्वाचन अधिकृतको कार्यालय, जिल्ला निर्वाचन कार्यालय र अन्य निकायहरूले पेश गरेका समस्या समाधान गर्ने व्यवस्था मिलाउने,

(ज) निर्वाचन सुरक्षा तथा निर्वाचन हिंसाका घटना परिघटनाको सङ्कलन तथा विश्लेषण गरी रोकथाम र समाधान गर्न उपयुक्त कदम चाल्न आयोग र सम्बन्धित निकायमा सुझाव पेश गर्ने,

(झ) निर्वाचन व्यवस्थापनसम्बन्धी सूचना सङ्कलन, प्रशोधन, विश्लेषण, अध्यावधिक गर्ने र दैनिक प्रतिवेदनसम्बन्धी कार्य गर्ने,

(ञ) कार्य सम्पन्न गरिसकेपछि आयोगसमक्ष अन्तिम प्रतिवेदन पेश गर्ने,

(ट) आयोगले तोके बमोजिम निर्वाचन र सञ्चालनसम्बन्धी अन्य कार्य गर्ने ।

## १२.४ कार्यपद्धति र सम्पादित कार्यहरूको विवरण

निर्वाचन व्यवस्थापनसँग सम्बन्धित विषयहरू र सुरक्षासँग अन्तरसम्बन्धित विषयहरू तत्काल निरूपण गर्ने अभिप्रायले **JEOC** ले मुख्यतः कार्यक्षेत्र र आयोगबीच सूचना आदानप्रदानमा सेतुको भूमिका निर्वाह गरेको थियो । **JEOC** बाट सम्पादित कार्यहरू संक्षेपमा देहाय अनुसार उल्लेख गरिएको छ :

१. मुख्य निर्वाचन अधिकृत/निर्वाचन अधिकृतको कार्यालय र क्षेत्रीय तथा जिल्ला निर्वाचन कार्यालयहरूको सम्पर्क नं, इमेल ठेगाना समेत लिई निरन्तर सम्पर्क तथा समन्वय गरिएको ।

२. आयोगका पदाधिकारी, महाशाखा तथा शाखा, क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालय, मुख्य/निर्वाचन अधिकृतको कार्यालय, जिल्ला प्रशासन कार्यालय तथा प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका पदाधिकारीहरू, अनुगमनकर्ता लगायतको फोन तथा आवश्यकतानुसार इमेल ठेगान प्राप्त गरी फोन डायरी बनाइएको ।

३. मिति २०७४/०६/२९ गते पहिलो चरण तथा २०७४/०७/०९ गते दोश्रो चरणका मुख्य/ निर्वाचन अधिकृतको कार्यालय स्थापना भए पश्चात निरन्तर सम्पर्कमा रही निर्वाचन आयोगका प्रमुख निर्वाचन आयुक्त, निर्वाचन आयुक्तहरू, सचिव, प्रवक्ता तथा महाशाखा प्रमुखहरूलाई दैनिक प्रतिवेदन पेश गरेको ।

४. मुख्य/निर्वाचन अधिकृतको कार्यालय स्थापना पश्चात उक्त कार्यालयमा विद्युत, टेलिफोन आदि भौतिक स्रोत साधनहरूको प्रवन्ध गर्न सम्बन्धित निकायहरूसँग समेत समन्वय गरी सहजीकरण गरेको ।

५. दुवै चरणमा निर्वाचन हुने सवै निर्वाचन क्षेत्रहरूको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत उम्मेदवारी दिने राजनैतिक दल तथा स्वतन्त्र उम्मेदवारहरूको उम्मेदवारी विवरण तत्काल सङ्कलन गरी केन्द्रिय स्तरबाट सार्वजनिक गर्न उपलब्ध गराएको ।

६. उम्मेदवारको अन्तिम नामावली र निर्वाचन चिह्न वितरणका सवै प्रमाणित (निर्वाचन अधिकृतको दस्तखत एवं कार्यालयको छाप भएको) अनुसूची फारमहरू क्रमशः २३ र २८ इमेल तथा फ्याक्स मार्फत तत्काल सङ्कलन गरी मतपत्र डिजाइन तथा छपाइ कार्य एवं अभिलेख सङ्कलन कार्य गरिएको ।

७. आचारसंहिता उल्लङ्घनका घटनाहरूको दैनिक विवरण सङ्कलन गरी आयोग समक्ष पेश गरी सो सम्बन्धमा आयोगबाट भएका निर्णय एवं निर्देशनहरू तत्काल सम्बन्धित निकायमा पठाइएको ।

८. निर्वाचन विरोधी क्रियाकलाप, विस्फोटन, झडप तथा आक्रमणका घटनाहरूको विवरण सङ्कलन गरी प्रतिवेदन गर्ने गरिएको र सुरक्षा व्यवस्थापन गर्न सहजीकरण गरेको ।

९. जिल्लाहरूमा राजनैतिक दल तथा उम्मेदवारहरूले गर्ने गरेको निर्वाचन प्रचारप्रसार सम्बन्धी कार्यक्रमहरूको विवरण (कार्यक्रम भएको स्थान, समय, तथा मुख्य उपस्थिति र कार्यक्रम गर्दा आचारसंहिता उल्लङ्घन भए/नभएको) दैनिक रूपमा प्राप्त गरी प्रतिवेदन गर्ने गरिएको।

१०. निर्वाचन सामग्री तथा मतपत्र बोकेर गएका सवारी साधन तथा हेलिकप्टर यथा समयमा पुगे/नपुगेको विवरण दैनिक रूपमा सम्बन्धित सुरक्षा निकायको सहयोगमा प्राप्त गरिएको ।

११. निर्वाचन शिक्षा कार्यकर्ताहरूको तालिम तथा उनीहरूले गरेका मतदाता शिक्षा सम्बन्धी क्रियाकलाप, मतदानको लागी कर्मचारीको खटनपटन, मतदान अधिकृत तथा सहायक मतदान अधिकृतहरूको तालिम, मतदान सामग्री व्यवस्थापन भएको/नभएको सम्बन्धमा विवरणहरू सङ्कलन गरी दैनिक प्रतिवेदन पेश गरेको ।

१२. आयोगबाट खटिइ जानुभएका अनुगमनकर्ताहरूसँग निरन्तर सम्पर्कमा रही वस्तुस्थितिको जानकारी प्राप्त गरी प्रतिवेदन गरेको ।

१३. त्यसैगरी जिल्ला स्थित जिल्ला प्रशासन कार्यालयमा गठन भएका निर्वाचन शेलहरूबाट दैनिक रूपमा प्रतिवेदन तथा घटनाहरूको विवरण प्राप्त गरी आयोग समक्ष पेश गरिएको।

१४. मतदानको दिन सवै जिल्लामा सुरक्षा स्थिति, मतदान कार्यमा भएको अवरोध सम्बन्धी सूचना, मतदान प्रगतिको बारेमा हरेक घण्टा सूचना सङ्कलन गरी आयोगमा जानकारी गराइएको । साथै देशभरबाट खसेको मत प्रतिशतको प्रारम्भिक विवरण सङ्कलन र प्रशोधन गरी सार्वजानिक गर्न आयोगमा उपलब्ध गराएको ।

१५. मतदान कार्य सम्पन्न भएपछि मतपेटिका सदरमुकाममा नपुगेसम्म निरन्तर अनुगमन गरी तिनको अवस्थाको विषयमा प्रतिवेदन गरिएको ।

१६. हेलिकप्टरबाट मतपेटिका ढुवानी गर्नुपर्ने जिल्लाहरूको विवरण सङ्कलन गरी पेश गरेको र मतगणना पश्चात ढुवानी भएको /नभएको फलोअप गरी सोको विवरण पेश गरेको ।

१७. मतदान पश्चात मतगणनाको आवधिक प्रतिवेदन, परिणाम घोषणा तथा अन्तिम प्रतिवेदन लगायतका कार्यहरूको प्रतिवेदन पेश गरेको ।

१८. मतगणनाको समयमा भएका समस्याहरू आयोग समक्ष पेश गरी मतगणना कार्यलाई सहज बनाउन आवश्यक सहजीकरण गरिएको ।

१९. मुख्य निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन अधिकृतको कार्यालय, क्षेत्रीय प्रशासन कार्यालय, जिल्ला प्रशासन कार्यालय र क्षेत्रीय तथा जिल्ला निर्वाचन कार्यालयहरूबाट प्राप्त पत्र तथा जानकारीहरू सम्बन्धित शाखामा पठाइएको ।

२०. मुख्य निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन अधिकृतको कार्यालय, क्षेत्रीय प्रशासन कार्यालय, जिल्ला प्रशासन कार्यालय र क्षेत्रीय तथा जिल्ला निर्वाचन कार्यालय लगायत सम्बद्ध निकायहरूलाई आयोगद्वारा गरिएका निर्देशन तथा परिपत्रहरू फ्याक्स तथा इमेलबाट सम्बन्धित कार्यालयहरूमा यकिनसाथ पठाइएको ।

२१. निर्वाचन सुरक्षा सम्बन्धमा समय समयमा देखिएका समस्याहरू निराकरण गर्ने उद्देश्यले आयोगमा गठन भएको उच्चस्तरीय सुरक्षा समितिको बैठकलाई आवश्यक पर्ने सूचना तथा विवरण तयार पार्ने, बैठकका लागि छलफलका एजेण्डाहरू तयार गर्ने लगायतका कार्यहरू गरिएको ।

२२. सुरक्षा सम्बद्ध विषयलाई विश्लेषण गरी **JEOC** को तर्फबाट बैठकमा प्रस्तुतीकरण गर्ने गरिएको ।

२३. मतगणना कार्य सम्पन्न भए लगतै पहिलो हुने निर्वाचित हुने प्रणाली तथा समानुपातिक निर्वाचन प्रणाली तर्फको मतगणना विवरण प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन निर्देशिका, २०७४ उल्लेख भएका अनुसूचीहरू ७७, ७८ र ८१ को प्रमाणित (दस्तखत र छाप भएको) फारमहरू केन्द्रीय अभिलेख तथा समानुपातिक निर्वाचन परिणामको प्रयोजनार्थ सङ्कलन गरिएको ।

परिच्छेद १३

# विविध

## १३.१ राष्ट्रपति समक्ष वार्षिक प्रतिवेदन पेश

नेपालको संविधानको धारा २९४ बमोजिम आ.व.०७३/७४ मा आयोगले सम्पादन गरेका कामको विवरण समावेश भएको वार्षिक प्रतिवेदन मिति २०७४।१२।१४ मा सम्माननीय राष्ट्रपतिसमक्ष पेश गरेको थियो । सो क्रममा प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवले आ.व. २०७३।०७४ मा आयोगबाट सम्पादित कार्यहरूको बारेमा संक्षिप्त जानकारी गराउनु भएको थियो । सो अवसरमा सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीले आयोगको वार्षिक प्रतिवेदन ग्रहण गर्दै निर्वाचन लोकतन्त्रको महत्वपूर्ण आधार भएकोले संविधानले व्यवस्था गरे बमोजिमको निर्वाचन स्वच्छ र स्वतन्त्र रूपमा सम्पन्न गर्न आवश्यक गृहकार्यमा लाग्न सुझाव दिनुभएको थियो ।

## १३.२ निर्वाचन दिवस

निर्वाचन आयोगले २०७४ फागुन ५, ६ र ७ गते विविध कार्यक्रमको आयोजना गरी दोश्रो निर्वाचन दिवस मनाएको छ । निर्वाचन दिवसको अवसरमा आधिकारिक ट्रेड युनियन निर्वाचन आयोगको समन्वयमा र नेपाल रेडक्रस सोसाइटीसँगको सहकार्यमा मिति २०७४ साल फागुन ५ गतेका दिन आयोग परिसरमा रक्तदान कार्यक्रमको आयोजना गरिएको थियो । रक्तदान कार्यक्रममा जम्मा ४६ जनाले रक्तदान गरेका थिए । यसै गरी फागुन ६ गते बिहान ७:३० बजे प्रभातफेरीको आयोजना गरिएको थियो । प्रभातफेरीमा आयोग पदाधिकारीहरू, आयोग र उपत्यकाभित्रका क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयमा कार्यरत कर्मचारी, सञ्चारकर्मी, निर्वाचनसँग सम्बन्धित गैरसरकारी संघसंस्था र साझेदार संस्थाका प्रतिनिधि, सुरक्षाकर्मी लगायतको उपस्थिति रहेको थियो । प्रभातफेरी कान्तिपथ—नारायणहिटी दरबार संग्रहालय—दरवारमार्ग—रत्नपार्क—शहीदगेट—रानीपोखरी—कान्तिपथ हुँदै आयोग परिसरमा आएर सम्पन्न भएको थियो । प्रभातफेरी पछिको कार्यक्रमलाई संक्षिप्त रूपमा सम्बोधन गर्दै प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवले दोस्रो निर्वाचन दिवसको अवसरमा आयोजना गरिएको महत्वपूर्ण कार्यक्रममा उपस्थित भएकोमा सबैलाई धन्यवाद दिनुभयो । त्यसैगरी सोही दिन बिहान १०.०० बजे प्रमुख निर्वाचन आयुक्त, सबै आयुक्तहरू, सचिवलगायत सचिवालयका सबै कर्मचारीहरूको सहभागितामा आयोग

परिसरमा सरसफाई तथा वृक्षारोपण कार्यक्रम सम्पन्न भएको थियो । २०७४ फागुन ६ गते दिउँसो १ बजे कृति वाचन कार्यक्रम सञ्चालन गरिएको थियो । कृति वाचन कार्यक्रममा विभिन्न १३ जना स्रष्टाहरूले आ—आफ्नो सिर्जना प्रस्तुत गर्नुभएको थियो । सोहिदिन दिउँसो ३:०० बजे आयोगको सभाहलमा आयोग पदाधिकारी, संविधानविद, राजनीतिज्ञ, पर्यवेक्षण संस्थाका प्रमुख र नागरिक समाजका अगुवाहरूको उपस्थितिमा "स्वच्छ र स्वतन्त्र निर्वाचन" विषयमा अन्तर्क्रिया कार्यक्रमको आयोजना गरिएको थियो । सो कार्यक्रममा भर्खरै सम्पन्न निर्वाचन र स्वच्छ एवं स्वतन्त्र निर्वाचन व्यवस्थापनमा सरोकारवालाहरूको भूमिकाका विषयमा चर्चा गरिएको थियो । फागुन ६ गतेनै आयोगमा "प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनमा समावेशिता" विषयमा रेडियो नेपाल/नेपाल टेलिभिजनबाट परिसंवाद कार्यक्रमको आयोजना गरिएको थियो । कार्यक्रममा प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादव, निर्वाचन आयुक्त श्री इला शर्मा र माननीय सांसदद्वय शशी श्रेष्ठ र पुष्पा भुसालको सहभागिता रहेको थियो । यस क्रममा निर्वाचनमा समावेशीकरण सम्बन्धी नीतिगत व्यवस्था र भर्खरै सम्पन्न भएको निर्वाचनले समावेशीकरणमा पुऱ्याएको योगदान र निर्वाचनलाई थप समावेशी बनाउन आगामी दिनमा चाल्नुपर्ने कदमका विषयमासमेत चर्चा गरिएको थियो ।

फागुन ७ गते सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीको प्रमुख आतिथ्यतामा दोस्रो निर्वाचन दिवस मूल समारोहको आयोजना गरिएको थियो । उक्त कार्यक्रममा सम्माननीय उपराष्ट्रपति नन्द बहादुर पुन, सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओली तथा सम्माननीय प्रधानन्यायाधीश गोपाल पराजुली, नेपाल सरकारका माननीय मन्त्रीहरू, संवैधानिक निकायका प्रमुख एवं पदाधिकारीहरू, नेपाल सरकारका सचिव तथा विशिष्ट श्रेणीका पदाधिकारीहरू, विदेशी कुटनीतिक नियोगका प्रमुख तथा पदाधिकारी र विकास साझेदार संस्थाका प्रमुख एवं प्रतिनिधिहरू, सुरक्षा निकायका प्रमुखहरू लगायतको उपस्थिति रहेको थियो।

सो समारोहमा सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीले निर्वाचन दिवसको अवसरमा शुभकामना मन्तव्य दिनु भएको थियो । प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवले कार्यक्रमको बारेमा मन्तव्य दिनुभएको थियो भने निर्वाचन आयुक्त इला शर्माले स्वागत मन्तव्य राख्नुभएको थियो । सो अवसरमा आयोगमा २० वर्ष लामो सेवा अवधि गर्नु भएका टेलिफोन अपरेटर श्री लक्ष्मी अर्याल (अधिकारी) र ह.स.चा. श्री अनिल थापामगरलाई प्रशंसापत्र र पुरस्कार सहित सम्मान गरिएको थियो । त्यस्तै आयोगका उपसचिव श्री देशबन्धु अधिकारीलाई आयोग र अन्तर्गत लामो समय सेवा गरेको तथा २०७४ सालमा सम्पन्न गरिएका तीन तहको निर्वाचन

व्यवस्थापनमा अग्रणी भूमिका निर्वाह गर्नुभएकोमा ३ तलब बृद्धिसहित प्रशंसापत्रका साथ सम्मान गरिएको थियो ।

## १३.३ भेटघाट

### १३.३.१ सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीसँग आयोगका पदाधिकारीहरूको भेट

सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष २०७४ भदौ २२ गते निर्वाचन आयोगका प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवको नेतृत्वमा निर्वाचन आयुक्तहरू इला शर्मा, नरेन्द्र दाहाल, ईश्वरीप्रसाद पौड्याल तथा सुधीरकुमार शाहले राष्ट्रपति भवन, शीतलनिवासमा भेट गर्नुभएको थियो ।

भेटका अवसरमा सम्माननीय राष्ट्रपतिलाई प्रमुख निर्वाचन आयुक्त डा. यादवले स्थानीय तहको पहिलो र दोस्रो चरणमा सम्पन्न भएको स्थानीय तह निर्वाचन तथा असोज २ गते प्रदेश नं. २ मा सञ्चालन हुने स्थानीय तहको तेस्रो चरणको निर्वाचनको तयारीका बारेमा अवगत गराउनुभएको थियो । नेपाल सरकारले २०७४ मङ्सिर १० र २१ गते प्रदेश सभा तथा प्रतिनिधि सभा सदस्यको निर्वाचन हुने मिति तय गरेअनुसार आयोग तयारी कार्यमा अगाडि बढेको व्यहोरा उहाँले अवगत गराउनुभयो । निर्वाचनलाई स्वच्छ र मर्यादित बनाउनका लागि निर्वाचन आयोगले आचारसंहिता पालनामा जोड दिएको व्यहोरा पनि सम्माननीय समक्ष प्रमुख निर्वाचन आयुक्त डा. यादवले राखु भएको थियो ।

त्यस अवसरमा सम्माननीय राष्ट्रपतिले दुई चरणको स्थानीय तहको निर्वाचन सफलतापूर्वक सम्पन्न भएकोमा आयोगलाई धन्यवाद ज्ञापन गर्नुहुँदै आगामी असोजमा हुने प्रदेश नम्बर २ को स्थानीय तहको निर्वाचन तथा आगामी मंसीरमा हुन लागेको प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्यको निर्वाचनका साथसाथै राष्ट्रियसभा सदस्य, राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन सम्पन्न गर्न आयोग सक्षम हुने विश्वास व्यक्त गर्नुभयो । सम्माननीय राष्ट्रपति भण्डारीले लामो समयपछि स्थानीय तहमा जनप्रतिनिधिहरू निर्वाचित भएका र मङ्सिरमा हुने प्रदेश सभा तथा प्रतिनिधि सभा सदस्यको निर्वाचनबाट नेपालको संविधानको भावना र जनताको चाहनाले मूर्तरूप लिने विश्वास व्यक्त गर्नुभयो। साथै सम्माननीय राष्ट्रपतिले निर्वाचनको माध्यमबाट लोकतन्त्र सुदृढ हुने र मुलुकमा राजनीतिक स्थायित्व कायम हुने आशा व्यक्त गर्नुभयो ।

सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष २०७४ असोज २८ गते प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवको नेतृत्वमा निर्वाचन आयुक्तहरू इला शर्मा, नरेन्द्र दाहाल, ईश्वरीप्रसाद पौड्याल, सुधीरकुमार शाह तथा सचिव बेगेन्द्रराज शर्मा पौड्यालले राष्ट्रपति भवन, शीतल निवासमा

भेट गर्नुभएको थियो । मङ्सिर महिनामा सम्पन्न हुने प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनको सिलसिलामा भएको सो भेटमा सम्माननीय राष्ट्रपतिबाट राजनीतिक वातावरण आफ्नो हिसाबले चलायमान हुने हुँदा त्यसप्रति नअलमलिई निर्वाचन सम्पन्न गर्ने कार्यमा लाग्न आयोगलाई सुझाव दिनुभएको थियो । प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनको तयारीबारे जानकारी लिनुहुँदै संवैधानिक व्यवस्था अनुसार सो निर्वाचन तोकिएकै मितिमा सम्पन्न गरी आयोगलाई संवैधानिक दायित्व निर्वाह गर्न शुभकामना दिनुभएको थियो । सो अवसरमा प्रमुख निर्वाचन आयुक्त डा. यादवले निर्वाचनको तयारीबारे जानकारी गराउनु भएको थियो ।

### १३.३.२ सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवासँग आयोगका पदाधिकारीहरूको भेट

तत्कालीन प्रधानमन्त्री श्री शेरबहादुर देउवा तथा पूर्वप्रधानमन्त्रीहरू श्री के.पी.शर्मा ओली र श्री पुष्पकमल दाहाल प्रचण्डसँग निर्वाचन आयोगका पदाधिकारीहरूले मिति २०७४।६।२ गते सिंहदरबारमा भेटवार्ता गर्नुभएको थियो । सो अवसरमा प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनको मतपत्रको प्रारम्भिक ढाँचाको सम्बन्धमा छलफल भएको थियो । सो भेटघाटमा राजनीतिक दलका नेताहरू श्री रामचन्द्र पौडेल, श्री शशाङ्क कोइराला, श्री सुवासचन्द्र नेम्वाङ, श्री नारायणकाजी श्रेष्ठ, श्री रामबहादुर थापा, श्री पूर्णबहादुर खड्का, श्री राजेन्द्र पाण्डे, डा. मिनेन्द्र रिजालका साथै प्रमुख निर्वाचन आयुक्त डा.अयोधीप्रसाद यादव, निर्वाचन आयुक्तहरू श्री इला शर्मा, श्री नरेन्द्र दाहाल, श्री ईश्वरीप्रसाद पौड्याल र श्री सुधीरकुमार शाह तथा आयोगका सचिव श्री बेगेन्द्रराज शर्मा पौड्यालको उपस्थिति रहेको थियो।

### १३.३.३ प्रमुख निर्वाचन आयुक्त डा. अयोधी प्रसाद यादवसँग युरोपियन संसदका टोलीको भेट

प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवसँग नेपाल भ्रमणमा रहेको युरोपियन संसदका टोली प्रमुख श्री निना गिलको नेतृत्वमा आएको टोलीले कान्तिपथस्थित आयोग परिसरमा २०७४ मङ्सिर ८ गते भेट गरेको थियो । आयोगले सफलतापूर्वक सम्पन्न गराएको स्थानीय तह निर्वाचन र निकट भविष्यमा हुन लागेको प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनको तयारी सन्दर्भमा सो भेटघाट भएको थियो । सो भेटमा प्रमुख निर्वाचन आयुक्त डा. यादवले युरोपियन युनियनले नेपालका विगतका निर्वाचनहरूमा निर्वाचन पर्यवेक्षण गरेको स्मरण गर्नुहुँदै त्यसका लागि युनियनलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो । डा. यादवले अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूबाट हुने निर्वाचन पर्यवेक्षणबाट नेपालको निर्वाचनको विश्वसनियता अझ बढ्ने कुरा व्यक्त गर्नुभएको थियो । यसका साथै उहाँले अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षकहरूबाट नेपालको कानून, निर्वाचन आचारसंहिता र पर्यवेक्षकले पालना गर्नुपर्ने आचारसंहिताको पूर्ण पालना हुने विश्वास प्रकट गर्नुभयो। प्रमुख निर्वाचन आयुक्त डा. यादव समक्ष युरोपियन युनियनको टोलीले

निर्वाचन पर्यवेक्षण गर्दा नेपालको कानून, निर्वाचन आचारसंहिता र अन्तर्राष्ट्रिय पर्यवेक्षकले पालना गर्नुपर्ने आचारसंहिताको पूर्ण पालना हुने विश्वास व्यक्त गरेको थियो । युरोपियन युनियनको सो टोलीमा चेक रिपब्लिक, जर्मनी, अष्ट्रिया, स्पेन, स्लोभाकिया र बेलायतका प्रतिनिधि सांसदहरू लगायत पर्यवेक्षण संस्थाका प्रतिनिधिहरूसमेतको उपस्थिति रहेको थियो । सो अवसरमा युरोपियन युनियनका सांसदहरूले स्थानीय तहको निर्वाचन सफलतापूर्वक सम्पन्न गरेकोमा निर्वाचन आयोगलाई बधाई ज्ञापन गर्नुका साथै उहाँहरूले प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनको तयारी, मतदाता शिक्षा, शान्तिसुरक्षा, मौसमको प्रतिकुलता र मतपत्रलगायतका विषयमा विभिन्न जिज्ञासा राख्नुभएको थियो।

## १३.४ अन्तर्क्रिया कार्यक्रम

प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनको सन्दर्भमा २०७४ मङ्सिर ३ गते नागरिक समाजका प्रतिनिधिहरूसँग एक अन्तर्क्रिया कार्यक्रमको आयोजना गरिएको थियो । दुई चरणमा सम्पन्न हुन लागेको प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन व्यवस्थापनको तयारी सम्बन्धमा आयोजित सो कार्यक्रममा आयोगका पूर्व प्रमुख/निर्वाचन आयुक्त, पूर्व मुख्य सचिव/सचिव, प्राध्यापकका साथै नागरिक समाजका अगुवाहरूलाई आमन्त्रण गरिएको थियो । सो कार्यक्रममा पूर्व प्रमुख निर्वाचन आयुक्त श्री सूर्यप्रसाद श्रेष्ठले निर्वाचन आचारसंहिता, पूर्व प्रमुख निर्वाचन आयुक्त श्री केशवराज राजभण्डारीले निर्वाचन सुरक्षा, पूर्व प्रमुख निर्वाचन आयुक्त श्री भोजराज पोखरेलले समग्र निर्वाचन व्यवस्थापन, पूर्व प्रमुख निर्वाचन आयुक्त श्री नीलकण्ठ उप्रेतीले मतपत्र तथा मतपेटिकाको सुरक्षाका विषयमा आफ्ना धारणा राख्नुभएको थियो । यसैगरी लोकसेवा आयोगका पूर्व अध्यक्ष श्री तीर्थमान शाक्यले निर्वाचन प्रचार प्रसार तथा आचार संहिता, पूर्व मुख्य सचिव डा. विमल कोइरालाले राजनीतिक दल तथा आचार संहिता, प्राध्यापक श्री कृष्ण खनालले निर्वाचन प्रविधि, पूर्व निर्वाचन आयुक्त डा. रामभक्त पी.बी. ठाकुरले निर्वाचन आचारसंहिता विषयमा आफ्ना धारणा राख्दै सुझावसमेत दिनुभएको थियो । कार्यक्रममा नागरिक समाजका अगुवाहरू प्रा.डा. नोवलकिशोर राई, डा. चन्द्रकान्त ज्ञवाली, श्री दामोदर गौतम, श्री गणेशकुमार मण्डल, श्री कमलेश अग्रवाल, डा. उद्धव प्याकुरेल र डा. इन्द्र अधिकारीले आचारसंहिता तथा मतदाता शिक्षा सम्बन्धमा आफ्ना विचार राख्नुभएको थियो । सो अन्तर्क्रिया कार्यक्रममा पूर्व सचिव श्री भरतबहादुर थापा, वरिष्ठ अधिवक्ता श्री दिनेश त्रिपाठी, श्री विजयराज गौतम र श्री ज्ञानेन्द्रप्रसाद अधिकारीलगायतको सहभागिता रहेको थियो ।

## १३.५ निर्वाचन क्षेत्र निर्धारण आयोगको प्रतिवेदन तथा कागजात प्राप्ति

नेपालको संविधानको धारा २८६ को उपधारा (१) बमोजिम गठन भएको निर्वाचन क्षेत्र निर्धारण आयोगले प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्यको निर्वाचन गर्ने प्रयोजनका लागि निर्वाचन

क्षेत्र निर्धारण गरी २०७४ साल भदौ १४ गते नेपाल सरकारलाई आफ्नो प्रतिवेदन बुझाएको र नेपाल सरकारबाट सो प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०७४/५/१४ को पत्रसाथ निर्वाचन आयोगमा प्राप्त भएको थियो ।

यसैगरी निर्वाचन क्षेत्र निर्धारण आयोगले आफ्नो प्रतिवेदन नेपाल सरकारलाई बुझाएपछि आयोगको समयावधि समाप्त हुने र निर्वाचन क्षेत्र निर्धारण ऐन, २०७३ को दफा १४ अनुसार आयोगको कार्यावधि समाप्त भएपछि आयोगको अभिलेख तथा अन्य कागजात आयोगका सदस्य सचिवले निर्वाचन आयोगमा बुझाउनु पर्ने कानूनी व्यवस्था रहे बमोजिम मिति २०७४/५/१५ गते निर्वाचन क्षेत्र निर्धारण आयोगका सदस्य सचिव श्री बेगेन्द्रराज शर्मा पौड्याल सहितको सचिवालयको टोलीले आयोगका प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवलाई उक्त अभिलेख तथा अन्य कागजातहरू हस्तान्तरण गर्नुभएको थियो । सो अवसरमा निर्वाचन आयुक्तहरू इला शर्मा, नरेन्द्र दाहाल, ईश्वरी प्रसाद पौड्याल र सुधीरकुमार शाहका साथै आयोगका तत्कालीन सचिव महेश्वर न्यौपानेको उपस्थिति थियो ।

## १३.६ सचिव सरूवा र पदबहाली

नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७४ साल असार ९ गतेको निर्णयबाट आयोगका सचिव श्री गोपीनाथ मैनालीको प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा काज सरूवा हुनु भएको र उहाँको स्थानमा सामान्य प्रशासन मन्त्रालयका सहसचिव श्री महेश्वर न्यौपानेलाई निमित्त सचिवको जिम्मेवारी दिइएको थियो । उहाँले मिति २०७४ साल असार २२ गते देखि का.मु. सचिव र मिति २०७४ श्रावण १२ गतेको निर्णय बमोजिम सचिवको कार्यभार सम्हाल्दै आउनुभएकोमा नेपाल सरकार मन्त्रिपरिषदको २०७४ भाद्र १४ गतेको निर्णय अनुसार उहाँको संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सरूवा भएको थियो ।यसै गरी नेपाल सरकार मन्त्रिपरिषदको २०७४ भाद्र १४ गतेको निर्णय अनुसार सरूवा भई आउनुभएका सचिव श्री शंकर प्रसाद अधिकारीले २०७४ भाद्र १५ गते देखि १७ गते सम्म सचिवको कार्यभार सम्हाल्नु भएको थियो । नेपाल सरकार मन्त्रिपरिषदको २०७४ भाद्र १७ गतेको निर्णय बमोजिम सचिव श्री शंकर प्रसाद अधिकारीको सरूवा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा भएको र नेपाल सरकार मन्त्रिपरिषदको सोही मितिको निर्णय बमोजिम २०७४ भाद्र १९ गतेदेखि निर्वाचन आयोगको सचिव पदमा श्री बेगेन्द्रराज शर्मा पौड्याल सरूवा भई आउनुभएको थियो ।

## १३.७ मूलभूत समस्याहरू

सविधानत : स्थानीय तह, प्रदेश सभा, राष्ट्रिय सभा, प्रतिनिधि सभा, राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन क्रमश  हुनुपर्नेमा प्रदेश सभा र प्रतिनिधि सभा सदस्यको निर्वाचन एकै पटक गर्नुपरेको,

राजनीतिक दलहरूबीच सिर्जना भएका विभिन्न किसिमका बिवादहरूका कारणले आयोगले निर्वाचन सम्बन्धी कानूनहरू निर्वाचन मिति घोषणा पूर्व नै प्राप्त गर्न नसकेको, मतदाताको नाम मतदाता नामावलीमा दर्ता भएको भएता पनि मतदानको दिन केही मतदाताको नाम फेला पर्न नसकेको, दोहोरो पर्न गएको आदि समस्याले गर्दा केही स्थानमा विवाद उत्पन्न भएको, स्थानीय तहको संख्या र सीमाना पटक पटक हेरफेर भइरहँदा आयोगलाई मतदान केन्द्रको पुनरावलोकन गर्ने कार्य पटक पटक गर्नु पर्दा कठिनाई उत्पन्न हुनुका साथै पूर्वाधार नभएका, खुला स्थान, साँघुरा भवनहरू, अपायक स्थानमा समेत मतदान केन्द्र कायम हुन गएका तथा एउटै मतदान स्थलमा धेरै मतदान केन्द्र हुनगई मतदातालाई मतदान गर्न असहज परिस्थितिको श्रृजना भएको, राजनीतिक दलले समानुपातिक निर्वाचन प्रणालीको बन्द सूचि समयमै उपलब्ध नगराउँदा मध्यरातमा समेत उम्मेदवारको मनोनयन दर्ताको कार्य सञ्चालन गर्नुपरेको, समानुपातिक निर्वाचन प्रणालीबाट प्रतिनिधित्व गर्ने समूह तथा निर्वाचन प्रक्रियाका सम्बन्धमा केही राजनीतिक दल पूर्ण जानकार नहुँदा उम्मेदवारको अन्तिम बन्द सूचि तयार गर्न राजनितिक दललाई समेत समस्या भएको, निर्वाचनको प्रयोजनका लागि दर्ता भएका दलको संख्या अनुसार आयोगले पूर्वानुमान गरी स्थानीय तहको निर्वाचनको मतपत्र डिजाईन गर्नु परेकोले मतपत्रको आकार ठूलो हुन गएको, निर्वाचन चिन्ह वितरण र मतदानको दिनको बीचको अवधि न्यून भएकाले प्रचार प्रसारको समय कम भई चुनाव चिन्ह प्राप्त भएपछि मात्र साना राजनीतिक दल र स्वतन्त्र उम्मेद्वारले आफ्नो निर्वाचन चिन्ह बारे जानकारी भएको हुँदा प्रचार प्रसारको समय कम भएको गुनासो, छोटो समयको कारणबाट मतदाता शिक्षामा प्रभावकारी बनाउन नसकिएको साथै राजनीतिक दल तथा उम्मेदवारले पनि आफ्ना मतदाताहरूसँग कसरी सही रूपमा मतपत्रमा मत संकेत गर्ने भनेर सिकाउने बारे पर्याप्त ध्यान नपुगेको हुँदा उल्लेख्य रूपमा बदर मत न्यूनीकरण हुन नसकेको, निर्वाचन सम्बन्धी निर्देशिका र नीति तयार गर्नुपूर्व निर्वाचन अधिकृतको प्रशिक्षण कार्यक्रम सञ्चालन भएकाले बुझाइमा एकरूपता, निर्देशिका र नीति नभएको तथा सूचनाको पर्याप्त जानकारी हुन नसकेको, सरकारबाट स्थानीय तहको निर्वाचनको मितिमा हेरफेर भइरहेकोले निर्वाचन अधिकृतको नियुक्ति, कार्यलय स्थापना तथा निर्वाचन कार्यक्रमहरू प्रभावित भई निर्वाचन खर्चमा समेत उल्लेख्य बृद्धि भएको, स्थानीय तह निर्वाचनमा एउटै मतपत्रको पानामा ६ वटा मतपत्र रहनु, स्ट्याम्प प्याडको मसी र मतपत्रको चिन्हको मसी एउटै रगंका भएकाले मतगणना झन्झटिलो बनी मतगणनामा बढी समय लागेको, निर्वाचन विवाद निरूपण कार्यविधि व्यवस्थित नहुँदा उजुरी गर्ने प्रक्रिया तथा निकायको जानकारी नभएको एवं निर्वाचनका क्रममा उत्पन्न भएका विवादको उजुरी नगर्ने वा गरेपनि कम गर्ने समस्या देखिएको, निर्वाचन अधिकृतको कार्यालयमा नियमित विद्युत आपूर्ति नहुँदा तथा इन्टरनेट र केन्द्रीय सर्भरमा समस्या आएकोले उम्मेदवार मनोनयन दर्ता गर्न निर्वाचन परिणाम अद्यावधिक गर्न समस्या उत्पन्न भएको, कतिपय जिल्लामा कार्यरत कर्मचारीको अद्यावधिक सूचि तयार नभएको कारणबाट कर्मचारी खटनपटनमा समस्या, निर्वाचन खर्च निर्वाचन अधिकृतको कार्यालयमा स्थानीय स्तरमा हुने तर महालेखा परीक्षकको लेखा परीक्षण केन्द्रमा हुने परिपाटीले गर्दा लेखा परीक्षणको कार्यमा समेत समस्या देखिने गरेको छ।

# अनुसूचीहरू

## अनुसूची -१

## प्रमुख निर्वाचन आयुक्त तथा निर्वाचन आयुक्तको कार्य विभाजन

आयोगको मिति २०७३/११/५ को निर्णयानुसारको कार्य विभाजन

१) प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादव

क) प्रशासन तथा जनशक्ति

ख) वैदेशिक सम्बन्ध

ग) जनसम्पर्क, समन्वय र अनुगमन

घ) निर्वाचन व्यवस्थापन

२) निर्वाचन आयुक्त इला शर्मा

क) मतदाता नामावली

ख) मतदाता परिचयपत्र

ग) मतदाता/निर्वाचन शिक्षा

घ) तालिम/प्रशिक्षण

३) निर्वाचन आयुक्त नरेन्द्र दाहाल

क) मतपत्र व्यवस्थापन

ख) प्रेस/सञ्चार व्यवस्थापन

ग) निर्वाचन कार्यक्रम

घ) योजना, अध्ययन, अनुसन्धान र समावेशीकरण

ङ) निर्वाचन पर्यवेक्षण

४. निर्वाचन आयुक्त ईश्वरीप्रसाद पौडयाल

क) निर्वाचन कानून

ख) नियमावली, निर्देशिका, कार्यविधी

ग) राजनीतिक दल व्यवस्थापन

घ) प्रविधि

५. निर्वाचन आयुक्त सुधीरकुमार शाह

क) निर्वाचन आचारसंहिता

ख) निर्वाचन विवाद निरूपण

ग) सुरक्षा व्यवस्थापन

घ) आर्थिक व्यवस्थापन

## अनुसूची –२

## प्रतिवेदन वर्षमा आयोगबाट भएका केही महत्वपूर्ण निर्णयहरू

| क्र.सं. | निर्णय मिति | विषय |
|---|---|---|
| १. | २०७४/४/३ | स्थानीय तह निर्वाचन, २०७४ (प्रथम चरण) को निर्वाचन समीक्षा तथा मूल्याङ्कन गर्ने कार्य स्थगित गर्ने सम्बन्धमा |
| २. | २०७४/४/३ | क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयहरू र स्थानीय तहमा मतदाता नामावली दर्ता/ सङ्कलन कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा |
| ३. | २०७४/४/४ | मुख्य/निर्वाचन अधिकृतको पदमा नियुक्तिको लागि नामावली माग गर्ने सम्बन्धमा |
| ४. | २०७४/४/४ | स्थानीय तहको निर्वाचन कार्यक्रम सम्बन्धमा |
| ५. | २०७४/४/८ | स्थानीय तह निर्वाचन (चौथो संशोधन) निर्देशिका, २०७४ र "जिल्ला समन्वय समिति निर्वाचन (पहिलो संशोधन) निर्देशिका, २०७४" स्वीकृत गर्ने सम्बन्धमा |
| ६. | २०७४/४/८ | अनुसूची हेरफेर सम्बन्धमा |
| ७. | २०७४/४/८ | क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयहरू र स्थानीय तहमा मतदाता दर्ता/ सङ्कलन कार्यक्रम, २०७४ को विस्तृत कार्यक्रम तथा अनुमानित बजेट सम्बन्धमा |
| ८. | २०७४/४/८ | लिखित जवाफ पठाउने सम्बन्धमा |
| ९. | २०७४/४/१० | "स्थानीय तह निर्वाचन (आर्थिक) (दोश्रो संशोधन) निर्देशिका २०७४" र "जिल्ला समन्वय समिति निर्वाचन (दोश्रो संशोधन) निर्देशिका, २०७४ स्वीकृत गर्ने सम्बन्धमा |
| १०. | २०७४/४/१० | दोश्रो चरणको स्थानीय तह निर्वाचनमा अनुगमन टोली प्रमुखहरू तथा सुक्ष्म अनुगमनकर्ताहरूको समीक्षा कार्यक्रम गर्ने सम्बन्धमा |
| ११. | २०७४/४/११ | FEMBoSA को आठौं बैठकमा सहभागिता सम्बन्धमा |
| १२. | २०७४/४/११ | जिल्ला समन्वय समितिको उम्मेदवार मनोनयनको औपचारिकपत्र प्रदान गर्ने पदाधिकारीको आधिकारीक दस्तखत नमूना पठाउने सम्बन्धमा |
| १३. | २०७४/४/१२ | जिल्ला समन्वय समितिको उम्मेदवार मनोनयनको औपचारिकपत्र प्रदान गर्ने पदाधिकारीको संशोधित आधिकारिक दस्तखत नमूना पठाउने सम्बन्धमा |
| १४. | २०७४/४/१२ | प्रदेश सभा र प्रतिनिधि सभा सदस्य निर्वाचन प्रयोजनका लागि नेपालको संविधानको धारा २७१ बमोजिम राजनीतिक दल दर्ता गर्ने सम्बन्धमा |
| १५. | २०७४/४/१२ | वडा सदस्य संशोधन सम्बन्धमा |
| १६. | २०७४/४/१६ | क्षेत्रीय निर्वाचन कार्यालयबाट राष्ट्रिय सभागृह र जिल्ला समन्वय समितिको परिसरमा मतदाता नामावली दर्ता स्थल थप राख्दा आवश्यक थप बजेट निकासा दिने सम्बन्धमा |

| क्र.सं. | निर्णय मिति | विषय |
|---|---|---|
| १७. | २०७४/४/१६ | पुनः मतदान गराउने सम्बन्धी निर्देशन |
| १८. | २०७४/४/१६ | प्रयोग भएका मतपत्र नष्ट गर्ने सम्बन्धमा |
| १९. | २०७४/४/१५ | देशान्तर साप्ताहिकको प्रधान सम्पादकबाट तथ्य बुझ्ने सम्बन्धमा |
| २०. | २०७४/४/१७ | मुख्य निर्वाचन अधिकृतको पदमा नियुक्ति सम्बन्धमा |
| २१. | २०७४/४/१७ | निर्वाचन आचार संहिता लागु गर्ने सम्बन्धमा |
| २२. | २०७४/४/१७ | निर्वाचन अनुगमन सम्बन्धमा |
| २३. | २०७४/४/१७ | स्थानीय तह निर्वाचन, २०७४ (तेश्रो चरण) का लागि प्राप्त रकमको बजेट बाँडफाँड तथा कार्यक्रम स्वीकृति सम्बन्धमा |
| २४. | २०७४/४/१७ | भरतपुर महानगरपालिका वडा नं. १९ को पुनः निर्वाचनमा अनुगमन टोली प्रमुख खटाउने सम्बन्धमा |
| २५. | २०७४/४/१७ | प्रदेश सभा, प्रतिनिधि सभा सदस्यको आगामी निर्वाचनमा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४९ बमोजिम राजनीतिक दलले एकल चुनाव चिह्न लिई सहभागी हुन निवेदन दिन सक्ने सम्बन्धमा |
| २६. | २०७४/४/२३ | मधेशी जनअधिकार फोरम नेपाल (लोकतान्त्रिक), राष्ट्रिय जनमुक्ति पार्टी (लोकतान्त्रिक) नेपाल, दलित जनजाती पार्टी नेपाल, थरूहट तराई पार्टी नेपाल, राष्ट्रिय जनता पार्टी, शान्ति पार्टी नेपाल र नेपाल पिपुल्स पार्टी दल एकीकरण समायोजन सम्बन्धमा |
| २७. | २०७४/४/२३ | निर्वाचन क्षेत्र निर्धारण आयोगलाई सुझाव पठाउने बारे |
| २८. | २०७४/४/२६ | बिद्युतीय मतदान उपकरण सम्बन्धमा |
| २९. | २०७४/४/२७ | मतदाता नामावली दर्ता/ सङ्कलन कार्यक्रम स्थगित गरी रूजु कार्य सञ्चालन गर्ने सम्बन्धमा |
| ३०. | २०७४/४/२७ | आयोगका पदाधिकारीहरूको निर्वाचन अनुगमन सम्बन्धमा |
| ३१. | २०७४/४/२७ | स्थानीय तह निर्वाचन, तेश्रो चरण २०७४ असोज २ को लागि निर्वाचन आचार संहिता अन्तर्गत सहमति प्रदान गर्ने सम्बन्धी मापदण्ड सम्बन्धमा |
| ३२. | २०७४/४/२६ | स्थानीय तह निर्वाचन प्रदेश नं. २ का लागि मतदाता शिक्षा कार्यक्रम |
| ३३. | २०७४/४/२९ | सपथ ग्रहण सम्बन्धमा |
| ३४. | २०७४/४/२९ | मतदान केन्द्र पुनरावलोकन सम्बन्धमा |
| ३५. | २०७४/४/२९ | सनाखतको म्याद थप सम्बन्धमा |
| ३६. | २०७४/४/२९ | निर्वाचन आचार संहिता लागु गर्ने सम्बन्धमा |
| ३७. | २०७४/४/३१ | मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको नियुक्ति सम्बन्धमा |
| ३८. | २०७४/४/३१ | मतदाता नामावली दर्ता/ सङ्कलन कार्यक्रम तीन दिन थप सञ्चालन गर्ने सम्बन्धमा |
| ३९. | २०७४/४/३१ | निर्वाचन व्यवस्थापन सम्बन्धमा |
| ४०. | २०७४/४/३२ | आयोगका पदाधिकारी तथा कर्मचारीको बीमा सम्बन्धमा |

| क्र.सं. | निर्णय मिति | विषय |
|---|---|---|
| ४१. | २०७४/४/३२ | राष्ट्रिय सभा सदस्यको निर्वाचन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७४ को मसौदालाई गृह मन्त्रालय पठाउने सम्बन्धमा |
| ४२. | २०७४/५/१ | गैर सरकारी संस्था मार्फत मतदाता शिक्षा कार्यक्रम सञ्चालन सम्बन्धमा |
| ४३. | २०७४/५/१ | प्रदेश नं. दुईको स्थानीय तहको निर्वाचनको सन्दर्भमा नेपाल सरकारलाई निर्देशन दिने |
| ४४. | २०७४/५/१ | शान्ति सुरक्षा सम्बन्धमा |
| ४५. | २०७४/५/१ | राहत बितरणमा निर्वाचन आचार संहिता पालनाको लागि निर्देशन दिने |
| ४६. | २०७४/५/२ | तालिम, गोष्ठि, सेमिनार तथा कार्यशाला सञ्चालन खर्चको मापदण्ड, २०७४ स्वीकृत गर्ने |
| ४७. | २०७४/५/२ | जिल्ला जनशक्ति व्यवस्थापन समन्वय समिति बैठक भत्ता सम्बन्धमा |
| ४८. | २०७४/५/२ | जिल्ला निर्वाचन कार्यालयको सुरक्षार्थ खटिने सुरक्षाकर्मीको खाजा खर्च सम्बन्धमा |
| ४९. | २०७४/५/२ | जिल्ला प्रशासन कार्यालयलाई रकम उपलब्ध गराउने सम्बन्धमा |
| ५०. | २०७४/५/२ | विवेकशील नेपाली दल र साझा पार्टी एकीकरण सम्बन्धमा |
| ५१. | २०७४/५/४ | सनाखतको लागि उपस्थित नभएको सम्बन्धमा |
| ५२. | २०७४/५/५ | निर्वाचन अधिकृतको नियुक्ति संशोधन सम्बन्धमा |
| ५३. | २०७४/५/५ | मतदान कर्मचारी खटाउने सम्बन्धमा मुख्य निर्वाचन अधिकृतको कार्यालयलाई निर्देशन दिने |
| ५४. | २०७४/५/६ | नेपाल सरकारलाई धन्यवाद ज्ञापन गर्ने सम्बन्धमा |
| ५५. | २०७४/५/६ | IFES सँगको Memorandum of Understanding (MoU) अवधि थप सम्बन्धमा |
| ५६. | २०७४/५/६ | मतदाता शिक्षा सम्बन्धी सडक नाटक सञ्चालन सम्बन्धमा |
| ५७. | २०७४/५/६ | सञ्चार व्यवस्थापन एकाई गठन सम्बन्धमा |
| ५८. | २०७४/५/७ | दल दर्ता गर्ने सम्बन्धमा |
| ५९. | २०७४/५/७ | छानबीन समिति गठन गर्ने सम्बन्धमा |
| ६०. | २०७४/५/७ | मतदाताको अठार बर्ष पुगेको मिति (Cut off Date) तोकी मतदाता नामावली अद्यावधिक कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा |
| ६१. | २०७४/५/८ | राजनीतिक दलहरूको विवरण अद्यावधिक गर्ने सम्बन्धमा |
| ६२. | २०७४/५/८ | रूकुम, नवलपरासी र चितवन जिल्लाको जिल्ला समन्वय समितिको निर्वाचन गर्ने सम्बन्धमा |
| ६३. | २०७४/५/८ | परामर्शदाता सेवा सम्बन्धमा |
| ६४. | २०७४/५/८ | मनोनयनको औपचारिकपत्र प्रदान गर्ने पदाधिकारीको आधिकारिक दस्तखत नमूना उपलब्ध गराउने सम्बन्धमा |
| ६५. | २०७४/५/९ | निर्वाचन समग्री व्यवस्थापन समिति गठन गर्ने सम्बन्धमा |
| ६६. | २०७४/५/१० | राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ स्वीकृत गर्ने सम्बन्धमा |

| क्र.सं. | निर्णय मिति | विषय |
|---|---|---|
| ६७. | २०७४/५/१० | प्रदेश सभा र प्रतिनिधि सभा सदस्यको निर्वाचनमा राजनीतिक दल तथा उम्मेद्वारले गर्न पाउने खर्चको हद तोक्ने बारेमा अध्ययन गर्न समिति गठन सम्बन्धमा |
| ६८. | २०७४/५/११ | प्रदेश सभा र प्रतिनिधि सभाको निर्वाचनको लागि पर्यवेक्षण नीति, निर्देशिका मस्यौदा समिति गठन सम्बन्धमा |
| ६९. | २०७४/५/१२ | प्रदेश नं. २ को निर्वाचनका लागि मतदाता परिचयपत्र छपाई गर्ने सम्बन्धमा |
| ७०. | २०७४/५/१३ | निर्वाचन आचार संहिता कार्यान्वयन सम्बन्धी सूचना प्रकाशन गर्ने |
| ७१. | २०७४/५/१५ | स्टयाम्प प्याड र स्टयाम्प प्याडको मसी प्रयोग सम्बन्धमा |
| ७२. | २०७४/५/१५ | मतदान पश्चात् मतपेटिका सङ्कलन गरी ढुवानीको व्यवस्था मिलाउने सम्बन्धमा |
| ७३. | २०७४/५/१५ | अनुगमन टोली प्रमुख परिचालन गर्ने सम्बन्धमा |
| ७४. | २०७४/५/१५ | नेपाल राजपत्रमा सूचना प्रकाशन गर्ने सम्बन्धमा |
| ७५. | २०७४/५/१५ | नेपाल सरकारलाई धन्यवाद ज्ञापन गर्ने सम्बन्धमा |
| ७६. | २०७४/५/१५ | प्रदेश सभा र प्रतिनिधि सभा सदस्य लगायतका लागि निर्वाचन आचार संहिता अन्तर्गत सहमति प्रदान गर्ने सम्बन्धी मापदण्ड, २०७४ स्वीकृत गर्ने सम्बन्धमा |
| ७७. | २०७४/५/१८ | प्रदेश सभा तथा प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि बजेट माग गर्ने सम्बन्धमा |
| ७८. | २०७४/५/१८ | तेश्रो चरणको स्थानीय तह निर्वाचन हुने जिल्लामा सार्वजनिक बिदा दिने सम्बन्धमा |
| ७९. | २०७४/५/१८ | अन्तिम मतदाता नामावली तयारी तथा छपाई व्यवस्थापन समिति र उपसमिति गठन गर्ने |
| ८०. | २०७४/५/१८ | कल सेन्टर सञ्चालन तथा सोसल मिडिया अद्यावधिक व्यवस्थापन समिति र उपसमिति गठन गर्ने |
| ८१. | २०७४/५/१८ | सफ्टवेयर विकास, परिमार्जन र सञ्चालन तथा व्यवस्थापन समिति र उपसमिति गठन गर्ने |
| ८२. | २०७४/५/१९ | आचार संहिता अनुगमन तथा कार्यान्वयनका लागि समिति तथा उपसमिति गठन गर्ने सम्बन्धमा |
| ८३. | २०७४/५/२१ | राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी व्यवस्था गर्न बनेको ऐन, २०७४ को मसौदालाई गृह मन्त्रालय पठाउने सम्बन्धमा |
| ८४. | २०७४/५/२१ | तेश्रो चरणको स्थानीय तह निर्वाचनमा मतदानको दिन कुटनीतिक नियोगबाट हुने मतदान कार्यको अवलोकन सम्बन्धमा |
| ८५. | २०७४/५/२० | प्रदेश नं. २ मा हुने स्थानीय तह निर्वाचनका लागि सुक्ष्म अनुगमनकर्ताहरूलाई परिचालन गर्ने सम्बन्धमा |

| क्र.सं. | निर्णय मिति | विषय |
|---|---|---|
| ८६. | २०७४/५/२१ | संघिय समाजवादी फोरम नेपाल र सङ्घीय लिम्बुवान पार्टी नेपाल दल एकीकरण सम्बन्धमा |
| ८७. | २०७४/५/१७ | मेडिया अनुगमनकर्ताको नियुक्ति गर्ने सम्बन्धमा |
| ८८. | २०७४/५/२२ | निर्वाचन चिह्नको समूह निर्धारण सम्बन्धमा |
| ८९. | २०७४/५/२२ | प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचन प्रयोजनका लागि दल दर्ता र निर्वाचन चिह्न प्रदान गर्ने सम्बन्धमा |
| ९०. | २०७४/५/२१ | प्रदेश सभा र प्रतिनिधि सभा सदस्य निर्वाचनमा अन्तर्राष्ट्रिय पर्यवेक्षण संस्थाहरूलाई आवेदन आव्हान गर्नको लागि सूचना प्रकाशन गरी आवेदन आव्हान गर्ने |
| ९१. | २०७४/५/२२ | मतपत्र व्यवस्थापन तथा आधिकारिकता निर्धारण र निर्वाचन कार्यक्रम तर्जुमा समिति र उपसमिति गठन बारे |
| ९२. | २०७४/५/२२ | प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचन सम्बन्धी संक्षिप्त कार्यतालिका, २०७४ स्वीकृत गर्ने |
| ९३. | २०७४/५/२२ | निर्वाचन कार्यक्रम सम्बन्धमा |
| ९४. | २०७४/५/२२ | मतदानको समय निर्धारण सम्बन्धमा |
| ९५. | २०७४/५/२२ | मतपत्र छपाई गर्ने कागजको आकार निर्धारण गर्ने सम्बन्धमा |
| ९६. | २०७४/५/२३ | समानुपातिक निर्वाचन व्यवस्थापन समिति गठन गर्ने सम्बन्धमा |
| ९७. | २०७४/५/२३ | निर्वाचन अधिकृतको पदमा नियुक्तिको लागि नामावली माग गर्ने सम्बन्धमा |
| ९८. | २०७४/५/२३ | समानुपातिक निर्वाचनमा भाग लिन चाहने राजनीतिक दलहरूलाई निवेदन पेश गर्न आउने सम्बन्धी सूचना प्रकाशन गर्ने सम्बन्धमा |
